


नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

नेपाली

कक्षा ११

कक्षा ११

# नेपाली



# नेपाली

## कक्षा ११

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०७७

मूल्य :

मुद्रण :

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधनमा उतार्न वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षाले विद्यार्थीमा ज्ञानको खोजी गरी सिकाइ र वास्तविक जीवनबिच सम्बन्ध स्थापित गर्छ । शिक्षाले विद्यार्थीमा अधिकार, स्वतन्त्रता र समानताको प्रवर्धन गर्ने, स्वस्थ जीवनको अभ्यास गर्ने, तार्किक विश्लेषण गरी निर्णय गर्ने र वैज्ञानिक विश्लेषणका आधारमा व्यक्ति, समाज र राष्ट्रको दिगो विकासमा सरिक सक्षमताको विकास गर्नुपर्छ । यस्तै विद्यार्थीमा नैतिक आचरणको प्रदर्शन, सामाजिक सद्भाव र पर्यावरणीय सन्तुलन प्रति संवेदनशीलता एवम् दिगो शान्तिका लागि प्रतिबद्ध रहने सक्षमताको विकास गर्ने अपेक्षा गरिएको छ । शिक्षाले आधुनिक ज्ञान, सिप, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, स्वावलम्बी र व्यवसायमुखी सिपको अभ्यास गर्ने, राष्ट्र, राष्ट्रियता र राष्ट्रिय आदर्शको सम्मान गर्ने, समाज स्वीकार्य आचरण र कार्यसंस्कृतिको अवलम्बन गर्ने, सहिष्णु भाव राख्ने नागरिक तयार गर्नुपर्छ । यस्तै शिक्षाबाट सिर्जनशील, कल्पनाशील, उद्यमशील एवम् उच्च सोच र आदर्शमा आधारित व्यवहार गर्ने, समसामयिक चुनौतीहरूको सफल व्यवस्थापन गर्नेलगायतका विशेषताले युक्त स्वावलम्बी, देशभक्त, परिवर्तनमुखी, चिन्तनशील एवम् समावेशी समाज निर्माणमा योगदान गर्न सक्ने नागरिक तयारीको अपेक्षा पनि गरिएको छ । यी पक्षलाई दृष्टिगत गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार तयार गरिएको कक्षा ११ को नेपाली विषयको पाठ्यक्रममा आधारित भई यो पाठ्यपुस्तक विकास गरिएको हो ।

यस पाठ्यपुस्तकको लेखन श्री बेगेन्द्र सुब्बा, श्री देवीप्रसाद घिमिरे, श्री रामचन्द्र खनाल र श्री ज्ञानेश्वर निरौलाबाट भएको हो । पाठ्यपुस्तकलाई यस रूपमा ल्याउने कार्यमा यस केन्द्रका महानिर्देशक श्री केशवप्रसाद दाहाल, डा. लेखनाथ पौडेल, प्रा.डा. रमेशप्रसाद भट्टराई, डा. नवराज कट्टेल, डा. जानुका नेपाल, डा. गीता खरेल, श्री विष्णु ज्ञवाली, श्री नारायणजङ थापा, श्री टुकराज अधिकारी, श्री गणेशप्रसाद भट्टराई र श्री पुरुषोत्तम घिमिरेको योगदान रहेको छ । यसको विषयवस्तु सम्पादन श्री इन्दु खनालबाट, भाषा सम्पादन श्री चिनाकुमारी निरौलाबाट र लेआउट डिजाइन श्री सन्तोषकुमार दाहालबाट भएको हो । यस पाठ्यपुस्तकको विकास कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यस पाठ्यपुस्तकको प्रयोगबाट पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न विद्यार्थीलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । यस पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

वि.स. २०७७ पाठ्यक्रम विकास केन्द्र

# विषयवस्तु


| क्र.स. | विषयवस्तु | पृष्ठ सं. |
|---|---|---|
| १ | वीर पुर्खा (कविता) | १ |
| २. | गाउँको माया (सामाजिक कथा) | १२ |
| ३. | संस्कृतिको नयाँ यात्रा (आत्मपरक निबन्ध) | ३0 |
| ४. | योगमाया (राष्ट्रिय जीवनी) | ४५ |
| ५. | साथीलाई चिठी (चिठी) | ६४ |
| ६. | त्यो फेरि फर्कला ? (मनोवैज्ञानिक कथा) | ७७ |
| ७. | पर्यापर्यटनका सम्भावना र आयाम (वस्तुपरक निबन्ध) | ९७ |
| ८. | लौ आयो ताजा खबर (लघु नाटक) | १११ |
| ९. | सफलताको कथा (रिपोर्ताजमूलक रचना) | १२७ |
| १0. | कृषिशालामा एक दिन (संवाद) | १४0 |
| ११. | रारा भ्रमण (दैनिकी) | १५३ |
| १२. | जलस्रोत र ऊर्जा (वक्तृता) | १६६ |

पाठ १

# वीर पुर्खा

*- वासुदेव त्रिपाठी*

कुन पहाडले कुन खोलाले तिम्रो गति छेकेथ्यो र
वीर पुर्खा ! कुन आँधीले तिम्रो यात्रा रोकेथ्यो र
गरुडको झैं वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो
पौरखले रच्यौ नेपाल ! पहाड तराई जुट्न सक्यो ।



पूर्व टिस्टा तिमीलाई सम्झी अझै रुन्छ होला
पश्चिम राबी तिम्रो अझै रक्तधारा धुन्छ होला
काँगडा र कलङ्गाको ढुङ्गा माटो बोल्छ होला
वीर पुर्खा ! तिम्रो गीत गङ्गाभरि गुँज्छ होला ।

डिगर्चामा डोब तिम्रो चिसो हिउँभित्र होला
वेत्रावती किनारभरि पौरखको चिनो होला
वीर पुर्खा ! तिमीलाई मितेरीले मात्रै बाँध्यो
सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।

नाका थुनी नेपालीलाई कसले छेक्न सकेथ्यो र
हिमालको हिमनदी कसले रोक्न सकेथ्यो र
वीर पुर्खा ! तिम्रै रगत नेपालीका नसाभरि
उही गीत उही गौरव चन्द्रसूर्य ध्वजाभरि ।

## शब्दभण्डार

**१. 'वीर पुर्खा' कविता गति, यति र विरामका आधारमा लय मिलाई पढ्नुहोस् :**

| ४ अक्षर | ४ अक्षर | ४ अक्षर | ४ अक्षर |
|---|---|---|---|
| कुन पहाडले | कुन खोलाले | तिम्रो गति | छेकेथ्यो र |
| वीर पुर्खा | कुन आँधीले | तिम्रो यात्रा | रोकेथ्यो र |
| गरुडको झैँ | वेग तिम्रो | कुन आकाशले | बाँध्न सक्यो |
| पौरखले | रच्यौ नेपाल | पहाड तराई | जुट्न सक्यो |

**२. दिइएका अर्थ दिने शब्द पाठबाट छानेर लेख्नुहोस् :**

(क) गिद्ध प्रजातिको ठुलो पक्षी विशेष

(ख) प्रवाह

(ग) डाम

(घ) गौँडा

(ङ) पुरुषार्थ

**३. तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

पर्वत, तीर, बहादुर, सङ्केत, नभ, समुद्र, पाषाण, झन्डा

**४. दिइएका शब्दसँग मिल्ने अनुप्रासयुक्त शब्द खोज्नुहोस् :**

आँधी, वेग, खोला, तराई, धारा, माटो, रगत, गौरव, यात्रा

## बोध र अभिव्यक्ति

**१. कविता पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) कवितामा कतिओटा श्लोक छन् ?

(ख) कुन कुन पङ्क्तिमा सबैभन्दा बढी पद रहेका छन् ?

(ग) समान पदसङ्ख्या भएको श्लोक कुन हो ?

(घ) कुन पङ्क्तिमा सबैभन्दा कम पद रहेका छन् ?

(ङ) कवितामा प्रयोग भएका नदी र स्थानको सूची बनाउनुहोस् ।

२. **'वीर पुर्खा' कविताको पहिलो श्लोक पढी त्यसलाई गद्यमा रूपान्तर गर्नुहोस् ।**

३. **कविता पढी विषयको क्रम मिलाएर लेख्नुहोस् :**

(क) वीर पुर्खाहरूको रगत नेपालीको नसा नसामा छ ।

(ख) वीर पुर्खाको गतिलाई खोला र आँधीले रोक्न सक्दैन ।

(ग) वेत्रावतीको किनारमा नेपालीको पौरखको चिनो छ ।

(घ) काँगडा र कलङ्गाले नेपालको इतिहास बोलेको छ ।

(ङ) पुर्खाको पौरखले नेपालको पहाड र तराईलाई जोडेको छ ।

४. **दिइएको कवितांश पढ्नुहोस् र सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

डिगर्चामा डोब तिम्रो चिसो हिउँभित्र होला
वेत्रावती किनारभरि पौरखको चिनो होला
वीर पुर्खा ! तिमीलाई मितेरीले मात्रै बाँध्यो
सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।

**प्रश्नहरू**

(क) माथिको कवितांशमा हाम्रा पुर्खाहरूका बारेमा के भनिएको छ ?

(ख) हामीले हाम्रा पुर्खाको गौरव कसरी जोगाउन सक्छौं ?

(ग) 'सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।' यस कथनको तात्पर्य के हो ?

५. **दिइएको कवितांश पढी सोधिएका प्रश्नहरूको दिनुहोस् :**

कुन पहाडले कुन खोलाले तिम्रो गति छेकेथ्यो र
वीर पुर्खा ! कुन आँधीले तिम्रो यात्रा रोकेथ्यो र
गरुडको झैं वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो
पौरखले रच्यौ नेपाल ! पहाड तराई जुट्न सक्यो ।

**प्रश्नहरू**

(क) नेपालीहरूको कस्तो पौरखले नेपालको रचना भएको हो ?

(ख) कवितांशका आधारमा हाम्रा वीर पुर्खाको गौरव गाथाको वर्णन गर्नुहोस् ।

६. **'वीर पुर्खा' कविताको चौथो श्लोकलाई मुख्य आधार बनाई दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) नेपालीहरूको वीरता कसरी गुन्जिएको छ ?

(ख) चन्द्रसूर्य ध्वजामा कस्तो गौरव अङ्कित छ ?

७. **दिइएको कवितांशको व्याख्या गर्नुहोस् :**

गरुडको झैँ वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो
पौरखले रच्यौ नेपाल ! पहाड तराई जुट्न सक्यो ।

८. **दिइएका बुँदाका आधारमा 'वीर पुर्खा' कविताको समीक्षात्मक टिप्पणी गर्नुहोस् :**

(क) पुर्खाको विजय यात्रालाई पहाड र खोलाले छेक्न तथा आँधीले रोक्न नसकेको

(ख) आकाशमा स्वच्छन्द उड्ने गरुडको जस्तो वेग

(ग) पौरखी पुर्खाले तराई, पहाड र हिमाललाई जोडेर नेपाल बनाएका

(घ) हाम्रा वीर पुर्खाको बहादुरीको गीत टिस्टा र राबी नदी तथा काँगडा, कलङ्गा र गङ्गासम्म गुन्जिएको

(ङ) उत्तरमा तिब्बतसम्म पौरखी पाइला पुगेको

(च) मित्रताले मात्र पुर्खाहरूको विजय यात्रालाई रोक्न सकेको

(छ) पुर्खाहरूको बहादुरी संसारभर फैलिएको

(ज) हाम्रो नसामा आज पनि पुर्खाकै रगत बगेको

९. **दिइएको अनुच्छेद पढी मुख्य मुख्य बुँदाहरू टिप्नुहोस् :**

सुरु सुरुमा इतिहास पनि साहित्यकै एक अङ्गका रूपमा मानिएको थियो । मानिसहरूलाई आनन्द दिलाउने तथा मनोरञ्जन प्रदान गर्ने साधनका रूपमा यसको प्रयोग गरिन्थ्यो । इतिहासका सत्य घटनालाई बढीभन्दा बढी रोचक बनाउन अनेक काल्पनिक कुरा समावेश

गरिन्थ्यो । यसले गर्दा इतिहासको वास्तविकता के हो, पहिल्याउनसमेत गाह्रो पर्थ्यो । इसापूर्व पाँचौँ शताब्दीतिरका केही चिन्तकहरू इतिहासलाई तथ्यपूर्ण बनाउन प्रयत्नशील थिए । ग्रिक विद्वान् हेरोडोटसको नाम यस प्रसङ्गमा विशेष उल्लेखनीय छ । उनी इतिहासका प्रथम सिद्धान्तकारका रूपमा पनि चिनिन्छन् । हेरोडोटसपछि थुप्रै विद्वान्हरूले इतिहासलाई कथा र दन्त्यकथाभन्दा अलग ढङ्गले लेख्ने प्रयत्न गरे । हेरोडोटसकै अनुयायी थ्युसिडाइसले पेलोपोनेसियन युद्धको इतिहास आफ्नै व्यक्तिगत अवलोकन र प्रत्यक्षदर्शीको बयानका आधारमा तयार पारेका थिए । अरिस्टोटलले इतिहासलाई दार्शनिक चिन्तनका रूपमा लिएका थिए । मध्यकालमा आएर युरोपमा इतिहासलाई धर्मसँग गाँसेर अध्ययन र परिभाषित गर्ने परिपाटी विकास भयो । सोरौँ सत्रौँ शताब्दीमा युरोपमा आएको पुनर्जागरणले भने इतिहास लेखनमा ठुलै परिवर्तन ल्यायो । यस युगमा आएको परिवर्तनले गर्दा फेरि विद्वान्हरूले इतिहास लेखनलाई तथ्यपूर्ण बनाउन थाले । आधुनिक युगमा इतिहास लेखनको वैज्ञानिक पद्धतिको विकास भयो । यस युगमा प्राचीन इतिहासको खोजीको प्रक्रिया पनि तीव्र भयो र इतिहास एउटा छुट्टै विधाका रूपमा स्थापित भयो ।

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको जवाफ दिनुहोस् :**

भाषा यादृच्छिक वाक्प्रतीकहरूको त्यस्तो व्यवस्था हो, जसका सहायताले समाजका व्यक्तिहरू आफ्नो विचार विनिमय गर्दछन् । भाषालाई स्पष्ट रूपमा चिन्न यसका प्रकृति र विशेषताहरूको उल्लेख गर्नु अझ सान्दर्भिक ठहरिन्छ । भाषा पूर्णतः पैतृक सम्पत्ति नभई मानिसको आर्जित सम्पत्ति हो । भाषा सामाजिक वस्तु हो र यो एकप्रकारको परम्परा पनि हो । कुनै पनि व्यक्ति भाषाको आर्जन गर्न सक्दछ तर पूर्णरूपले उत्पादन गर्न सक्दैन । वास्तवमा भाषा अनुकरणद्वारा आर्जन गर्ने गरिन्छ । भाषा परिवर्तनशील हुने भएकाले यसको कुनै अन्तिम स्वरूप हुँदैन । भाषाको भौगोलिक र ऐतिहासिक सीमा हुन्छ । प्रत्येक भाषाको आफ्नै प्रकारको संरचना हुन्छ । स्वाभाविक रूपमा हरेक भाषा जटिलताबाट सरलतातर्फ यात्राशील रहन्छ । त्यस्तै हरेक भाषा आफ्नो विकासको क्रममा स्थूलबाट सूक्ष्मतिर र अपरिपक्वको स्थितिबाट परिपक्वको स्थितितिर यात्रारत रहन्छ । सबै भाषाको आफ्नो मानक रूप हुन्छ । यादृच्छिकता, सिर्जनात्मकता, द्वैधता, सान्दर्भिकता, मौखिकता, श्रावणिकता भाषाका विशेषता हुन् ।

**प्रश्नहरू**

(क) भाषा भनेको के हो ?

(ख) भाषाका विशेषताहरू बताउनुहोस् ।

(ग) 'वाक्प्रतीक' र 'यादृच्छिक' शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।

(घ) यस अनुच्छेदको पहिलो वाक्यलाई संयुक्त वाक्यमा बदल्नुहोस् ।

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ १ सुन्नुहोस् र खाली ठाउँ भर्नुहोस् :**

पारिन्छ ......................... जब खण्ड खण्ड

रहन्छ के राष्ट्र त्यहाँ ........................

........................ पत्ता जब खात खात

सिद्धिन्छ ........................ अनि फूलबाट ।

**२. राष्ट्र जोगाउन के के गर्नुपर्छ, सुनाइ पाठका आधारमा छलफल गरी प्रतिक्रिया व्यक्त गर्नुहोस् ।**

**३. विविधताले भरिपूर्ण नेपाललाई कसरी एकताबद्ध राख्न सकिन्छ, तर्क प्रस्तुत गर्नुहोस् ।**

## भाषातत्त्व

नेपाली वर्णहरू (लेख्य र कथ्य)

### नेपाली लेख्य वर्ण

नेपाली लेख्य वर्णहरू निम्नानुसार छन् :

- स्वर वर्ण

अ आ इ ई उ ऊ ऋ

ए ऐ ओ औ अं अः

- व्यञ्जन वर्ण

क ख ग घ ङ

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| च | छ | ज | झ | ञ | | | | | | |
| ट | ठ | ड | ढ | ण | | | | | | |
| त | थ | द | ध | न | | | | | | |
| प | फ | ब | भ | म | | | | | | |
| य | र | ल | व | श | ष | स | ह | क्ष | त्र | ज्ञ |

## नेपाली उच्चारणमा आउने वर्ण

बोलचालमा वा उच्चारणमा आउने वर्णहरू यसप्रकार छन्, जस्तै :

- स्वर वर्ण

अ आ इ उ ए ओ

- व्यञ्जन वर्ण

| | | | | | |
|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | |
| च | छ | ज | झ | | |
| ट | ठ | ड | ढ | | |
| त | थ | द | ध | न | |
| प | फ | ब | भ | म | |
| य | र | ल | व | स | ह |

## नेपाली व्यञ्जनको वर्गीकरण

नेपाली व्यञ्जन वर्णलाई उच्चारण स्थान, उच्चारण प्रयत्न, घोषत्व र प्राणत्वका आधारमा वर्गीकरण गरिन्छ ।

### १. उच्चारण स्थानका आधारमा

उच्चारण स्थानका आधारमा नेपाली व्यञ्जन वर्णहरू निम्नलिखित छन् :

(क) कण्ठ्य : क ख ग घ ङ

(ख) दन्तमूलीय : च छ ज झ ट ठ ड ढ न र ल स

(ग) दन्त्य : त थ द ध

(घ) ओष्ठ्य : प फ ब भ म व

(ङ) तालव्य : य

(च) स्वरमन्त्रमुखी : ह

२. **उच्चारण प्रयत्नका आधारमा**

उच्चारण प्रयत्नका आधारमा नेपाली व्यञ्जन वर्णहरू निम्नलिखित छन् :

(क) स्पर्शी : क ख ग घ ट ठ ड ढ
त थ द ध प फ ब भ

(ख) स्पर्शसङ्घर्षी : च छ ज झ

(ग) सङ्घर्षी : स ह

(घ) नासिक्य : ङ न म

(ङ) कम्पित : र

(च) पार्श्विक : ल

(छ) अर्धस्वर : य व

३. **घोषत्वका आधारमा**

घोषत्वका आधारमा नेपाली व्यञ्जन वर्णहरू निम्नलिखित छन् :

(क) घोष : ग ज ड द ब घ झ ढ ध भ ङ न म य र ल व ह

(ख) अघोष : क च ट त प ख छ ठ थ फ स

४. **प्राणत्वका आधारमा**

प्राणत्वका आधारमा नेपाली व्यञ्जन वर्णहरू निम्नलिखित छन् :

(क) अल्पप्राण : क च ट त प ग ज ड द ब ङ न म य र ल व

(ख) महाप्राण : ख छ ठ थ फ घ झ ढ ध भ स ह

**प्रश्नहरू**

१. **कथ्य नेपालीमा नभएका वर्णहरू कुन कुन हुन्, लेख्नुहोस् ।**

२. **दिइएका लेख्य वर्णहरूको उच्चारण कस्तो हुन्छ, लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| ई | ............ | ऊ | ............ |
| ऋ | ............ | ऐ | ............ |
| औ | ............ | अं | ............ |
| अः | ............ | ञ | ............ |
| ण | ............ | श | ............ |
| ष | ............ | क्ष | ............ |
| त्र | ............ | ज्ञ | ............ |

३. **दिइएको कवितांशबाट गाढा वर्ण टिपी तिनको उच्चारण स्थान छुट्याउनुहोस् :**

कुन पहाडले कुन खोलाले तिम्रो **ग**ति **छे**केथ्यो र
वी**र** पुर्खा ! कुन आँधीले **ति**म्रो **या**त्रा रो**के**थ्यो र
गरुडको झैँ **वे**ग तिम्रो कुन आकाशले **बाँ**ध्न **स**क्यो
पौरखले रच्यौ नेपा**ल** । प**हा**ड तराई **जु**ट्न सक्यो ।

४. **'काँगडा र कलङ्गाको ढुङ्गा माटो बोल्छ होला' पङ्क्तिमा रहेका सग्ला व्यञ्जन वर्णलाई उच्चारण स्थानका आधारमा पहिचान गरी सूचीबद्ध गर्नुहोस् ।**

५. **दिइएको अनुच्छेदबाट पाँचओटा सघोष र पाँचओटा अघोष वर्ण खोजी लेख्नुहोस् :**

नेपालका कतिपय भाषा अहिले पनि कथ्य परम्परामा नै सीमित छन् । लेख्य परम्परा भएका भाषाहरूमा नेपाली, मैथिली, नेवारी, तामाङ, मगर, लिम्बु, भोजपुरी, अवधी आदि हुन् । अन्य केही भाषाहरूमा लेख्य परम्पराको विकास हुँदै छ । यस्ता भाषाहरू गुरुङ, थुलुङ, बान्तवा, चाम्लिङ, खालिङ, कुलुङ आदि हुन् ।

६. **दिइएका पङ्क्तिबाट पाँचओटा अल्पप्राण र पाँचओटा महाप्राण वर्ण पहिचान गरी लेख्नुहोस् :**

डिगर्चामा डोब तिम्रो चिसो हिउँभित्र होला

बेत्रावती किनारभरि पौरखको चिनो होला
वीर पुर्खा ! तिमीलाई मितेरीले मात्रै बाँध्यो
सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।

७. **दिइएका वर्णहरूको उच्चारण स्थान र प्राणत्वको पहिचान गरी लेख्नुहोस् :**

क, झ, ट, त, फ, ह

८. **उच्चारण प्रयत्न र घोषत्वका आधारमा दिइएका वर्णहरूको पहिचान गरी लेख्नुहोस् :**

ख छ स न य ब

९. **उच्चारण स्थान र घोषत्वका आधारमा दिइएका व्यञ्जन वर्णको वर्गीकरण गर्नुहोस् :**

घ द छ ह फ य

१०. **उच्चारण प्रयत्न र प्राणत्वका आधारमा दिइएका व्यञ्जन वर्णहरूको वर्गीकरण गर्नुहोस् :**

म स ठ ज थ र

## सिर्जना र परियोजना

१. **दिइएको कवितांशमा उपयुक्त शब्द छानी भर्नुहोस् :**

(हिमालको, मैदानमा, गाथा बोकी, न्यानो घाम)

गौरवको ............... सिर्जनाको फूल रोपी
नेपालीको मनमुटु ............ हिउँले छोपी
आएँ तल मधेसमा न्यानो तापी ................
उदाएको ............. पूर्वको त्यो बिहानीमा ।

२. **दिइएको कवितांश पढ्नुहोस् र त्यस्तै लयमा अरू चार पङ्क्ति थप्नुहोस् :**

तिमी उभिएको एक मुठी माटो
उचालेर हेरे भेटिन्छ कि बाटो
माटो जीवन हो, माटो नै हो माया
माटो सँगालेर खोज आफ्नै छाया ।

३. देशभक्तिको भावनाले ओतप्रोत भएको एउटा कविता वा गीत रचना गरी कक्षामा सुनाउनुहोस् ।

४. अभिभावक वा अन्य जानकार व्यक्तिसँग सोधखोज गरी आफ्नो पाँच पुस्ताको पुख्र्यौली विवरण तथा वंशतालिका निर्माण गर्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।

## सुनाइ पाठ १

पारिन्छ सत्ता जब खण्ड खण्ड
रहन्छ के राष्ट्र त्यहाँ अखण्ड ?
थुतिन्छ पत्ता जब खात खात
सिद्धिन्छ शोभा अनि फूलबाट ।


नाना कला कौशल सभ्यताको
विचित्रताको तर एकताको
अहो हिमाली फुल ल्यूँ कि हात
एकै थुँगामा सय लाख पात ।

*साभार : 'राष्ट्रनिर्माता' खण्डकाव्य (राष्ट्रकवि माधव घिमिरे)*

पाठ २

# गाउँको माया

*- इस्माली*



लगभग दुई वर्षपछि गाउँतिर फर्केको थिएँ । यी दुई वर्षका बिचमा धेरै पटक प्रयास गरेँ - गाउँतिर जाऊँ भनेर । तर हरेक पटक एउटा अल्झो आइपर्थ्यो र प्रयास केवल प्रयासै रहन जान्थ्यो । यसपटक बल्लतल्ल उम्केर आउन सकेको थिएँ । बाटाभरि आँखामा गाउँ नै नाचिरह्यो । मानसपटलभरि गाउँ नै सलबलाइरह्यो - बुधना, परिछन, रामदरस, बखतबहादुर, कान्छो भाइ, आमा, बा, घर, छिमेक, टोल र गाउँ, सुल्ताना डाँकुको नौटङ्की, महावीरजीको झन्डामेला, हाटबजार... अनि यस्तै यस्तै थुप्रै घटनाहरू । एक समय गाउँका यी घटना, भिडभाड, चहलपहलहरूको म प्रत्यक्षदर्शी थिएँ । त्यति मात्र होइन, म पनि तिनमै थिएँ । अहिले आएर ती सबको पृथक्ताबोध कता कता च्वास्स बिझाउँछ - आफैँलाई । गाउँमा बस्न नपाउनुको पीडाबोध हलक्क मौलिन्छ छातीभरि । अस्ति भर्खर मात्र भाइले चिठी लेखेथ्यो, 'दाजु ! अचेल त परिछनको टोलमा बेलुकी बेलुकी 'रबिन-हुड' को नाटक रिहर्सल गर्दै छन् ।' आहा ! चिठी पढेर म कति खुसी भएथेँ... । चिठी पढिसकेपछि जीवनमा मैले लगभग पहिलो पटक बोध गरेँ - हाम्रो गाउँमा पनि साँच्चैका मान्छेहरू रहेछन् जो जीवनलाई बुझ्दै छन् । हाम्रो गाउँ पनि केही हो र केही हुन सक्छ र यही 'केही हुनु' नै मेरा लागि अथवा हाम्रा लागि माने म, बुधना, परिछन र बखतबहादुरका हकमा जीवन खुल्दथ्यो अर्थात् जीवनको, बाँच्नुको माने लाग्दथ्यो ।

एक पटक स्वयम् परिछनले पनि सायद मेरो भाइद्वारा नै हुन सक्छ, लेखाएर पठाएथ्यो - "किसन भाइ ! तिमीहरू त लेखपढ गरेर ठुला मान्छे भयौ । सँगैका साथी हामी, लाग्छ, धेरै पछाडि छुटिसक्यौँ । कठै ! तिमी पनि गाउँमा बसिदिँदा हौ त हामी जस्ता गँवारले पनि दुईचार कुरा जान्ने मौका पाउने थियौँ ।" हुन त परिछनले सोझो हिसाबले नै भनेको होला, तर मलाई कता कता लाग्यो कि मलाई ठुलो मान्छे बनाएर परिछन ममाथि व्यङ्ग्य कस्दै छ । परिछनको यो गुनासोसँगै गाउँ बस्न नपाउनुको पीडाबोध मभित्र फेरि पनि जीवन्त भएथ्यो ।

म लगभग गाउँनजिक आइपुगिसकेको थिएँ । चैते बतास उन्मुक्त भई छारो उडाउँदै थियो । घाम लगभग चर्कंदै थियो र म - कृष्ण, गाउँ पुग्ने लालसमा एकोहोरो एक सुरमा तर्कनाहरूबिच रम्दै धुलौटे सडक नाप्दै थिएँ ।

“जयरामजीकी, किसन भाइ !”

सुनेर सहसा म झस्कें । वरपर हेरें - कताबाट आयो यो परिचित स्वर ? परिछन हो कि ? अथवा बुधना पो हो कि ? अथवा रामदरस पो हो कि ? स्वर खुट्याउन गाह्रो भइरहेथ्यो । हुन सक्छ - यतै कतै हलो जोतिरहेको होला अथवा घाँस खुर्किरहेको होला । नभन्दै सिमलको आडबाट परिछन टुप्लुक्क देखा पर्‍यो, जोत्दाजोत्दैको हलगोरु अड्याएर ऊ हस्याङफस्याङ गर्दै मतिर लम्कँदै थियो ।

“आऊ बसौं, सियाँलमा एकछिन । घाममा धापिएर आयौ । कहाँबाट - यति बेला ? किन यति दिनमा ? कुनै चिठीपत्र पनि छोडेनौ ? अचानक !” म नजिक आइनपुग्दै परिछनले मेरा सामु थुप्रै प्रश्नहरू ओइर्‍याइदियो ।

जमाना थियो - म र परिछन लँगौटिया यार थियौं । गाई चराउँथ्यौं - सँगसँगै । सिजनमा बदाम, मकै चोरेर ओरहा खान्थ्यौं र गीत गाउँथ्यौं, “गाई चरवाहा टुअर-टापर, भैंस चरवाहा चोर । बकरी चरवाहा छिनर-छानर, ताके चारो ओर ।” ती दिनहरू अब धेरै पछाडि छुटिसके । त्यै गीत अचेल परिछनको छोराले गाउँदो हो गोठालो लागेका बेला - परिछनको छोरो पनि बाउको बिंडो थाम्दै । पछि, अलि उमेरदार भएपछि हली बस्ला । परिछन पनि पहिले गोठालो थियो, लगभग छसात वर्षकै उमेरदेखि । चौधपन्ध्रको किशोर वय नहुँदै बनी कमाउन थाल्यो र पछि हली बस्यो, सायद ज्यालादारीमा । छोरालाई पनि त्यही काम सिकाउँछ र पछि छोराले पनि आफ्नो छोरालाई पनि त्यही काम सिकाउला । यसरी एवम् रितले यो परम्परा अनन्त परिछनहरूका बलिया पाखुरीहरूबाट क्रमशः हस्तान्तरण हुँदै रह्यो । हुन त सायद म पनि त्यही नै हुन्थें होला तर कता, कहाँनिर गल्ती वा सही भयो र मैले काला अक्षरहरूसित मितेरी गाँसें । टोलका मानिसहरूले मेरा आमाबालाई हुटहुटी लगाइदिए, “चलाख छ, कुरो चाँडै टिप्छ । विद्यालय पठाइदिनुस्, भविष्य राम्रो हुन्छ ।” म विद्यालय जान थालें काठको पाटी बोकेर । यहींदेखि परिछन र मबिचको अन्तराल बढ्न थाल्यो । हामी, म परिछनदेखि र परिछन मदेखि, तर्की तर्की हिंड्न थाल्यौं । धेरैपछि जब म केही बुझ्न थालें अनि मैले पहिलोपटक अनुभव गरें - परिछनहरूसँग अन्तराल कदापि बढ्न दिइनुहुन्न र जो हुँदै छ त्यो गल्ती गरिंदै छ । यसपछि परिछनलगायत ती बालदौंतरीहरूसँग फेरि सम्बन्ध कायम गर्न मैले निकै श्रम गर्नुपर्‍यो । विद्यालय बिदा परेको बेला कहिले ओरहा खाने, कहिले गिर खेल्ने, कहिले कपर्दी खेल्ने वा त्यस्तै केही निहुँ पारेर म उनीहरूसँग मिसिन्थें ।

सिमलको फेदमा झोला बिसाउँदै लामो खुई काढेर म रुमालले अनुहारको पसिना पुछ्न थालेँ ।

"प्यास लाग्यो होला, पानी पिउँछौ ?"

"यहाँ कहाँ पाउनु र पानी ?"

"अरे, के कुरा गर्छौ, सर्बत बिर्साउँछ यहाँको पानीले । पख...." भन्दै ऊ दगुर्दै गयो र जोतिँदै गरेको कोलाको आलीमा रहेको लोटा टिपेर खोलामा झऱ्यो ।

खोलो अचेल फेरि गाउँतिर सोझिएको रहेछ । यो खोलाले पनि गाउँलाई धुरुक्कै रुवायो । हुन त रुवायो मात्रै भन्नु खोलाप्रति अन्याय ठहर्ला । यो खोलाले गाउँलाई पालेको पनि छ । हाम्रो विगतको लगभग आधा उमेर यही खोलाको डिल र बगरहरूमा बितेको थियो । कहिले ओरहा खाने निहुँमा त कहिले गाईभैँसी चराउने निहुँमा । खोलामा बाढी आएको बेला हामी गाईको पुच्छर समाएर बाढी तर्ने गर्थ्यौँ अथवा यस्तो बेलामा हामी खोलाको किनारमा बसेर बाढीको आनन्द लुट्थ्यौँ । तर्न डराउने कोही मानिस आए भने हामी तीनचार जना एकअर्काको हात समाउँदै बाढीमा हेलिन्थ्यौँ र किनारमा पर्खिरहेको मानिसलाई तारिदिन्थ्यौँ र यस्तो काममा खास गरी परिछनकै विशेष रुचि थियो । "यहीँनिर कुवा छ, गए सालको वर्षामा मूल फुटेको एकदम चिसो र मिठो पानी छ ।" ऊ पानी लिएर आइसकेको थियो ।

"आजकाल गाउँमा तीन पाटी भयो, किस्ना ।"

पानी पिउँदै गर्दा लगभग उदास र आर्द्र उसको स्वर मेरो कानमा गुन्ज्यो । उसले जसरी अँध्यारो मुखमुद्रामा बिनाभूमिका मलाई यो खबर सुनायो । सहसा मलाई लाग्यो - गाउँमा सायद अब अङ्ग्रेजहरूको रोग सर्दै छ, डिभाइड एन्ड रुल ! परिछनहरू भाँचिँदै छन् । परिछनहरूको सगबगाउँदो चेतनासँगै गाउँका ठालुहरू नयाँ जुक्तिहरू सोच्दै छन् ता कि तमाम परिछनहरू परिछन नै रहुन् । अर्थात् क्रीतदासरूपी हलीगोठाला नै रहुन् र मालिकहरूकै कृपापात्र भएर रहुन्, जुन एउटा परम्पराका रूपमा तिनका पुर्खाहरूले तिनका हातमा नासो छोडेर गएका थिए ।

"हँ ऽऽ । यो तेस्रो पार्टी कहाँबाट कसरी आयो त ?"

"किसुन भाइ ! यो दुईतीन बरसमा गाउँमा धेरै उथलपुथल भयो । गए साल रोपाइँको बेलामा हामीले चार किलो बनीको कुरालाई लिएर हडताल गऱ्यौँ । सुरुमा त सब राम्रै थियो । तीन दिनसम्म काम ठप्प भयो । हामीले फेकन र शनिचरलाई अगुवा बनाएका थियौँ । पछि उनीहरूले धोखा दियो र धनीहरूसँग मिल्यो । चार चार मन धान दिन्छु भनेका थिए रे र त्यै लोभमा हडताल बिच्काइदियो । पछि त्यही कुरालाई लिएर हामीले तिनीहरूलाई केरकार गऱ्यौँ, झगडाफसाद भयो र हामीले उनीहरूलाई आफ्नो पाटीबाट हटाइदियौँ । पछि मालिकहरूले पनि एक मनभन्दा बढी

धान दिएन रे । त्यसपछि उनीहरू छुट्टै पाटी बनाएर बस्या छन् । हडताल पनि बिच्किहाल्यो, न बनी बढ्यो, उल्टै हाम्रो एकता टुट्यो ।" ऊ वरपर छरिएका सिमलका राता फूलहरू जम्मा पार्दै थियो - सायद गोरुलाई खुवाउन ।

"हुन त यो एक किसिमले राम्रो पनि भयो, एक किसिमले नराम्रो पनि भयो । यस्तो भइरहन्छ तर हामीले हिम्मत हार्नु हुँदैन । कमसेकम अब हाम्रो पार्टीमा धोखेबाजहरू त रहेनन् कि !"

"त्यही कुराको खुसी छ; हिम्मत त किन हारिन्थ्यो र ! अरे, एक साल भएन त अर्को साल कहाँ जाला ! जब उतर गए रण पे तो पिछे हटना क्यों ? तर एउटा कुराको दुःख छ भाइ ! यस्तो बेलामा, किसुन भाइ ! तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आडभरोस मिल्थ्यो, बल मिल्थ्यो; आखिर हामी त मूर्ख र गँवार न हौं । तिमी लेखपढ गरेको मान्छे । तिमी भन्या गाउँको अभिमान हौ, हाम्रो इज्जत हौ । तर तिमी पनि परदेशी भइदिँदा गाउँ मालिकहरूको एकलौटी रजाइँमा पर्छ...।"

यस पटक परिछनको कुरो सुनेर म मर्माहत भएँ ।

"परिछन ! यसो भनेर किन मलाई लज्जित पार्छौ । गाउँ तिमीहरूकै हो । तिमीहरूकै हँसिया, खुर्पी, कोदालो र पाखुरीका बलमा गाउँ बाँचेको छ, गाउँका इज्जत भनेका तिमीहरू नै हौ । तिमीहरूकै आडमा गाउँ अभिमानी भएको छ । तिम्रो पाखुरीले यो खोलाको धारलाई त फर्काउँछ भने गाउँको इज्जत माथि नउठाउला त...!"

"किसुन भाइ ! तिमीलाई कुरामा जित्न सकिँदैन । खैर, जे होस्, यसपालि महावीरजीको झन्डाको मेलामा हामी नाटक खेल्छौं । गाउँको घटनाहरू राखेर एउटा खुब राम्रो नाटक लेखिदेऊ । अहिले भोकाएका पनि हौला... । भरे फेरि भेटौंला ।"

यसपछि हामी छुट्यौ - भरे भेट्ने वाचामा । मेरो मानसपटभरि परिछनको स्वर मडारिँदै थियो- "गाउँका घटनाहरू राखेर एउटा खुब राम्रो नाटक लेखिदेऊ ।" नाटक लेख्न नजान्ने म यो धुनमा सोच्दै हिँडिरहेथैं कि नाटक कसरी र कहाँबाट थालौं ....? गाउँमा टेक्न पनि नपाउँदै परिछनले ममाथि गहन जिम्मेदारी सुम्पिदिएको थियो ।

धेरै पर पुगिसक्दा पनि म उसको स्वर सुन्दै थिएँ- "ह ऽऽ गोला, फुर्ती से चाल बढाके ।"

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| (क) कोला | पूर्ण नपाकेको मकै, गहुँलाई पोलेर तयार पारेको खानेकुरा |
| (ख) आर्द्र | गाउँबस्तीमा आफ्नो हैकम जमाउने मान्छे |
| (ग) क्रीतदास | खेतको गरो |
| (घ) ओरहा | गाईभैँसीको दुध दुहुने काठ वा बाँसको भाँडो |
| (ङ) ठालु | नरम; रसिलो |
| | पैसा दिएर दास बनाएको |

२. **दिइएका अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) स्वतन्त्र

(ख) कपडाको भकुन्डो

(ग) अड्काउ

(घ) भिन्न हुनाको अनुभव

(ङ) अर्काको काम गरिदिएबापत पाइने पारिश्रमिक

(च) इज्जत

३. **दिइएका शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

नौटङ्की, रिहर्सल, हुटहुटी, आली, अन्तराल, कृपापात्र, नासो, रण, मानसपट

४. **दिइएका टुक्काहरूको प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् :**

बिँडो थाम्नु, पाखुरा बर्जानु, लाजले पानी हुनु, वशमा पार्नु, हातेमालो गर्नु

५. **कक्षामा छलफल गरेर माथिका बाहेक अरू प्रचलित दशओटा टुक्का खोजेर लेख्नुहोस् ।**

## बोध र अभिव्यक्ति

१. **'गाउँको माया' कथा पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) यस कथामा कतिओटा अनुच्छेद छन् ?

(ख) सातौँ अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(ग) कृष्णको प्रवेश कुन अनुच्छेदमा भएको छ ?

(घ) 'म' पात्र किन गाउँ गएको हो ?

(ङ) कथाका आदि, मध्य र अन्त्यका मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।

२. **'गाउँको माया' कथाका आधारमा दिइएका घटनाक्रमलाई क्रमबद्ध रूपमा लेख्नुहोस् :**

(क) पानी पिएपछि परिछिनले गाउँका ठालुका कारण गाउँमा तीन पाटी भएको कुरा सुनाउनु

(ख) 'म' पात्रले तिमीहरूकै कारणले गाउँ प्रगतिको पथमा छ भन्दै राम्रो कामको श्रेय परिछिनलाई दिएर सम्मान प्रकट गर्नु

(ग) 'म' पात्र करिब दुई वर्षपछि आफ्नो गाउँले जीवनका अनेक घटना सम्झँदै गाउँतिर फर्कनु

(घ) तिमी गाउँमै भए ठालुहरूले यसरी सताउन नसक्ने कुरा परिछिनले 'म' पात्रलाई बताउनु

(ङ) परिछिनले जयरामजीकी भनी बोलाएको आवाजले 'म' पात्र झस्किनु

(च) महावीरजीको झन्डा मेलामा गाउँकै घटनाहरू राखेर परिछिनले 'म' पात्रलाई नाटक लेख्न अनुरोध गर्नु

(छ) परिछिनसँग गाउँका अनेक सुखदुःखका कुराकानी गर्नु

(ज) गाउँ टेक्न नपाउँदै एउटा गहन जिम्मेवारी पाइएको कुरा सोच्दै 'म' पात्र घरतिर लाग्नु

(झ) परिछिन खोलाछेउको कुवामा पानी लिन जानु र 'म' पात्रले खोलाका राम्रा नराम्रा पक्षका बारेका सोच्नु

३. **'गाउँको माया' कथामा संवादका क्रममा अन्य भाषाबाट आएका केही वाक्यहरू पनि छन् । छलफल गरी ती वाक्यहरूको अर्थ पत्ता लगाउनुहोस् :**

(क) "जब उतर गए रण पे तो पिछे हटना क्यों ?"

(ख) "ह ऽऽ गोला, फुर्ती से चाल बढाके ।"

(ग) "गाई चरवाहा टुअर-टापर, भैंस चरवाहा चोर । बकरी चरवाहा छिनर-छानर, ताके चार ओर ।"

४. **'जमाना थियो....उनीहरूसँग मिसिन्थेँ' कथांश पढी सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :**

(क) 'म' पात्रलाई पढाउनुपर्छ भनी उत्साह भर्ने को थिए ?

(ख) परिछनको नियति कसरी पुस्तान्तरण भएको हो ?

(ग) यस अनुच्छेदमा प्रयुक्त लोकगीतको अंशले दिने विचारप्रति आफ्नो धारणा व्यक्त गर्नुहोस् ।

(घ) 'म' पात्रले परिछनलगायतका बालदौंतरीसँग सम्बन्ध सुधार्न के के गऱ्यो होला ?

(ङ) यस अनुच्छेदको मुख्य सन्देश के हो ?

५. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

खोलो अचेल फेरि गाउँतिर सोभिएको रहेछ । यो खोलाले पनि गाउँलाई धुरुक्कै रुवायो । हुन त रुवायो मात्रै भन्नु खोलाप्रति अन्याय ठहर्ला । यो खोलाले गाउँलाई पालेको पनि छ । हाम्रो विगतको लगभग आधा उमेर यही खोलाको डिल र बगरहरूमा बितेको थियो । कहिले ओरहा खाने निहुँमा त कहिले गाईभैंसी चराउने निहुँमा । खोलामा बाढी आएको बेला हामी गाईको पुच्छर समाएर बाढी तर्ने गर्थ्यौं अथवा यस्तो बेलामा हामी खोलाको किनारमा बसेर बाढीको आनन्द लुट्थ्यौं । तर्न डराउने कोही मानिस आए भने हामी तीनचार जना एकअर्काको हात समाउँदै बाढीमा हेलिन्थ्यौं र किनारमा पर्खिरहेको मानिसलाई तारिदिन्थ्यौं र यस्तो काममा खास गरी परिछनकै विशेष रुचि थियो । "यहीँनिर कुवा छ, गए सालको वर्षामा मूल फुटेको एकदम चिसो र मिठो पानी छ ।" ऊ पानी लिएर आइसकेको थियो ।

**प्रश्नहरू**

(अ) खोलाले रुवायो भन्ने कुरा मात्र गर्दा कसरी अन्याय हुन्छ ?

(आ) 'म' पात्रका खोलासँगका बालअनुभूति कस्ता छन् ?

६. **दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

"त्यही कुराको खुसी छ; हिम्मत त किन हारिन्थ्यो र ! अरे, एक साल भएन त अर्को साल कहाँ जाला ! जब उतर गए रण पे तो पिछे हटना क्यौं ? तर एउटा कुराको दुःख छ भाइ ! यस्तो बेलामा, किसुन भाइ ! तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आडभरोस मिल्थ्यो, बल मिल्थ्यो; आखिर हामी त मूर्ख र गँवार न हौं । तिमी लेखपढ गरेको मान्छे । तिमी भन्या गाउँको अभिमान हौ, हाम्रो इज्जत हौ । तर तिमी पनि परदेशी भइदिँदा गाउँ मालिकहरूको एकलौटी रजाइँमा पर्छ...।"

**प्रश्नहरू**

(अ) कृष्णलाई सबैले किन सम्मान गरेका हुन् ?

(आ) पढेलेखेका मान्छेले गाउँ छोड्यो भने गाउँमा कस्तो असर पर्छ ?

७. **व्याख्या गर्नुहोस् :**

(क) हाम्रो गाउँमा पनि साँच्चैका मान्छेहरू रहेछन् जो जीवनलाई बुझ्दै छन् ।

(ख) तिम्रो पाखुरीले खोलाको धारलाई त फर्काउँछ भने गाउँको इज्जत माथि नउठाउला त ?

८. **समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) 'गाउँको माया' कथामा कस्तो समाजको चित्रण गरिएको छ ?

(ख) 'गाउँको माया' कथाका आधारमा दिइएका पात्रको चरित्रचित्रण गर्नुहोस् :

(अ) कृष्णा (आ) परिछिन

९. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

उसको मनमा एक दिनको दृश्य झलक्क झिल्क्यो । जब यस अनाथालयको उद्घाटन भएको थियो, बालकहरू कराएथे, "हाम्रो परोपकार अनाथालय जिन्दावाद !" त्यस बेला उसले मनमनै आशीर्वाद दिँदै भनेथ्यो, "बच्चा हो ! त्यसो नभन ! बरु चिताओ कि अरू भाइलाई अनाथ बन्ने मौका नमिलोस् !"

अनाथालयको उन्नतिले समाजमा दयाभावका साथै व्यभिचार र पापको पनि सबुत दिन्छन् भन्ने भावना उसले मनबाट हटाउन सकेको थिएन । चन्दा ऊ दिन्छ; चाहन्छ कि अरू पनि दिउन् तर भित्री मन छ उसको कि समाजले कुकृत्य नगरे अनाथालयको आवश्यकतै रहँदैन ।

"जय !" संयुक्त स्वरमा कराएको देखेर अझ देब्रे लाग्यो । झ्यालबाट हेऱ्यो । देख्यो कुनै सज्जन फलफूल बाँडिरहेछन् । ठिक हो बिगार्नेभन्दा सपार्ने धेरै छन् । अलि अलि चन्दा धेरैबाट आएर धेरै बन्न सक्छ ।

*साभार : गौँथलीको गुँड (शङ्कर लामिछाने)*

**प्रश्नहरू**

(क) निबन्धकारको मतका आधारमा अनाथालय भएको र नभएको समाजको अन्तर बताउनुहोस् ।

(ख) हामी अनाथ, गरिब र बिरामीलाई के कसरी सहयोग गर्न सक्छौँ ?

(ग) अनाथालयप्रति तपाईंको धारणा कस्तो छ ?

(घ) 'समाजमा बिगार्नेभन्दा सपार्ने धेरै छन्' भन्नुको तात्पर्य के हो ?

१०. **दिइएको अनुच्छेद पढी सारांश लेख्नुहोस् :**

अन्न उत्पादनका दृष्टिले नेपालमा जमिनलाई दुई वर्गमा बाँडिन्छ । समतल वा गरा गरामा बाँडिएको र आली लगाई पानी जमाएर धानको उत्पादन गरिने जमिनलाई खेत भनिन्छ । पाखाबाली मात्र लाग्ने आबादी जग्गालाई बारी भनिन्छ । बारीमा धान नउब्जाए पनि मकै, कोदो, आलुलगायतका खाद्यान्न उब्जाइन्छ । उर्वराशक्तिका आधारमा जमिन अब्बल, दोयम, सिम र चाहार गरी चार किसिमका हुन्छन् । सिँचाइको प्रशस्त सुविधा भएको र दुई वा त्यसभन्दा बढी बाली लाग्ने मलिलो भूमिलाई अब्बल भनिन्छ । अब्बलभन्दा अलि कमसल किसिमको र अब्बलभन्दा अलि कम उब्जाउ हुने भूमिलाई दोयम भनिन्छ । सिम चाहिँ दोयमभन्दा पनि कमसल हुन्छ । यस्तो कतिपय जमिनमा धान त फल्छ तर सिम जमिन ओसिलो र धापिलो हुन्छ । यस्तो भूमि गजगजे पनि हुन्छ । सिँचाइ सुविधा नहुने र आकासे पानीको भर पर्नुपर्ने सुक्खा माटो भएको जग्गा चाहार हो । सिँचाइ उपलब्ध भए पनि यस्तो जमिन रुखो हुने हुँदा अनाज फल्दैन वा फलिहाले पनि अत्यन्त कम मात्र फल्छ ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ २ सुन्नुहोस् र छुटेका शब्द राखी खाली ठाउँ भर्नुहोस् :**

(क) एक जना सिकर्मीले कुनै कारखानामा धेरै वर्ष काम गरेपछि ........... लिने विचार गरे ।

(ख) मैले यस कारखानामा बिस वर्षको उमेरदेखि लगातार ............ वर्ष काम गरेँ ।

(ग) मैले एउटा घर ............... लिएको छु, त्यो तीन महिनामा सकिन्छ होला ।

(घ) "तपाईं यस कारखानाको सबैभन्दा पुरानो र सबैभन्दा ............ सिकर्मी हुनुहुन्छ ।"

(ङ) म तपाईंले यस कारखानामा पुऱ्याउनुभएको योगदानको .......... गर्दै अन्तिम पटक तपाईंले तयार गर्नुभएको यो घर तपाईंलाई नै कारखानाको तर्फबाट ............. अर्पण गर्छु ।

२. **सुनाइ पाठ २ का आधारमा उत्तर दिनुहोस् :**

(क) सिकर्मीले कति वर्षको उमेरमा अवकाश लिने निर्णय गरे ?

(ख) सिकर्मीलाई अन्तिमका तीन महिना किन जाँगर नचलेको होला ?

(ग) यस लघुकथाले दिने सन्देश के हो ?

३. **गाउँका समस्याबारे पत्रपत्रिका, रेडियो वा टेलिभिजनबाट प्रसारित समाचार पढेर वा सुनेर समस्या, समस्याका कारण र समाधानका उपाय कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## भाषातत्त्व

### मूल शब्द र व्युत्पन्न शब्द

खोलो **अचेल** फेरि **गाउँ**तिर सोझिएको रहेछ । यो **खोला**ले पनि गाउँलाई धुरुक्कै रुवायो । हुन त रुवायो मात्रै भन्नु खोलाप्रति अन्याय ठहर्ला । यो खोलाले गाउँलाई पालेको पनि छ । हाम्रो विगतको लगभग आधा उमेर यही खोलाको डिल र बगरहरूमा बितेको थियो । कहिले ओरहा खाने निहुँमा त कहिले गाईभैंसी चराउने निहुँमा । खोलामा बाढी आएको बेला हामी गाईको पुच्छर समाएर बाढी तर्ने गर्थ्यौं अथवा यस्तो बेलामा हामी खोलाको किनारमा बसेर बाढीको आनन्द लुट्थ्यौं । तर्न डराउने कोही मानिस आए भने हामी तीनचार जना एकअर्काको हात समाउँदै बाढीमा हेलिन्थ्यौं र किनारमा पर्खिरहेको मानिसलाई तारिदिन्थ्यौं र यस्तो काममा खास गरी परिछनकै विशेष रुचि थियो ।

माथिको कथांशमा गाढा अक्षरमा लेखिएका **अचेल, गाउँ** र **खोला** जस्ता शब्दहरू मूल शब्द हुन् । रेखाङ्कन गरिएका शब्द अन्याय (अ - न्याय), विगत (वि - गत), चराउने (चराउ - ने), समाएर (समाउ - एर), गाईभैंसी (गाई र भैंसी) र तीनचार (तीन वा चार) जस्ता शब्द व्युत्पन्न शब्द हुन् ।

घर, मान्छे, बाटो, ढुङ्गा, फूल, पानी, तेल, हिउँ जस्ता शब्द र खा, बस्, हिड्, पढ् आदि धातुहरू मूल शब्द हुन् । घरेलु (घर+ एलु), गाउँले (गाउँ+ ले), प्रदेश (प्र+ देश), प्रत्युत्तर (प्रति + उत्तर), कुबाटो (कु + बाटो), हिमालय (हिम + आलय), राजकाज (राज + काज), घरैघर (घर + घर), झैझगडा (झगडा + झगडा) आदि शब्दहरू व्युत्पन्न शब्द हुन् ।

## अभ्यास

१. **रेखाङ्कन गरिएका शब्द मूल वा व्युत्पन्न के हुन्, पहिचान गरी लेख्नुहोस् :**

"किसुन भाइ ! यो दुईतीन बरसमा गाउँमा धेरै उथलपुथल भयो । गए साल रोपाइँको बेलामा हामीले चार किलो बनीको कुरालाई लिएर हडताल गऱ्यौं । सुरुमा त सब राम्रै थियो । तीन दिनसम्म काम ठप्प भयो । हामीले फेकन र शनितरलाई अगुवा बनाएका थियौं । पछि उनीहरूले धोखा दियो र धनीहरूसँग मिल्यो, चार चार मन धान दिन्छु भनेका थिए रे, र त्यै लोभमा हडताल बिच्काइदियो । पछि त्यही कुरालाई लिएर हामीले तिनीहरूलाई केरकार गऱ्यौं, झगडाफसाद भयो र हामीले उनीहरूलाई आफ्नो पाटीबाट हटाइदियौं । पछि मालिकहरूले पनि एक मनभन्दा बढी धान दिएन रे, त्यसपछि उनीहरू छुट्टै पाटी बनाएर बस्या छ । हडताल पनि बिच्किहाल्यो, न बनी बढ्यो उल्टै हाम्रो एकता टुट्यो ।" ऊ वरपर छरिएका सिमलका राता फूलहरू जम्मा पार्दै थियो - सायद गोरुलाई खुवाउन ।

२. **दिइएको अनुच्छेदमा रहेका मूल र व्युत्पन्न शब्द पहिचान गरी सूची बनाउनुहोस् :**

झलकमानले बालककालमा लेखपढ गर्न पाएनन् । झलकमानको आठ वर्षसम्मको बाल्यकाल त्यत्तिकै बित्यो । नौ वर्षको उमेरदेखि झलकमान पुर्खाले जस्तै गाउन बजाउन थाले । विद्यालय महाविद्यालयमा पढ्न नपाए पनि झलकमानले आफ्नो एक्लो परिश्रममा सङ्गीतको सिप बढाउँदै लगे । उनी आफूले गाउने गीत आफैं सङ्कलन गर्थे र रचना पनि गर्थे । उनी आफूले गाउने गीतमा आफैं सङ्गीत भर्थे । उनका गीत मिठा छन् ।

**शब्दस्रोत : तत्सम, तद्भव र आगन्तुक शब्द**

पानी पिउँदै गर्दा लगभग उदास र **आर्द्र** उसको स्वर मेरो कानमा गुन्ज्यो । उसले जसरी अँध्यारो **मुखमुद्रा**मा बिनाभूमिका मलाई यो खबर सुनायो । **सहसा** मलाई लाग्यो - गाउँमा *सायद* अब अङ्ग्रेजहरूको रोग सर्दै छ, *डिभाइड एन्ड* रुल ! र परिछनहरू भाँचिँदै छन् । परिछनहरूको सगबगाउँदो **चेतना**सँगै गाउँका ठालुहरू नयाँ जुक्तिहरू सोच्दै छन् ताकि *तमाम* परिछनहरू परिछन नै रहुन् । अर्थात् क्रीतदासरूपी हलीगोठाला नै रहुन् र *मालिक*हरूकै कृपापात्र भएर रहुन्, जुन एउटा परम्पराका रूपमा तिनका पुर्खाहरूले तिनका हातमा नासो छोडेर गएका थिए ।

माथिको कथांशमा गाढा अक्षरले लेखिएका **आर्द्र, मुखमुद्रा, सहसा र चेतना** शब्द तत्सम हुन् । रेखाङ्कन गरिएका पानी, कान र अँध्यारो जस्ता शब्द तद्भव हुन् भने छड्के अक्षरमा लेखिएका डिभाइड, सायद, तमाम र मालिक शब्दहरू आगन्तुक हुन् ।

नेपाली भाषामा प्रयोग हुने सूर्य, चन्द्र, अग्नि, नवीन, अंश, अक्षर, ईश्वर, पृथ्वी, प्रजा, बालक, शिक्षा, मूर्ति आदि तत्सम शब्द हुन् । आगो (अग्नि), भात (भक्त), हात (हस्त), माटो (माटि), रगत (रक्त), घाम (घर्म), काठ (काष्ठ), धाम (धर्म) आदि तद्भव शब्द हुन् । कोट, फोटो, टेबल, टेलिभिजन, टेलिफोन, रेडियो, अन्दाज, जागिर, हप्ता, सरकार, गुलाफ, मुङ्ग्री, गम्छा, जुडो, होन्डा, कराँते, कर्फ्यु, टुरिस्ट, पुलिस, रेस्टुराँ, कलेज, किन्डरगार्टेन, सेमिनार, थर्मस, थेसिस, झ्याल, पसल, बुइँगल, खापा, डम्फु, मैच्याङ, च्याङ्बा, सेलो, राडी, थुन्से, घुम, रोदी, पटुका, पाखी, परेवा, मुन्धुम, याक्सा, जिम्बु, लामा, च्याङ्ग्रा, डाँफे, पैनी, पटुवा आदि आगन्तुक शब्द हुन् ।

## अभ्यास

१. **दिइएको कथांशमा गाढा अक्षरमा लेखिएका शब्दहरू तत्सम, तद्भव र आगन्तुक के हुन्, छुट्याउनुहोस् :**

**अखबार**को **पङ्क्ति**बाट **आँखा** हटाएर मैले **आगन्तुक**पट्टि हेरेँ । उसका **हात**मा एउटा सादा **लिफाफा** र एक **पाना कागज** थियो । हल्ला मच्चाएर मेरो **शान्ति भङ्ग** गरिदिएको हुनाले आगन्तुकउपर मलाई अलिअलि **रिस** उठिराखेको थियो । झर्केर सोधेँ- "के बाबु बाबु चिच्याइरहेको ? को **बाबु**लाई खोज्छौ तिमी ।"

२. **दिइएका शब्दहरू ध्यानपूर्वक पढ्नुहोस् र तत्सम, तद्भव र आगन्तुक शब्दहरूको बेग्लाबेग्लै सूची बनाउनुहोस् :**

पृथ्वी, जेठ, पटुवा, अग्नि, साउन, ढाट, वायु, असार, पसल, ऋषि, बाटो, ढेवा, ज्ञान, सासू, कदर, प्रज्ञा, ससुरा, जागिर, ऊर्जा, दिल, हाकिम, पाइप, आगो, छात्र

३. **दिइएको अनुच्छेदबाट तत्सम शब्द पहिचान गरी सूची बनाउनुहोस् :**

म कर्णालीमा जन्मेँ । मेरो अनुभूतिमा म जुम्ला देख्छु र तिला नदी मेरो हृदयमा दौडिन्छ । नेपाली सभ्यताको यात्रा सिँजाबाट सुरु भएको मानिन्छ । म त्यहीँ सिँजामा जन्मेँ र हुर्केँ । मेरो हिमाल चित्ताकर्षक छ । मेरो समाज भावनात्मक छ । म सिँजालाई प्यारो जन्मभूमिका रूपमा देख्छु र यस भूमिबाट सिङ्गो नेपाललाई हेर्छु ।

४. **दिइएको अनुच्छेद पढी तद्भव र आगन्तुक शब्द छुट्याएर लेख्नुहोस् :**

रात अँध्यारो थियो । म लालटिन बोकेर खेततिर लागेँ । उताबाट जर्नेल साहेब पनि आइपुग्नुभयो । उहाँको हातमा रेडियो थियो । उहाँ मोबाइलको लाइट बालेर बाटो काट्दै आउनुभयो । उहाँको काँधमा झोला थियो । थर्मसमा चिया थियो । जाडाले काम्दै गाउँका अरू मानिसहरू पनि आए । राति वन्यजन्तुको सिकार गर्न सिकारी आए । हामी सबै भेला भएर सिकारीलाई धपायौँ र जङ्गलका जन्तुलाई बचायौँ ।

## शब्दकोशको प्रयोग

कुनै पनि भाषाका शब्दहरू सङ्ग्रह गरेर व्यवस्थित रूपले त्यसको अर्थ विधान गरिएको ग्रन्थलाई शब्दकोश भनिन्छ । शब्दकोशमा शब्दका अर्थ मात्र हुँदैनन् । यसमा शीर्ष शब्द, शब्दको हिज्जे, शब्दको उच्चारण, व्याकरण निर्देश, शब्दको स्रोत, शब्दको अर्थविधान, शब्दको गौण र उपप्रविष्टि, व्युत्पादक सर्ग, पर्याय, विपर्याय, उखानटुक्काको प्रयोग, उदाहरण, चित्राङ्कन आदि हुन्छन् । यस्ता विषयलाई शब्दकोशमा प्रसङ्गअनुसार व्यवस्थित गरिएको हुन्छ । शब्दकोशमा कुनै शब्द चढाउनुलाई प्रविष्टि भनिन्छ । शब्दकोशमा शब्दहरू वर्णानुक्रममा राखिन्छ । शब्दकोशमा विभिन्न सङ्क्षिप्त शब्द र सङ्केत चिह्नहरू दिइएका हुन्छन्, जस्तै :

सङ्केत सूची

| | | |
|---|---|---|
| **अ** : अरबी | **अ.क्रि** : अकर्मक क्रिया | **अङ्** : अङ्ग्रेजी |
| **अव्य** : अव्यय | **इ** : इत्यादि | **उदा** : उदाहरण |
| **क.क्रि** : कर्मवाच्य क्रिया | **क्रि.वि** : क्रियाविशेषण | **था** : थारू |
| **निपा** : निपात | **नेवा** : नेवारी | **फा** : फारसी |

## सङ्केत सूची

/ : विभाजक (विकल्प रूप) ( ) : गौण सङ्केत

– : निर्देशक चिह्न तथा समस्त पद सङ्केत + : संयोजक वा जोड

शब्दकोश हेर्नुभन्दा पहिले यस्ता सङ्केतहरूका बारेमा थाहा पाउनुपर्छ । शब्दकोशमा शब्दहरूको वर्णानुक्रममा शब्दहरूको प्रविष्टि गरिएको हुन्छ । **नेपाली बृहत् शब्दकोश**मा शब्दहरूको प्रविष्टि निम्नलिखित वर्णानुक्रममा राखिएको छ :

(क) सर्वप्रथम स्वरवर्ण (अ, आ, इ...) र त्यसपछि व्यञ्जन वर्ण (क, ख, ग ...) को क्रम रहेको छ ।

(ख) स्वरवर्ण क्रममा अ (अँ, अं, अ) आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ रहेको छ ।

(ग) व्यञ्जनवर्णमा क, ख, ग, घ, हुँदै ह सम्म रहेको छ ।

(घ) बाह्रखरीमा क, कँ, कं, क, का, कि, की, कु, कू, कृ, के, कै, को, कौ क्य, क्र, क्ल, क्ष रहेको छ । यसै गरी त्र वर्ण त को क्रममा ज्ञ वर्ण ज को क्रममा रहेको छ ।

तल **नेपाली बृहत् शब्दकोश**को एउटा पाना (पृष्ठ १, दसौं संस्करण) को नमुना दिइएको छ । त्यहाँ 'अ' बाट सुरु हुने केही शब्द र तिनका अर्थहरू पनि दिइएका छन् । यसका साथै त्यहाँ विभिन्न सङ्केत र सङ्क्षिप्त रूपहरू पनि दिइएका छन् । तिनलाई ध्यानपूर्वक पढ्नुहोस् :

# अ

**अ$_1$-** १. देवनागरी वर्णमालाको स्वरवर्णमध्ये पहिलो स्वरवर्ण; परम्परागत रूपमा कण्ठस्थानबाट उच्चारण हुने ह्रस्व स्वरवर्ण मानिएको र भाषाविज्ञानअनुसार आधाखुला, केन्द्रीय स्वरवर्ण; लेख्य रूपमा सो स्वरवर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न। २. लेखाइका क्रममा विषयवस्तुको वर्गीकरण वा विभाजन उपविभाजनका निम्ति स्वरवर्णको प्रयोग गरिँदा दिइने क्रमबोधक पहिलो चिह्न ।

**अ$_2$-** [सं.] *ना.* १. ॐ भित्र अन्तर्निहित मानिएका अ+उ+म् तीन ध्वनिमध्ये विष्णुलाई बुझाउने पहिलो ध्वनि। (उ तथा म् ध्वनि क्रमशः शिव तथा ब्रह्मालाई बुझाउने मानिन्छन्।) २. संस्कृत एकाक्षरी कोशअनुसार मूलतः विष्णुलाई जनाउने मङ्गलवाची शब्द। ३. *पू.स.* शब्दका अगाडि लागी अभाव, भिन्नता, विपरीतता आदि अर्थ बुझाउने पूर्वसर्ग (अगति, अज्ञान, अफाप, अयोग्य इ.)।

**अ$_3$-** *नि.* झर्को, गाली, बेवास्ता, अस्वीकार आदि बुझाउन आवेगका अवस्थामा प्रयोग गरिने विस्मयादिबोधक शब्द; आ। (उदा.- अ, बिनसित्ति कति चलेको? अ, म यति बेला बजार जान्नँ।)

**अँ-** *नि.* [प्रा. आम< सं. आम्] स्वीकार, सम्झना, आश्चर्य, उपेक्षा, प्रसन्नता, पीडा आदि भाव जनाउने, प्रायः वाक्यका अगाडि आउने शब्द। (उदा.- अँ, मलाई सन्चो छैन। अँ, त्यस्तो पनि होला। अँ, तिमीले भनेर हुन्छ!)

**अँकाइ-** *ना.* [√ आँक् (+आइ)] आँक्ने भाव, क्रिया वा प्रक्रिया।

**अँकाइनु-** *क.क्रि.* आँक्न लाइनु।

**अँकाउनु-** *प्रे.क्रि.* आँक्न लाउनु; आँक्ने पार्नु।

**अँगरखा/अँगर्खा-** *ना.* [प्रा. अङ्गरख] घाँटीदेखि घुँडामन्तिरसम्मको लामो कुर्ताजस्तो प्रायः साधुसन्तहरूले र विशेष अवस्थामा राजा, मन्त्री आदिले पनि लगाउने वस्त्र।

**अँगार-** *ना.* [प्रा. अंगारो< सं. अङ्गार] दाउरा आदि ज्वलनशील वस्तु बलेर कोइला भई निभेको, तर खरानी भइनसकेको प्राङ्गारिक, कालो वस्तु; गोल; अङ्गार; अडार।

**अँगारे-** *वि.* अँगारजस्तो कालो; ज्यादै कालो; अङ्गारे।

**अँगाल्नु-** *स.क्रि.* [अँगालो+नु] १. स्नेह वा आत्मीयता जनाउन कसैलाई दुई हातले च्यापेर छातीमा टाँस्नु; निकटता देखाउन परस्परमा अँगालो मार्नु; अङ्कमाल गर्नु। २. कुनै कामकुरा वा पेसालाई ग्रहण गर्नु; लिनु। (उदा. उनले शिक्षकको कार्य अँगाले।) ३. सहायता गर्नु; पक्ष लिनु।

**अँगालाइ-** *ना.* अँगाल्ने भाव, क्रिया वा प्रक्रिया।

**अँगालिनु-** *क.क्रि.* अँगाल्ने काम गरिनु; अँगालो हालिनु।

**अँगाले-** *वि.* [अँगालो+ए] १. एक अँगालामा अटाउने; अँगालामा बोकिने; अँगालाभरिको। *ना.* २. खलामा धान चुट्ने वा झाँट्ने बेलामा धानका अँगाला बोक्ने खेतालो; बिटा बोक्ने मान्छे।

**अँगालो-** *ना.* [सं. आलिङ्गन] १. स्नेह वा आत्मीयता जनाउन कसैलाई दुवै हातले च्यापेर आफ्नो छातीमा टाँस्ने काम; आत्मीयता वा निकटता जनाउन एकले अर्काको वा एकअर्काको काँधमा हात राख्ने काम; आलिङ्गन; अङ्कमाल; अङ्गालो। २. दुई हात फैलाएर च्याप्न सकिने परिमाण; बाहाँभरिको परिमाण (एक अँगालो दाउरा, एक अँगालो घाँस, अँगालाभरिको रुख इ.)।

**अँगालो दिनु-** *टु.* भिड्नु। (उदा.- निर्धाले बलियालाई अँगालो दिन सक्तैन।)

**अँगालो मार्नु/हाल्नु-** *टु.* अङ्कमाल गर्नु।

**अँगुठी-** *ना.* हे. औँठी।

**अँगुठो-** *ना.* [प्रा. अंगुट्ठो< सं. अङ्गुष्ठ] १. हात वा खुट्टाको दुई आँख्ला भएको मोटो औँलो; बुढी औँलो; औँठो। २. अँगुठाको छाप; ल्याप्चे सही।

**अँगेठी-** *ना.* [प्रा. अगिट्ठो< सं. अग्निष्ठिक] आगो ताप्नाका निम्ति प्रयोग हुने, बोकेर चाहेका ठाउँमा लगिने माटो वा धातुको भाँडो; बोर्सी; मकल; अटल।

**अँगेर-** *ना.* पोथ्रो होचो, पात रातो रातो तथा सानो र गेडा रातो हुने एक प्रकारको विषालु वनस्पति; केही मात्रामा गुलियो, तमतमाउँदो र बेसी मात्रामा खाँदा विषालु, वस्तुभाउले खाँदा असर गर्ने वनस्पति र वनस्पतिको फल।

**अँगेरी-** *ना.* चैतमा पाउलिने, पाउलो लाग्दा रातो भावको देखिने र पछि हल्का हरियो पात हुने, ल्वाङका आकारका दाना फल्ने, वस्तुभाउले पालुवा खाँदा पेट ढाडिने र त्यसको असरले मर्न पनि सक्ने वनस्पति।

**अँगोछा-** *ना.* शरीर पुछ्ने वा कछाडजस्तो गरी बेरिने रुमाल; गम्छा; उपर्ना; अङोछा।

**अँचेट्नु-** *स.क्रि.* १. कसैमाथि दबाब दिनु; वशमा ल्याउनु। २. कुनै लचिलो वस्तुलाई बेसरी थिच्नु; घचेट्नु; ठेल्नु।

**अँचेटाइ-** *ना.* अँचेट्ने भाव, क्रिया वा प्रक्रिया।

**अँचेटाइनु-** *क.क्रि.* अँचेट्न लाइनु।

**अँचेटाउनु-** *प्रे.क्रि.* अँचेट्न लाउनु; च्यापिने पार्नु।

**अँचेटिनु-** *क.क्रि.* अँचेट्ने काम गरिनु; च्यापिनु।

**अँचेला-** *ना.* [सं. अञ्चल] खेतका गराका छेउमा माटो थुपारी बनाइएको आलीको माथिल्लो भाग।

**अँजुल्नु-** *स.क्रि.*[अँजुली+नु] १. अँजुलीले पानी, अन्न आदि वस्तु हुत्त्याउनु। २. कुनै वस्तु अँजुलीमा भर्नु। ३. दुइटा पसर जोड्नु; अँजुली पार्नु।

**अँजुलाइ-** *ना.* अँजुल्ने भाव, क्रिया वा प्रक्रिया।

**अँजुलिनु-** *क.क्रि.* अँजुल्ने काम गरिनु।

**अँजुली-** *ना.* [सं. अञ्जलि] १. दुई उत्ताना हत्केला जोडी औँलाहरू केही कुप्र्याएर खोची वा बटुकोजस्तो खोबिल्टो पारिएको स्थिति। २. प्रार्थना गर्दा उपर्युक्त किसिमले दुई हत्केला जोड्दा हुने मुद्रा। ३. दुई हत्केला जोडी बनाइएको खाल्टाभरिको कुनै वस्तुको परिमाण (एक अँजुली पानी, एक अँजुली फूल इ.); अञ्जली; करसम्पुट।

**प्रश्नहरू**

(क) माथिको शब्दकोशका नमुना पानामा दिइएका शब्दहरूले के कस्ता अर्थ दिइएका छन्, लेख्नुहोस् :

अँगार, अँगेठी, अँगेर, अँजुली, अँचेला, अँचेटिनु, अँगालो

(ख) शब्दकोश हेरी माथिको शब्दकोशको नमुना पानामा छड्के अक्षरमा दिइएका सङ्क्षिप्त शब्दका पूरा रूप लेख्नुहोस् ।

(ग) शब्दकोश हेरी दिइएका शब्दको अर्थ लेख्नुहोस् :

अकेला, पिन्चे, एकाघर, जातक, रोहबर, ठाँट, घडा, चैत्य, पँधेरो, यथार्थ

(घ) दिइएका शब्दहरूलाई शब्दकोशको क्रममा लेख्नुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (अ) | कृष्ण | कपडा | क्षति | कंश | मस्त | क्रम | शारीरिक |
| (आ) | ऐश्वर्य | एउटा | आफू | ईश्वर | उर्लनु | ऊर्जा | आँधी |
| (इ) | मृत्यु | व्यवहार | मानसिक | तिम्रो | ज्ञान | त्रास | मूल |
| (ई) | उपहार | अचानो | अँध्यारो | उपेक्षा | आँधी | उपकार | ओठ |

## सिर्जना/परियोजना

१. **दिइएका बुँदाका आधारमा छोटो कथा लेख्नुहोस् :**

(क) थुप्रै केटाकेटी चौतारामा भेला भएर खेलिरहेका

(ख) अचानक एउटा सर्प देखा परेको

(ग) केटाकेटीहरूले मिलेर सर्पलाई ढुङ्गाले हानी मार्न तम्सिएका

(घ) एक भलाद्मी व्यक्तिले यस्तो अर्कालाई मार्ने पाप काम नगर भनी सम्झाएका

(ङ) सबै जना घरतिर फर्किएका

(च) घरमा पुगेपछि सत्यनारायणका मनमा पाप र धर्मका बारेमा खुल्दुली भएको

(छ) सत्यनारायणका बुबा लक्ष्मीनारायणले जसले अरूलाई दुःख दिन्छ उही पापी हो भनी सम्झाएका

(ज) बुबाको कुरा सुनेपछि सत्यनारायण खेत बगाउने खोला, घरको छाना उडाउने हावा, घर जलाउने आगो, बाख्रा मारेर खाने बाघ, कुखुरा चोरेर लाने स्याल, खुट्टामा घाउ बनाइदिने ढुङ्गो, लुगा फोहोर पारिदिने माटोलाई पनि पापी रहेछन् भनी निष्कर्ष निकालेका

(झ) भोलिपल्ट सत्यनारायण विद्यालय गएका

(ञ) विद्यालयमा पाप कर्मका बारेमा आफ्नो बुझाइ सुनाएका

(ट) ढुङ्गो, माटो, हावा, पानी, आगो, बाघ, स्याल गर्दै सबैलाई पापी भनेका

(ठ) सत्यनारायणको विचार शिक्षकले सुनेका

(ड) शिक्षकले प्राकृतिक वस्तु र तिनका कार्य बुझाएका, तीबिना बाँच्न नसकिने तथ्य बुझाएका

(ढ) सत्यनारायणको आफ्नो विचार परिवर्तन भएको

२. तपाईंको जीवनमा घटेको कुनै घटनालाई सिलसिलेबार रूपमा प्रस्तुत गरी छोटो कथा लेख्नुहोस् ।

३. नेपाली युवाहरू स्वरोजगारप्रति आकर्षित भइरहेका छन् । उनीहरूलाई अझ उत्प्रेरित गर्न के गर्नुपर्छ, कथात्मक ढाँचामा लेख्नुहोस् ।

४. तपाईंको समुदायमा रहेका नेपाली भाषाभन्दा भिन्न भाषामा प्रयोग हुने केही सर्वनाम, सङ्ख्यावाचक शब्द र घरेलु सामग्रीको सूची बनाई प्रस्तुत गर्नुहोस् ।

## सुनाइ पाठ २

### मायाको चिनो

एक जना सिकर्मीले कुनै कारखानामा धेरै वर्ष काम गरेपछि अवकाश लिने विचार गरे र ठेकेदारकहाँ गए र भने, "ठेकदारजी । मैले यस कारखानामा बिस वर्षको उमेरदेखि लगातार चालिस वर्ष काम गरेँ । अब चाहिँ मैले अर्को हप्तादेखि अवकाश लिने निर्णय गरेको छु ।"

आफ्नो कारखानाको सबैभन्दा सिपालु सिकर्मीको कुरा सुनेपछि ठेकेदारले भने, "ठिक छ त ! तर मैले एउटा घर ठेक्का लिएको छु, त्यो तीन महिनामा सकिन्छ होला । त्यो सिध्याउनुस् अनि अवकाश लिनुस् । हुन्न र ?"

सिकर्मीले केही छिन सोचेर हुन्छ भनिदिए । उनी त्यस कारखानामा अरू तीन महिना काम गर्न गए । उनलाई काम छोड्ने निर्णयपछि काममा कुनै जाँगर चलेन । तीन महिनामा जसोतसो त्यो घर सिध्याए र भोलिदेखि अवकाश लिने भए । त्यही दिन कारखानाका ठेकेदारले उनलाई उक्त घरको साँचो दिँदै भने, "तपाईं यस कारखानाको सबैभन्दा पुरानो र सबैभन्दा सिपालु सिकर्मी हुनुहुन्छ । तपाईंको मेहनत र सिपले यस कारखानाले धेरै धेरै प्रगति गऱ्यो । म तपाईंले यस कारखानामा पुऱ्याउनुभएको योगदानको कदर गर्दै अन्तिम पटक तपाईंले तयार गर्नुभएको यो घर तपाईंलाई नै कारखानाको तर्फबाट मायाको चिनो अर्पण गर्छु । स्विकार्नुस् ।"

ठेकेदारको कुरा सुनेर सिकर्मीले मनमनै भने, " ओहो ! यो कुरा मलाई तीन महिनाअघि नै थाहा भएको भए ....!"

# पाठ ३

# संस्कृतिको नयाँ यात्रा

*- सुधा त्रिपाठी*



बाल्यकालको दसैंको स्मृति मेरो हृदयमा अझसम्म ताजै छ । पुर्बी नेपालको पहाडमा जन्मेकी म मेरो गाउँ झन्डै झन्डै दसैंको एकल संस्कृतिमा जम्थ्यो र त्यसमै रमाउँथ्यो । एक वर्षको दसैं सकिएको चारपाँच महिनापछि म अर्को पटकको दसैं कहिले आउला भन्ने जिज्ञासामा हुन्थें । बुबाआमाको 'झ्याउँकिरी कराएको तीन महिनापछि' भन्ने उत्तर पाएपछि म झ्याउँकिरी कहिले कराउला र दसैं आउला भन्ने सोचमा मग्न हुन्थें । नभन्दै कुनै साँझ झ्याउँकिरी पनि कराउँथ्यो, वर्षाले सिङ्गो पहाडलाई छोप्थ्यो । कलकल गर्दै बग्ने झर्ना र निलो कोसी नदी उर्लन थाल्थे, बिस्तारै यो सेलाउँथ्यो र लेखनाथ पौड्यालले भने झैं झरी, बाढी र हिलो पनि हट्दै गएर शारदीय शोभामा रमाएको धर्तीमा दसैं आउँथ्यो । पुर्खाले बनाएको यो प्राकृतिक र सांस्कृतिक समन्वय मलाई अति प्रिय लाग्थ्यो । बाल्यकालको यो मेरो दसैं लुगा, पिङ, मिठो खाना, केरा, कुराउनी, सेलरोटी, मासुचिउरा र अन्य परिकार र दक्षिणासमेत बोकेर आउँथ्यो । वास्तवमा एउटी बालिकाका रूपमा यो मेरो बाल्ययात्राको सुखद प्राप्ति थियो । दसैं र दसैंपछि आउने तिहार मेरा खुसी थिए । यी खुसी मेरा जीवनकला र शैलीसँग जोडिएका थिए । जब म यो नै मेरो संस्कृति हो भनेर बुझ्न थालें त्यस बेलासम्म र अझै पनि यी पर्व मेरो जीवन र मनोविज्ञानमा सदैव रहिरहेकै छन् ।

जीवन एउटा प्रवाहशील नदी हो । यो सामुद्रिक नाविकहरूको यात्रा जस्तै हो, जसलाई हामी निरन्तर दौडाइरहेका हुँदा रहेछौं । यो मनुष्यको यस्तो गतिशील यात्रा रहेछ, जसलाई हामी भोग्ने, बुझ्ने सम्झने र विचार गर्ने गर्दा रहेछौं । यही यात्राकै सिलसिलामा म दुर्गम भनिएको पहाड छाडेर काठमाडौं पुगें । म प्रकृतिको काखमा रमाउने मान्छे केही समय त सहरमा घुलमिल हुन पनि कठिन भयो । बिस्तारै सहरका गल्ली, कोलाहल र भिडभाडसँग परिचित हुन थालें ।

काठमाडौँको एउटा कन्या विद्यालयमा भर्ना भएर पढ्न थालेपछि मलाई थाहा भयो नेपाल त व्यापक रहेछ । यही व्यापकतामा मैले त्यहाँ मेरा तामाङ, गुरुङ, मगर, लिम्बू, राई, झा, यादव, नेवार आदि साथीहरू पाएँ । त्यहाँका हामी कोही शरद्को दसैँ मनाउँथ्यौँ तर कोही भने अर्कै समय र अर्कै दिनलाई दसैँ मनाउँथे । कोही बुद्ध पूर्णिमाको कुरा गर्थे, कोही उँधौली उँभौलीको कथा सुनाउँथे, कोही क्रिसमसको गीत गाउँथे । कोही ल्होसारलाई आफ्नो मूल चाडका रूपमा मनाएको कुरा गर्थे, कोही माघीको परिकार बताउँथे र कोही देउडाको भाका गाउँथे । त्यसपछि म सिङ्गो नेपाल चिन्न सक्ने भएँ र म महाकाली र मेचीको सिङ्गो परिवेशमा नव नव संस्कृतिको अनुभव गर्न थालेँ । भिन्न धर्म, भिन्न संस्कृति, भिन्न पहिरन, भिन्न पहिचान मलाई बल्ल थाहा भयो नेपाली जीवन त यी विविधता र विभिन्नताको सुन्दर साङ्लो पो रहेछ । नेपाल त मेचीदेखि महाकाली र उत्तर हिमालयदेखि दक्षिण तराई मधेससम्मको उदात्त चेतना र भावमा फैलेको रहेछ । यही विद्यालयीय जीवन हो जहाँ मैले काठमाडौँको नेवार संस्कृति, मुस्ताङको थकाली संस्कृति, पूर्वको किराँत संस्कृति बुझेँ । उत्तरको शेर्पा संस्कृति, तराई मधेसको मधेसी संस्कृति, पश्चिमको मगर र थारू संस्कृति बुझेँ । दार्चुला, कर्नाली हुँदै काठमाडौँ उपत्यकाको कञ्चनजङ्घाको काखसम्मको संस्कृति र कलासँग परिचित हुने अवसर प्राप्त गरेँ । नेपालको लामो इतिहास र सभ्यताले निर्माण गरेका यी साझा संस्कृति मेरै संस्कृति थिए, मेरै देशका सम्पत्ति थिए र मेरा ती सबै मित्रहरू एकै फूलबारीका साझा फूलहरू थिए । म पनि त्यही फूलबारीकी एउटी बिरुवा थिएँ र साझा बनेर फुल्ने र फक्रने तर्खरमा थिएँ ।

मनुष्य जीवनको सार्थकता भन्नु नै चेतना हो । गरिब वा धनी हुनु के हो र किन मानिस गरिब वा धनी हुन्छ ? यो कुरा मैले विद्यालयमा पढ्न पाइनँ किनभने त्यो समय यस्ता विषयमा पढाउने परिपाटी नै थिएन र यस किसिमको चेतना विस्तारको वातावरण पनि थिएन । त्यस बेला क्याम्पसमा पनि यस्ता कुरा पढ्न पाइन्नथ्यो । निजी अध्ययन मेरो यस्तो जीवनबोधका लागि सार्थक समय थियो । वास्तविक ज्ञानको खोजीकै लागि म निजी अध्ययनतर्फ तानिएँ । मैले त्यहाँ पढेँ - वास्तवमा मानिस जन्मँदा जुन शरीर लिएर आउँछ त्यो प्राकृतिक रहेछ र त्यो त जीववैज्ञानिक विषय रहेछ । जन्मेपछि मानिस विविध कारणले धनी वा गरिब हुँदो रहेछ र त्यही आधारमा हामी एक थरीलाई सभ्य र बौद्धिक भन्दा रहेछौँ । हामी मानिस नै अर्का थरी मानिसलाई असभ्य र मूर्ख भन्दा रहेछौँ । यस्तो भन्नु गलत संस्कृति हो भन्ने कुरा मैले बुझेँ र समाजमा धनी र गरिबको भेद गर्ने संस्कृति खराब हो भन्ने बोध गरेँ । श्रमिक वर्गको आफ्नो संस्कृति हुँदो रहेछ । त्यस्तो संस्कृति श्रममा नै फल्ने, फुल्ने र फक्रने रहेछ । लोकजीवन, लोकसंस्कृति, लोककथा तिनका जीवनका संस्कार थिए, संस्कृति थिए र आत्मा थिए भन्ने पनि बुझेँ । श्रम तिनका जीवनको मात्र नभएर राष्ट्रकै प्रतिष्ठा थियो भन्ने पनि थाहा पाएँ । त्यही कारण श्रमका आधारमा

मान्छेमा भेद हुन्न भन्ने संस्कार मैले सिकेँ । मैले श्रम गर्ने कुरा त महत्त्वपूर्ण संस्कृति रहेछ भन्ने बुझेँ र आज विश्वमा श्रम, सिप र जाँगरले नै मान्छेले प्रगति गरेको रहेछ भन्ने पनि थाहा पाएँ ।

म महिला र मेरो एउटा छुट्टै वर्ग, मसँग एकाकार हुने वर्ग महिला । अब मैले महिलाका बारेको कुरा पनि बिस्तारै बोध गर्न थालेँ । महिला भएकै कारण म किन उत्पीडित भएँ ? यो मेरा मनमा सधैँ उब्जने प्रश्न थियो । मेरा लागि किन छाउपडी ? मेरो प्राकृतिक जीवनमा आउने मेरो शारीरिक परिवर्तन, मैले भोग्ने रजस्वलाको समय, मेरो लागि विशेष सुरक्षा, म महिला, म कमजोर जस्ता कुरा किन ? किन मान्छे मान्छेमा यो भेद ? किन समाजमा हामी पुरुष र महिलाको सामाजिक भूमिका भिन्न ? किन मैले रातदिन काम गर्दा पनि मेरो श्रमको मूल्य भएन ? खोई मेरो पहिचान ? म किन बोल्न सक्दिनँ ? म यी प्रश्नहरूमा घोरिन थालेँ । मलाई लाग्यो प्रश्न गर्नु आलोचनात्मक हुनु हो र प्रश्नले मानिसलाई विवेकी बनाउँछ, तार्किक बनाउँछ र बुद्धि दिन्छ । प्रश्न नगरेको भए ग्यालिलियो ग्यालिलियो हुने थिएनन् । गार्गी र मैत्रेयी गार्गी, मैत्रैयी हुने थिएनन् । अलिकति विद्रोह त चाहिन्छ नै समतामूलक समाज बनाउन । मैले मङ्गलादेवी सिंह, साहना प्रधान सम्झेँ, मैले राजराजेश्वरी, योगमाया र विद्रोही धेरै महिलाहरू सम्झेँ । यो समानताका यात्रामा मैले धेरै पुरुषहरूलाई सम्झेँ, जो महिलासँगै मिलेर न्यायपूर्ण साझा संस्कृतिको निर्माण गर्न चाहन्थे । यस महान् स्वतन्त्रताको यात्रालाई पूर्णता दिन चाहन्थे । मैले यस यात्रामा सामेल भएर आवाज दिएँ । देशमा लोकतन्त्र आयो, देशमा गणतन्त्र आयो । संविधानले सांस्कृतिक पहिचान स्थापित गर्‍यो । समानताका विषय ल्यायो तैपनि हामीले न्याय खोज्नु छ, संविधानको कार्यान्वयन खोज्नु छ र सुन्दर संस्कृतिको निर्माण गर्नु छ । हामीले प्राप्त गर्ने न्याय पनि यही हो । नयाँ नेपालको सांस्कृतिक दिशा र गति पनि त यही हो ।

म बारम्बार सम्झन्छु, घोरिन्छु र चिन्तित पनि हुन्छु । भावुकता मेरो दिमागमा सधैँ किन यसरी खेल्छ  र खेलिरहन्छ ? समाजमा किन यस्तो संस्कृति बन्यो र बनाइयो ? मान्छेको भेद किन जन्म्यो ? रङको भेद, वर्णको भेद, जातिको भेद, लिङ्गको भेद - यी भेदबाट मुक्त समाज कसरी बन्ने र बनाउने ? सभ्य र विकसित भनिएका कतिपय देशमा पनि आजसम्म एक जातिले रङको आधारमा अर्को जातिमाथि दमन गरेको समाचार सुनिएकै छ । हामी पनि कहाँ मुक्त छौँ र ? किन यस्तो भएको होला ? समाजमा श्रम विभाजनले मान्छेलाई भिन्न भिन्न काम गर्ने बनायो । हामीले त्यही आधारमा जात बनायौँ । त्यसकै आधारमा विभेदको परम्परा सुरु भयो । कोही दलित भयौँ, कोही ब्राह्मण, कोही जनजाति । हाम्रा आफ्ना संस्कार छन्, हाम्रा आफ्ना परम्परा छन्, हाम्रा आफ्ना खानपान छन्, हाम्रा आफ्ना वेशभूषा छन् । हाम्रो रङ भिन्न छ, कोही काला हौँला, कोही गहुँगोरो । हाम्रो अनुहार भिन्न होला । कसैको नाकको उचाइ फरक होला, कसैको आँखाको आकार र स्वरूप भिन्न होला । म फेरि घोरिन्छु, अत्तालिन्छु र सोच्छु - यही आधारमा

मानिसमा भेद किन ? मनुष्यको मनुष्यत्व र मानवको मानवता नै सबैभन्दा ठुलो कुरा हो । धर्म पनि यही हो, कर्तव्य पनि यही हो । समाजले सामाजिक, सांस्कृतिक विषयलाई भेदको विषय बनायो । हामी छुट्टियौँ, हामी टुक्रियौँ, हामी भिन्न भयौँ र हामी मनुष्यले नै यी भेद जन्मायौँ । यो भिन्नता मान्छेले जन्माएको भिन्नता हो नत्र मानिस एकै हो, हामी सबै प्रकृतिका साझा सन्तान हौँ, साझा वरदान हौँ ।

संस्कृति हाम्रो परिचय हो, हाम्रो पहिचान हो र हाम्रो अनुभूति हो । संस्कृति हाम्रो बोल्ने, विचार गर्ने र बाँच्ने तरिका पनि हो । हाम्रो संस्कृति बाँच्नुपर्छ, त्यसैले हाम्रा सांस्कृतिक मूल्यहरू बाँच्नुपर्छ । दसैँ हाम्रो संस्कृति हो, तिहार हाम्रो संस्कृति हो । तिज, बुद्ध पूर्णिमा, छठ, उँधौली, उँभौली, ल्होसार, गौरा, माघी, सिरुवा, क्रिसमस, इद सबै हाम्रा संस्कृति हुन् । सभ्यताको यस यात्रामा म बारम्बार सोध्छु र सोच्छु, यस्ता सुन्दर अवसरलाई हामीले सदुपयोग गर्नैपर्छ । संस्कृतिका नाममा लिङ्ग, वर्ग, रङ, भूगोल, जाति, धर्मका आधारमा हुने भेद विकृति हुन् । ती कुरा हट्नुपर्छ र संविधानले यसको सुनिश्चितता पनि गरेको छ ।

म बाँचेको पृथ्वी साझा छ, हाम्रा भावना साझा छन् र मन साझा छ । सभ्यताको यात्रामा कोहीलाई दमक बनाइयो  कोही दमित जस्ता भइयो, बनाइयो । कोही मूलमा र कोही बहिष्कारमा परे जस्ता पनि भइयो । यस्तो संस्कृति संस्कृति नभएर विकृति हो । हामी न्यायपूर्ण समाजको निर्माणको यात्रामा छौँ र यस यात्राको निरन्तरतामा पनि छौँ ।

बाल्यकालमा दसैँ मनाउन मामाघर गएको स्मृतिमा अटाएको मन पङ्खफुका छ आज । वीरगन्जको यात्रामा देखेका धान खेत र चौधरी काकाका घरको माघीको माछा र परिकार आज पनि मेरो स्मृतिमा ताजै छ । सिराहाकी यादव साथीको घरका छठ पर्वको अतिथि बनेको अनुभूति पनि जिउँदो छ । उदयपुरकी राई बहिनीको परिवार र तिनको संस्कृतिले पनि लोभिएकै हुँ । रोल्पाका मगर साथीको घरमा पनि पुगेकी हुँ र त्यहाँको संस्कृतिको परिचय पनि पाएकै हुँ । धेरै समयपछि बर्दियामा मनाएको माघीले पनि मलाई तानेकै छ । हामी के हिमाल, के तराई, के पहाड, एउटै साझा संस्कृति निर्माणको समयमा छौँ र भिन्नता र भेदबाट मुक्त समाजको निर्मितिमा छौँ । मेरो छ दशक लामो यस यात्रामा परिवर्तन देखेकी छु र रमाएकी पनि छु । यति भएर पनि म अझै सन्तुष्ट छैन । नयाँ समाज र नयाँ संसारको खोज मेरो जीवनयात्रा हो । यो यस्तो यात्रा हो, जसले सांस्कृतिक सत्यलाई स्वीकार गरोस् र सांस्कृतिक न्यायलाई स्थापना गरोस् । "वसुधैव कुटुम्बकम्" को संस्कृतिलाई स्थापित गरोस् । एउटा उज्यालो बाटाको यो यात्रा निरन्तर र अविचलित गतिमा अघि बढिरहोस् । म त यस यात्राकी साक्षी मात्रै हुँ, अबको नयाँ पुस्ताले नयाँ बाटो बनाओस् । नयाँ पुस्ता एउटा नयाँ उज्यालो हो र तिनका आँखामा मैले देखेको उज्यालो ज्योति यही हो ।

## शब्दभण्डार

१. **उस्तै अर्थ आउने शब्दहरूको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| प्रतिष्ठा | ठुलो विरोध |
| एकाकार | योजनाअनुसार |
| उत्पीडित | पीडा दिइएको |
| विद्रोह | निरन्तर बगिरहने |
| कार्यान्वयन | एकै किसिमको |
| प्रवाहशील | विधिपूर्वक व्यवहारमा ल्याउने काम |
| | इज्जत |

२. **दिइएका अर्थ मिल्ने पदावलीहरू पाठबाट खोजेर लेख्नुहोस् :**

(क) जीवनलाई पवित्र पार्ने काम

(ख) समुद्रको जहाजमा बसेर यात्रा गर्ने

(ग) एउटै मात्र संस्कृति

(घ) यात्रालाई प्रत्यक्ष हेर्ने दर्शक

(ङ) सांस्कृतिक हिसाबले प्राप्त गर्ने न्याय

(च) विचलित नहुने यात्रा

(छ) सबैको हक लाग्ने सन्तति

३. **शब्दकोश हेरेर दिइएका शब्दको अर्थ लेख्नुहोस् :**

स्मृति, जिज्ञासा, जीववैज्ञानिक, प्रगति, सामेल, दमन, मनुष्यत्व, दमित, बहिष्कार

४. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

उदात्त, अनुभूति, सुनिश्चितता, दमक, पङ्खफुका, निर्मिति, न्यायपूर्ण, अविचलित

५. **दिइएका विषयक्षेत्रका शब्दहरू खोजेर लेख्नुहोस् :**

(क) नेपाली चाडपर्वहरू

(ख) नेपाली नृत्यहरू

(ग) नेपालका भाषाहरू

(घ) नेपालीका पोसाक

(ङ) नेपाली खानाका स्थानीय परिकार

## बोध र अभिव्यक्ति

१. **'संस्कृतिको नयाँ यात्रा' निबन्धको हरेक अनुच्छेद पालैपालो सस्वर पठन गर्नुहोस् र पठन गतिको मूल्याङ्कन गर्नुहोस् ।**

२. **दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) माथिको पाठ कति अनुच्छेदमा संरचित छ ?

(ख) पाठको दोस्रो अनुच्छेदमा कुन विषयलाई मुख्य भाव वा विचार बनाइएको छ ?

(ग) पाठको छैटौँ अनुच्छेदमा कस्ता विषयवस्तुलाई प्रस्तुत गरिएको छ ?

(घ) निबन्धको पाँचौँ अनुच्छेदमा कतिओटा वाक्यहरू छन् ?

३. **पाठको अन्तिम अनुच्छेद पढ्नुहोस् र अनुच्छेदका आधारमा पाँचओटा प्रश्न बनाउनुहोस् ।**

४. **पाठका आधारमा उपयुक्त विकल्प छानी खाली ठाउँ भर्नुहोस् :**

(क) जब म यो नै संस्कृति हो भनेर बुझ्न थालेँ, त्यति बेलासम्म र अझै पनि यी पर्व मेरो जीवन र ....... सदैव रहिरहेका छन् ।

(अ) मनोविज्ञानमा (आ) विज्ञानमा (इ) ज्ञानमा (ई) शैलीमा

(ख) नेपालको लामो इतिहास र सभ्यताले निर्माण गरेका यी....... संस्कृति मेरै संस्कृति थिए ।

(अ) नेपाली (आ) जातीय (इ) विकृत (ई) साझा

(ग) मनुष्य जीवनको सार्थकता भन्नु नै............ हो ।

(अ) संस्कृति (आ) चेतना (इ) पर्व (ई) मनोरञ्जन

(घ) मैले यस यात्रामा सामेल भएर ............ दिएँ ।

(अ) श्रम (आ) पसिना (इ) आवाज (ई) जीवन

(ङ) मनुष्यको मनुष्यत्व र मानवको .......... नै सबैभन्दा ठुलो कुरा हो ।

(अ) जीवन (आ) सोच (इ) त्याग (ई) मानवता

५. **"जीवन एउटा प्रवाहशील....तरखरमा थिएँ," निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) जीवनलाई किन यात्रा भनिएको हो ?

(ख) अनुच्छेदका आधारमा म पात्रलाई चिनाउनुहोस् ।

(ग) नेपाली जीवनलाई किन विविधताको सुन्दर साङ्लो भनिएको हो ।

(घ अनुच्छेदमा नेपालमा रहेका कुन कुन संस्कृति उल्लिखित छन् ?

६. **दिइएको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

मलाई लाग्यो प्रश्न गर्नु आलोचनात्मक हुनु हो र प्रश्नले मानिसलाई विवेकी बनाउँछ र बुद्धि दिन्छ । प्रश्न नगरेको भए ग्यालिलियो ग्यालिलियो हुने थिएनन् । गार्गी र मैत्रेयी गार्गी, मैत्रैयी हुने थिएनन् । अलिकति विद्रोह त चाहिन्छ नै समतामूलक समाज बनाउन । मैले मङ्गलादेवी सिंह, साहना प्रधान सम्झेँ, मैले राजराजेश्वरी, योगमाया र विद्रोही धेरै महिलाहरू सम्झेँ । यो समानताका यात्रामा मैले धेरै पुरुषहरूलाई सम्झेँ, जो महिलासँगै मिलेर न्यायपूर्ण साझा संस्कृतिको निर्माण गर्न चाहन्थे । यस महान् स्वतन्त्रताको यात्रालाई पूर्णता दिन चाहन्थे । मैले यस यात्रामा सामेल भएर आवाज दिएँ । देशमा लोकतन्त्र आयो, देशमा गणतन्त्र आयो । संविधानले सांस्कृतिक पहिचान स्थापित गऱ्यो । समानताका विषय ल्यायो तैपनि हामीले न्याय खोज्नु छ, संविधानको कार्यान्वयन खोज्नु छ र सुन्दर संस्कृतिको निर्माण गर्नु छ । हामीले प्राप्त गर्ने न्याय पनि यही हो । नयाँ नेपालको सांस्कृतिक दिशा र गति पनि त यही हो ।

**प्रश्नहरू**

(अ) जीवनमा आलोचनात्मक हुन के गर्नुपर्छ ?

(आ) निबन्धांशमा कस्तो संस्कृतिको परिकल्पना गरिएको छ ?

७. **दिइएको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

संस्कृति हाम्रो परिचय हो, हाम्रो पहिचान हो र हाम्रो अनुभूति हो । संस्कृति हाम्रो बोल्ने, विचार गर्ने र बाँच्ने तरिका पनि हो । हाम्रो संस्कृति बाँच्नुपर्छ, त्यसैले हाम्रा सांस्कृतिक मूल्यहरू बाँच्नुपर्छ । दसैं हाम्रो संस्कृति हो, तिहार हाम्रो संस्कृति हो । तिज, बुद्ध पूर्णिमा, उधौली, उभौली, ल्होसार, क्रिसमस, इद सबै हाम्रा संस्कृति हुन् । सभ्यताको यस यात्रामा म बारम्बार सोध्छु र सोच्छु यस्ता सुन्दर अवसरलाई हामीले सदुपयोग गर्नै पर्छ । संस्कृतिका नाममा लिङ्ग, वर्ग, जातिका आधारमा हुने भेद विकृति हुन् । ती कुरा हट्नुपर्छ र संविधानले यसको सुनिश्चितता पनि गरेको छ ।

**प्रश्नहरू**

(अ) संस्कृति भनेको के हो ?

(आ) संविधानले सुनिश्चित गरेका सांस्कृतिक विषयहरू के के हुन् ?

८. **उत्तर लेख्नुहोस् :**

(क) नेपालमा के कस्ता सांस्कृतिक विविधता छन् ?

(ख) श्रम र संस्कृति कसरी अन्तरसम्बन्धित हुन्छन् ?

(ग) न्यायपूर्ण संस्कृतिको निर्माण कसरी गर्न सकिन्छ, निबन्धका आधारमा लेख्नुहोस् ।

९. **व्याख्या गर्नुहोस् :**

(क) नेपालको लामो इतिहास र सभ्यताले निर्माण गरेका यी साझा संस्कृति मेरै संस्कृति थिए, मेरै देशका सम्पत्ति थिए र मेरा ती सबै मित्रहरू एकै फूलबारीका साझा फूलहरू थिए ।

(ख) संस्कृतिका नाममा लिङ्ग, वर्ग, रङ, भूगोल, जाति, धर्मका आधारमा हुने भेद विकृति हुन् ।

१०. **समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) नेपालमा विद्यमान संस्कृतिका सबल र दुर्बल पक्षको चर्चा गर्नुहोस् ।

(ख) “सांस्कृतिक रूपमा न्यायपूर्ण समाजले मात्र समतामूलक समाजको निर्माण गर्न सक्छ ।” विवेचना गर्नुहोस् ।

११. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

संस्कृतिभित्र कुनै जातजातिका लवाइखवाइ, वेशभूषा, भाषा, दर्शन, मान्यता र विश्वास लुकेका हुन्छन् । जातीय विविधताभित्र सांस्कृतिक विविधता हुन्छ । संस्कृतिको विशेषता जातीय पृथक्ता पनि हो । बहुजातीय मुलुकमा बहुसांस्कृतिक सम्पन्नता पाइन्छ अनि यसको समन्वय गर्ने मुलुक सौन्दर्यमा श्रेष्ठ ठहर्छ । जहाँ सुन्दर फूल फुल्छन्, त्यहाँ भमराहरू लट्ठिएर झुल्छन् । हाम्रो सांस्कृतिक उन्नयन सुमनकुञ्ज बन्न सके अभ्यागत मौरी र भमरा बनी झुम्मिन्छन् । हामी पराग र मधुरस बटुल्न सक्छौँ । मौरीको लगनशीलता सापटी लिएर मह जम्मा गर्न सक्छौँ । महको रस सुक्दैन । संस्कृति मधुरस हो, सभ्यता घार हो । हामी सुन्दर विश्वबागमा हृदयाकर्षक घार बनाउन सक्छौँ, हृदय केन्द्रमा सांस्कृतिक मधुरस जम्मा गर्न सक्छौँ ।

**प्रश्नहरू**

(क) संस्कृतिभित्र के के लुकेका हुन्छन् ?

(ख) बहुजातीय मुलुकका के कस्ता विशेषता हुन्छन् ?

(ग) 'संस्कृति मधुरस हो, सभ्यता घार हो' भन्नाको तात्पर्य के हो ?

(घ) 'पृथक्ता' र 'अभ्यागत' को अर्थ लेख्नुहोस् ।

१२. **दिइएको अनुच्छेद पढी चारओटा मुख्य बुँदाहरू टिप्नुहोस् र एक तृतीयांशमा सार लेख्नुहोस् :**

विगत हाम्रो अनुभव हो, वर्तमान यथार्थ हो, भविष्य कल्पना हो । आफ्नो परम्परालाई संरक्षण गर्दै भावी पुस्ताका लागि जीवन्त राख्नु वर्तमानको कर्तव्य हो । पुर्खाको विगत, हाम्रो वर्तमानको व्यवहार नै भोलि सन्तानको सांस्कृतिक धरोहर बन्ने छ । जन्मदिने आमाबुबालाई 'मातृदेवो भवः पितृदेवो भवः', शिक्षा दिने गुरुलाई 'आचार्यदेवो भवः', घरमा आएका पाहुनालाई 'अतिथिदेवो भवः', प्राण रक्षा गर्ने वनस्पतिलाई 'वनस्पतिदेवो भवः' भनेर देवत्वकरण गरी आदर गर्ने संस्कृति हाम्रो अमूल्य निधि हो । छोराछोरीलाई संस्कारयुक्त शिक्षा दिनु आजको पहिलो आवश्यकता हो । सन्तानलाई सम्पत्ति नदिए केही समयसम्म मात्र रुन्छ, तर संस्कार दिन सकिएन भने जिन्दगीभरि रोइरहन्छ । हामीले अरूको देखासिकी नगरी आफ्नो संस्कार र संस्कृतिको निरन्तर संरक्षण गर्नुपर्छ । निरन्तर बगिरहेको पानीले कठोर ढुङ्गा काटेर विभिन्न आकार बनाइदिन्छ । हामी आफूले आफैँलाई पूजा गरेर

आत्मपूजाको नमुना प्रस्तुत गर्छौं । आफूभित्रको म तत्त्वलाई नियन्त्रित गरेर परोपकारी बन्न प्रेरित गर्ने हाम्रा संस्कृति लोप भए भने हामी पनि मरेतुल्य हुन्छौं । त्यसैले बलियो बनौं तर असभ्य नबनौं, दयालु बनौं तर कमजोर नबनौं, गर्व गरौं तर घमन्ड कहिल्यै नगरौं । संस्कार र संस्कृति व्यक्तिको प्राण हो, त्यसैले यसको संरक्षण गरौं ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ३ का आधारमा छुटेका शब्द भरी तलका वाक्य पूरा गर्नुहोस् :**

(क) हाम्रा गाउँ तथा सहरमा प्राचीन सभ्यताका ............. यत्रतत्र छन् ।

(ख) शास्त्रीय र लोक नृत्य, गीत र वादनमा हाम्रा अनन्य ........... छन् ।

(ग) बाली लाउँदा, भित्र्याउँदा, ..........गर्दा गाइने गीतहरू पुनर्जीवनको आस गर्दै छन् ।

(घ) खानपान र पहिरनमा जातीय, क्षेत्रीय र सामुदायिक ................ छन् ।

(ङ) हामी भाषा, धर्म, संस्कृति र परम्परामा बहुल छौं तर आपसमा ................ छौं ।

२. **उत्तर दिनुहोस् :**

(क) हाम्रो मन के के कुरामा रमाउँछ ?

(ख) देउडा र घाटुले कसरी भौगोलिक सीमा नाघेका छन् ?

(ग) संस्कृतिका पारखीहरू कहाँ रमाउँछन् ?

(घ) खानपान र पहिरनमा के कस्ता विविधता छन् ?

(ङ) कुन कुरा हाम्रो अनुपम पहिचान हो ?

३. **दिइएका नाचहरू नेपालका कुन कुन समुदायसँग सम्बन्धित छन् ? ती कहाँ, कहिले र कसरी नाचिन्छन्, कक्षामा छलफल गरी बताउनुहोस् :**

(क) साकेला नाच (ख) मारुनी नाच

(ग) लाखे नाच (घ) झिँझिया नाच

(ङ) सँगिनी नाच (च) देउडा नाच

(छ) धान नाच (ज) हुड्केली नाच

## भाषातत्त्व

पदवर्ग : नाम

**१. दिइएको अनुच्छेद पढी नाम वर्गका शब्दको पहिचान गर्नुहोस् :**

एक हुल भिक्षुहरू हाम्रो अगाडिबाट स्तूपको परिक्रमा गर्न थाले । "आहा ! कति राम्रो सहर ! उ : त्यो पर देखिएको भीमसेन स्तम्भ होइन ?" मञ्जुले स्वयम्भूको प्राङ्गणबाट देखिन् र सेतो स्तम्भ देखाउँदै बुबासँग खुसी व्यक्त गरिन् । साँच्चै त्यहाँबाट नारायणहिटी दरबार, सिंहदरबार, हनुमानढोका दरबार, एयरपोर्ट, कीर्तिपुर सबै प्रस्ट देखिँदो रहेछ । महिमा स्वयम्भूबाट देखिने काठमाडौँको दृश्य नियालिरहेकी थिइन् । उसको हातमा भएको प्रसादको झोला बाँदरले लुछेर लग्यो ।

**२. दिइएका शब्दहरूबाट एउटै उपवर्गमा पर्ने नामहरूको सूची बनाउनुहोस् :**

गोपाल, काठमाडौँ, कर्णाली, रामायण, बाफ, रिस, मुनामदन, तिहार, होली, फूल, बथान, तिज, गाई, माछो, रगत, कुहिरो, किताब, घर, विद्यालय, बसाइ, चोरी, युद्ध, जुत्ता, औँठी, टोपी, मुर्ख्याइँ, साइकल, लहर, भिड, हुल, चाङ, खात, लहर, ढुङ्गा, माटो, सुन, चाँदी, चामल, पानी, रगत, कुहिरो, प्रेम, घृणा, मानवता, शोभिता, धरमपुर, शिक्षा, पढाइ, जवानी, गरिबी, बाल्यावस्था, फौज, कार, झुप्पो, तेल, दसैँ

**३. दिइएको अनुच्छेदबाट बिसओटा नाम शब्द टिप्नुहोस् :**

नेपालमा विभिन्न पर्वहरू मनाइन्छ । तिनै महत्त्वपूर्ण पर्वहरूमध्ये सुदूरपश्चिममा नारीहरूले विशेष रूपमा मनाउने पर्व हो गौरा । यस पर्वमा महिलाहरू व्रत बस्छन्, भगवान् शिवपार्वतीको पूजा गर्छन् । यो पर्व पारिवारिक सद्भाव र सुख समृद्धिको कामना गरेर मनाइने पर्व हो । यस पर्वमा पोखरी, नदी आदिमा नुहाएर घरको सरसफाइ तथा पूजासामग्री तयार गरिन्छ । सानो केराउ, गुराँस, चना, गहत, गहुँ वा मकैमध्ये कुनै एक राखी पञ्चबीज बनाइन्छ । यसरी तयार पारिएको बीजलाई गौराघरमा लगी भिजाइन्छ । गौरालाई नवदुर्गाको रूपमा पनि पूजा गर्ने चलन छ । तिलको बोट, दुबो, कुश, बलु, अपमार्ग, तितेपाती, धानको बोट र दाडिमलाई गौरा देवीको रूपमा सिँगारिन्छ । यसपछि चोखो कपडा र गहनाले ढाकेर गौरा पूजा गरिन्छ । यस पर्वमा महिलाहरू लय मिलाएर गीत गाउँछन् । मागल र फागहरूका माध्यमबाट आफ्ना मनका कुरा बाहिर निकाल्ने महत्त्वपूर्ण अवसरका रूपमा गीत गाइन्छ । गीतका माध्यमबाट सामाजिक उत्पीडन, विकृति, विसङ्गति, पीडा, वेदना पोखिन्छ । नारी पुरुष समान रूपमा पङ्क्तिबद्ध भएर देउडा नाचेको दृश्य साँच्चै नै मनमोहक देखिन्छ ।

४. **पाठको पहिलो अनुच्छेदमा रहेका नाम शब्दहरू टिप्नुहोस् ।**

**पदवर्ग : सर्वनाम**

**१. दिइएको अनुच्छेदमा नामको सट्टामा उपयुक्त सर्वनाम पद प्रयोग गरी पुनर्लेखन गर्नुहोस् :**

(क) आमाबुबाले छोराछोरीलाई पढ्नका लागि धनगढी पठाए । छोराछोरीहरू त्यहाँ बसी धेरै पढे । छोरी पढिसकेपछि गाउँ फर्की । छोरीले गाउँमा एउटा विद्यालय खोली । केही वर्षपछि छोरो पनि गाउँमै फर्क्यो । छोराले पनि त्यस विद्यालयमा पढाउन थाल्यो । आमाबुबा खुसी हुनुभयो ।

(ख) मेरी छोरी ज्ञानुले व्यवस्थापनमा स्नातक गरिन् । ज्ञानु आफ्नो गाउँमा गइन् । ज्ञानुले गाउँमा उद्योग खोलिन् । उद्योगमा धेरै मानिसहरूले जागिर पाए । मानिसहरूको आर्थिक स्थिति सुध्रियो ।

२. **दिइएका सर्वनामलाई मिल्दाजुल्दा उपवर्गमा सूचीकृत गर्नुहोस् :**

म, हामी, तँ, तिमी, तिमीहरू, तपाईंहरू, ऊ, उनी, उनीहरू, उहाँ, उहाँहरू, यो, यी, ती, यिनीहरू, तिनीहरू, स्वयम्, कोही, केही, अरू, को, के, जो, जेसुकै, जोसुकै, तपाईं, त्यो, आफैं, जे, आफू

३. **दिइएको गद्यांश पढी दशओटा सर्वनाम टिप्नुहोस् :**

म र भाइ बजार गयौँ । हामीले बजारमा तिमीलाई देख्यौँ । तिमी उमेश र राजीवसँग थियौ । उनीहरूले गितार बोकेका थिए । उमेशले हामीलाई देखेर सोध्यो, “तपाईंहरू को को बजार आउनुभएको ?”

मैले भने,“ भाइ र म मात्र हो ।”

मेरो कुरा सुनेर तिमी उमेशसँग रिसायौ र भन्यौ, “ऊ जोसुकैसँग आओस् न । तँलाई किन चाहियो ?”

“यसलाई के भयो आज ?” तिम्रो पारा देखेर उमेश आफै छक्क पऱ्यो ।

४. **दिइएका सर्वनामलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

त्यो, तिनीहरू, यी, स्वयम्, जे, को, के, आफू, उहाँ, कोही, प्रत्येक, अरू, सबै, केही, हजुर

## पदवर्ग : विशेषण

१. **दिइएको गद्यांशबाट विशेषण शब्द पहिचान गरी लेख्नुहोस् :**

एक दिन दुइटा मृग पानी खान खोलामा पुगे । त्यस खोलामा एउटा ठुलो ब्वाँसो पनि पानी खान आयो । चलाख ब्वाँसो कमजोर मृगहरूसँग निहुँ खोज्न थाल्यो । धूर्त ब्वाँसाले भन्यो, “ए मेरा भान्जा हो ! यो पानी किन धमिलो बनाएको ?”

“प्रिय मामा ! सफा पानी त तपाईंले पो धमिलो बनाउनुभयो त । हामी त पानीमै पसेका छैनौं ।” सानो मृगले जवाफ दियो ।

२. **दिइएका पदावलीबाट विशेषण शब्द छानी तिनलाई मिल्दो उपवर्गमा वर्गीकरण गर्नुहोस् :**

प्रशस्त सम्पत्ति, सेतो हिमाल, उसको हात, मेरो किताब, बलियो हात्ती, तिम्री बहिनी, अलिकति अन्न, गतिलो भैंसी, बाङ्गो रुख, बुझक्कड भतिजी, यो कलम, त्यो गिलास, थोरै मल, बग्दो खोला, चड्दो उमेर, शीतल हावा, लाखौं तारा, पाँच पाण्डव, सयौं थुँगा, सांस्कृतिक सम्पदा, नैतिक बल, सप्त ऋषि, मलिलो बारी, यी मानिस, ती फूल, सबै नेपाली

३. **दिइएको अनुच्छेदबाट दशओटा विशेषण शब्द पहिचान गरी टिपोट गर्नुहोस् :**

मेरो नेपालमा सेता हिमाल, हरिया पहाड र उर्वरशील तराई छ । यहाँ विविध जातजाति, अनेक संस्कृति र सयौं भाषाहरू छन् । मेहनती मानिस बसोबास गर्ने यस देशमा आफू मरेर अरूलाई बचाउने वीर पुर्खाहरू जन्मेका थिए । स्वच्छ हावापानी र प्राकृतिक सभ्यतालाई जोगाइराख्न सक्ने वातावरण नेपालको पहिचान हो ।

४. **‘संस्कृतिको नयाँ यात्रा’ निबन्धबाट पन्ध्रओटा विशेषण शब्दहरू टिप्नुहोस् ।**

## पदवर्ग : क्रिया

१. **दिइएको गद्यांशबाट क्रियापद पहिचान गरी लेख्नुहोस् :**

हामीभित्रको सभ्य बन्ने रहरले बाबुबाजेका शिर झुके । बाबुका अर्ती बन्दी बने । बाजेका प्रिय वस्तु सङ्ग्रहालयका शोभा बन्न सकेनन् न त घरमा सजिए । पुर्खाका पहिरन, पाइतालाका डोब र पसिनाका दाना हाम्रा बनेनन् । हामी यिनका बन्न सकेनौं । हाम्रा सँगिनी, बालुन र रोदी पेलिए, धर्मकर्म विरूप बने । विश्वास बदलिए, वाद बहकिए । बाबुहरू ड्याड र आमाहरू मम्मी बने । हाम्रो बोलीमा बालुवाका कण मिसिए, जिब्रो लरबरियो पश्चिमी पारामा । आखिर यस्तो हुनुमा कसको भूमिका रह्यो ?

२. **दिइएका क्रियापद प्रयोग गरी आफूलाई मन पर्ने विषयमा छोटो अनुच्छेद लेख्नुहोस् :**

खान्छ, पढ्यो, गरेको छ, कमाओस्, आउला, हेर, हिँड्दै थियो, बोल्छन्, उठेछ

३. **दिइएका क्रियापदलाई मिल्दो उपवर्गमा वर्गीकरण गर्नुहोस् :**

सुन्छ, पढ्यो, भनिहाल्छ, हाँस्छे, दगुर्छन्, रुँदै छ, हुन्छ, ल्याउँछ, बनाउँछ, छ, आइसक्यो, हो, भयो, आइपुगे, खोज्यौं, गरेको हुने छ, उम्रँदै छ, बाङ्गिन्छ, भुतभुताउने छ, छापेको थियो, फरफरायो, कलकलाउँछ, लेख्छ, दियो, पढ्ने छ, भएको छ, भिजाउँदै छ, गर्दछौं, हुन्, छन्, लेखिसकेछ, सुनिन्छ

४. **दिइएको अनुच्छेदबाट बाह्रओटा क्रिया टिप्नुहोस् :**

पानी पर्दै छ । मन चञ्चल भएको छ । झरीले बाढी र पहिरो ल्यायो । त्यही भएर मनको शान्ति हरायो । जाजरकोटमा पहिरो गएर घरबास बगायो । ताप्लेजुङमा तमोर खोलाले धानखेत पुऱ्यो । कोसीमा पनि बाढी आएछ । रेडियो सुन्छु र टेलिभिजन हेर्छु । यसले प्रत्येक नेपालीलाई छुन्छ । यसले पहिरो पीडितलाई त रुवाउँछ । छिमेकीहरू पनि पीडामा पर्छन् । हरियो वन सुक्खा पहाड बन्दछ । पहिरोमा परेर मानिसहरू घाइते हुन्छन् । डाक्टर पनि सक्रिय हुन्छन् । नेपाललाई बाढी र पहिरोबाट जोगाउनुपर्छ । यसका लागि वृक्षारोपण गर्नुहोस् ।

५. **'संस्कृतिको नयाँ यात्रा' निबन्धको दोस्रो अनुच्छेदबाट पन्ध्रओटा क्रियापद टिप्नुहोस् ।**

## सिर्जना/परियोजना

१. **दिइएको गद्यांशको शीर्ष वाक्य, विस्तार वाक्यहरू र निष्कर्ष वाक्यसहितको अनुच्छेद संरचनाका आधारमा उस्तै अर्को अनुच्छेदको रचना गर्नुहोस् :**

नेपाली भूगोल ससाना झारपातदेखि ठुला ठुला तर विविधतामय वनस्पतिले भरिपूर्ण छ । हिमाली भूखण्ड जडीबुटी र दुर्लभ वृक्ष तथा वनस्पतिले ढाकिएको छ । यहाँ मृतसञ्जीवनी बुटी छन्, शक्तिवर्द्धक यार्सागुम्बा, प्राणवर्द्धक पाखनबेत, ठुलो ओखती र चिराइतोहरू छन् । देवदार, धुपी सल्ला, गोब्रे सल्ला, गुराँस लगायतका अनेकौं कोणधारी वृक्षहरू यस भूखण्डमा पाइन्छन् । पहाडी भूभागमा घना र सदाबहार जङ्गलहरू छन्, झ्यास र झाडीहरू छन् । एक्काइसौं शताब्दीमा पनि प्राकृतिक सभ्यतालाई बचाइराख्न सक्ने अनेक फलफूल र कन्दमूल छन् । यस भूखण्डमा चाँप, ओखर, कटुस, सल्ला, उत्तिस, चिलाउने, बिलाउने, बाँस, पैयुँ, चिउरीलगायतका रुखहरू पाइन्छन् । त्यस्तै तराईको चारकोसे झाडी

त संसारप्रसिद्ध छ । साल, सिसौ, खयर, आँप, सिमल जस्ता महत्त्वपूर्ण वृक्षहरू पाइने तराईमा घोडताप्रे, कागते घाँस, तितेपाती, वनमारालगायतका औषधीय गुणयुक्त वनस्पति पनि पाइन्छन् । वानस्पतिक विविधताले नेपाल भरिपूर्ण छ ।

२. **"राम्रो स्वास्थ्यबाट मात्र सुखी जीवन सम्भव छ" भन्ने शीर्ष वाक्यलाई आधार बनाई एउटा अनुच्छेद तयार पार्नुहोस् ।**

३. **तपाईंको समुदायमा प्रचलित एउटा लोकगीत सङ्कलन गर्नुहोस् र उक्त लोकगीत कक्षामा सुनाउनुहोस् ।**

४. **कक्षाका सम्पूर्ण विद्यार्थीहरू विभिन्न समूहमा रहेर छलफल गरी आफ्नो प्रदेशमा प्रचलित चाडपर्व वा जात्राहरूको नाम लेख्नुहोस् । त्यसपछि ती चाडपर्व वा जात्राहरू कहिले र कसरी मनाइन्छन् भन्ने कुराको क्रमबद्ध सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

५. **तपाईंको समुदायमा जन्मदेखि मृत्युसम्म के कस्ता संस्कारहरू गरिन्छन्, अभिभावक वा अगुवासँग सोधी लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**


## सुनाइ पाठ ३

### हाम्रो संस्कृति

हाम्रो समाज मूर्त र अमूर्त संस्कृतिको मिश्रण हो । हाम्रा गाउँ तथा सहरमा प्राचीन सभ्यताका धरोहर यत्रतत्र छन् । साकेला, चासोक, च्याब्रुङ र धान नाचमा रमाउने मन हुड्केली, सोरठी र मारुनीमा त्यत्तिकै रमाउँछ । देउडा र घाटुले भौगोलिक सीमा नाघेर बास्ना छरेका छन् । चान्दी, डाँडी, हनुमान् र पञ्चबुद्ध नृत्यहरू हाम्रा मुटुका ढुकढुकी बनेका छन् । शास्त्रीय र लोक नृत्य, गीत र वादनमा हाम्रा अनन्य सम्पदा छन् । स्याब्रो र तिजीले सखिया, सन्थाल र सरायसँग मितेरी लाउँछन् । भुओ, खैंजडी, बालुन, सँगिनी र लाखे पहाडी सौन्दर्य बनेका छन् । बाली लाउँदा, भित्र्याउँदा, दाइँ गर्दा गाइने गीतहरू पुनर्जीवनको आस गर्दै छन् । गन्धर्व, चर्या, खाँडो र गाथाहरू कुनाकन्दरामा जीवितै छन् । यहाँ भाषाको भण्डार छ । संस्कार, रीतिरिवाज र परम्पराका पारखीहरू हाम्रा गाउँमा भुल्छन्, सहरमा रमाउँछन् । खानपान र पहिरनमा जातीय, क्षेत्रीय र सामुदायिक विविधता छन् । मन्दिर, विहार, मस्जिद, गिर्जाघर, गुरुद्वारा, थान र मार्गास्थानहरू हाम्रा आस्थाका केन्द्र हुन् । हामी भाषा, धर्म, संस्कृति र परम्परामा बहुल छौं तर आपसमा सहिष्णु छौं । यो नै विश्वमा हाम्रो अनुपम पहिचान हो ।

पाठ ४

# योगमाया



जीवन र मृत्यु मानिसका स्वभाविक प्रक्रिया हुन् । मान्छेको जीवनको सार्थकता उसको गतिशीलता र रूपान्तरणबाट सिद्ध हुन्छ । योगमाया यस्तै गतिशील महिला हुन् । भोजपुर जिल्लाको नेपाले डाँडाको सिम्ले भन्ने सानो गाउँमा जन्मेर देश विदेशको यात्रा तय गर्दै विद्यमान कुरीति, महिला विभेद र जातीय कुरीतिका विरुद्ध बोल्ने प्रखर महिलाका रूपमा चिनिन्छिन् । विद्यालयीय शिक्षाको अवसर नपाएर पनि स्वअनुभव र स्वसिकाइका माध्यमबाट अध्यात्म, मानवता र सामाजिक सांस्कृतिक परिवर्तनको पक्षमा आवाज उठाउने योगमायालाई नेपाली समाजमा प्रेरणादायी महिलाका रूपमा लिने गरिन्छ । जीवनमा काम, क्रोध, लोभ मोहबाट मुक्त भई वैराग्यलाई अँगालेर विद्रोहको नयाँ शैलीलाई अपनाउने योगमाया नेपाली समाजकी एक्ली महिला हुन् । विद्रोहको अग्नि समाधि र जल समाधिको त्यो शैली वर्तमान समयमा उपयुक्त नभए पनि तत्कालीन राणा शासनको विरुद्धमा गरिएको आन्दोलनको एउटा स्वरूप थियो ।

योगमायाको जन्म वि.सं. १९२४ मा श्रीलाल न्यौपाने र चन्द्रकला न्यौपानको पहिलो सन्तानका रूपमा भएको हो । योगमाया पुष्पलाल र अग्निधर नामका दुई भाइकी एक्ली दिदी थिइन् । सामाजिक  परम्पराअनुसार सात वर्षको कलिलो उमेरमा नै उनको विवाह भयो ।  पति भनेर चिन्न नपाउँदै विवाह गरेको दुई वर्षमा उनी विधवा भइन् । तत्कालीन नेपाली समाजमा विधवा हुनु भनेको पीडादायी अवस्थामा पुग्नु  हो । बाल स्वभाव र गुणका आधारमा उनले घरपरिवार र समाजको तिरस्कार भोग्नुपऱ्यो । यही कारण उनी शारीरिक र मानसिक यातनाको समेत सिकार भइन् । यसरी अत्याचारका सबै खाले स्वरूपलाई सहँदै उनी चौध वर्षको उमेरसम्म घरमै बसिन् । तत्कालीन सामाजिक परिवेशमा सासू र नन्दको प्रताडना सहन नसकेपछि उनी भागेर माइत गइन् । माइतीमा पनि उनले घर गरिखान नसकेकी भनेर प्रशस्त निन्दा सहनुपऱ्यो । बुबाआमा र माइतीतिरका सबैले त्यस बेलाको सामाजिक प्रचलअनुसार उनलाई आफ्नै घर फर्काउन प्रयत्न गरियो । यसरी माइती र घर दुवैतिरबाट उपेक्षित योगमायामा बिस्तारै विद्रोहको चेतना पलाउन थाल्यो । उनी घर र माइतीका बिचमा व्रिद्रोह गर्दै आसाम पुगिन् । आसाम पुगेर उनले एक्लो

अनुभव गरिन् । पतिको सतीत्वमा बसिरहनुपर्ने मृत्यसंस्कारका विरुद्ध कडैंल थरका व्यक्तिसँग विवाह गरिन् । केही वर्षपछि उनका पतिको मृत्यु भयो । पतिको मृत्युपछि उनी भावविह्वल भइन् । अकस्मात् उनका जीवनमा डोटेल थरका व्यक्ति आइपुगे । ती व्यक्तिले उनीसँग विवाहको प्रस्ताव गरे । उनी पनि राजी भइन् । उनीहरूबाट नैनकला नामकी छोरी जन्मिइन् ।

योगमाया अब सामाजिक क्रियाकलापमा सहभागी हुन थालिन् । त्यस समयमा सबैभन्दा प्रचलित सामाजिक गतिविधिका रूपमा पूजा प्रार्थना आदि रहेका थिए । उनले यस्ता क्रियाकलापमा सक्रिय सहभागिता जनाउँदै नेतृत्वको भूमिका निर्वाह गरिन् । यस्ता सामाजिक, धार्मिक कार्य, आर्यसमाजीहरूको सुधार चेतना र साधुसन्तहरूको सङ्गतले योगमायामा जीवन र समाजलाई हेर्ने नयाँ चेतना जागृत भइरहेको थियो । यसबाट उनी बिस्तारै बिस्तारै प्रभावित हुँदै गइन् । अङ्ग्रेज विरोधी आन्दोलन र धार्मिक आध्यात्मिक क्रियाकलापको सहभागिताले उनको चेतना अभिवृद्धि हुँदै गयो । बाल्यकालदेखिका आफ्ना भोगाइ र आफू बाँचेको समाजका विसङ्गतिका कारण उनी आर्थिक र सामाजिक सञ्जालको मोहबाट मुक्त हुँदै गइन् । यसले उनीमा वैराग्यचेतको बीजारोपण गरायो । यही चेतलाई सार्थकता प्रदान गर्ने हौसला पनि जागृत भयो । यसका लागि उनले तपस्या गर्ने योजना बनाइन् । तपस्याका लागि आफ्नो जन्मथलो नै उनलाई उपयुक्त लाग्यो । आफ्ना भाइलाई लिन आउने सन्देश पठाएर भाइकै साथ लागी उनी आफ्नै जन्मथलो भोजपुर आइपुगिन् । वि.स. १९७३ को एक साँझ उनी आफ्नी छोरी नैनकला र भाइका साथ मझुवाबेँसी पुगिन् ।

मझुवाबेँसीमा योगमायाको आगमन त्यहाँका मान्छेका लागि उत्सुकताको विषय बन्यो । त्यही उत्सुकतालाई समेट्दै योगमायाले गाउँलेहरूलाई साथी बनाउन थालिन् । सामाजिक रूपमा समावेश हुँदै घरमा हुने पूजा, पुराण र चौतारीहरूमा सामूहिक सहभागिता जनाउँदै गइन् । आसाममा सिकेको ज्ञान र अनुभवलाई उनले त्यहाँ प्रयोग गर्ने अवसर पाइन् । यही ज्ञान र अनुभवका आधारमा पण्डितहरूसँग शास्त्रार्थ गर्ने तथा समाजका पुरुषहरूसँग बहस पनि गर्न थालिन् । यसैबिच उनी प्युठानको स्वर्गद्वारीमा रहेका महाप्रभु अभयानन्द द्वितीयकहाँ पुगी दीक्षा लिइन् र सन्न्यासी बनिन् । सन्न्यासी बनेपछि घरायसी वातावरण त्याग गर्नुपर्ने भएकाले उनी मझुवाबेँसीमै कुटी बनाएर एक्लै बस्न थालिन् । योगमाया आफ्नो ज्ञान र बुद्धिका माध्यमबाट साधक बनेकी त्यस समाजकी अगुवा महिला भएकाले उनको योग साधना पनि त्यतैतर्फ लक्षित भयो । उनमा धाराप्रवाह प्रवचन दिन सक्ने खुबी थियो । यही खुबीका कारण उनका वरिपरि मानिसहरूको घुइँचो लाग्न थाल्यो । भोजपुर आसपासका धेरै मानिसहरू उनको प्रवचन सुन्न आउन थाले र उनीप्रति श्रद्धाभाव बढ्न थाल्यो । भक्तजनको घुइँचो लागेपछि मझुवाबेँसीका कुटीले उनलाई पुगेन । उनी उफ्रौलीटारमा रहेको फराकिलो जमिनमा सरिन् र भक्तजनलाई

समेट्ने गरी कुटी पनि निर्माण गरिन् । उफ्रौलीटारको कुटी पनि वि.सं. १९८८ मा अरुणमा आएको ठुलो बाढीले बगाएपछि उनी इर्खुवापारिको गौँडिनीमा सरिन् । उनी जहाँ जहाँ बसाइँ सर्थिन्, भक्तजनहरू त्यहीँ त्यहीँ पुग्थे । उनको योगसाधना र तपस्याबाट प्रभावित पनि हुन्थे । उनले तपस्याका निराहार, जलाहार, अल्पाहार जस्ता विधिहरूको प्रयोग गर्थिन् । शरीरलाई मौसम र वातावरणअनुसार समायोजन गर्न कहिले कैयौँ दिन अरुण नदीमा आधा शरीर डुबाएर बस्थिन् । कहिले गर्मी याममा पञ्चाग्नि ताप्थिन् । यस्ता कठोर तपस्याले उनलाई दृढ बनाउँथ्यो । यही दृढताले गर्दा उनी वि.सं. १९९२ मा आफ्ना अनुयायीसहित खाम्पालुङ हिमाल पार गरेर तपस्यासमेत गरिन् । यतिमा मात्र उनको साधनाको यात्रा टुङ्गिएन । वि.सं. १९९७ मा उनले भोजपुरकै उच्च पहाडी क्षेत्र चायाँबोटे सिरान तोरीबारीको छेउको अग्लो थुम्कामा बसेर तेइस दिनसम्म तपस्या गरिन् । यी विभिन्न ठाउँमा गरिएका तपस्याको मुख्य उद्देश्य साधनाको प्राप्ति र सबै प्रकारका मोहबाट उन्मुक्तिको चाहना नै थियो । यी तपस्याका विविध मोडहरू मुख्य उद्देश्य जीवनका  लोभ र मोहबाट मुक्त हुँदै समाज सुधारको चाहना राख्नु थियो ।

सन्न्यासी जीवन सुरु गरेसँगै योगमायामा सामाजिक चेतना सलबलायो । उनी धार्मिक, सामाजिक, प्रशासनिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा विद्यमान सबै खाले विकृतिहरूका बारेमा खुलेर विरोध गर्न थालिन् । उनी छुवाछुतलाई मानव सभ्यताको सबैभन्दा ठुलो कलङ्क ठान्थिन् । त्यसैले कुनै पनि सामाजिक कार्यमा मानिसहरूलाई छुत र अछुत तथा माथिल्लो जात र तल्लो जातमा छुट्याउनु घोर अपराध मान्थिन् । सनातनी परम्पराको नाममा जातका आधारमा फरक फरक कानुन प्रचलनमा रहेको त्यस समयको समाजमा छुवाछुत र जातपात नमान्नु घोर आपत्तिको विषय हुन्थ्यो । त्यस्ता व्यक्तिहरू विभिन्न दण्डका भागी हुन्थे । त्यस्तो कठोर राणाकालीन समयमा पनि उनले छुवाछुत तथा वर्णाश्रमको खुलेर विरोध गरिन् । पूजा, आराधना, भजन, कीर्तन, प्रसाद वितरण र ग्रहणमा तिनीहरूलाई सहभागी गराएर उनले आफ्नो धारणालाई व्यवहारमा पनि उतारिन् । उनका थुप्रै भक्तहरू कथित दलित पनि थिए र उनीहरू सबै जना विनाभेदभाव सबै गतिविधिमा संलग्न हुन सक्थे । उनको आश्रममा प्रचलित यस किसिमको छुवाछुतरहित वातावरण देखेर कथित सनातनीहरू योगमायाको खुब आलोचना गर्थे ।

योगमाया लैङ्गिक विभेदको पनि कट्टर विरोधी थिइन् । उनी बालविवाहको विपक्षमा उभिन्थिन् तर स्वैच्छिक विधवा विवाहको समर्थन गर्थिन् । सती प्रथा र दास प्रथाको घोर विरोध गर्थिन् । कानुनी रूपमा सती प्रथा त पहिल्यै उन्मूलन भएको भनिए पनि व्यवहारमा त्यस समयसम्म प्रचलित नै थियो । वि.सं. १९८२ मा दास प्रथा अन्त्य भएको घोषणा हुँदा उनी अत्यन्त हर्षित भइन् । चन्द्रसमसेरका यस्तो कार्यको खुलेरै प्रशंसा गरिन् । उनी तत्कालीन न्यायिक परिपाटीको विरोधी थिइन् । उनी समाजका ठुलाबडा साहुमहाजनले गरिबको ढाड सेक्ने गरी ब्याज लगाउने

चलनको निन्दा गर्थिन् । दिँदा सानो पाथी र लिँदा ठुलो पाथी प्रयोग गर्ने साहुमहाजनको उनी खुब विरोध गर्थिन् । गरिबदुःखीले निसाफ नपाउने, महाराज दरबारबाहिर आएर नहेर्ने, विचारीले उल्टो निसाफ दिने कुराको निन्दा गर्थिन् ।

योगमायाका दृष्टिमा कर्तव्य नै धर्म हो । उनी धर्मलाई मानव हित मान्थिन् र धर्मलाई मानवताका पक्षबाट हेरिनुपर्छ भन्ने मान्यता राख्थिन् । धर्मलाई राज्यले पनि मानवताको कोणबाट हेर्नुपर्छ भन्ने धारणा राख्ने योगमाया समन्यायमा जोड दिन्थिन् । यसका लागि उनले तत्कालीन शासकहरूसँग आग्रह पनि गरिन् र सत्य धर्मको भिक्षा माग्न मानिसहरू पनि पठाइन् । राणा प्रधानमन्त्री जुद्धसमसेरका पालामा पण्डित प्रेमनारायणलाई सत्य धर्मको भिक्षा माग्न पठाउने कार्य यहाँ प्रशंसनीय छ । त्यति भए पनि त्यो भिक्षा आश्वासनमा मात्र सीमित रह्यो । यसबाट उनी निराश भइन् तर त्यस निराशालाई शक्तिमा बदल्न आफैँ काठमाडौँ जाने निधो गरिन् । काठमाडौँ गएर वि. सं. १९९३ को महानवमीका दिन श्री ३ जुद्धसमसेरलाई भेटी उक्त आश्वासन पूरा गर्न आग्रह गरिन् । जुद्धसमसेरले पुनः वचनबद्धता जनाए तर लामो पर्खाइपश्चात् पनि उक्त आश्वासन कार्यान्वयनमा आएन । यस घटनाले उनलाई झन् विद्रोही बनायो । योगमायाले वि.सं. १९९५ को कात्तिक २७ गते शनिबारका दिन सरकारले सत्य धर्मको भिक्षा नदिए आफ्ना तमाम भक्तसहित अग्निसमाधि लिने घोषणा गरिन् । अग्निसमाधिको दिन नजिकिँदै गयो । मानिसहरू बिस्तारै भेला हुन थाले । उफ्रौलीटारको मैदानमा ठुलो यज्ञस्थल बनाइयो । यज्ञका लागि जङ्गलबाट प्रशस्त काठहरू बटुलिए । अग्नि कुण्डमा हवन गर्न श्रीखण्ड जम्मा पारियो । अग्निसमाधि लिन २४० जना जति भक्तहरूले स्वेच्छाले नाम लेखाए तर उनको अग्निसमाधिको योजनालाई सरकारले सफल हुन दिएन । अग्निसमाधिको घोषणा मितिभन्दा एक दिन पहिले नै धनकुटाबाट बडाहाकिम माधव समसेरको नेतृत्वमा खटिआएको र भोजपुरबाट समेत खटिगएको ठुलो फौजले घेरा हाली उक्त अग्निसमाधिमाथि प्रतिबन्ध लगायो । यसै क्रममा एघार जनालाई धनकुटाको जेल चलान गरियो र योगमाया तथा उनका महिला भक्तहरूलाई भोजपुरको एउटा पाटीमा केही दिन बन्दी बनाइयो । नेपालको इतिहासमा महिलाहरूलाई बन्दी बनाइएको यो पहिलो घटना थियो । यसरी निरङ्कुश सरकार र तत्कालीन सामन्ती सत्ताको विरुद्धमा एउटी महिलाले नेतृत्व लिएको विश्व इतिहासमै अनौठो र साहसिक विद्रोहलाई बलपूर्वक दबाइयो । अहिलेको समाजमा यस्तो विद्रोह उपयुक्त नरहे पनि त्यस बेलाका लागि यो सशक्त विद्रोह नै थियो ।

अग्निसमाधि घोषणा असफल भएपछि योगमायामा झन् वैराग्यसहितको विद्रोह झन् बढ्न थाल्यो । उमेरले सत्तरी काटे पनि उनी झन् बढी साधना, ध्यान र तपस्यामा डुब्न थालिन् । उनमा राज्यबाट 'सत्य धर्मको भिक्षा' प्राप्त होला भन्ने आशा थियो तर राणा शासकले ती विद्रोही महिलाको आवाज सुनेनन् । अग्निसमाधि काण्डका कारण शासकहरू चिढिएका थिए । निरङ्कुश

राज्यसत्ता उनीप्रति झन्झन् दमनकारी र बर्बर हुँदै गयो । सामन्ती व्यवस्थाका पक्षधरहरू, ठुलाठालु साहुमहाजनहरू योगमाया जस्ता विद्रोही र समाज परिवर्तनको अपेक्षा गर्ने जोसुकैलाई दुःख दिन्थे, दण्डित गर्थे । यसैबिच शासकको यस उपेक्षा विरुद्धका विद्रोहका रूपमा योगमायाले गोप्य रूपमा जलसमाधि लिने योजना बनाइन् । राणा प्रधानमन्त्री तथा सिङ्गो शासन व्यवस्थालाई अग्निसमाधि र जलसमाधि जस्ता हठयोग चुनौती त थियो नै, उनी र उनका अनुयायीहरूको विचारमा मुक्ति प्राप्तिको सही मार्ग पनि थियो । त्यसैले अग्निसमाधि काण्डमा पक्राउ परेका सबै जना जेलमुक्त भएपछि उनले अठसट्ठी जना परम भक्तहरूसहित वि.सं. १९९८ असार २२ गते हरिशयनी एकादशीका दिन सूर्योदय नहुँदै "अधर्मको अन्त्य होस्, धर्मराज्य स्थापना होस्, मुक्तिको द्वार खुलोस्" भन्दै अरुण नदीमा समर्पित भएर जलसमाधि लिइन् ।

योगमाया छुवाछुतरहित, शोषणरहित र भ्रष्टाचाररहित नेपाली समाजको खोजीमा लागिन् र शासकहरूका विरुद्ध विद्रोह गरिन् । उनले योगसाधना, ध्यान, तपस्या, प्रवचन र सामाजिक व्यवहारका माध्यमबाट सती प्रथा, दास प्रथा, छुवाछुत जस्ता कुरीतिबाट मुक्त न्यायपूर्ण समाज निर्माण गर्ने प्रयास गरिन् । तत्कालीन सामन्ती समाजका अगुवाहरूले यसलाई सुनेनन् । समाजमा सचेत विद्रोहको रूपमा रहे पनि पुराना विचारका मान्छेहरूका लागि उनका विचार रुचिकर थिएनन् । सबैतिरबाट आफ्नो विचारलाई नस्विकारिएपछि सामूहिक जलसमाधिका माध्यमबाट विद्रोहको नेतृत्व लिने योगमाया भौतिक रूपमा जलसमाधिकै मितिदेखि हामीसामु रहिनन् । सत्यनिष्ठा र समतामूलक समाजको सपनाका लागि अनौठो क्रान्ति गर्ने योगमायाको देन मानव सभ्यताको स्मृतिमा अमीट रहेको छ । उनको स्मृतिमा 'सर्वार्थ योगवाणी' नामक कृतिसमेत प्रकाशन भएको छ । अमेरिकी प्राध्यापक बारबरा निम्री अजिज र बेलायती विद्वान् माइकल हटका अनुसन्धानात्मक कृतिहरूमार्फत उनको अदम्य साहसको चर्चा नेपाली भूगोल नाघेर अमेरिका र युरोपसम्म फैलिएको छ । उनका जीवनीमा आधारित 'योगमाया' शीर्षकको उपन्यास पनि प्रकाशित छ । यसरी औपचारिक शिक्षा आर्जन गर्ने अवसर नपाए पनि योगसाधना, तपस्या, ध्यान, चिन्तन र प्रवचनका माध्यमबाट सामाजिक सचेतना विकास गर्ने योगमायाको जीवन आदर्श र सभ्य समाजको निर्माणका लागि अविस्मरणीय रहेको छ ।

## शब्दभण्डार

१. दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| (क) जलसमाधि | पीडा |
| (ख) बडाहाकिम | मुद्दामामिलाको निचोड खिचेर न्यायाधीशलाई अवगत गराउने व्यक्ति |
| (ग) आर्य समाज | पानीमा डुबेर गरिने प्राणत्याग |
| (घ) वैधव्य | राणा शासनका समयमा र त्यसपछि पनि केही समय जिल्लाको सर्वोच्च प्रशासक |
| (ङ) हठयोग | सनातन धर्ममा उदारता ल्याउन चलाइएको एक धार्मिक सम्प्रदाय |
| (च) प्रताडना | विधवा हुनाको भाव |
| (छ) विचारी | वरिपरि पाँच किसिमका अग्नि बालेर गरिने तपस्या |
| (ज) पञ्चाग्नि | पतञ्जलिद्वारा प्रतिपादित योग (यम, नियम आदि) द्वारा शरीरलाई धेरै कष्ट दिएर चित्तवृत्तिलाई अन्तर्मुखी पार्ने योगको एक विधि |
| | पूर्वीय प्राचीन चिकित्सा पद्धति |

२. पाठ पढी गाढा गरिएका पदावलीको सट्टामा मिल्ने शब्द छानेर लेख्नुहोस् :

(क) ऋण, धन, प्रेम, घृणा, ईर्ष्या, घमन्ड, माया, मोह, सन्तान र जिम्मेवारी सबै सांसारिक जञ्जाल सम्झँदा त युवा उमेरमै **सन्यास धर्म ग्रहण गरेको व्यक्ति** बनेर हिडौं जस्तो लाग्छ ।

(ख) **परम्परादेखि चल्दै आएको** संस्कृतिको नाममा समाजमा आज पनि छुवाछुत र जातपातका आधारमा भेदभाव गर्नेहरू छन् ।

(ग) योगमायाले यही ज्ञान र अनुभवका आधारमा पण्डितहरूसँग **शास्त्रीय विषयमा तर्क वितर्क** गर्ने तथा समाजका पुरुषहरूसँग बहस पनि गर्न थालिन् ।

(घ) योगमायाले तत्कालीन राणाशासकसामु धर्मराज्य स्थापनाको माग राखेकी थिइन् र त्यो माग पूरा नभए **अग्निमा पसेर गरिने प्राणत्याग** गर्ने घोषणा गरेकी थिइन् ।

३. **दिइएका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

स्वसिकाइ, विद्रोह, सञ्जाल, धाराप्रवाह, योगसाधना, निराहार, वर्णाश्रम, स्वेच्छिक, यज्ञस्थल, स्मृति

४. **दिइएका शब्दहरू प्रयोग गरी एउटा अनुच्छेद लेख्नुहोस् :**

सासू, नन्द, आमाजू, सम्धी, जेठान, भदै, ससुरा

## बोध र अभिव्यक्ति

१. **पाठ पढ्नुहोस् र दिइएका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

(क) योगमायाको जीवनी कति अनुच्छेदमा संरचित छ ?

(ख) चौथो अनुच्छेदमा कतिओटा वाक्य छन् ?

(ग) दोस्रो अनुच्छेदमा योगमायाको जीवनको कुन अवस्थाको वर्णन छ ?

(घ) योगमायाको जलसमाधिको सन्दर्भ कुन अनुच्छेदमा छ ?

२. **दिइएका वाक्यहरू जीवनीको कुन अनुच्छेदमा छन्, पत्ता लगाउनुहोस् :**

(क) उनले तपस्याका निराहार, जलाहार, अल्पाहार जस्ता विधिहरूको प्रयोग गर्थिन् ।

(ख) यस्ता सामाजिक, धार्मिक कार्य, आर्यसमाजीहरूको सुधार चेतना र साधुसन्तहरूको सङ्गतले योगमायामा जीवन र समाजलाई हेर्ने नयाँ चेतना जागृत भइरहेको थियो ।

(ग) धर्मलाई राज्यले पनि मानवताको कोणबाट हेर्नुपर्छ भन्ने धारणा राख्ने योगमाया समन्यायमा जोड दिन्थिन् ।

(घ) योगमायाले वि.सं. १९९५ को कात्तिक २७ गते शनिबारका दिन सरकारले सत्य धर्मको भिक्षा नदिए आफ्ना तमाम भक्तसहित अग्निसमाधि लिने घोषणा गरिन् ।

(ङ) सत्यनिष्ठा र समतामूलक समाजको सपनाका लागि अनौठो क्रान्ति गर्ने योगमायाको देन मानव सभ्यताको स्मृतिमा अमीट रहको छ ।

**३. दिइएका मितिमा योगमायाको जीवनीसँग सम्बन्धित कुन कुन घटना भएका हुन्, भन्नुहोस् :**

(क) वि.सं. १९२५

(ख) वि.सं. १९७३

(ग) वि.सं. १९८२

(घ) वि.सं. १९८८

(ङ) वि.सं. १९९२

(च) वि.सं. १९९३

(छ) वि.सं. १९९५

(ज) वि.सं. १९९७

(झ) वि.सं. १९९८

**४. जीवनीका आधारमा घटनाक्रम मिलाएर लेख्नुहोस् :**

(क) अग्निसमाधिको घोषणा तर असफल

(ख) जलसमाधिको तयारी र सफलता

(ग) भागेर माइती जानु

(घ) आसामबाट फर्किनु

(ङ) आर्यसमाजी हुनु

(च) दीक्षा लिई सन्न्यासी बन्नु

(छ) दास प्रथा, सती प्रथाका विरुद्ध आवाज दिनु

(ज) निराहार, अल्पहार र जलाहार भएर तपस्या गर्नु

(झ) विधवा हुनु र पुनर्विवाह गर्नु

(ञ) उफ्रौलीटारमा कुटी बनाउनु

**५. पाठको चौथो अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

(क) योगमायाले कुटी बनाएका ठाउँहरूको नाम लेख्नुहोस् ।

(ख) मानिसहरू योगमायासँग प्रभावित हुनाको कारण के हो ?

(ग) योगमायाले किन तपस्या गरेकी हुन् ?

(घ) 'उनी कहिले निराहार, कहिले जलाहार, कहिले अल्पाहार तपस्या गर्थिन्' भन्नुको तात्पर्य के हो ?

(ङ) योगमायाले जलसमाधि नलिएको भए आन्दोलनले कस्तो स्वरूप लिन्थ्यो होला, अनुमान गरी लेख्नुहोस् ।

६. **'योगमाया छुवाछुतरहित....अविस्मरणीय रहेको छ' जीवनीको अंश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) योगमाया कस्तो समाजको खोजीमा लागिन् ?

(ख) तत्कालीन समाजले आफ्नो विचारलाई अस्वीकार गरेपछि उनले कसरी विद्रोह गरिन् ?

(ग) योगमायाको सम्मानमा के कस्ता कामहरू भएका छन् ?

७. **दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

सन्न्यासी जीवन सुरु गरेसँगै योगमायामा सामाजिक चेतना सलबलायो । उनी धार्मिक, सामाजिक, प्रशासनिक, आर्थिक तथा राजनीतिक क्षेत्रमा विद्यमान सबै खाले विकृतिहरूका बारेमा खुलेर विरोध गर्न थालिन् । उनी छुवाछुतलाई मानव सभ्यताको सबैभन्दा ठुलो कलङ्क ठान्थिन् । त्यसैले कुनै पनि सामाजिक कार्यमा मानिसहरूलाई छुत र अछुत तथा माथिल्लो जात र तल्लो जातमा छुट्याउनु घोर अपराध मान्थिन् । सनातनी परम्पराको नाममा जातका आधारमा फरक फरक कानुन प्रचलनमा रहेको त्यस समयको समाजमा छुवाछुत र जातपात नमान्नु घोर आपत्तिको विषय हुन्थ्यो । त्यस्ता व्यक्तिहरू विभिन्न दण्डका भागी हुन्थे । त्यस्तो कठोर राणाकालीन समयमा पनि उनले छुवाछुत तथा वर्णाश्रमको खुलेर विरोध गरिन् । पूजा, आराधना, भजन, कीर्तन, प्रसाद वितरण र ग्रहणमा तिनीहरूलाई सहभागी गराएर उनले आफ्नो धारणालाई व्यवहारमा पनि उतारिन् । उनका थुप्रै भक्तहरू कथित दलित पनि थिए र उनीहरू सबै जना विनाभेदभाव सबै गतिविधिमा संलग्न हुन सक्थे । उनको आश्रममा प्रचलित यस किसिमको छुवाछुतरहित वातावरण देखेर कथित सनातनीहरू योगमायाको खुब आलोचना गर्थे ।

**प्रश्नहरू**

(क) योगमायाको धर्मसम्बन्धी मान्यता कस्तो रहेको थियो ?

(ख) पाठसमेतका आधारमा योगमायाले गरेका सुधारका प्रयासहरूको वर्णन गर्नुहोस् ।

८. उत्तर दिनुहोस् :

(क) योगमायाको बाल्यकाल र किशोरावस्था कस्तो रह्यो ?

(ख) योगमाया कसरी आध्यात्मिक विषयमा आकृष्ट भइन् ?

(ग) योगमायाको साधना र तपस्याका बारेमा उल्लेख गर्नुहोस् ।

(घ) योगमायाको अग्निसमाधिको योजना कसरी असफल भयो ?

(ङ) योगमायाको जीवनीबाट पाइने शिक्षा के हो ?

९. व्याख्या गर्नुहोस् :

(क) यी तपस्याका विविध मोहहरूको मुख्य उद्देश्य जीवनका लोभ र मोहबाट मुक्त हुँदै समाज सुधारको चाहना राख्नु थियो ।

**१०. सत्यनिष्ठा र समतामूलक समाजको स्थापनामा योगमायाले दिएको योगदानको चर्चा गर्नुहोस् ।**

**११. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान युग सुविधायुक्त बन्न पुगेको छ । टेलिफोनको आविष्कारले गर्दा संसारका कुना कुनामा तुरुन्तै सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको छ । रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा घटेका विभिन्न घटनाहरूका बारेमा घरैमा बसी बसी समाचार सुन्न र हेर्न सक्ने सुविधा सबैलाई उपलब्ध भएको छ । यसै गरी रेल, मोटर, पानीजहाज, हवाईजहाज जस्ता यातायातका साधनहरूले टाढा टाढाको गन्तव्यलाई पनि सुगम तुल्याइदिएका छन् । वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले गर्दा घरायसी कामदेखि लिएर कृषि, उद्योग, वाणिज्य आदि क्षेत्रमा मानवीय जीवनपद्धति सुखी, सम्पन्न र सुविधायुक्त बन्न पुगेको छ । मानिसले आर्जन गरेको अभूतपूर्व ज्ञान, निरन्तर कडा मिहिनेत र अनुसन्धानको परिणाम स्वरूप 'यन्त्रमानव' आविष्कार गर्ने महत्त्वपूर्ण कार्यमा समेत सफलता प्राप्त भएको छ । यन्त्रमानव भनेको मानिसले जस्तै काम गर्न सक्ने एउटा स्वचालित यन्त्र हो । यसले मानिसलाई वैज्ञानिक, औद्योगिक, घरायसी आदि विविध क्षेत्रमा सघाउने काम गर्छ ।

**प्रश्नहरू**

(क) सञ्चारका माध्यम तथा यातायातका साधनले संसारलाई कसरी नजिक बनाएको छ ?

(ख) यन्त्रमानवले मानिसलाई कसरी सघाउँछ ?

(ग) वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले मानव जीवनलाई कस्तो बनाएको छ ?

(घ) 'वैज्ञानिक' र 'अनुसन्धान' शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् ।

१२. **दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

सरकारले **निषेधाज्ञा** जारी गरेकै समयमा पूर्ण **इजलास**ले उसलाई **कायलनामा** गराएर **गैरन्यायिक** काम गरेको भन्दै **उत्प्रेषण** गरिपाऊँ भनी दिएको निवेदन **मुल्तबी**मा राखिदिएछन् । **जमानी** बस्न गएको जयमङ्गल **हदम्याद**को कुरै नबुझी **सनाखत** गरेर हिँडेछ । **पेटबोली**मा केही कुरै नलेखी थुनछेक बहसमा कसिएका "जनकजी पुनरावेदन गर्न पाउने अधिकार पूर्ण सुरक्षित छ, अहिले विषयवस्तुको **तहकिकात** गरौँ" भन्दै पन्छिन खोजे । उसले पनि "**बन्दसवाल**, तहकिकात, **सकारनामा**, **दरपिठ** जे जे गर्ने गरौँला । यो महामारीको समयमा **हाजिरजमानी** छाड्न मिल्ला नि ! बरु **तारिख** पाऊँ" भन्दै हात जोड्यो ।

**प्रश्नहरू**

(क) सरकारले किन निषेधाज्ञा जारी गरेको हो ?

(ख) जयमङ्गलले कसरी सनाखत गरेर हिँड्छ ?

(ग) माथिको पाठमा 'ऊ' भनेको को होला ?

(घ) शब्दकोशको सहायता लिई माथिका पाठमा आएका गाढा शब्दहरूको अर्थ लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ४ का आधारमा दिइएको खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) जयपृथ्वीबहादुर सिंहले ............... सम्मको औपचारिक शिक्षा लिएका थिए ।

(ख) जयपृथ्वीबहादुर सिंहलाई आधुनिक शिक्षाका .................. मानिन्छ ।

(ग) जयपृथ्वीबहादुर सिंहले नेपालको जेठो पत्रिका ............ को प्रधानसम्पादक भई काम गरेका थिए ।

(घ) जयपृथ्वीबहादुर सिंहले ............. रहँदा कूटनीतिज्ञका भूमिका निर्वाह गरेका थिए ।

(ङ) जयपृथ्वीबहादुर सिंह............. विचारक थिए ।

२. **सुनाइ पाठ ४ का आधारमा छोटो उत्तर दिनुहोस् :**

(क) जयपृथ्वीबहादुर सिंहले कस्ता कस्ता कार्य गरेका थिए ?

(ख) जयपृथ्वीबहादुर सिंहले कतिसम्मको औपचारिक शिक्षा हासिल गरे ?

(ग) जयपृथ्वीबहादुर सिंहले कुन कुन क्षेत्रमा भूमिका निर्वाह गरेका थिए ?

३. **सुनाइ पाठ ४ का आधारमा उत्तर भन्नुहोस् :**

(क) जयपृथ्वीबहादुर सिंहले के कस्ता पाठ्यपुस्तकहरू लेखेका थिए ?

(ख) जयपृथ्वीबहादुरलाई किन बहुमुखी प्रतिभाका धनी व्यक्तित्व मानिन्छ ?

(ग) जयपृथ्वीबहादुर सिंहका व्यक्तित्वका क्षेत्रहरू कुन कुन हुन्, भन्नुहोस् ।

## भाषातत्त्व

### नामयोगी

१. **दिइएका वाक्यमा नामयोगी पहिचान गरी लेख्नुहोस् :**

(क) उनीहरूसित बन्दुक छ ।

(ख) छानामाथि घिरौंला छ ।

(ग) रमेश घाटतर्फ लाग्यो ।

(घ) रुखबाट पात झऱ्यो ।

(ङ) ऊबाहेक कोही बोलेनन् ।

(च) जीवनभरि सुख पाइएन ।

२. **दिइएको जीवनीको अंशबाट दशओटा नामयोगी टिप्नुहोस् :**

योगमायासित शैक्षिक योग्यताको प्रमाणपत्र थिएन तर आफ्नो युगलाई बुझ्ने अन्तरदृष्टि थियो । समयको उल्टो गतिअनुसार बहने होइन, समयको धारलाई नै सही दिशापट्टि डोहोऱ्याउने साहस उनमा थियो । उनीसँग आफूबाहेक केही थिएन तर काव्यात्मक प्रवचनमार्फत दुनियाँलाई आफ्नो एक इसारामा विद्रोहका निम्ति मृत्युसम्म स्विकार्ने बनाउन सक्ने कौशल थियो । अत्याचारमाथि निर्भयसाथ प्रहार गर्ने आँट थियो ।

३. 'योगमाया' पाठबाट दशओटा नामयोगी टिपी वाक्यमा प्रयोग गर्नुहोस् ।

## क्रियायोगी

१. **दिइएका क्रियायोगी पहिचान गरी लेख्नुहोस् :**

मेरो भाइ हिजो साँझतिर पारि गयो र भर्खर मात्र फर्क्यो । मैले ऊ त्यता जाने र ढिलो फर्कने कारण सोधेँ । ऊ ज्यादै बिस्तारै र डराइडराईकन बोल्यो, "म पढ्न गएको थिएँ ।"

२. **दिइएको अनुच्छेदबाट बाह्रओटा क्रियायोगी टिप्नुहोस् :**

अस्ति म निकै ढिलो घर फर्कें । बाटो खुला थियो तापनि मैले बेतोडले गाडी कुदाइनँ । गल्लीमा यत्रतत्र भुस्याहा कुकुरहरू थिए । कुकुरहरू बिनसित्ती भुकिरहेका थिए । कुनै कुनै पसल राति अबेरसम्म खुलै थिए । केही बटुवा लडखडाउँदै हिँडिरहेका थिए । मलाई त्यहाँ छुट्टै दुनियाँ छ जस्तो लाग्यो । गल्ली ज्यादै साँघुरो नभए पनि राम्ररी फैलन नपाएको जस्तो थियो ।

३. **पाठमा प्रयुक्त दशओटा क्रियायोगी टिपी वाक्यमा प्रयोग गर्नुहोस् ।**

## संयोजक

१. **दिइएका वाक्य पढी संयोजक पहिचान गर्नुहोस् :**

(क) उसले घर र बारी किन्यो ।

(ख) बोटमा काँडा थिए तापनि फूल सुन्दर थियो ।

(ग) तिम्रो भाइ एवम् मेरो छोरो सँगै बस्छन् रे ।

(घ) मैले त्यो नयाँ घर वा यो पुरानो गाडी किन्ने विचार गरेको छु ।

(ङ) उनीहरू घर गए अनि पढ्न थालिहाले ।

(च) केटाहरू त्यहाँ पुगे तर केटीहरू भागिसकेका रहेछन् ।

२. **'योगमाया' पाठबाट दशओटा संयोजक टिपोट गर्नुहोस् ।**

३. **दिइएका संयोजक राखी वाक्य बनाउनुहोस् :**

नत्र, किन्तु, यद्यपि, पनि, किनभने, कि... कि, तथापि, न... न, भन्ने

४. **किन्तु, त्यसैले जब... तब, किनभने, जहाँ ... त्यहाँ प्रयोग गरी आफ्नो परिवारका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

## विस्मयादिबोधक

१. **दिइएका वाक्य पढी विस्मयादिबोधक पहिचान गर्नुहोस् :**

(क) आहा ! कति सुन्दर हिमाल ।

(ख) हरे ! यो के देख्नु पर्‍यो ।

(ग) छ्या ! कति जिस्किन सकेको ।

(घ) आत्था ! कस्तो तातो पानी ।

(ङ) स्याबास ! तिमीले बडो गजब गर्‍यौ ।

२. **दिइएका खाली ठाउँमा मिल्ने विस्मयादिबोधक राखी वाक्य पूरा गर्नुहोस् :**

(क) ............... कस्तो गर्मी ।

(ख) ............... तिम्रो यो जिन्दगीलाई ।

(ग) ............... कति सुन्दर अक्षर ।

(घ) ............... कति चिसो हावा ।

(ङ) ............... कस्तो दुर्गन्धित कोठा ।

३. **दिइएका विस्मयादिबोधक राखी वाक्य बनाउनुहोस् :**

आम्मा !, स्याबास !, अब्बुइ !, छिछि !, ऐया !

## निपात

१. **दिइएका वाक्य पढी निपात पहिचान गर्नुहोस् :**

(क) तिमीलाई पो सबथोक आउँछ ।

(ख) म त हैरान भएँ ।

(ग) एउटा गाउँमा लालु नाम गरेको मान्छे बस्थ्यो रे ।

(घ) लौ, आजलाई बिदा चाहन्छु ।

(ङ) तिमी पनि आएनौ क्यार ।

२. **दिइएको खाली ठाउँमा मिल्ने निपात राखी वाक्य पूरा गर्नुहोस् :**

(क) ………… मलाई केही थाहा छैन ।

(ख) ………… आजलाई बिदा ।

(ग) ऊ ………… आजै आउँछ ।

(घ) ऊ डाक्टर ………… हुन चाहन्छ ।

(ङ) तँलाई ………… केही चाहिँदैन ।

(च) तिमी पनि हिजै आयौ …………?

(छ) उनीहरू सहरमै बस्छन् …………।

३. **दिइएको निपातहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

रे, क्यारे, है, अरे, नि, पो, ज्यादै, ला, खै

## पदवर्गसम्बन्धी थप अभ्यास

१. रेखाङ्कन गरिएका पदहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् :

(क) स्याबास ! तिमी नै प्रथम हुन्छौ भन्ने मलाई पूरा विश्वास थियो भनेर गुरुले त्यो दिन भन्नुभएको कुरा म अझै झलझली सम्झन्छु ।

(ख) अनिल आकाशतिर फर्केर घन्टौँ हेरिरहन सक्छ तर अरूहरू उसको यस्तो अनौठो बानीलाई कहाँ मन पराउँछन् र !

(ग) प्राकृतिक सम्पदा प्रचुर मात्रामा छन् तापनि यिनको राम्ररी उपयोग गर्न नसक्दासम्म हाम्रो देशको उन्नति हुने कुरामा शङ्का नै मान्नुपर्छ ।

(घ) गरिबको आर्थिकस्तर माथि नउठाएसम्म सुन्दर नेपालको कल्पना गर्नु त असम्भव योजना बन्ला नि किनभने हामी गरिबीसँग लड्न सक्ने नै भएका छैनौँ ।

(ङ) बाटाभरि हाम्रै सामल खायो, अनि यहाँ आइपुगेर त हामी दुवैलाई छोडेर ऊ कहाँ भाग्यो भाग्यो ।

(च) नेपालका अग्ला हिमशिखर, कलकल बग्ने नदीनाला, छङ्छङ गर्ने छहरा, नौरङ्गी डाँफे, मुनाल तथा कस्तूरी र मुनालसँग साइनो गाँस्न आउने सबै पर्यटकहरूलाई हामी स्वागत गर्दैनौ र ?

(छ) आफ्ना मागहरू पूरा गराउन अरूलाई सास्ती दिनु सर्वथा अन्याय नै हुन्छ तर पनि इमानदारीपूर्वक यो कुरा मान्न यिनलाई किन गाह्रो हुन्छ हँ ?

(ज) आहा ! यहाँले त असाध्यै मिठो कविता पो सुनाउनुभयो भनेर उनले मलाई फुक्र्याए ।

**रूपायन**

**१. दिइएका शब्दको रूपायन पहिचान गर्नुहोस् :**

| | | |
|---|---|---|
| १. | केटो – | केटो - केटी |
| २. | अग्लो – | अग्लो - अग्ला |
| ३. | म – | म, तँ, ऊ |
| ४. | लेख् – | लेख्छन्, लेख्छौ, लेख्नुहुन्छ |
| ५. | बस् – | बस्यो, बस्छ, बस्ने छ |
| ६. | बस् – | बस्दै छ, बसेको छ, बसेछ, बस्थ्यो |
| ७. | बस् – | बस्यो, बस, बसोस्, बस्ला |
| ८. | केटो – | केटाले, केटालाई, केटाबाट, केटाको, केटामा |
| ९. | भन् – | भन्छन्, भनिन्छ |
| १०. | रु – | रुन्छु, रुदिँन |

उदाहरण १ मा 'केटो' को पुलिङ्गी र स्त्रीलिङ्गी रूपहरू दिइएका छन् । उदाहरण २ मा चाहिँ 'अग्लो' को एकवचन र बहुवचन बुझाउने रूपहरू दिइएका छन् । त्यसै गरी उदाहरण ३ मा 'म' 'तँ', 'ऊ' जस्ता फरक फरक पुरुष जनाउने सर्वनाम छन् भने ४ मा लेख् धातुबाट बनेका आदरबोधक क्रिया छन् । ५ मा 'बस्' धातुबाट बन्ने विभिन्न कालबोधक क्रियापदहरू छन् । उदाहरण ६ मा पनि 'बस्' धातुबाट बनेका विभिन्न पक्ष जनाउने क्रियापदहरू छन् । उदाहरण ७ मा पनि उही धातुबाट बनेका विभिन्न भाव बुझाउने क्रियापदहरू छन् भने उदाहरण ८ मा चाहिँ विभिन्न विभक्तिका चिह्नहरू लागेर विभिन्न कारक बुझाउन सक्ने 'केटो' बाट बनिएका रूपहरू छन् । ९ मा 'भन्' धातुबाट बनेका वाच्य बुझाउने क्रिया छन् ।१० मा 'रु' धातुबाट बनेका ध्रुवीयताबोधक क्रिया छन् । यस्ता लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, कारक, वाच्य, ध्रुवीयता जस्ता व्याकरणात्मक कोटिका आधारमा शब्दको रूप परिवर्तन गर्ने प्रक्रिया नै रूपायन हो ।

२. **दिइएको अनुच्छेदलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् :**

भान्जा बजार गए । उनले त्यहाँ साथीहरूलाई भेटे । साथीहरूसँग धेरै बेर कुराकानी गरे । कुराकानीकै क्रममा उनले समय बितेको पत्तै पाएनन् । उनी हतार हतार किनमेल गरेर घर फर्किए ।

३. **दिइएका अनुच्छेदलाई तृतीय पुरुषमा परिवर्तन गर्नुहोस् :**

हामी समयमै विद्यालय पुग्यौँ । विद्यालयमा पुगेर तिमीले सबै सामानको निरीक्षण गऱ्यौ । त्यसपछि शिक्षकको निर्देशनअनुसार हामीले परियोजना कार्य गर्न थाल्यौँ । यस क्रममा हामीले नयाँ नयाँ वैज्ञानिक तथ्यहरू फेला पाऱ्यौँ ।

## सिर्जना र परियोजना

१. **दिइएको तस्बिर हेर्नुहोस् र तिनका वरिपरिका पदावलीका आधारमा जीवनी लेख्नुहोस् :**

वि.सं. १९९९ मा जन्मेका

जनकपुर बमकाण्डपछि केही समय प्रवास गमन

राजाको जनकपुर भ्रमणमा बम प्रहारको आरोप



*सहिद दुर्गानन्द झा*

देवनारायण/देविका झा (बुबाआमा)

तराईमूलका सहिद

निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्धमा उभिएका प्रजातान्त्रिक योद्धा

वि.सं. २०२० माघ ५ सहादत प्राप्त

धनुषा जिल्लाको जहटी भन्ने ठाउँमा जन्मेका

नेपाल फर्केपछि पक्राउ र त्यसपछि फाँसी

राजा महेन्द्रले वि.सं. २०१७ मा पञ्चायती व्यवस्था घोषणा

२. **दिइएका बुँदाहरूका आधारमा सङ्क्षिप्त जीवनी तयार पार्नुहोस् :**

नाम : झलकमान गन्धर्व

जन्मस्थान : बाटुलेचउर, पोखरा, कास्की

जन्ममिति : वि.सं. १९९२ वैशाख १२ गते

माता : मकैडाली गन्धर्व

पिता : दुर्गाबहादुर गन्धर्व

शिक्षा : सामान्य लेखपढ (अनौपचारिक)

योगदान : नौ वर्षको कलिलै उमेरबाटै सारङ्गी बजाउन सुरु

- आफ्नै हजुरबुबाबाट लोकगायनको प्रेरणा
- लोकगायनमा विशिष्ट योगदान
- लोकगीत सङ्कलन र गायन
- २०२२ सालमा चर्चित गीत 'आमाले सोध्लिन् नि खै छोरो भन्लिन्' गीतबाट ख्याति कमाएका
- २०२४ सालदेखि रेडियो नेपालमा जागिर आरम्भ
- यिनका २५० भन्दा बढी गीत रेकर्डिङ रेडियो नेपालमा गरेका
- उनको सुरिलो भाकाले सबैको हृदय छोएको
- उनका अल्लारे नानी, राधा पियारी, धानको बाला जस्ता ज्यादै लोकप्रिय गीत हुनु
- उनले विभिन्न प्रकारका लोकगीतहरू झ्याउरे, कर्खा, ख्याली र भजनहरू गाएका
- उनले जर्मनी, युगोस्लाभिया, बेल्जियम र भारतमा पनि आफ्नो साङ्गीतिक कला प्रस्तुत गरेका

समान तथा पुरस्कार : आदिकवि भानुभक्त स्मृति पुरस्कार, इन्द्रराज्य लक्ष्मी प्रज्ञा पुरस्कार, नारायणगोपाल सङ्गीत कोष तथा माझी चलचित्रबाट नगद पुरस्कार प्राप्त

मृत्यु : २०६० साल मङ्सिर ७ गते आइतबार, पोखरा

३. **तपाईंको समाजमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कुनै एक व्यक्तिको सङ्क्षिप्त जीवनी लेख्नुहोस् ।**

## सुनाइ पाठ ४

### जयपृथ्वीबहादुर सिंह

जयपृथ्वीबहादुर सिंहको जन्म बझाङको चैनपुरमा वि.सं. १९३४ मा भएको थियो । बझाङ्गी राजा विक्रमबहादुर सिंह र रानी रुद्रकुमारी सिंहको सन्तानका रूपमा राजपरिवारमा जन्मेका जयपृथ्वीले आई.ए. सम्मको औपचारिक शिक्षा हासिल गरेका थिए ।

जयपृथ्वीबहादुर सिंह बहुमुखी प्रतिभाका धनी व्यक्ति हुन् । सत्यवादी प्राथमिक पाठशाला खोली आफैँ शिक्षणमा खनिएका सिंहले 'अक्षराङ्क शिक्षा,' 'व्यवहारमाला,' 'स्रेस्ताबोध', 'शिक्षा दर्पण', 'प्राकृत व्याकरण', 'पदार्थ तत्त्व विवेक', 'भूगोल शिक्षा' जस्ता दर्जनौँ पाठ्यपुस्तक लेखेका छन् । उनलाई नेपालका आधुनिक शिक्षाका जनक पनि भनिन्छ । नेपालको लामो इतिहास बोकेको गोरखापत्रका प्रधानसम्पादक र व्यवस्थापक भई पत्रकार, सम्पादक र व्यवस्थापनका रूपमा पनि चिनिएका छन् । त्यस्तै आफ्नो गाउँठाउँमा गोरेटो, घोडेटो, पुल बनाएर, हाट लगाएर, विभिन्न व्यक्तिलाई सिप सिक्न सहर पठाएर, पाठशाला खोलेर, सामाज सुधारका अनेक गतिविधिको नेतृत्व गरेका थिए । यसका अलावा संसारका सबै मानिस एउटै हुन् भन्ने मानवतावादी विचारका पक्षधर सिंहले युद्धभूमिमै गई घाइतेहरूको उपचारसमेत गरेका थिए । उनी कलकत्तामा रहँदा वकिल तथा नेपालका तर्फबाट कूटनीतिज्ञका रूपमा काम पनि गरेका थिए ।

निष्कर्षमा जयपृथ्वीबहादुर सिंह नेपाल आमाका त्यस्ता महान् सन्तती हुन्, जो एक्लैमा शिक्षासेवी, लेखक, व्याकरणकार, पत्रकार, सम्पादक, व्यवस्थापक, समाजसुधारक, मानवतावादी विचारक, वकिल तथा कूटनीतिज्ञका रूपमा भूमिका निर्वाह गर्न सफल भए ।

पाठ ९

# साथीलाई चिठी

मिति २०७७/०५/१७

पेनाङ, मलेसिया

प्रिय मित्र सुरज

नमस्कार र धेरै धेरै सम्झना !

तपाईंले पठाएको पत्र पाएँ । पत्रमार्फत गाउँघरमा तीव्र रूपमा हुँदै गरेको विकासको कुरा थाहा पाएर अत्यन्त हर्षित छु । पत्र पढ्दा खुसी पनि लागेको छ ।

मित्र सुरज, धन कमाउने रहरमा गाउँघर छोडेको पनि लगभग नौ वर्ष जति भइसक्यो । मैले बाइस वर्षको लक्का जवानीमा गाउँ छोडेर विदेसिँदा मलाई तपाईंले पढाइ छोडी विदेश जान आग्रह गर्नुभएको थियो । मलाई तपाईंले अलिकति धैर्य र सकारात्मक सोच राख्न सुझाव दिनुभएको थियो । म भने परदेशमा सुनको बोट हुन्छ र त्यो सुन टपाटप टिपेर धनी बनिन्छ भन्ने सपना देखेको थिएँ । तपाईंको सुझावलाई लत्याएर यता हिँडें । अहिले मलाई मेरो जीवनको त्यो निर्णय सबैभन्दा दुःखद हो भन्ने लागेको छ ।

सुरजजी ! तपाईंले भन्नुभएकै थियो, परदेश देश जस्तो कहिल्यै हुँदैन । सुरु सुरुमा त मलाईं तपाईंको भनाइ सही जस्तो लागेन । काम कठिन नै भए पनि महिना मर्नासाथ आठ सय रिङ्गेट जति हातमा पर्दा खुसीले सगरमाथा नै चढे जस्तो अनुभूतिमा रमाएँ । आमाबुबा, अभिभावक, छरछिमेक वा चिनेजानेका मान्छेहरूबाट टाढा हुँदा केही भन्ने अवस्था पनि भएन । त्यसैले स्वतन्त्रताको सही नाम यही रहेछ भन्ठानेर म खुब मस्तीमा डुबें । बुढ्यौलीतिर लाग्दै गरेका आमाबुबाको एक्लो छोरो र आशाभरोसाको केन्द्र म नै हुँ भन्ने कुरा पनि बिर्सें । मैले उहाँहरूलाई चिठीपत्र पठाइनँ । फोन सम्पर्क पनि गरिनँ र खर्चबर्च पनि पठाइनँ । केबल मन लागेको समयमा र गोजीमा सुको सिद्धिएपछि मात्र काम गरें । म सधैं रमाइलामा डुबें ।

दिनहरू न हुन्, बितिरहे । उमेर पनि उकालो चढिरह्यो । घरबाट पनि चिठीपत्र र फोनसम्पर्क हुन छाड्यो । एक दिन अचानक म काम गर्दागर्दै तेस्रो तलाबाट भुइँमा बजारिएँ । मेरो दायाँ हात र बायाँ खुट्टा भाँचियो । अस्पतालमा एक महिना बस्नुपर्‍यो । गोजीमा भएको पैसा सकियो । चिनेका साथीहरूसँग ऋण सापटी माग्नुपर्‍यो । अलि महिनासम्म यही क्रमले जीवन चलिरह्यो । दुई महिनापछि काममा फर्कंदा कम्पनीले पनि राखेन । कम्पनीको मेनेजरसँग रोइकराई गर्दा

पनि फेरि काममा फर्कन दिइएन । त्यति बेला मात्र मलाई थाहा भयो, देश र परदेशको अन्तर ! नागरिक हुनु र अनागरिक हुनुको अन्तर ! यति कुरा बुझ्न धेरै ढिला भइसकेको थियो । त्यसपछि भने घर फर्कने इच्छा तीव्र हुन थाल्यो तर कुन मुख लिएर घर फर्कने अब ? मोजमस्तीमा लागेर एक सुको  बचाइनँ । । फेरि घाइते भएपछि ऋण पनि लागेको थियो । जीवनप्रति वितृष्णा पलाइरहेको थियो, मनमा उथलपथल मच्चिरहेको थियो । यस्तैमा म जस्तै केही दुखिया साथीहरूको सहयोगले अर्को कम्पनीमा काम पाएँ । त्यो काम चाहिँ पहिलेको भन्दा अझ कठिन र ज्याला चाहिँ थोरै । हातमुख जोड्न र साथीहरूको ऋण तिर्न पनि यस्तो काम गर्नै पर्‍यो । अब विदेशमा यसरी धेरै दुःख गर्दिनँ । अब छिट्टै नेपाल फर्केर आफ्नै माटोमा परिश्रम गरी जीवन निर्वाह गर्ने विचारमा छु । अबको तीन महिनाभित्र म आफ्नो जन्मथलो, आफ्ना आमाबुबाको काख र मेरा प्रियजनहरूको माझमा हुने छु ।

मित्र सुरज ! अवश्य नै पढाइ छोडेर धन कमाउन परदेशिने मेरो निर्णय अत्यन्त गलत थियो । धन कमाउन नसके पनि आफ्नो गाउँ, आफ्नो परिवार, इष्टमित्र, समाज र देश सम्झेर घर फर्कने यो मेरो निर्णय गलत हुने छैन । त्यसो त निर्णय आफैँमा सही वा गलत हुँदैन । त्यसलाई सही वा गलत बनाउने त हामी आफैँले हो । त्यसैले घर फर्कने मेरो यो निर्णयलाई म जसरी पनि सही साबित गर्छु ।

अहिले म सम्झन्छु, हाम्रो देशमा अन्न मात्र होइन, मृतसञ्जीवनी बुटीहरू उम्रन्छन् । हिमालको हिउँ पग्लेर बग्ने कञ्चन जलराशिमा संसारकै मानिसहरूको प्यास मेटाउन सक्ने सामर्थ्य छ । ठुलो भूखण्ड सिञ्चन गर्ने र प्रकाशमय बनाउन सक्ने क्षमता छ । संस्कृति र भाषाको विशाल भण्डार छ । तातो चाहिए पैँतालिस डिग्रीको तापक्रम र चिसो चाहिए शून्य डिग्रीभन्दा धेरै तलसम्मको हावापानी छ । तल जानुपरे समुद्रको छेवैसम्म पुगिन्छ, माथि चढ्दा संसारकै सबैभन्दा अग्लो सगरमाथा छ । यी सब हुँदाहुँदै पनि हाम्रो देशको विकासले किन गति लिन सकिरहेको छैन ? यस्ता सबै सवालहरूको जबाफ एउटै रहेछ  र त्यो जबाफ हो -  त्यो देशका जनताहरूको दृढ इच्छाशक्ति र इमानदार प्रयत्न । म त्यही इच्छाशक्तिको दियो बोकेर मेरो देश फर्कँदै छु र त्यही दियोले अरू धेरै दियो सल्काउँछु । मैले परदेशमा सिकेको सिपलाई आफ्नै गाउँठाउँमा खन्याउँछु । अपुरो मेरो पढाइ पूरा गर्छु । गाउँसमाजको विकास र उन्नतिमा तपाईंहरूसँगै हातेमालो गर्दै एक इँटा भए पनि थप्छु । धन कमाउने लोभमा बिदेसिन हतारिने युवाहरूलाई देश र परदेशको अन्तर बुझाउँदै उनीहरूको युवा जोस र जाँगरलाई आफ्नै मुलुकको माटोमा खन्याउन अभिप्रेरित गर्छु । बुढेसकालतिर लम्कँदै गर्नुभएका आमाबुबाको सहारा बन्छु । यसरी अबका बाँकी जीवन तपाईंहरूकै पथगामी भएर सार्थक बनाउँछु ।

ओहो ! घर फर्कन पाउने सपना चाँडै नै साकार हुने कुराले उद्वेलित भएको मन शब्दमा पोखिँदै जाँदा चिठी त निकै लामो भएछ । तपाईंलाई भन्न चाहेका कुराहरूको एक छेउ पनि यहाँ लेख्न सकिनँ । आजलाई यत्ति नै बाँकी कुरा भेटमै गरौँला ।

तपाईंको शुभचिन्तक

पूर्णविक्रम बस्नेत

**खामको नमुना**

| | |
|---|---|
| पठाउने | पाउने |
| पूर्णविक्रम बस्नेत | श्री सुरज नेपाल |
| बेल स्ट्रिट | दुल्लु नगरपालिका - ३ |
| पेनाङ | दैलेख |
| मलेसिया | कर्णाली प्रदेश |
| | नेपाल |

## शब्दभण्डार

१. **दिइएका अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) मलेसियाको मुद्रा

(ख) विदेश

(ग) नागरिक नभएको अवस्था

(घ) मर्न लागेकालाई बचाउने

(ङ) सफा

(च) उथलपुथल

(ज) कार्य गर्ने क्षमता भएको

(छ) जन्मेको ठाउँ

२. **खण्ड 'क' मा दिइएका शब्दहरूको अर्थ खण्ड 'ख' मा दिइएको छ, ती अर्थहरू चिनेर जोडा मिलाउनुहोस् :**

| **खण्ड 'क'** | **खण्ड 'ख'** |
|---|---|
| (क) रहर | कम्प |
| | सानो कडा वा मुन्द्रो |
| (ख) काम | इच्छा |
| | जुक्ती |
| (ग) पत्र | भिन्नता |
| | एक किसिमको दाल |
| (घ) कडी | चिठी |
| | भित्री हृदय |
| (ङ) अन्तर | कार्य |
| | तह |

३. **दिइएका अनेकार्थी शब्दहरूको एकभन्दा बढी अर्थ लेख्नुहोस् :**

मास, खरी, ताल, खाग, फेरी, साँचो, कछाड, अर्थ, चरण, काल

४. **दिइएका पदावलीलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

कहाली लाग्नु, टपाटप टिप्नु, महिना मर्नु, रोइकराइ गर्नु, वितृष्णा पलाउनु, हातमुख जोड्नु, उजुरी गर्नु, श्रम स्वीकृति लिनु, अवैधानिक, बदला लिनु, सहारा बन्नु

## बोध र अभिव्यक्ति

१. **पाठ पढी दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) चिठीमा कतिओटा अनुच्छेद रहेका छन् ?

(ख) चिठीको आदि, मध्य र अन्त्य भागमा कस्ता विषयवस्तु छन् ?

(ग) पूर्णविक्रमले सुरुका दुईतीन वर्ष विदेशमा कसरी बिताए ?

(घ) पूर्वविक्रम कस्तो सपना बोकेर विदेश गएका थिए ?

(ङ) चिठीमा के कस्ता अङ्गहरू हुन्छन्, लेख्नुहोस् ।

२. **'दिनहरू....हुने छु', चिठीको अंश पढी खाली ठाउँमा छुटेका शब्द भर्नुहोस् :**

(क) दुई महिनापछि काममा फर्कँदा ......... पनि राखेन ।

(ख) त्यति बेला मात्र मलाई थाहा भयो, देश र परदेशको अन्तर ! नागरिक हुनु र ..... हुनुको अन्तर !

(ग) जीवनप्रति ......... पलाइरहेको थियो ।

(घ) छिट्टै नेपाल फर्केर आफ्नै ....................... परिश्रम गरी जीवन निर्वाह गर्ने विचारमा छु ।

(ङ) अबको ................ म आफ्नो जन्मथलो, आफ्ना आमाबुबाको काख र प्रियजनहरूको माझमा हुने छु ।

३. **'अहिले म सम्झन्छु....सार्थक बनाउँछु' चिठीको अंश पढी दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) नेपालको जलराशिमा कस्तो सामर्थ्य रहेको छ ?

(ख) हाम्रो देशको विकासले गति लिन नसक्नुको कारण के हो ?

(ग) परदेशमा सिकेको सिपले कसरी देश विकास गर्न सकिन्छ ?

(घ) देश विकासको मूल मन्त्र के रहेछ ?

(ङ) म पात्र किन घर फर्कन चाहेको हो ?

४. **दिइएको चिठीको अंश पढी प्रश्नहरूको उत्तर दिनुहोस् :**

मित्र सुरज ! अवश्य नै पढाइ छोडेर धन कमाउन परदेशिने मेरो निर्णय अत्यन्त गलत थियो । धन कमाउन नसके पनि आफ्नो गाउँ, आफ्नो परिवार, इष्टमित्र, समाज र देश सम्झेर घर फर्कने यो मेरो निर्णय गलत हुने छैन । त्यसो त निर्णय आफैँमा सही वा गलत हुँदैन । त्यसलाई सही वा गलत बनाउने त हामी आफैँले हो । त्यसैले घर फर्कने मेरो यो निर्णयलाई म जसरी पनि सही साबित गर्छु ।

**प्रश्नहरू**

(क) म पात्रले गरेका सही र गलत निर्णय के के थिए ?

(ख) म पात्रको घर फर्कने निर्णयप्रति तपाईंको धारणा लेख्नुहोस् ।

**५. पूर्णविक्रमका ठाउँमा तपाईं हुनुभएको भए के गर्नुहुन्थ्यो, आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।**

**६. तपाईं सुरज हुनुभएको भए पूर्णविक्रमको चिठीको प्रतिउत्तर कसरी दिनुहुन्थ्यो, लेख्नुहोस् ।**

**७. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई लिइन्छ । योजना निर्माण, पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन र सिकाइ सहजीकरण क्रियाकलाप आदि शैक्षिक प्रणालीअन्तर्गत सँगसँगै आएका हुन्छन् । सामान्यतया मूल्याङ्कनभित्र विद्यार्थी मूल्याङ्कनका साथसाथै कार्यक्रम मूल्याङ्कन, पाठ्यक्रम मूल्याङ्कन, शिक्षक मूल्याङ्कन आदि पर्दछन् । यसका अतिरिक्त कार्यक्रम उत्पादन, नीति नियम, कार्यदक्षता व्यवस्थापन आदि क्षेत्रलाई पनि मूल्याङ्कनभित्र समेट्न सकिन्छ ।

सामान्यतया मापन, परीक्षण र मूल्याङ्कनलाई एउटै अर्थका रूपमा लिइए तापनि यिनीहरूबिचमा तात्त्विक भिन्नता छ । मापन र परीक्षणभन्दा मूल्याङ्कन बढी व्यापक छ । मूल्याङ्कनभित्रै मापन र परीक्षण पर्दछन् । परीक्षणका आधारमा मापन गरिन्छ । मापनले विद्यार्थीको गुण, क्षमता वा विशेषताको सङ्ख्यात्मक वर्णन गर्दछ । मूल्याङ्कनले सङ्ख्यात्मक, गुणात्मक व्याख्याका साथै मूल्य निर्धारण गर्दछ । मूल्याङ्कनकै आधारमा कुनै विद्यार्थी वा कार्यक्रमको अन्तिम निर्णय दिने काम गरिन्छ ।

विशेष गरी विद्यार्थी मूल्याङ्कन गर्दा निर्माणात्मक र निर्णयात्मक गरी दुई किसिमबाट गर्न सकिन्छ । सुधारात्मक मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन हो । यो कार्यक्रम सञ्चालन सँगसँगै गरिन्छ । निरन्तर मूल्याङ्कन गर्दै पृष्ठपोषण दिन मिल्ने यो मूल्याङ्कन जुनसुकै समयमा औपचारिक र अनौपचारिक रूपमा गर्न सकिन्छ । निर्माणात्मक मूल्याङ्कनका अंशलाई पनि समावेश गर्दै शैक्षिक कार्यक्रमका अन्त्यमा गरिने यो निर्णयात्मक मूल्याङ्कनले प्रमाणपत्र दिने काम गर्दछ । यस्तो मूल्याङ्कन शिक्षण सिकाइ कार्यक्रम वा शैक्षणिक कार्यक्रमको अन्त्यमा गरिन्छ ।

**प्रश्नहरू**

(क) मूल्याङ्कन भनेको के हो ?

(ख) निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनबिच के फरक छ ?

(ग) प्रमाणपत्र दिने परीक्षा किन आवश्यक छ ?

(घ) 'पाठ्यक्रम' र 'पृष्ठपोषण' को अर्थ लेख्नुहोस् ।

८. **गाउँको विकासका लागि पर्यावरणमैत्री सडक आवश्यक छ भन्ने कुरा खुलाउँदै साथीलाई चिठी लेख्नुहोस् ।**

९. **दिइएको अभिनन्दन पत्र पढ्नुहोस् र साहित्यका क्षेत्रमा योगदान गरेका कुनै एक व्यक्तित्वलाई प्रदान गरिने अभिनन्दन पत्रको नमुना तयार पार्नुहोस् :**

**अभिनन्दन पत्र**

श्री ............................ज्यू

तपाईं नेपालको साहित्य, संस्कृति, इतिहासको अध्ययन, अनुसन्धान तथा अन्वेषणका प्रतिमूर्ति, अथक साधक, राष्ट्र र राष्ट्रियताका उद्बोधक तथा नयाँ पुस्ताका लागि अनुपम उत्प्रेरक हुनुहुन्छ । कविता, नाटक, निबन्ध तथा सांस्कृतिक खोजका माध्यमबाट तपाईंले नेपाल र नेपालीहरूका लागि दिनुभएको योगदानको मूल्याङ्कन यस पवित्र माटाले अवश्य पनि गरेको छ । एक शताब्दीको यात्रामा पनि तपाईंको उत्तिकै सक्रियता, सशक्तता, जीवन्तता र अनवरत साधना देखेर हामी गौरवान्वित बनेका छौँ । तपाईंको यही अद्वितीय, अनुपम र अव्यक्त दीर्घ साधनाप्रति नतमस्तक हुँदै र सुस्वास्थ्य, सक्रिय दीर्घजीवनका लागि हार्दिक शुभकामना व्यक्त गर्दै तपाईंलाई हार्दिक सम्मानका साथ यो अभिनन्दन पत्र प्रदान गर्दछौँ ।

साहित्य समाज, नेपाल

१०. **सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने कुनै एक व्यक्तित्वको योगदानको कदर गर्दै प्रदान गरिने सम्मान पत्रको नमुना तयार पार्नुहोस् ।**

११. **दिइएको आवश्यकतासम्बन्धी विज्ञापन पढ्नुहोस् र त्यस्तै किसिमको एउटा विज्ञापनको नमुना तयार पार्नुहोस् ।**

कर्मचारी आवश्यकतासम्बन्धी विज्ञापन

(प्रथम पटक प्रकाशन मिति : २०७७/०३/२२)

अन्नपूर्ण माध्यमिक विद्यालय, चामे, मनाङको पदपूर्ति समितिको

आवश्यकतासम्बन्धी सूचना

यस विद्यालयमा रिक्त रहन गएको लेखा सहायक पदको खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ । देहायबमोजिमका योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशन भएको ३५ दिनभित्रमा दरखास्त आह्वान गरिन्छ । म्याद सकिएको मितिबाट सात दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिने छ ।

दरखास्तका साथ पासपोर्ट साइजको फोटो दुईप्रति र शैक्षिक योग्यताका प्रमाण पत्र तथा नागरिकताको प्रमाणित प्रतिलिपि दुई दुई प्रति पेस गर्नुपर्ने छ । दरखास्तबापत लाग्ने दस्तुर रु.१००० (एक हजार रुपियाँ मात्र) यसै विद्यालयको नेपाल बैङ्क, चामे, मनाङ शाखामा रहेको खातामा जम्मा गरी सक्कल भौचर पेस गर्नुपर्ने छ । रित नपुगी आएको दरखास्तउपर कुनै कारबाही हुने छैन ।

परीक्षाको किसिम : लिखित तथा मौखिक

आवश्यक न्यूनतम योग्यता : लेखाविधि विषय लिई कम्तीमा द्वितीय श्रेणीमा कक्षा १२ उत्तीर्ण

सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट

तलब तथा अन्य सुविधा : नेपाल सरकारको नियमअनुसार

पदपूर्ति समिति

अन्नपूर्ण माध्यमिक विद्यालय

चामे, मनाङ

**१२. दिइएको निमन्त्रणा पत्र पढ्नुहोस् र त्यस्तै किसिमको एउटा निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् :**

श्री मोती माध्यमिक विद्यालय

शिवसताक्षी २, झापा

हार्दिक निमन्त्रणा

श्री ............................................

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री .........................ज्यूको प्रमुख आतिथ्यमा सुसम्पन्न हुने यस विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहमा यहाँको गरिमामय उपस्थितिका लागि सादर आमन्त्रण गरिन्छ ।

मिति : २०७७ माघ ८ गते बिहीबार — प्रार्थी

समय : दिनको ११ बजे — प्रधानाध्यापक

स्थान : विद्यालय प्राङ्गण — विद्यालय परिवार

**१३ दिइएको शुभकामना पत्र पढ्नुहोस् र तपाईंको प्रियजनको जन्मदिनमा दिन शुभकामना पत्रको नमुना तयार गर्नुहोस् :**

**शुभकामना**

नेपालीहरूको घरआँगनमा आउँदै गरेका दसैं, तिहार, छठलगायतका चाडहरूले देशविदेशमा रहेका सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धिको विकास गराउँदै भाइचाराको सम्बन्ध विस्तार होस् भन्ने शुभकामना व्यक्त गर्दछ ।

खप्तड समाज, नेपाल

**१४. दिइएको श्रद्धाञ्जली तथा समवेदना पढ्नुहोस् र छिमेकका कसैको मृत्यु हुँदा बनाउने श्रद्धाञ्जली तथा समवेदनाको नमुना बनाउनुहोस् :**

**श्रद्धाञ्जली तथा समवेदना**

| जन्म | स्वर्गारोहण |
|---|---|
| वि. सं. २००९/०४/०८ | वि. सं. २०७६/०१/२१ |
| हरिवन, सर्लाही | काठमाडौं |

यस संस्थाका आजीवन सदस्य चन्द्रनगर गाउँपालिका ५ सर्लाहीका श्री रनवन कार्कीको २०७६/०१/२१ गतेका दिन ६७ वर्षको उमेरमा असामयिक निधन भएकामा हरिवन सुधार समाज स्तब्ध भएको छ । यस दुःखद घडीमा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।

हरिवन टोल सुधार समाज, सर्लाही

## सुनाइ र बोलाइ

**१. दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) यो सूचना कुन प्रयोजनका लागि तयार गरिएको हो ?

(ख) यस वनभोज कार्यक्रमको मुख्य उद्देश्य के हो ?

(ग) वनभोज कार्यक्रममा कसलाई सहभागिताका लागि अपिल गरिएको छ ?

(घ) वनभोज कुन स्थान र मितिमा हुँदै छ ?

२. **दिइएको सूचनाका आधारमा तपाईंको विद्यालयमा आयोजना हुने दन्त शिविर सञ्चालनसम्बन्धी सूचनाको नमुना तयार पार्नुहोस् ।**

३. **वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक पक्षहरूका बारेमा समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

४. **रेडियो र टेलिभिजन जस्ता सञ्चारमा साधनहरूको महत्त्व दर्साउँदै साथीलाई लेखिने इमेलको नमुना तयार पार्नुहोस् ।**

## भाषातत्त्व

### लेख्य चिह्न

१. **दिइएको अनुच्छेद पढी कुन कुन लेख्य चिह्न प्रयोग भएका छन्, पहिचान गर्नुहोस् :**

"त्यही कुराको खुसी छ; हिम्मत त किन हारिन्थ्यो र ! अरे, एक साल भएन त अर्को साल कहाँ जाला ! जब उतर गए रण पे तो पिछे हटना क्यौं ? तर एउटा कुराको दुःख छ भाइ ! यस्तो बेलामा, किसुन भाइ ! तिमी पनि गाउँमा हुँदा हौ त हामीलाई धेरै आडभरोस मिल्थ्यो, बल मिल्थ्यो आखिर हामी त मूर्ख र गँवार न हौँ । तिमी लेखपढ गरेको मान्छे । तिमी भन्या गाउँको अभिमान हौ, हाम्रो इज्जत हौ । तर तिमी पनि परदेशी भइदिँदा गाउँ मालिकहरूको एकलौटी रजाइँमा पर्छ...।"

२ **दिइएका वाक्यहरूमा आवश्यक ठाउँमा आवश्यक चिह्न प्रयोग गर्नुहोस् :**

(क) मैले घर बाटो फूल मान्छे र गाडीहरूको चित्र बनाएको छु ।

(ख) तिमी यहाँ बस चकचक नगर

(घ) हामीले सुखदुःख रातदिन जीवनमरण जस्ता आइरहने गइरहने कुरा हुन् भन्ने बुझ्नुपर्छ ।

(ङ) तिमी र उसले के काम गऱ्यौ

(च) अहा कति सुन्दर जीवन

(छ) अग्लो होचो टाढा नजिक वर पर आदि विपरीतार्थी शब्द हुन्

(ज) म तुरुन्तै फर्किहाल्छु उसले भन्यो

(झ) मेरो देशको नाम हो नेपाल

(ञ) क्रियाहरूलाई कर्मप्रदानताका आधारमा दुई किसिममा बाँड्न सकिन्छ :

(क) सकर्मक (ख) अकर्मक

(ट) उक्ति कथन दुई किसिमका हुन्छन् प्रत्यक्ष कथन र अप्रत्यक्ष कथन

(ढ) ले द्वारा बाट प्रथम विभक्ति हुन सक्छन्

(ड) मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन यो सूक्ति देवकोटाको हो

(ण) हरि तिमी के गर्दै छौ

३ **उचित लेख्य चिह्नहरू प्रयोग गरी दिइएको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

ओहो, भोलि त परीक्षाफल प्रकाशित हुने दिन मेरो जिपिए कति आउने होला व्यर्थै परीक्षा आउने बेलामा पनि फुटबल खेल्ने भइटोपलेको बुबाले त सम्झाउँदै हुनुहुन्थ्यो पढाइ पहिलो कुरा र अनिमात्र अरू कुरा आउँछन् भनेर तर त्यतिखेर वास्ता गरिएन राम, हरि, गोपाल र शिवले कर गरेपछि खेल्नै पऱ्यो न त फुटबल नै जितियो न त पढाइमा नै ध्यान दिन सकियो तर के नै बिगारेको छु र कोल्टे पर्दै धत् अब चिन्ता गरेर के फाइदा र निर्णय गर्न गल्ती गरे पछुताउनुपर्छ गुरुले भन्नुभएको थियो त्यस्तै भए जस्तो छ, खैर जे भयो भयो अब चाहिँ यस्तो नगर्नुपर्ला बत्ती निभाउँछ र सुत्छ ।

४. **दिइएका चिह्नहरू प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् :**

(क) उद्धरण चिह्न

(ख) उद्गार चिह्न

(ग) कोष्ठक चिह्न

(घ) योजक चिह्न

## सिर्जना/परियोजना

१ **आफ्नै उद्योगमा उत्पादित कुनै वस्तुको बजार प्रवर्धनका लागि बनाइने एउटा व्यापारिक विज्ञापनको नमुना तयार गर्नुहोस् ।**

२. **दिइएको बधाई पत्र पढ्नुहोस् र तपाईंका टोलछिमेकका व्यक्ति राष्ट्र बैङ्कका गभर्नरका रूपमा नियुक्त हुँदा टोलसुधार समितिले दिने बधाई पत्र तयार पार्नुहोस् :**

### हार्दिक बधाई

नेपाली भाषा साहित्यका क्षेत्रमा योगदान गर्नुहुने विशिष्ट प्रतिभा, अथक साधक, प्रखर प्रगतिवादी, निबन्धकार तथा समालोचक, निडर कवि, नारीवादी सिर्जना तथा समालोचना क्षेत्रका शिखर प्रतिभा, स्पष्ट दृष्टिकोण र र निर्भीक व्यक्तित्वका रूपमा शैक्षिक इतिहासमै नयाँ विरासत निर्माण गर्दै आउनुभएका तपाईं श्री हेमन्ता निरौलालाई नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ जस्तो गरिमामय पदमा मनोनयन हुनुभएकामा हार्दिक बधाईका साथै कार्यकालको पूर्ण सफलताको कामना गर्दछ ।

नेपाली भाषा साहित्य प्रतिष्ठान

काठमाडौँ

**३. तपाईंको समुदायमा हुने विभिन्न कार्यक्रममा आफन्त वा मान्यजनलाई लेखिने निमन्त्रणा पत्र सङ्कलन गर्नुहोस् र ती सन्दर्भअनुसारका निमन्त्रणा पत्रमा पाइने समानता र भिन्नताको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**४. विभिन्न पत्रपत्रिकामा छापिएका विज्ञापन, श्रद्धाञ्जलीका नमुना सङ्कलन गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।**

## सुनाइ पाठ ५

### वनभोजसम्बन्धी सूचना

रोल्पा जिल्लाबाट काठमाडौँ उपत्यकामा आई बसोबास गर्नुहुने जिल्लाबासी महानुभावहरूका बिच आपसी सम्बन्ध कायम गर्नुका साथै सहयोग र सद्भावको भावना अभिवृद्धि गर्ने पवित्र उद्देश्य राखी निम्नलिखित मिति र स्थानमा 'मैत्री' वनभोज कार्यक्रमको आयोजना गरिएको हुँदा उपत्यकामा रहनुहुने सम्पूर्ण रोल्पा जिल्लाबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा सहभागिताका लागि हार्दिक अपिल गरिन्छ ।

वनभोज कार्यक्रम स्थल : त्रिभुवनपार्क, थानकोट

वनभोज कार्यक्रम मिति : २०७७/०७/०८ शनिबार

बस सेवा उपलब्ध हुने स्थानहरू : कोटेश्वर, एकान्तकुना, रत्नपार्क, चाबहिल, महाराजगन्ज, कलङ्की

बस छुट्ने समय : कोटेश्वर र चाबहिलबाट बिहान ८ बजे

महाराजगन्जबाट बिहान ८:३० बजे

कलङ्कीबाट बिहान ९ बजे

सम्पर्क व्यक्ति

सुस्मिता परियार

ललित थापा मगर

प्रेमप्रसाद न्यौपाने

पूजा महतरा

आयोजक

रोल्पामैत्री समाज, ललितपुर

पाठ ६

# त्यो फेरि फर्केला ?

– *भवानी भिक्षु*



क्रमशः अग्लो हुँदै गएको कष्टप्रद, कठोर, दुर्गम पहाडको क्षीण पथलाई आँखाले भेटेसम्म हेर्दा मान्छे पो हो कि भ्रम पार्ने एउटा धब्बा जस्तो केही पनि देखिएन ।

सूर्यले पश्चिमतर्फको पर्वतपछाडि आफ्नो मुख लुकाए तापनि तिनको लाली कालो पहाडका टुप्पाहरूमा फैलिन गएको थियो । खोलाहरू आफ्नो अविराम गीत गाएकागाएकै थिए । उनीहरूलाई जगत्को चिन्तामा केही रस, अनुरक्ति थिएन । धमिलोपना अन्धकारतिर डुब्दै गइरहेको थियो ।

मधेसबाट आउन लागेको एउटा यात्रीले, यौवनको सिँढीमा खुट्टा अडाई घरको द्वारमा उभिएकी सानीसँग सोध्यो- “यहाँ बास पाइन्छ ?”

“कुन्नि, आमासँग सोध्नुपर्छ ।”

“आमा ! तिम्री आमा कता छिन्, को हुन्, मैले त चिनेको छैन । कोसँग सोध्ने ?”

अनि “आमा ... ए आमा ... !” पुष्ट कण्ठबाट निस्केको यो मिठो र तीव्र स्वर पर्वतको कुना कुनामा पस्न गयो । तर कोही पनि आएन । एकै छिन प्रतीक्षा गरेपछि, “पर्खनोस् है म अहिल्यै आमालाई डाकी ल्याउने छु” भन्दै सानी एकातिर गई र अलि बेरमै एउटी बुढीसँग यात्रीको सम्मुख आइपुगी ।

“लौ आमा यिनै हुन्, तपाईंका भरियाहरू कता छन् ?”

“भरिया एउटै छ । त्यो पनि बुढो, हिँड्नै नसक्ने ? त्यसैले गर्दा त यहाँ बस्नुपऱ्यो । नत्र आज चित्लाङ पुग्ने विचार गरेको थिएँ । त्यहाँ चिनाजानी भएका पसलेहरू पनि छन् । बास पनि राम्रै ठाउँमा पाइन्थ्यो । तर ... खोइ ! यो त भट्टी पसल पो हो क्यारे ?”

"हो ... ।" स्वरलाई अलि तान्दै, आश्चर्य र उपेक्षा मिश्रित स्वरमा उत्तर दिई ।

"भट्टी पसल भए'र के हुन्छ ? चित्लाङमा पनि त त्यही हो नि । छेउको कोठा त सफै छ ।" सानीले तुरुन्त भनी ।

"होइन" - बुढीले सोधी, - ... "केही खानपिन पनि गर्नुहोला कि ?"

"पिउन त होइन, खान मात्रै । भाँडाबर्तन सँगै छन् ।"

सानीले आफ्नी आमाको मुखनेरै मुख लाएर भनी - "किन आमा चामल, दाल, घिउ, दाउरा त किन्ने नै छन्, नुन, तेल, मसला, तरकारी ... । पर कोठामा भान्छा र छेउको कोठामा सुते त भइहाल्यो नि ।"

"एकपल्ट कोठा हेरूँ । सफा छ कि, सफा नभए त ... ।"

"किन हुन्नथ्यो ! हेर्नुस्, कोठामा के छ र ? भर्खर लिपिराखेको कोठा, चाहिए एउटा सुकुल पनि ओछ्याइदिउँला । लौ, भरिया पनि आइपुग्यो । बस्नुहुन्छ कि ?"

"ए सानी, आइज" भन्दै बुढी माथि उक्ली । सानी द्वारमै उभेकी थिई । आइपुगेको भरियाले मुखबाट एउटा सुस्केरा हाली भारी बिसाउँदै भन्यो- "यति गह्रुँगो भारी, यस्तो उकालो, नौ सुका ज्याला, उसैमा भरिया नाइके पनि, बाटो खर्च पनि ... इसोर !"

चुपचाप उभिएकी सानीको अनुहारमा छचल्किरहेको जिज्ञासामा पनि आशा, विश्वास र सन्तोषको पनि आभा देखियो ।

कोठासोठा हेरिसकेपछि यात्रीले त्यहीँ बास बस्ने निश्चय गऱ्यो र सानी पनि अलि स्वस्थ झैँ भई । भरियाको सहायताले एउटा कोठामा सुकुल हाली भुइँमै आफ्नो ओछ्यान ओछ्याएर त्यसले अलि अलि निश्चिन्तताको सास फेर्न लागेको के थियो, भरियाले भन्यो- "लौ त अब जाऊँ हजुर ... थाकिराखेको छु, केही खानपिन पनि गर्नुपर्ला, खाना खानलाई दुई चार आना दिनुपर्ने हो ।"

"ला ... " भनेर यात्रीले चार पैसा फ्याँकिदियो । एउटा सन्तोषको दृष्टि हाल्दै बुढो भरिया भुइँबाट पैसाहरू टिपी जान लागेकै थियो, फेरि त्यो सानीले सोधी-

"भान्छालाई के के ल्याउनुपर्ला, भन्नोस् न ! रात पर्न आँट्यो, तपाईंसित लालटिन त छँदै छ, मटितेल पनि चाहिन्छ कि ?"

यस प्रश्नको उत्तर नदिएर त्यसले जान लागेको भरियालाई भन्यो- "ए बुढा, डोकोबाट भाँडाहरू झिकेर खोलामा पखाली ल्याऊ ।" अनि सानीतिर फर्केर भन्यो- "पानी ल्याउन एउटा गाग्री त दिनुपर्ला, पानी पनि ल्याइहालोस् । अब यो पनि खानपिनमा लाग्ने छ ।"

"हुन्छ, म अहिल्यै माथिबाट ल्याइदिन्छु ।"

"तर गाग्री सफा छ ?"

"लौ ! गाग्रीमा के लागेको छ र ? चित्त बुझ्दैन भने खोलामा माझेरै पानी ल्याउनु भनेपछि त भैहाल्यो नि !" बालिकाको अनुहारमा अलि सङ्कोच छर्लङ्ग हुन गएको थियो ।

भरियाले डोकाबाट भाँडाहरू झिकिसकेको थियो । सानीले माथिबाट तुरुन्तै एउटा सानो पित्ले गाग्री ल्याइदिई । त्योसमेत लिएर भरिया खोलातिर गयो । त्यसपछि युवा यात्रीले सन्ध्याको धमिलो प्रकाशमा हेऱ्यो -"त्यो भट्टी पसल्नीकी छोरीको परिचय, बाह्य आवरण मैलो र दरिद्रताको विज्ञापन भए पनि त्यसको अनुहार नराम्रो थिएन । गालामा पार्वत्य वायु र परिश्रमको सुन्दर उपहार, स्वाभाविक लाली र यौवनको सिँढीमा उक्लिरहेको त्यसको बैँस छ । आँखा गोल, उज्ज्वल र भित्रका नानी निकै काला र चञ्चल छन् । तिनीहरूमा अपार जिज्ञासा औ उत्सुकता क्रीडा गरिरहेका थिए ।

"तब ... भान्साका निम्ति के के ल्याऊँ ?" प्रश्न एकान्तजन्य सङ्कोचको मध्यम स्वरमा थियो । यात्रीले भन्यो- "असल पुरानो मसिनो चामल एक माना, एक चौथाइ दाल, दुई पैसाको यहाँ पाइने तरकारी र दुई आनाको घिउ, बस यति मात्रै भए पुग्छ ।"

कुरा सुनेर त्यो माथि उक्ली र अलि बेरैमै भने जति जम्मै थोक ल्याइदी । भरियाले पनि भाँडा र पानी पल्लो कोठामा राखी गइसकेको थियो । त्यस कोठामा लिपपोत गरेको चुलो र ठाउँ दुवै सफा थिए ।

चामल हेर्दै यात्रीले भन्यो- "खोइ, यो त राम्रो चामल भएन ।" तर यसभन्दा राम्रो चामल त यहाँ कतै पनि पाइन्न । भएदेखि त म आफैँ ल्याइहाल्ने थिएँ । तरकारी पनि आलुबाहेक अरू केही पाइँदै पाइन्न ।"

अलि हाँसेर यात्रीले भन्यो- "ए, त्यसो हो भने के लाग्छ, पाए जत्तिकैमा सन्तोष गर्नुपर्ला ।"

"अब म जाऊँ त ?" सानीले सोधी ।

"हुन्छ", भन्दा भन्दै युवकलाई कुन्नि किन फेरि एकपल्ट त्यस सानीको अनुहारमा दृष्टि फेर्ने आवश्यकताको अनुभव भयो । दुवैका आँखा जुधेँ । बालिका लज्जावन्त भएर माथि उक्लन लागी । तर तुरून्तै फर्केर त्यसले अलि साहसको स्वरमा स्वाभाविकता ल्याएर सोधी- तरकारी पकाउनलाई भुटुन र दाउरा चाहिन्यै छ । नुन, मसला र लालटिनमा मटितेल पनि ल्याउनुपर्छ कि ?"

"ए ... ... ! यो त बिर्सेकै रहेछु । तरकारी त घिउमै भुटिहालुँला, मसला चाहिन्न । एक पैसाको अलिकति बेसार र नुन दुवै ल्याऊ अनि तिम्रो के रे, चार पैसाको दाउरा, लालटिनमा चाहिँ छ पैसाको तेल भए पुग्छ ।

एकै छिनपछि सबै थोक ल्याई सानी माथि उक्ली । आफ्नी आमासँगै केही खानपिन गरेर पन्ध्रबिस मिनेटभित्रै आफ्नो सुत्नेकोठामा पसी भित्रबाट ढोका थुनिहाली ।

अहिले साँझको साढे सात मात्रै बजेको थियो तैपनि निकै अँध्यारो भएको थियो । सघन र विशाल पर्वतहरूको अङ्गमा भएका ती पुतली झैँ दुईचारओटा घर यस्तरी स्तब्ध उभिरहेका थिए मानौँ शरीरभित्रबाट प्राणै निस्किसकेको छ । खोलाको "शृङ्खलाबद्ध गर्जन एकनाससित ध्वनित भइरहेको थियो तैपनि त्यस शून्यपनाको भयानकता बढिरहेकै थियो । ओछ्यानमा पल्टेकी कुन्नि के के सोचिरहेकी सानीले हठात् यात्रीको कोठाबाट आइरहेको खटपट ध्वनि सुनी । त्यो त्यही कुरा सोच्नमा मग्न भई, - "अहिलेसम्म त्यसले खानपिन गरिसकेको रहेनछ क्यारे । भात पकाउन जान्दो हो कि होइन, पकाइसकेको तिहुन तरकारी चुल्होबाट उतार्दा खसाल्यो पो होला कि ! लोग्ने मान्छे भात पकाउन कहाँ जान्दो हो र ! तर त्यो त सधैँ मधेसैमा बसिरहेको मान्छे हो । त्यहाँ कसले भात पकाई खुवाउँदो हो नि ! अथवा कोही भान्से राखेको होला । तर कैले हुन्थ्यो मधेसमा खर्च निकै पो लाग्दछ, यसो हेर्दाखेरि यो कुनै साहुमहाजन जस्तो पनि छैन । त्यसो भए यतातिर धमाधम आउनेहरूको जस्तो ठुला ठुला टिनका भरिभराउ भएका गह्रुङ्गा बाकसहरू हुनुपर्दथ्यो, छालाका तीनचारओटा साना ठुला ब्याग, भाँच्ने खाट, नोकर, धेरै जना भरिया, आफू तामदान वा कार्पेटमा बसेर आउनुपर्ने, खोइ त्यो त केही पनि छैन । यो त मधेसमा कतै जागिरे पो होला जस्तो छ । आफैँ नोकरी गर्नेले भान्से कहाँ राख्न सक्छ र !"

विचारधारा अर्कैतिर बग्यो- "त्यसो भए त्यसकी स्वास्नी होली ।" अनि मुटुमा प्याट्ट एउटा थपडी जस्तो लाग्यो । च्याप्प गरे झैँ त्यो आफ्नो अन्तरैमा निस्तब्ध भई । बाहिर त्यही अविराम स्वरले गर्जिरहेको थियो खोलाको हर्रर ध्वनि । जम्मा भइरहेका विचारहरू अलि विशृङ्खल जस्ता भए । त्यसले एउटा लामो सास फेरी तर त्यो अवस्था एकछिन पख्तानपख्ता लोभ्याइराखेका ती मधुर कल्पनाहरूले फेरि छोप्न थाले । सास पर्यन्त अलि थामेर त्यसले सुत्ने प्रयत्न गरी- "यात्री भातसात खाई सुत्यो कि !" तलबाट केही आवाज सुनिएन । "त्यसो भए त्यो सुत्यो ।" तर फेरि त्यही खटपट । "मुसाहरू होलान्, होइनन्, त्यही हो बिचरा अझ ... " तर अघि नै तर्सिसकेका ती मूक सहानुभूतिहरूलाई विचारहरूले समात्न साहस गरेनन् । एकै छिनपछि ओछ्यानबाट जुरुक्क उठेर सलाई कोरी र सिरानतिरको खोपामा राखेको टुकी बाली । धुम्रयुक्त क्षीण प्रकाशले अन्धकारमा छाम्न थाल्यो । टुकी लिएर बिस्तारै त्यो तल ओर्ली । त्यसको छाती हान्न लागेको थियो- "बुढी सुतिरहेकी छ कि ?" एउटा अव्यक्त र क्षीण डरले अन्तरको धेरै टाढाबाट चियाउने जस्तो प्रयत्न पनि गऱ्यो । त्यो तल पुगी । "तर ... किन ओर्लेकी हुँली ! केही काम छैन ।" यात्रीको कोठामा लालटिनको नीरव र मन्द प्रकाश थियो । त्यसतर्फ यसो झट्ट एकपल्ट हेरी, आँखा फर्के । त्यो आफ्नो सेतो ओछ्यानमा सुतिरहेको थियो- निश्चिन्त, निरुद्विग्न, निर्विकार !

प्राणपर्यन्तलाई तीव्रताका साथ तानिलिने एउटा भयानक लोभ त्यसको भित्र मुटुको हनाइको साथै हान्न लाग्यो र कुनै अव्यक्त उल्लास, साहस, डर र पीडाको भन्न नसकिने मिश्रण त्यसको नसा नसामा दगुर्न थाल्यो, प्रवाहित भयो । त्यही हलचल, त्यही प्रवाह लिएर त्यो माथि पुगी । आफ्नो मैलो ओछ्यानमा लडी ।

यात्री चाहिने बिहानै उठेर गइहाल्यो । सानीको आँखामा आइसकेका र छचल्किरहेका मूक मोह र कुन्नि कस्ता अव्यक्त आकाङ्क्षाहरू त्यसलाई निकै टाढासम्म पहाडको टुप्पामा पुऱ्याई फर्के । कुन्नि केले हो, त्यसको मन भारी हुँदै आयो । हृदयमा आर्द्र भावनाहरूमा गह्रुङ्गो प्रवाह बग्न थाल्यो र त्यसको भित्र मनमा लगातार एउटा प्रश्न उम्लन थाल्यो- “त्यो फेरि फर्कला ?”

तर सानीको त्यस प्रश्नको समाधान भएन । त्यो यात्री फर्केन । केही दिनपछि सानीको बिहा पनि भयो । त्यो आफ्नो घरमा गई । घर गृहस्थीको कर्तव्य र लोग्नेको प्रेम, माया, ममता इत्यादि पनि साधारण नियमजस्तै समातिन थाले । उनीहरूका कार्यमा सानीबाट केही अस्वाभाविकता पनि परेन । तर सानीको गाउँले संस्कृति भएको सुदूर अन्तरको एउटा मनले भगवान्को वरदान जस्तो समातेको त्यो प्रश्न- “त्यो फेरि फर्कला !” ले दिनमा दुई चार पटक अवश्यै चियाउने प्रयत्न गरिहाल्थ्यो । लोग्नेको घरमा रहेका बखत कहिलेकाहीँ एउटा शङ्काले भयानक अन्तर सङ्ग्राम मच्चाइदिन्थ्यो, “म यहाँ छु, यात्री फर्केर गइहालेको भए ... ?” तर यस प्रश्नको विश्लेषण गर्ने साहस त्यस बखतसम्म त्यसमा रहनै जान्नथ्यो । कस्तो गह्रुङ्गो, कस्तो भयानक, कस्तो पीडाप्रद शङ्का हो ! बरु यात्री कहिल्यै पनि नफर्कोस्, त्यसको पथ हेर्दा हेर्दै यस जीवनको पनि अन्त भइजाओस् तर सानीलाई नभेटी त्यो त्यसै गइहाल्ला भन्ने विधिविधानको स्वागत गर्ने शक्ति त्यसमा थिएन । त्यो तृष्णा, त्यो अनन्तकालीन प्रतीक्षा, त्यो दिनहुँको अभ्यस्त निराशाको धक्का त्यसको सासमा मिसिइसकेको थियो । त्यही त्यसको जीवन थियो, त्यही त्यसको जीवनक्रम । त्यसैलाई समातेर त्यो आफ्नो जीवन गृहस्थीको गृहिणी थिई, आफ्नी सासूकी बुहारी र पोइकी जोई । तर कदाचित् कुनै हठात् अभिशापले त्यहीँ छिन्नभिन्न गरिदिएको अवस्थामा पनि त्यो सानी चाहिने गृहिणी, बुहारी र लोग्नेकी स्वास्नी भइरहन सक्ली ? कुन हृदयबाट यस्तो आशा गर्ने ?

यति भए पनि सानीबाट लोग्नेका प्रति पत्नीत्वमा केही बाधा व्याघात परेको थिएन र त्यस पत्नीत्वमा कुनै छल थियो, कतैबाट त्यसमा छिद्र थियो, यो कुरा भन्नेलाई भयानक श्राप दिने शक्ति पनि त्यस सानीमा अवश्य थियो । नारीको विशाल हृदयमा बालकप्रति, आमाबुबा प्रति, माइतका साथीभाइको प्रति, पतिगृहमा सासू, ससुरा, जेठाजु, देवर, भतिजा आदि सबैको प्रति ममता रहन सक्छ भने सानीको हृदयमा त्यस यात्री प्रति पनि कुनै प्रतिध्वनि थियो । नारी चाहिँ पतिकी स्वास्नी हो । यो कुरा प्रदीप्त सूर्य झैँ सत्य छ तर पत्नीत्वको हदसम्म मात्रै । किन्तु नारी

एक मात्र पत्नी नै त होइन । त्यो पत्नीभन्दा बाहेक पनि केही हो, बहिनी हो, बुहारी हो, दिदी हो, भाउजू हो, आमा हो र यी सबैभन्दा पर नारी मूर्तिमयी ममता हो । समस्त जगत्मा नारीकै महान् ममता छरिन नगएको भए यो विशाल विश्व शुष्क रुख झैँ निर्जीव काठ मात्र रहन जान्थ्यो !

जाने बखतमा यात्रीले पन्ध्र दिनमा फेरि फर्कनुपर्ला भन्ने कुरा गरेको थियो । त्यस पन्ध्र दिनको प्रतीक्षा सानीलाई अझसम्म पनि याद छ । छसात दिन एउटा भयानक उदासीनता, महान् शून्यतामा समाप्त भएको थियो । आठौँ दिनदेखि आजैका दिनमा त्यो फेरि फर्केला भन्ने आशाले अलि अलि चियाउने प्रयत्न गऱ्यो । सानीलाई सम्झना छ, त्यस दिन गाईलाई ख्वाउने घाँस काट्न जाँदा कुन्नि कुन भावना, कुन आशा, कुन उत्साहले त्यो पहाडको टुप्पासम्म पुगिछ । घाँसको भारी भुईंमा राखी एउटा ढुङ्गामा बसी आफ्नो अन्तरको सुखद कल्पनामा मग्न भइछ । आँखा एकाग्र भएर नेपालबाट आउने बाटो हेरिरहेका थिए । त्यतातिरबाट आउनेहरूलाई देख्दा त्यसको भित्री कल्पना एउटा उत्साह भरिन जान्थ्यो- अत्यन्त सुखद र प्राणप्रद "त्यस्तै आजैका दिन त्यो पनि संसारैको प्रसन्नता आफ्ना अङ्ग प्रत्यङ्गमा सञ्चित गरी आउला, आफ्नो पूर्वपरिचयको प्रसन्नता अलि अलि हाँसोमा छरिदेला र फेरि एक दिन त्यहीँ बास बस्ला । तर बास नबसेदेखि त ... ? छि : यस्तो दुष्कल्पना ! त्यसलाई कति पनि असुविधा र दुःख म कहाँ परेको थिएन । मैले जम्मै काम गरिदिएकी थिएँ । राम्ररी पकाई खाई सुतेको थियो । किन नबस्नु !" यस्तै प्रकारले नित्य नयाँ नयाँ कल्पनाहरू त्यसको आशालाई प्रदीप्त तुल्याउँदै दिनहरूलाई बिताउँदै गए । अन्ततः त्यो चिर अभीप्सित पन्ध्रौँ दिन पनि आयो । सानीलाई सम्झना छ, त्यस दिन बिहान हुनुभन्दा तीन घण्टा अगाडि राति नै त्यसको निद्रा खुलिहाल्यो । ढोका खोलेर एकपल्ट बाहिरतिर हेर्दा रात धेरै बाँकी थियो । जून टहटह लागिरहेका र आकाश स्वच्छ थियो । खोलाको "हर्रर" ध्वनि उत्फुल्लताको स्वागत गान झैँ लाग्यो । भगवान्को बास गर्ने आकाश आफ्नो निर्मल जूनमा हाँसिरहेको जस्तो प्रतीत भयो । दुईतीन घण्टामै प्रदीप्त सूर्य निस्कने छन्, पहाडका टुप्पामा तिनका सुनौला किरणहरू फैलिन जान्छन् । यही दिन त्यसको आउने शुभोत्सव हुन्छ । त्यो आउला, भोलि नै त्यो आउला, बिहान हुनेबित्तिकै त्यो हिँड्छ र सुखको भण्डार झैँ भएर सानीलाई भेट्टाउला !" धेरैबेरसम्म त्यो त्यसै विचारमा मग्न, सुखकल्पना विभोर भएर बसिरही अनि एउटा आत्तिए जस्तो लामो सास फेरी आफ्नो कोठामा गएर ओछ्यानमा ओल्टेकोल्टे गर्न थाली । त्यसपछि बिहान पनि भयो, सूर्य पनि उदायो, सानीले उद्विग्न प्रतीक्षा पनि गरी, साँझ भयो, रात पनि पऱ्यो, तर ... तर ... पन्ध्र दिनको अत्यन्त उद्विग्न प्रतीक्षाको परिणामस्वरूप सानीले पाई- "त्यो आएन ।" आँखामा आँसु, हृदयमा वेदना, प्राणमा अन्धकार, कण्ठमा भक्कानु र रोम रोमपर्यन्तमा आद्र रुदन भरेर त्यस यात्रीको सट्टामा सानीले यही चार अक्षरको स्वागत गरी आफ्नो मुटुमा बसाली- "त्यो आएन !"

कठैबरी, नारीको निर्बल हृदय ! तँमा उत्सर्गको परिमाण कति छ ? उत्सर्ग गर्नलाई तैँले कति रस, कति माया, कति बन्धन र कुन्नि के के सञ्चित गरिराखेकी छेस् ?

त्यस्ता कैयौँ पन्ध्र दिन बिते । जीवनमा र जीवनक्रममा आद्यन्त झैँ भिन्नता आइलाग्यो फेरि "त्यो आएन" को साथै "त्यो फेरि फर्कला कि ... ... ?" भन्ने पनि सम्बद्ध भई अभ्यन्तर यात्रा गर्न थाल्यो । यस यात्राको विराम कहाँ छ, लक्ष्य कहाँ छ र अन्त कहाँ छ, जीवनको शेषमा कि त्यसभन्दा पनि पारि, कुन्नि ?

क्रमशः अग्लो हुँदै गएको कष्टप्रद, कठोर, दुर्गम पहाडको क्षीण पथलाई आँखाले भेटेसम्म हेर्दा मान्छे पो हो कि भन्ने भ्रम पार्ने एउटा धब्बा जस्तो पनि केही देखिएन ।

हुँदाहुँदा युगैको परिवर्तन भयो । सानीकी आमा पनि अनन्तसँग भेट्न गइहाली जहाँ गएर कोही पनि फर्कन्न । सानीले आफ्नो माइतकै घरमा त्यही पुरानो व्यवसाय थामी बसी । त्यो लोग्नेकै घरमा भएका बखत "यात्री गइहालेछ कि ?" भन्ने सानीको साह्रै सम्भावनीय शङ्काको टुङ्गो लाग्यो । त्यसपछि नेपालबाट लाखौँ यात्रीहरू त्यही मार्खुको बाटो भई तल मधेसतिर ओर्ले तर "त्यो यात्री" कहिल्यै त फर्कला ! त्यसको निराश आशालाई डोऱ्याउने एउटा क्षीण, मसिनो धागोको छेउ प्राप्त हुन गयो र त्यसलाई त्यसले लम्याउँदै गई तर ... ! कति सुकुमार, कस्तो सुन्दर, कस्तो लोभ्याउने र कति लामो हुन्छ यो निराश आशाको मसिनो धागो ! त्यस धागाको बदला कसैले त्यसको जीवन, यौवन दुवैको धागो चाँडचाँडै तान्दै तान्दै गइरहेको थियो, तर सानीलाई यसको पत्ता थियो ? त्यो त आफ्नो अतीतको मनोरम स्मृति केवल एक दिन मात्रको क्षणिक स्वप्नमा व्याप्त थिई । त्यो स्वप्निल सुकुमारता, त्यो मधुरिमा, प्रथम यौवनको पहिलो उपहारमा कृतज्ञता स्वरूप त्यसले गरेको उत्सर्गको सार्थकता कहिले फेरि पनि आउला !" यही विधिलाई नित्य निरन्तर नयाँ तुल्याउँदै तह लाइराख्नमा नै त्यो व्यस्त थिई । त्यसलाई जीवनसूत्र तानेको थाहै कसरी हुन्थ्यो र ... ... ? प्रेम जीवनको बाटो हो र उत्सर्ग त्यसको अन्तिम लक्ष्य; त्यस लक्ष्यसम्म पुगेपछि पाइन्छ आफ्नो अस्तित्वको विलुप्ति ।

एक दिन साँझको बखत सानी आफ्नो पसल उठाइसकेपछि द्वारमा अन्यमनस्क भई उभिरहेकी थिई । यस्तै उभिरहेको अवस्थामा, यस्तै शान्त क्लान्त सन्ध्याको धमिलोपनामा, अनुरागको प्रतीक झैँ आएको थियो "त्यो यात्री ।" तर आजै मात्र होइन कि जीवनका अनेकौँ भग्न आकाङ्क्षा, सुस्याइरहेको आशा, मुटुको उदासीन पीडा लिई त्यसले कति कति पल्ट त्यसै द्वारमा उभिई आशाहीन व्यर्थ प्रतीक्षा गरी तर त्यो नआएको नआएकै भयो । यस्ता जम्मै मिथ्या स्वागतको उत्तरमा त्यसले पाएकी थिई- प्राणको तलबाट उम्लने एउटा नीरव आद्रता र गहभरि आँसु । आज पनि त्यो त्यसै उभिरही यात्रीको होइन कि त्यसको चिर परिचित त्यही आर्द्रता, त्यही आर्त,

मूक रुदन र त्यही आँसुको प्रतीक्षा गरिरहेकी थिई र एउटा यौवनपारि पुगिसकेको मानवदेहले त्यसको सामुन्ने आइपुगी सोध्यो- "यहाँ बास पाइन्छ ?"

हृदयमा बगिरहेको रक्त थामिन गए जस्तो हुन लाग्यो । एउटा बज्रप्रहार झैँ अतीतको मुड्की हानिन गयो "धक्क" । आउनेको मुख हेरेको हेरकै भइछ "त्यो सानी ।"

"यहाँ बास पाइन्छ कि पाइँदैन ?" फेरि प्रश्न भयो । सानीको मुख एकपल्ट झन् प्रदीप्त भएर तत्क्षणै कालो निर्जीव झैँ भइहाल्यो । त्यसले अन्तरिक्षतिर हेर्दै अत्यन्त कष्टसाथ भनी ... "पाइन्छ, भरियाहरू कता छन् ?"

"आउन लागेका छन् ।" - यात्रीले एउटा ढुङ्गामा बसेर भन्यो- "धेरै दिन भइसक्यो मधेसबाट नेपाल गएको, फर्कनै सकिनँ । आज बल्ल फर्कन लागेको छु, देख्छु, बाटो, पहाड जम्मै नयाँ जस्ता भइसकेका रहेछन् । नेपाल जान लागेको बखत पनि यसै घरमा बास बसेको थिएँ, आज पनि त्यो घर भएदेखि यसैमा बसुँला भन्ने विचार गरी घरबाट हिँडेको, बल्ल आइपुगेँ । खोइ त्यो बुढी ? सानी चाहिने त तिमी नै हौ कि ... ... ?"

बज्रादपि कठोर प्रलय गर्जनभन्दा पनि तीव्र कोलाहलमय त्यस आउनेको उपर्युक्त कुरा सानीको अन्तरमा उत्रिन गयो । त्यो त्रस्त भइहाली । यतिका दिनको दीर्घ प्रतीक्षा, यस्तो रौँ रौँलाई कल्पाइ राख्ने नैराश्यको रुदनको अन्तरलाई यस्तरी सजिलोपनामा स्वागत गर्न त्यो तयार थिइन । उफ् मानव ! सानीको यस्तो जीवनव्यापी समस्त आकाङ्क्षा, आशा, पीडा, रुदन, नैराश्य, तृष्णा, कल्पना, सुख, दुःख र समस्त आह्वानको प्रतीक जम्मै तिमी नै हौ, यो तिमीलाई थाहापर्यन्त पनि छैन । तिम्रो यो सजिलो प्रश्नमा तिम्रो यो अप्रत्याशित आगमनमा, यो जीवनव्यापी कथा समष्टिमा एउटा नारी हृदयको के के कति कति चूर्ण विचूर्ण भइसकेको छ, तिमी किन, कसरी अनुमान गर्न सक्तछौ !

सुदूर क्षितिजबाट आएको ध्वनि झैँ सानीको मुखबाट निस्क्यो- "अँ, सानी मै हुँ ।"

"हो, मैले चिनिसकेकै थिएँ । तर तिमी ... तिमी त बुढी भइसकिछौ !" आउनेले मुसुमुसु हाँस्तै भन्यो ।

बल्ल सानीका आँखा उघ्रे । त्यसलाई आफ्नो अङ्गप्रत्यङ्ग कसो खुम्चिन लागेको छाला देखेर बितेको दीर्घ समयको सम्झना भयो र झन् प्रत्यक्षमा त्यसले देखी, यात्राको तीन चौथाइ पूरा भएपछि त्यसले पाइछ - आशा समाप्तिको साथसाथै जीवनसन्ध्या पनि आइपुगेको रहेछ । दुनियाँ अर्कै भएको रहेछ, यस वर्तमानसँग त्यस सानीमा कुनै प्रकारको सामञ्जस्य रहेनछ ! आशाले अझसम्म बुद्धिलाई धोखा दिइरहेको थियो, सानी शिथिल, क्लान्त झैँ हुन गई । उभिइरहनमा शरीर साह्रै नै गलेको जस्तो भान हुन लाग्यो र त्यसै द्वारमा थचक्क बसी ।

बिहान हुनेबित्तिकै- त्यहीँ अतीतकै जस्तो यात्री फेरि हिँडिहाल्यो । त्यसै दिनदेखि त्यसको जीवनको उद्देश्यै हरायो । त्यसले अझसम्म आफ्नो अन्तरमा समाती, आफ्नो आशामा झुन्ड्याइराखेका त्यसका उमङ्ग, उत्साह र यौवनपर्यन्तलाई यात्रीको त्यही एउटै वाक्यले खाइदियो- "तर तिमी त बुढी भइसकिछौ !" त्यसपछि त्यो नारी, त्यो जीवनपर्यन्तको मूक आशा, त्यो आफैँमा निहित भइरहने गह्रुङ्गो वेदना, त्यो सानी आफ्नो दीर्घ प्रतीक्षामा आफैँमा समाप्त भइहाली । तर त्यति मात्रै होइन, आह ! प्राणभन्दा पनि बढ्ता माया गरी तह लाइराखेको त्यसको जीवनव्यापी परिचित, प्रिय त्यो प्रश्न पनि एउटा भयानक विषद्को अन्धकारमा विलुप्त हुन गयो- "त्यो फेरि फर्कला ?"

## शब्दभण्डार

१. **तल दिइएका शब्दहरूको विपरीत अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सुदूर | कृतघ्नता |
| कृतज्ञता | स्थिर |
| वेदना | अन्धकार |
| प्रदीप्त | सस्वर |
| अतीत | पर्यन्त |
| मूक | निकट |
| प्रवाह | भविष्य |
| | खुसी |

२. **गाढा शब्दको अर्थ पहिचान गरी चिनो लगाउनुहोस् :**

(क) खोलाले **अविराम** गीत गाइरहेकै थियो ।

(अ) आवाजविहीन (आ) निरन्तर (इ) रोकिई रोकिई (ई) ठुलो स्वरले

(ख) स्वरलाई अलि तान्दै, आश्चर्य र **उपेक्षा** मिश्रित स्वरमा उत्तर दिई ।

(अ) इच्छा (आ) चाहना (इ) बेवास्ता (ई) आग्रह

(ग) प्रश्न एकान्तजन्य **सङ्कोच**को मध्यम स्वरमा थियो ।

(अ) असजिलोपन (आ) सहज अवस्था (इ) धेरै सजिलोसँग (ई) शङ्का

(घ) एक दिन साँझको बखत सानी आफ्नो पसल उठाइसकेपछि द्वारमा **अन्यमनस्क** भई उभिरहेकी थिई ।

(अ) मन ठेगानमा नभएको अवस्था (आ) अन्ततिर ध्यान नगएको अवस्था

(इ) मन खुसी रहेका अवस्था (ई) अन्ततिर नसोचेको अवस्था

(ङ) त्यो **अभीसिप्त** पन्धौँ दिन पनि आयो ।

(अ) अड्किएको (आ) अनुभव भएको (इ) नजिक रहेको

(ई) ज्यादै प्रतीक्षा गरिएको

(च) त्यो आफ्नो अन्तरैमा **निस्तब्ध** भई ।

(अ) उत्सुक (आ) सुनसान (इ) आन्दोलित (ई) प्रफुल्ल

३. **दिइएका अर्थहरूको पर्यायवाची शब्द पाठबाट खोजी लेख्नुहोस् :**

(क) असजिलोपन

(ख) सुक्खा

(ग)) लजालु

(घ) रुवाइ

(ङ) पर्खाइ

(च) धुलोपिठो

(छ) व्यक्त नभएको

(ज) वज्रभन्दा पनि

४. **पाठमा रहेको “जाने बखतमा ....त्यो आएन !” कथांश पढी दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) ‘ता’ प्रत्यय लागेका चारओटा शब्द खोज्नुहोस् ।

(ख) चारओटा उपसर्ग व्युत्पन्न शब्द पहिचान गरी लेख्नुहोस् ।

(ग) यस अनुच्छेदमा प्रयुक्त दशओटा तत्सम शब्दहरूको सूची बनाउनुहोस् ।

५. **शब्दकोशको सहायता लिई दिइएका शब्दको अर्थ लेख्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

पर्यन्त, निस्तब्ध, उद्विग्न, उल्लास, क्लान्त, शिथिल, मधुरिमा, विषद्, सामञ्जस्य, उत्सर्ग, अभ्यन्तर, विलुप्त

## बोध र अभिव्यक्ति

१. **'त्यो फेरि फर्केला ?' कथा पढी दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) कथा कति अनुच्छेदमा संरचित छ ?

(ख) कथाको सबैभन्दा लामो अनुच्छेद कुन हो ?

(ग) कथाको कुन अनुच्छेदमा पुग्दा सानी र यात्रीको भेट भएको छ ?

(घ) संवादको प्रयोग नभएका अनुच्छेदहरू पाठमा कतिओटा छन् ?

२. **'त्यो फेरि फर्केला ?' कथा पढी दिइएका घटनाक्रम मिलाई लेख्नुहोस् :**

(क) यात्री सुतेपछि सानी यात्रीका कल्पनामा डुबुल्की मार्नु

(ख) एक दिन साँझको समयमा एउटा यात्री आएर यहाँ बास पाइन्छ भनेर सानीलाई सोध्नु

(ग) समयक्रममा सानीको विवाह हुनु र गृहस्थीका सम्पूर्ण कुरा सानीले स्वाभाविक रूपमा पूरा गर्नु

(घ) यात्री बिदा भएर गएपछि प्रत्येक दिन यात्रीलाई सम्झनु

(ङ) पन्ध्रौँ दिनसम्म उत्साहपूर्वक रूपमा सानी बस्नु तर यात्री नफर्कनु

(च) आमाले बास बस्न अनुमति दिनु

(छ) सानीकी आमाको स्वर्गे भएपछि सानी त्यहीँ गएर आमाको पेसा अँगालेर बस्नु

(ज) एक दिन अचानक त्यही यात्री आएर बास माग्नु

(झ) आमाको स्वीकृति र यात्री बास बस्ने निश्चित भएपछि सानी खुसी हुनु

(ञ) सानीले प्राणपर्यन्तसम्म पर्खेको यात्रीले कुराकानीका क्रममा तिमी त बुढी भइसकिछ्यौ भन्नु

(ट) सानीको दीर्घ प्रतीक्षा समाप्त हुनु

(ठ) यात्रीको बासका लागि सानी सक्रिय भएर लाग्नु र भित्रभित्रै यात्रीप्रति आकर्षित हुनु

(ड) आफूले मात्र यात्रीको प्रतीक्षा गरेको तर यात्रीले त्यस्तो कुनै आग्रह, अनुराग नभएको थाहा पाउनु

(ढ) बिहान हुनेबित्तिकै पहिले झैँ यात्री हिँड्नु

(ण) अनायास सानी यात्री सुतेको ठाउँमा पुग्नु र यात्री निश्चिन्त सुतिरहेको हुनु

**३. "विचारधारा अर्कैतिर....ओछ्यानमा लडी ।" कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) सानी के कारणले निस्तब्ध भई ?

(ख) यात्री सुतेको देखेपछि सानीलाई कस्तो लाग्यो ?

(ग) टुकी बालेपछि सानीलाई किन डर लाग्यो ?

(घ) सानीको मनोदशा कसरी परिवर्तन भएको छ ?

**४. दिइएका कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) त्यो तृष्णा, त्यो अनन्तकालीन प्रतीक्षा, त्यो दिनहुँको अभ्यस्त निराशाको धक्का त्यसको सासमा मिसिइसकेको थियो । त्यही त्यसको जीवन थियो, त्यही त्यसको जीवनक्रम । त्यसैलाई समातेर त्यो आफ्नो जीवन गृहस्थीको गृहिणी थिई, आफ्नी सासूकी बुहारी र पोइकी जोई । तर कदाचित् कुनै हठात् अभिशापले त्यहीँ छिन्नभिन्न गरिदिएको अवस्थामा पनि त्यो सानी चाहिने गृहिणी, बुहारी र लोग्नेकी स्वास्नी भइरहन सक्ली ? कुन हृदयबाट यस्तो आशा गर्ने ?

**प्रश्नहरू**

(अ) सानीको प्रतीक्षाले उसको कस्तो मनस्थितिलाई देखाएको छ ?

(आ) सानीको जीवनमा के कस्ता उतारचढावहरू देखिन्छन् ?

(ख) बल्ल सानीका आँखा उघ्रे । त्यसलाई आफ्नो अङ्गप्रत्यङ्ग कसो खुम्चिन लागेको छाला देखेर बितेको दीर्घ समयको सम्झना भयो र झन् प्रत्यक्षमा त्यसले देखी, यात्राको तीन चौथाइ पूरा भएपछि त्यसले पाइछ - आशा समाप्तिको साथसाथै जीवन सन्ध्या पनि आइपुगेको रहेछ । दुनियाँ अर्कै भएको रहेछ, यस वर्तमानसँग त्यस सानीमा कुनै प्रकारको सामञ्जस्य रहेनछ ! आशाले अझसम्म बुद्धिलाई धोखा

दिइरहेको थियो, सानी शिथिल, क्लान्त झैँ हुन गई । उभिइरहनमा शरीर साह्रै नै गलेको जस्तो भान हुन लाग्यो र त्यसै द्वारमा थचक्क बसी ।

**प्रश्नहरू**

(अ) सानीको प्रतीक्षा कसरी समाप्त भयो ?

(आ) यस अनुच्छेदमा सानीको कस्तो मनोविज्ञान प्रस्तुत भएको छ ?

५. **व्याख्या गर्नुहोस् :**

(क) समस्त जगत्मा नारीकै महान् ममता छरिन नगएको भए यो विशाल विश्व शुष्क रुख झैँ निर्जीव काठ मात्र रहन जान्थ्यो !

(ख) प्रेम जीवनको बाटो हो र उत्सर्ग त्यसको अन्तिम लक्ष्य, त्यस लक्ष्यसम्म पुगेपछि पाइन्छ आफ्नो अस्तित्वको विलुप्ति ।

७. **उत्तर दिनुहोस् :**

(क) दिइएका सन्दर्भका आधारमा सानीको चरित्र चित्रण गर्नुहोस् :

(अ) कथागत भूमिका

(आ) पारिवारिक स्थिति

(इ) शारीरिक स्थिति

(ई) मानसिक स्थिति

(उ) आर्थिक स्थिति

(ख) 'त्यो फेरि फर्कला ?' कथाले कस्तो मनोविज्ञान प्रस्तुत गरेको छ ?

(ग) 'त्यो फेरि फर्कला ?' कथामा सामाजिक, आर्थिक र प्राकृतिक परिवेशको चित्रण कसरी गरिएको छ ?

(घ) 'त्यो फेरि फर्कला ?' कथाको शीर्षक सार्थकता पुष्टि गर्नुहोस् ।

८. **आफ्नो घरमा बास बस्न आइपुगेको यात्रीका लागि सानीले गरेको दीर्घ प्रतीक्षा तपाईंलाई कस्तो लाग्यो, कथात्मक सन्दर्भका आधारमा विश्लेषण गर्नुहोस् ।**

९. **दिइएका अनुच्छेद पढी कुनै चारओटा प्रश्न निर्माण गर्नुहोस् :**

वरपरको वातावरण बदलिइसकेको थियो । सलाम करिस्मालाई छाडेर नदीतिर झरिसकेको थियो पानी खान । पर्यटकहरू तितरबितर भइसकेका थिए । करिस्मा पनि चर्न थालेकी थिई । बुधन करिस्माको नजिक गयो र चरिरहेको करिस्मालाई बिस्तारै सुमसुम्यायो । कानका जरी र गाला मुसाऱ्यो र अँगालो माऱ्यो । करिस्माले पनि आफ्नो नाक दराली उसको टाउकामा । भरोस दिए जस्तै लाग्यो बुधनलाई करिस्माले ।

सौराहा चोकनेर आइपुग्दा अकस्मात आफ्नो सामुन्ने हातमा दुवाली लिएको हरियालाई उभिरहेको देख्यो । झन्डै सातोपुत्लो उडेको उसको । उसलाई लाग्यो, हरियालाई सब पत्ता चलिसकेको छ । सलमान र करिस्माको कुरा । त्यसैले त उसलाई गाली गर्न वा पैसा माग्न उभिएको छ यहाँ । "हेर बुधन, मलाई नसोधी मेरै सलमानसँग मिलाइलिस आफ्नो करिस्माको ?" यही भनेर उसको गर्धनमा भएको गाम्छा समात्ने छ अनि "पच्चिस सय निकाली लिन्छस् कि यही दुवालीले मारिलिइहालुँ रे तँलाई ?" यसै भन्ला भन्ने डरले निलो भयो बुधन ।

"हे रे बुधन, मेरो सलमानको..." यति मात्र बोलेको थियो हरिया, बोली टुङ्ग्याउनै दिएन बुधनले । अत्तालिँदै दाहिने हातले आङ्ग्याउनै दिएन बुधनले । अत्तालिँदै दाहिने हातले आफ्नो रुद्रघन्टी समाउँदै भन्यो, "राम कसम हरिया चाचा, मैले करिस्मालाई सलमानको सँग... ।" डराएर पूरा वाक्य बोल्नै सकेन बुधनले । हडबडाएर काँपेको स्वरमा बोलेको देखेर आश विपरीत उसको काँध थपथपाउँदै हरियाले भन्यो, "के भयो रे बुधन तँलाई ? किन यसरी डराइलिएको ? मलाई भूत देखिलिइस् कि के हो रे ? मैले त मेरो सलमानको देखिहालिस् कि भनेर सोधिलिन खोजेको थिएँ । त करिस्मासँगै ल्याइदिहालेको भए हुने भनिलिन खोजेको थिएँ । मैले अच्छा खासा सवारी भेटेको छु । खैर छोडिहाल् । त्यही खोलोकै छेउमे चर्न छोडिलिए थेँ । अब म गएर ल्याइहाल्छु रे । तँ जाँदै गर्..... ।" बोल्दै हिँडिसकेको थियो हरिया ।

हरिया र बुधन विपरीत दिशातिर लागे । बल्ल बुधनको सास आयो । "धत्तेरी... हरिया चाचाको त मालुम नै रहेनछ, बित्थामा म पनि यति धेरै डराइलिएँ । आफ्नै टाउकामा प्याट्ट पाऱ्यो बुधनले अनि करिस्मातिर हेर्दै भन्यो, पत्ता नचलोस् चाचालाई अहिले । बस् तँ एउटा राम्रो बछेडा दिइदिहाल । त्यसपछि त पच्चिस सय हैन तीन हजार नै दिदिन्छु रे ।" ढुक्क हुन खोज्यो बुधन ।

टाँगा लिएर घरसम्म पुग्दा उसले बाटोभरि केही र कसैलाई देखेन । रातो रातो चिल्लो चिल्लो राम्रो सानो करिस्मा जस्तै बछेडा उसको आँखाभरि दौडिरह्यो ।

(मन्दिरा मधुश्रीको 'बुधनको घोडी' (२०७३) कथा सङ्ग्रहबाट साभार)

१०. **दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

सामान्य रूपमा बुझ्दा मनको विज्ञानलाई मनोविज्ञान भनिए पनि आधुनिक मनोविज्ञानले मानिसको व्यवहारको अध्ययन गर्दछ । अनुहार हेरेर मनको कुरा थाहा पाउने मात्र होइन, व्यक्तिको व्यवहार र उसले गर्ने प्रतिक्रियाका आधारमा उसका बारेमा अवधारणा बनाउनु मनोविज्ञान हो । व्यक्ति वातावरणमा बस्दछ । व्यक्ति र वातावरणबिच सधैँ क्रियाप्रतिक्रिया चलिरहन्छ । व्यक्ति आफ्नो चाहनाको तृप्तिमा लागेको हुन्छ । उसको चाहनाअनुकूल वातावरण नहुन सक्छ । व्यक्ति भने जहिल्यै उसको चाहनाअनुसार वातावरणमा परिवर्तन ल्याउन खोज्छ । यस्तो वातावरण निर्माण गर्न व्यक्तिले देखाउने क्रिया व्यवहार हो । मनोविज्ञानले व्यक्तिले आफ्नो चाहनाअनुसारको वातावरण निर्माण गर्न के कस्ता प्रतिक्रिया जनाउँछ भन्ने कुराको अध्ययन गर्दछ । व्यक्तिको व्यवहारमा असर पर्ने वातावरण तीन किसिमका हुन्छन् । घर, खेत, पहाड, आवाज, गन्ध, जाडो, गर्मी, बाटोघाटो, हाटबजार आदि भौतिक वातावरण हुन् । परिवार, छिमेक, नीतिनियम, कानुन, पेसा, व्यवसाय, व्यक्ति व्यक्तिबिचको आपसी सम्बन्ध आदि सामाजिक वातावरण हुन् । व्यक्तिका आफ्नै कल्पना, भावना, चाहना, इच्छा, आकाङ्क्षा, कुण्ठा, संवेग आदि मानसिक वा आन्तरिक वातावरण हुन् । यी वातावरणले उत्तेजनाको काम गर्ने भएकाले मानिसले उसमा पर्ने प्रभावका आधारमा फरक फरक प्रतिक्रिया देखाउँछ । मनोविज्ञानले यी वातावरण र तज्जन्य परिस्थितिले उत्पन्न भएको मानिसको एकीकृत व्यवहारको सिलसिलाबद्ध रूपमा अध्ययन गर्दछ ।

**प्रश्नहरू**

(क) मनोविज्ञान के हो ?

(ख) व्यक्ति कस्तो वातावरण निर्माण गर्न खोज्छ ?

(ग) सामाजिक र भौतिक वातावरणले मनोविज्ञानमा कसरी प्रभाव पार्छ ?

(घ) 'संवेग' र 'तज्जन्य' शब्दको अर्थ लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ६ सुन्नुहोस् र ठिक उत्तर पहिल्याउनुहोस् :**

(क) प्रस्तुत कथामा वर्णित घटना कुन समयमा घटेको हो ?

(अ) रातको एघार बजे (आ) रातको बाह्र बजे

(इ) रातको एक बजे (ई) रातको साढे बाह्र बजे

(ख) अप्रेसन खर्च कति लाग्ने रहेछ ?

(अ) पाँच लाख (आ) एक करोड

(इ) दश करोड (ई) दश लाख

(ग) एकाएक प्रकट भएका भगवान्‌ले के भने ?

(अ) ए ! मनुवा के सोच्दै छस् (आ) ए मनुवा ! तलाईं के चाहियो

(इ) ए मनुवा ! के माग्छस् माग् (ई) ए भाइ, म के मागूँ

(घ) म पात्रले के माग्यो ?

(अ) गाडी (आ) पैसा (इ) घर (ई) जीवन

(ङ) भगवान् के भनेर बिलाए ?

(अ) तथास्तु (आ) धन्यवाद (इ) तिम्रो इच्छा पूरा भयो (ई) नमस्कार

**२. सुनाइ पाठ ६ मा प्रयुक्त दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| (क) भ्रान्ति | अचानक |
| (ख) मनुवा | त्यस्तै होस् भनी आशीर्वाद दिइने शब्द |
| (ग) अप्रत्यासित | मानिस |
| (घ) तथास्तु | बोली बन्द रहेको स्थिति |
| (ङ) अवाक् | कुनै कुरो देख्दा वा सुन्दा त्यस्तै अर्को कुराको भान हुने अवस्था |

**३. सुनाइ पाठ ६ का आधारमा उत्तर दिनुहोस् :**

(क) म पात्र के सोचिरहेको थियो ?

(ख) म पात्रले आफैँलाई किन चिमोटेको हो ?

(ग) म पात्र हडबडाउनुको कारण के हो ?

(घ) भगवान्‌ले घडी हेर्दै के भने ?

(ङ) म पात्र किन चिच्यायो ?

(च) प्रस्तुत कथाको सार के हो ?

४. **मानिसहरू मनोवैज्ञानिक समस्यामा कसरी पर्छन्, छलफल गरी लेख्नुहोस् ।**

## भाषातत्त्व

१. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

अनि शान्तिको आकाङ्क्षामा गाँठो पर्दै आयो । हातको स्वेटर चपक्क समातिन् । भन्दछन् रोग लागेपछि औषधी गर्नुभन्दा रोगको बाटै छेक्नु जाती । त्यसो भए किन उनी गोपीनाथको आङमा पुग्नुअगावै स्वेटर नजलाइदिउन् । किनभने स्वेटर अहिले उनको कब्जामा छ । यस्तो सोच्दा शान्तिको मनमा सविताउपर अलिकति पनि सहानुभूति आएन भन्न सकिन्न । त्यसैले त उनको ईर्ष्याले तत्काल अर्को रूप धारण गऱ्यो र शान्ति बिस्तारै बिस्तारै स्वेटर उधार्न थालिन् । केही क्षणपछि नै उनको यो क्रिया यसरी बढ्दै गयो कि मानौँ कुनै मेसिनको तेज पुर्जाले स्वेटर उधारिरहेछ । उध्रेको ऊन एकातिर फराकिलिँदै गइरहेछ । अकार्यको यस दौडमा शान्तिको हातले एक बाजि सविताको पिठ्युँमा धक्का लाग्न पुग्यो । सविता ब्युँझी । एकतमासको अनुहार लगाएर दिदीलाई हेरी । डरले काँपेको सानो आवाजमा उसले सोधी– "के भने दिदी, किन उधार्नुभा' यो... ?"

('भिनाजुको स्वेटर' बाट साभार गरिएको)

(क) माथिको अनुच्छेदबाट ह्रस्व र दीर्घ प्रयोग भएका शब्दको अलग अलग सूची बनाउनुहोस् ।

(ख) माथिको अनुच्छेदबाट श, ष, स प्रयोग भएका शब्दको सूची बनाउनुहोस् ।

(ग) माथिको अनुच्छेदबाट ब, व, छ र क्ष प्रयोग भएका शब्दको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. **वर्णविन्यास ख्याल गरी कथाको अन्तिम अनुच्छेद सार्नुहोस् ।**

३. **दिइएका शब्दहरू शुद्ध पारी सार्नुहोस् :**

तापनी, प्रतिक्षा, सम्मूख, भरीया, सुकूल, क्रिडा, चौथाइ, श्रृंखलाबद्ध, सुदुर, निर्जिव, अभिसिप्त, उद्धिग्न, अतित, नैराष्य, समष्टी, निरव, कस्टप्रद, निष्तब्ध, अबिराम, बिश्वास, विहा, चन्चल सामान्जस्य, अंग, चुर्न, एस्तै, ह्विदय, छीण, प्रत्यछ्य, जिग्याँसा, सम्स्कृति, भन्डार, दुश्कल्पना, उत्शाह, ग्रिहिणी, अनन्तकालिन, वज्रपर्हार, अभ्भेन्तर

४. **दिइएका शब्दहरू कुन कुन शुद्ध र कुन कुन अशुद्ध छन्, पहिचान गर्नुहोस् :**

जेठाजू, भाउजू, पुर्बेली, बर्षेनी, तनहुँ, उर्दु, हात्ति, कति, कोशी, जुलुश, चरिनङ्ग्रे, विभुति, शिरीष, क्लिष्ट, आशिर्बाद, राष्ट्रिय, केन्द्रिय, प्रशंशा, माथी, वाकस, इन्साफ, इन्द्रेणी, किर्तिपुर, सङ्घ, बिकास, वाधा, सम्बन्ध, वेरुजु, छ्यमा, क्षत्रिय, एसरी, कर्तब्बे, एस, रिण, पृय, कृत्रिम, सन्देश, शुभ, सहीद, लान्छना, बृहत, सभासद

५. **वर्णविन्यास मिलाई पुनर्लेखन गर्नुहोस् :**

(अ) वायुमन्डलको संरचनामा भुमिका निर्बाह गर्ने ग्र्यासहरूको अनुपातमा फेरबडलले र मूलतः कार्बनडाइअक्साइडको मात्र बड्नाले प्रिथ्वीको तापकर्म बढ्न थालेको छ ।

(आ) त्यो तृस्णा, त्यो अनन्तकालिन पर्तीक्षा, त्यो दिनहुको अभ्भेस्त निरासाको धक्का त्यस्को शासमा मिसिइसकेको थियो ।

(इ) एस्तै प्रकारले नित्य नयाँ नयाँ कल्पनाहरूत्यसको आषालाई प्रदिप्त तुल्याउदै दिबसहरूलाई बिताउँदै गए । अन्तत त्यो चीर अभिसिप्त पन्ध्रौं दीन पनि आयो ।

६. **पदयोग र पदवियोग मिलाई पुनर्लेखन गर्नुहोस् :**

(अ) भरिया ले डोकाबाट भाँडा हरू झिकिसकेकोथियो । सानीलेमाथि बाट तुरुन्तै एउटा सानोपित्ले गाग्री ल्याइ दिई । त्यो समेत लिएर भरिया खोला तिरगयो ।

(आ) हुनसक्छ - यतैकतै हलोजोति रहेको होला अथवा घाँस खुर्किरहेकोहोला । न भन्दै सिमल को आड बाट परिछन टुप्लुक्कदेखा पर्‍यो, जोत्दा जोत्दैको हल गोरु अड्याएर ऊ हस्याङ फस्याङ गर्दैमतिर लम्कँदैथियो ।

(इ) यात्रीचाहिने बिहानै उठेर गइ हाल्यो । सानीको आँखामा आइ सकेका र छचल्किरहेका मूक मोह र कुन्निकस्ता अव्यक्तआकांक्षाहरू त्यसलाई निकै टाढा सम्म पहाडको टुप्पामा पुऱ्याई फर्के । कुन्नि के ले हो, त्यसको मनभारी हुँदैआयो, हृदयमा आर्द्र भावनाहरूमा गह्रुङ्गो प्रवाह बग्न थाल्योर त्यसकोभित्र मनमा लगातार एउटा प्रश्न उम्लन थाल्यो- “त्यो फेरि फर्कला ?”

## सिर्जना/परियोजना

**१. पुस्तकालयमा गई कुनै एउटा मनोवैज्ञानिक कथा खोजेर पढ्नुहोस् । उक्त कथाको मुख्य पात्रको मनोदशा के कस्तो रहेछ ? के कारणले त्यस पात्रको मनोदशा त्यस्तो बनेको होला, कक्षामा सुनाउनुहोस्**

**२. दिइएका बुँदाका आधारमा एउटा कथा तयार गर्नुहोस् :**

(क) सधैँ सामान्य पसलमा जाने गरेको कुनै पात्र आफूलाई चाहिएको सामान किन्न सुपर मार्केटभित्र छिर्नु ।

(ख) त्यहाँ सामानहरूलाई मनमोहक ढङ्गले सजाएको देख्नु

(ग) जति घुम्दै गयो उसलाई उति धेरै सामान किन्न मन लाग्नु

(घ) आफ्नो खल्ती विचार गर्नु

(ङ) एउटा सामान किन्न गएको भए पनि अनेक सामान किन्नु

(च) पैसा सिद्धिएपछि पनि अनेक अनेक थरीका सामान किन्न मन लागिरहनु

(छ) उसको मनमा पैसा नै सबैथोक रहेछ भन्ने पर्नु

(ज) त्यसपछिका दिनमा उसलाई सामान्य खालका दोकानमा सामान किन्दा लाज हुनु, कसैले नदेखे हुन्थ्यो भन्ने लाग्नु

(झ) ठुल्ठुला पसलमा किन्न जाँदा गौरवबोध हुनु, किनमेल गरेको बेलामा कसैले देखे हुन्थ्यो जस्तो लाग्नु

(ञ) उसको जीवनको आवश्यकता बजारले निर्धारण गर्न थाल्नु

**३. आफ्नो जीवनमा आइपर्ने विभिन्न घटनाले प्रत्येक मानिसलाई कुनै न कुनै मनोवैज्ञानिक समस्यामा पार्छ । यस्तो बेला कोही कुनै कुरामा ध्यानपूर्वक काम नै गर्न नसक्ने हुन्छन् । कोही आक्रामक र रिसाहा बन्छन् । कोही चिन्तामा पर्छन् । कोही अति खुसीले चिच्याउँछन् वा अति दुःखी हुन्छन् । तपाईंका जीवनमा आइपरेका यस्ता परिस्थितिका आधारमा तपाईंका मनमा खेलेका तर्कनालाई समेत समेटी एउटा छोटो कथा तयार गर्नुहोस् ।**

## सुनाइ पाठ ६

### तथास्तु

*– अशेष मल्ल*

रातको बाह्र बजेको थियो । कोठामा म थिएँ । स्वास्नी थिई बिरामी र सोचिरहेको थिएँ, अप्रेसनका लागि जुटाउनुपर्ने पाँच लाख रुपियाँ कहाँबाट ल्याउने ?

एकाएक प्रकट भए भगवान् कोठामा । झस्किएँ । के भयो ! के यो सत्य त हो ! चिमोटेँ आफैँलाई । रहेनछ यो कुनै सपना वा भ्रान्ति ।

मुस्कुराउँदै भने भगवान्ले- 'ए मनुवा ! के माग्छस् माग् ।'

यो अप्रत्यासित क्षण । म के मागूँ ?

'छिटो माग् ।' भने भगवान्ले ।

हड्बडिएँ सायद । के माग्ने ? बिल्डिङ, गाडी, पैसा ? सोचैँ माग्छु पैसा । चाहिएको छ अप्रेसनका लागि खुसी जीवनका लागि । तर कति माग्ने ? दश लाख, पचास लाख, एक करोड, दश करोड ?

'छिटो माग् । समय सकिन लाग्यो ।' भगवान्ले घडी हेर्दै भने ।

'एकै सासमा भनेँ- दश करोड रुपियाँ दिनुस् प्रभु !'

'तथास्तु !' भगवान् बिलाए । एकाएक थुप्रिए करोडका नोटहरू । खुसीले उफ्रिएँ र उठाउन खोजेँ स्वास्नी चिसो भइसकेकी थिई । नाडी छामेँ । थिएन नाडी । थियो स्वास्नीको लास एकातिर । अर्कोतिर नोटका बिटाहरू थिए अनि थिएँ म बिचमा अवाक् ।


चिच्याएँ- 'प्रभु । मलाई स्वास्नीको जीवन दिनुस् ।' तर थिएनन् भगवान् त्यहाँ । थियो शून्यता । केवल शून्यता । थिए नोटका बिटाहरू ।

*(मधुपर्क, लघुकथा अङ्क : २०५६ बाट साभार)*

पाठ ७

# पर्यापर्यटनका सम्भावना र आयाम

*– तीर्थबहादुर श्रेष्ठ*



मान्छे, प्रकृति र वातावरणबिचको सम्बन्ध र सन्तुलनलाई लिएर आजभोलि 'इकोफ्रेन्ड्ली', 'इकोटुरिजम' 'इकोटोरेरिजम' आदि 'इको' उपसर्ग जोडिएका थुप्रै लवजहरू प्रयोग हुन थालेका छन् । यस्ता अभिव्यक्तिको आधार 'इकोलोजी' र 'इकोसिस्टम' शब्द हुन् । सन् १८६९ मा अर्नस्ट हिकेल नामक एक जर्मन वैज्ञानिकले 'इकोलोजी' शब्द प्रयोगमा ल्याएका हुन् । यसमा ग्रिक भाषाका 'ओइकस' र 'लोगस' दुई शब्द समाविष्ट छन् । शाब्दिक अर्थमा घरलाई बुझाउने 'ओइकस' लाई अङ्ग्रेजीमा 'इको' लेखिन थालियो । त्यस्तै अध्ययन, अनुसन्धान, चर्चा, परिचर्चा हुने विद्यालाई जनाउने शब्द 'लोगस' 'लोजी' प्राप्त गरेर 'इकोलोजी' शब्द निर्माण भयो । यो विद्या अर्थात् 'इकोलोजी' अनुसार हामी बस्ने घर अर्थात् वासस्थानका विषयमा अध्ययन, अनुसन्धान, चर्चा, परिचर्चाले गर्दा त्यहाँको प्राकृतिक परिवेशभित्रको सम्पूर्ण जैविक पदार्थ (जीव, प्राणी र वनस्पति) तथा निर्जीव पदार्थहरू (जल, जमिन, हावापानी, घामपानी एवम् रासायनिक द्रव्यहरू) को आपसी सम्बन्धबारे बुझ्ने काम हुन्छ । कुनै वासस्थानको प्रणाली निरन्तर चलिरहनका लागि त्यहाँ सृष्टि र उत्पादनसँगै तिनको खपत र सम्भारको प्रक्रिया पनि निरन्तर चलिरहनुपर्छ । अर्थात् जन्म र जीवनको चक्रसँगै मृत्यु र संहार पनि चल्दै गर्नुपर्छ । संहार कार्यले पुनः सृष्टिलाई सघाइरहेको हुन्छ । सृष्टि, पालन र संहारको कार्य सम्पादन प्रणालीलाई वातावरण विज्ञानले 'इकोसिस्टम' अर्थात् पारिस्थितिक प्रणाली भन्दछ ।

कुनै एउटा पोखरी, ताल वा सिमसारको पारिस्थितिक प्रणालीलाई हेऱ्यौं भने त्यहाँ वनस्पति घाँस, पात, लेउ, झ्याउ एवम् सूक्ष्म जीवात्माले सौर्य शक्तिको सहायतामा खाद्य पदार्थ निर्माण गरिरहेका हुन्छन् । ती खाद्यवस्तु खपत गरेर जलचर प्राणी र माछाहरू मौलाउँछन् । माछा एवम् अन्य किराफट्याङ्ग्रा खान चराचुरुङ्गी वा गोही सर्पहरू त्यहाँ विचरण गरिरहेका हुन्छन् । त्यहाँ

पशुपन्छी वा वनस्पति मरेर, सडेर जल र जमिनलाई पोषण गरिरहेका हुन्छन् । यसै गरी समुद्रको पारिस्थितिक प्रणालीमा पनि सूक्ष्म वनस्पति र अरू झ्याउ लेउले सौर्य शक्तिको सहायतामा माछाको आहारा निर्माण गर्दछन् । माछालाई आहारा बनाएर ह्वेल माछालगायतका विभिन्न प्राणी बाँचिरहेका हुन्छन् । विश्वको सबभन्दा ठुलो प्राणी ह्वेलको आहाराको आधार ससाना माछामा निहित हुन्छ । सानो पोखरी होस् वा विशाल सागर त्यहाँको पारिस्थितिक प्रणालीभित्र आहाराको सञ्जाल निकै जटिल हुन्छ । सबैसँग सबै गाँसिएका हुन्छन् । त्यस्तै कुनै वनजङ्गलभित्रको पारिस्थितिक प्रणाली अध्ययन गर्‍यौँ भने सौर्य शक्ति र वनस्पतिले आहाराको प्रारम्भिक आधार खडा गरेपछि तिनलाई खपत गर्ने तृणहारी हरिण, मृगहरू त्यहाँ जीवन निर्वाह गर्न आइपुग्छन् । तिनलाई आहार बनाउने बाघ, चितुवा हुन्छन् । बाघ, चितुवा एवम् अरू पशुपन्छी र वनस्पति मरेपछि सडेर गलेर फेरि माटो र हावामा लीन हुन्छन् । पारिस्थितिक प्रणाली यसरी नै चलिरहन्छ । यही प्रणालीलाई आफ्नो वासस्थान बनाएर जीवात्माहरू पृथ्वीमा जन्मन्छन्, बाँच्दछन् र मर्दछन् ।

विहङ्गम दृष्टिले विचार गर्दा सम्पूर्ण पृथ्वी एउटा घर हो । यहाँ जल, स्थल, वायु, आकाश र तेज (प्रकाश) यी पाँच तत्त्व (पञ्चतत्त्व) का बिच जलचर, स्थलचर, नभचर र सबै चराचर आफ्नो जीवन बिताउँदछन् । पृथ्वीलाई छोडेर अन्य ग्रहमा जीवात्माको अस्तित्व भेटिएको छैन । त्यसैले हामी सबैले यहीँ बाँच्नुपर्छ, यहीँ मर्नुपर्छ । यो सिवाय अरू जाने ठाउँ छैन । पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै अस्तित्व सङ्कटमा पर्छ । हालका दिनमा जलवायु परिवर्तनका विषयमा विशेष गरेर वायुमण्डल प्रदूषणका कारण पृथ्वी सतह अप्रत्यासित ढङ्गले तात्ने क्रमलाई लिएर विशेष चिन्ता र चासो हाम्रा सामु तेर्सिएको छ ।

पृथ्वी एउटा जीवन्त ग्रह हो । यसको पारिस्थितिक प्रणालीभित्र विभिन्न उपप्रणालीहरू छन् । पृथ्वीको भूगोलमा यी प्रणालीलाई सञ्चालन गर्ने जलवायुका प्रमुख चार कटिबन्धहरू छन् । भूमध्यरेखाको उत्तर तथा दक्षिणतिर क्रमैले उष्ण, उपउष्ण, शीतोष्ण एवम् हिमाच्छादित ध्रुवीय कटिबन्धहरू रहेका छन् । पृथ्वीमा जलवायुको विविधता अक्षांशका आधारमा वर्गीकरण गरिन्छ । तर पर्वतीय परिवेशमा चाहिँ जलवायु विविधता उचाइअनुसार कायम हुन्छ । हिमालय क्षेत्रमा १००० मिटरभन्दा होचो भागमा उष्ण जलवायु त्यसभन्दा उच्च भूभागमा २००० मिटरसम्म उपउष्ण जलवायु, त्यसभन्दा उच्च क्षेत्रमा ३००० मिटरसम्म शीतोष्ण कटिबन्ध, त्यसभन्दा माथिको शीतप्रधान कटिबन्ध उपलेकाली ४००० मिटरसम्म र त्यहाँबाट ५००० मिटरसम्म लेकाली हावापानी हुन्छ । ५००० मिटरभन्दा उच्च भागमा हिमाच्छादित क्षेत्र हुन्छ । त्यसैले हिमालयलाई तेस्रो ध्रुव पनि भनिन्छ ।

जलवायुका कटिबन्धभित्र विभिन्न प्रकारका पारिस्थितिक प्रणालीहरू पहिचान गर्न सकिन्छ । पारिस्थितिक प्रणालीको पहिचानमा वन्य पारिस्थितिक प्रणाली, घाँसे मैदान अर्थात् तृणप्रधान

पारिस्थितिक प्रणाली, सिमसार पारिस्थितिक प्रणाली एवम् कृषि पारिस्थितिक प्रणाली छुट्याउन सकिन्छ । लेकाली क्षेत्रमा बुट्यान पारिस्थितिक प्रणाली पनि पहिचान हुन्छ । वन पनि विभिन्न प्रकारका हुन्छन् । चितवन राष्ट्रिय निकुञ्जभित्रको वन्य पारिस्थितिक र अन्नपूर्ण संरक्षित क्षेत्रमा वन्य पारिस्थितिक बिलकुलै भिन्न हुन्छन् । चितवनको घाँसे मैदान र मुस्ताङको घाँसे मैदान एकै हुँदैन । रारा दहको सिमसार र बेगनास तालको सिमसार पनि बेग्लै प्रकृतिका हुन्छन् ।

नेपालको पर्यावरण र यसका पारिस्थितिक प्रणालीलाई सरलसँग बुझ्न र बुझाउन नेपाललाई बार्दलीसहितको एउटा पाँच तले घर कल्पना गर्न सकिन्छ । भुइँतलामा तराई, पहिलो तलामा चुरे मधेस तथा टारबेँसी, दोस्रो तलमा पहाडी प्रदेश, तेस्रो तलामा पर्वतीय (उपलेकाली) प्रदेश, चौथो तलामा उच्च पर्वतीय (लेकाली) भाग र त्यसको शिरमा हिमाच्छादित छानाका रूपमा हिमाली शिखरहरू अवस्थित रहेको कल्पना गर्न सकिन्छ । यस भवनको उत्तरी मोहडामा बार्दली झैँ निस्किएको भोट प्रदेश पर्न आउँछ । पर्वतीय धरातलले गर्दा यस घरको पर्यावरणीय जटिलतालाई पर्वतीय पारिस्थितिक प्रणाली भन्ने चलन छ । पर्वतीय धरातलले प्रदान गरेको प्राकृतिक विविधता र तिनका विलक्षण छटाहरूको आकर्षणका कारण विश्व समुदायबाट नेपाल आउने पर्यटकहरूको घुइँचो बढ्दो छ । पर्यावरण, प्राकृतिक सम्पदा तथा सांस्कृतिक विविधताको आकर्षणमा मौलाउने पर्यटनलाई विशेष प्रकारको व्यवस्थापन आवश्यक हुन्छ । त्यसलाई चलनचल्तीमा पर्यापर्यटन भन्ने गरिन्छ ।

पर्यापर्यटनको प्रमुख दायित्त्व पर्यावरणलाई शुद्ध राख्ने र तिनलाई बिथोल्ने कुनै क्रियाकलाप नगर्ने जिम्मेवारी वहन गर्नु हो । यस व्यवसायले प्रकृति संरक्षण कार्यलाई आर्थिक एवम् प्राविधिक स्रोत साधन जुटाएर सहयोग पुऱ्याउनुपर्छ । त्यसका अतिरिक्त स्थानीय जनसमुदायको जीविकामा आर्थिक टेवा पनि अनिवार्य रूपमा पुग्नै पर्ने हुन्छ । प्रकृति संरक्षण र पर्यटनबिच सामाजिक सद्भाव कायम भएन भने पर्यापर्यटन विफल हुन्छ, भत्किन्छ । पर्यापर्यटनका विशेषतालाई निम्नलिखित दृष्टिले हेर्नुपर्छ :

(क) यो व्यवसाय प्रकृति र पर्यावरणको आकर्षणमा आधारित हुनु आवश्यक हुन्छ । त्यो सगरमाथा पनि हुन सक्छ वा सारस पनि हुन सक्छ ।

(ख) यस उद्योगको दिगोपनलाई पर्यावरणले सघाउनुपर्छ । जल, जमिन र स्वच्छ वातावरण कायम हुनुपर्छ ।

(ग) यसका क्रियाकलाप प्रकृति, प्राकृतिक सम्पदा र स्थानीय सांस्कृतिक निधि संरक्षण गर्ने हुनुपर्छ । संरक्षण शिक्षामा यसको योगदान कायम हुनुपर्छ । पर्यटकहरू अनुपम अनुभव र नयाँ चेतना लिएर फर्कन पाउनुपर्छ ।

(घ) यस उद्योगले स्थानीय अर्थतन्त्रलाई टेवा पुऱ्याउनुपर्छ ।

(ङ) यस उद्योगबाट प्रकृति संरक्षण र संवर्धनलाई आर्थिक रूपमा सहयोग पुग्नुपर्छ । चितवन राष्ट्रिय निकुञ्ज होस् वा स्याङ्जाको सिरुबारी पर्यटनको आम्दानी नै संरक्षण कार्यमा खर्च हुने व्यवस्था मिल्नुपर्छ ।

(च) यसका सम्पूर्ण क्रियाकलाप र व्यवस्थापनबाट पाहुनाहरू सन्तुष्ट र खुसी हुनुपर्छ । बर्दिया राष्ट्रिय निकुञ्जका बाघ देखेर अमेरिकी एक अभिनेताले नेपालका बाघ संरक्षणमा तीन लाख डलर सहयोग गरेको घटनाबाट प्रेरणा लिएर अरू दाताहरू पनि उत्साहित हुने परिस्थिति बनाउनुपर्छ ।

(छ) यस उद्योगमार्फत अन्तर्राष्ट्रिय सद्भाव र भाइचारालाई सहयोग पुऱ्याएर नेपालको छवि उच्च बनाउन सफल हुनुपर्छ । विश्व बन्धुत्वमा नेपालको प्राकृतिक सम्पदाले पुऱ्याएको योगदानलाई अहिले हामीले लेखाजोखा गर्न सकेका छैनौँ ।

वर्तमान तथ्याङ्कले प्रतिवर्ष लगभग एघार लाख विदेशी पर्यटक नेपाल भित्रिने गरेको देखाउँछ । नेपाल सरकारले त्यसलाई अझ वृद्धि गर्ने लक्ष्य राखेको छ । पर्यटक ती हुन्, जसले आफ्नो फुर्सद बिताउनका लागि पैसा खर्च गर्दछन् । जे जस्तो लक्ष्य लिएर आए तापनि हामी अतिथिको स्वागत गर्छौं, हाम्रो वासस्थान अर्थात् हाम्रो घर नेपालमा । हाम्रो घर व्यवस्थापन अर्थात् हाम्रो पारिस्थितिक प्रणालीभित्र तिनको स्वागत हुन्छ । तिनको उपस्थितिले हाम्रो वातावरणलाई प्रतिकूल प्रभाव पर्न र पार्न दिनुहुँदैन । पर्यटन व्यवसायमा घरधनी र पाहुना दुवै सचेत हुनुपर्छ । पर्यावरणसम्मत क्रियाकलापका आधारमा सम्पन्न हुने पर्यटन व्यवसायलाई मात्रै पर्यापर्यटनको दायराभित्र व्याख्या गर्न सकिन्छ ।

पर्यटकीय गतिविधिहरू जल, स्थल र आकाशमा समेत सञ्चालन हुने गर्छन् । पर्वतारोहण, पदयात्रा, जङ्गल सफारी, वन्यजन्तु अवलोकन, भिर माहुरीको मह सङ्कलन जस्ता अद्वितीय परम्पराको दृश्यावलोकन, पर्वतीय बाइक यात्रा, घोडसवार, रक क्लाइम्बिङ, प्राकृतिक गुफा अन्वेषण र अवलोकन, हिउँचिप्लेटी, गल्फलगायतका अरू खेलकुद पनि स्थलगत क्रियाकलाप हुन् । ती सबै प्रकारका क्रियाकलाप सम्पन्न गर्न पर्यापर्यटनका विभिन्न आचारसंहिता पृथक् रूपमा निर्माण गरेर तिनको सम्मान गर्न र गराउन सक्नुपर्छ । त्यस्तै जलक्रीडाहरू ऱ्याफ्टिङ, कायाकिङ, क्यानोइङ, बोटिङ, मत्स्य विहार आदिका सम्बन्धमा पनि पर्यापर्यटनका सिद्धान्त र आचारसंहिता पालना हुनुपर्छ । आजभोलि नेपालको आकाशमा पर्वतीय उडानहरू, ह्यान्ड ग्लाइडिङ, पाराग्लाइडिङ, अल्ट्रा लाइट एयर क्राफ्ट, हट एयर बेलुन, स्काइ डाइभिङ आदि विभिन्न पर्यटकीय क्रियाकलापसँगै बन्जी जम्पिङ जस्तो साहसी पर्यटन पनि लोकप्रिय बन्दै छ । पर्यावरणको दृष्टिले स्वच्छ वायु

र स्वच्छ आकाश कायम गर्न पर्यटकीय क्रियाकलापलाई पर्यावरणमैत्री बनाउनै पर्ने हुन्छ । पर्यापर्यटनको बृहत् दायराभित्र ग्रामीण पर्यटन, सांस्कृतिक पर्यटन, तीर्थाटन, धार्मिक तथा आध्यात्मिक पर्यटनलगायत शैक्षिक भ्रमण एवम् अनुसन्धानमूलक पर्यटन पनि फस्टाउन थालेको छ । यी सबै क्रियाकलाप हाम्रो पारिस्थितिक प्रणालीभित्रै सम्पन्न हुने कुरा हुन् । हाम्रो पारिस्थितिक प्रणालीलाई स्वस्थ र दिगो बनाइराख्न  पर्यावरणमैत्री नीति, नियम, कानुन र आचारसंहिताको पालना हुनुपर्छ ।

आफ्नो गाउँ र ठाउँका पर्यटनीय आकर्षणहरू (प्राकृतिक एवम् सांस्कृतिक) का बारेमा हामी आफैँ सचेत हुनुपर्छ । स्थानीय गौरव र गाथाका प्राकृतिक एवम् सांस्कृतिक सम्पदाहरूको छायाबाट नयाँ पिँढीलाई रोजगारका अवसर मात्र हैन, स्वाभिमानसमेत हौस्याउने अवस्था सिर्जना हुन्छ । नयाँ पिँढीको विदेश पलायनलाई आफ्नै पर्यावरणको आकर्षणले नियन्त्रण गर्नु आजको माग पनि हो, हाम्रो नेपालको ।

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) पारिस्थितिक प्रणाली | आकाशमा उडिरहेको चराले जस्तै कुनै कुरालाई हेर्ने काम |
| (ख) विहङ्गम दृष्टि | पानीमा गर्न सकिने विभिन्न खेल; मनोरञ्जन |
| (ग) तृणहारी | हिउँ नै हिउँले ढाकिएको छाना |
| (घ) कटिबन्ध | वातावरण सुहाउँदो |
| (ङ) पर्यापर्यटन | पक्षमा नभएको प्रभाव |
| (च) जलक्रीडा | दुबो, पराल, खर आदि घाँसपात खाने |
| (छ) पर्यावरणमैत्री | परिस्थितिका कारण निम्तिने प्रणाली |
| (ज) प्रतिकूल प्रभाव | पृथ्वीका दुई ध्रुवका बिचका भूभागलाई हावापानी आदिका हिसाबले बाँडिने भाग |
| (झ) हिमाच्छादित छाना | पर्यावरण, प्राकृतिक सम्पदा तथा सांस्कृतिक विविधताका कारण हुने पर्यटन |

२. **दिइएका शब्दहरूको अर्थ शब्दकोशका सहायताले पत्ता लगाउनुहोस् :**

लवज, वायुमण्डल, सञ्जाल, लीन, नभचर, अक्षांश, शीतोष्ण, सिमसार

३. **पाठबाट दशओटा आगन्तुक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

४. **पाठबाट पर्यटन र पर्यावरणसँग सम्बन्धित दश दशओटा शब्द पहिचान गरी लेख्नुहोस् ।**

## बोध र अभिव्यक्ति

१. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) पर्यापर्यावरण पाठ कति अनुच्छेदमा संरचित छ ?

(ख) सबैभन्दा लामो अनुच्छेद कुन हो र कति वाक्यमा संरचित छ ?

(ग) सबैभन्दा छोटो अनुच्छेदमा कति वाक्यहरू छन् र कुन हो ?

२. **दिइएका विषय सन्दर्भ कुन कुन अनुच्छेदमा छन् ?**

(अ) पृथ्वीका वनस्पति र प्राणी एकअर्कामा निर्भर रहने

(आ) पृथ्वीमा भिन्न भिन्न वन्य पारिस्थितिक प्रणालीको चर्चा

(इ) नेपालको पर्यावरणीय भिन्नतालाई पाँच तले घरसँग तुलना

(ई) इकोसिस्टम शब्दको परिचय

(उ) पर्यापर्यटनको विकास गरी नेपालमै रोजगारको अवसर प्रदान गर्नुपर्ने

(ऊ) पर्यटकीय गतिविधि विभिन्न पर्यावरण मैत्री नीतिनियम, कानुन र आचार संहिता बनाई लागु गर्नुपर्ने

३. **पाठको दोस्रो अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) जलचरहरू के खाएर बाँच्छन् ?

(ख) जमिनले पोषण कसरी प्राप्त गर्दछ ?

(ग) आहाराको सञ्जाल कसरी निर्माण हुन्छ ?

(घ) प्राणीहरू किन जन्मन्छन् र मर्छन् ?

४. **दिइएको निबन्धांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

विहङ्गम दृष्टिले विचार गर्दा सम्पूर्ण पृथ्वी एउटा घर हो, गृह हो । यहाँ जल, स्थल, वायु, आकाश र तेज (प्रकाश) यी पाँच तत्त्व (पञ्चतत्त्व) का बिच जलचर, स्थलचर, नभचर र सबै चराचर आफ्नो जीवन बिताउँदछन् । पृथ्वीलाई छोडेर अन्य ग्रहमा जीवात्माको अस्तित्व भेटिएको छैन । त्यसैले हामी सबैले यहीँ बाँच्नुपर्छ, यहीँ मर्नुपर्छ । यो सिवाय अरू जाने ठाउँ छैन । पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै अस्तित्व सङ्कटमा पर्छ । हालका दिनमा जलवायु परिवर्तनका विषयमा विशेष गरेर वायुमण्डल प्रदूषणका कारण पृथ्वी सतह अप्रत्यासित ढङ्गले तात्ने क्रमलाई लिएर विशेष चिन्ता र चासो हाम्रो सामु तेर्सिएको छ ।

**प्रश्नहरू**

(क) पृथ्वी नै सबैको साझा घर हो, कसरी ?

(ख) वायुमण्डल प्रदूषणका कारण पृथ्वीको सतह अप्रत्यासित ढङ्गले तात्ने क्रमलाई लिएर किन चासो र चिन्ता बढेको छ ?

५. **दिइएको निबन्धांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

पर्यटकीय गतिविधिहरू जल, स्थल र आकाशमा समेत सञ्चालन हुने गर्छन् । पर्वतारोहण, पदयात्रा, जङ्गलसफारी, वन्यजन्तु अवलोकन, भिरमाहुरीको मह सङ्कलन जस्ता अद्वितीय परम्पराको दृश्यावलोकन, पर्वतीय बाइकयात्रा, घोडसवार, रक क्लाइम्बिङ, प्राकृतिक गुफा अन्वेषण र अवलोकन, हिउँ चिप्लेटी, गल्फलगायतका अरू खेलकुद पनि स्थलगत क्रियाकलाप हुन् । ती सबै प्रकारका क्रियाकलाप सम्पन्न गर्न पर्यापर्यटनका विभिन्न आचारसंहिता पृथक् रूपमा निर्माण गरेर तिनको सम्मान गर्न र गराउन सक्नुपर्छ । त्यस्तै जलक्रीडाहरू न्याफ्टिङ, कायाकिङ, क्यानोइङ, बोटिङ, मत्स्य विहार आदिका सम्बन्धमा पनि पर्यापर्यटनका सिद्धान्त र आचारसंहिता पालना हुनुपर्छ । आजभोलि नेपालको आकाशमा पर्वतीय उडानहरू, ह्यान्ड ग्लाइडिङ, पाराग्लाइडिङ, अल्ट्रा लाइट एयर क्राफ्ट, हट एयर बेलुन, स्काइ डाइभिङ आदि विभिन्न पर्यटकीय क्रियाकलापसँगै बन्जी जम्पिङ जस्तो साहसी पर्यटन पनि लोकप्रिय बन्दै छ । पर्यावरणको दृष्टिले स्वच्छ वायु र स्वच्छ आकाश कायम गर्न पर्यटकीय क्रियाकलापलाई पर्यावरण मैत्री बनाउनै पर्ने हुन्छ । पर्यापर्यटनको बृहत् दायराभित्र ग्रामीण पर्यटन, सांस्कृतिक पर्यटन, तीर्थाटन, आध्यात्मिक पर्यटनलगायत शैक्षिक भ्रमण एवम् अनुसन्धानमूलक पर्यटन पनि फस्टाउन थालेको छ । यी सबै क्रियाकलाप हाम्रा पारिस्थितिक प्रणालीभित्रै सम्पन्न हुने कुरा हुन् । हाम्रो पारिस्थितिक प्रणालीलाई स्वस्थ र दिगो बनाइराख्न पर्यटन व्यवसायलाई पर्यावरणमैत्री नीति, नियम, कानुन र आचारसंहिताको पालना हुनुपर्छ ।

**प्रश्नहरू**

(क) पर्यटकीय गतिविधिका क्षेत्रहरू के के हुन् ?

(ख) पर्यापर्यटनका निम्ति आचारसंहिता कसलाई र किन आवश्यक छ ?

६. **उत्तर दिनुहोस् :**

(क) जलवायुका दृष्टिकोणले पृथ्वीलाई कसरी वर्गीकरण गरिएको छ ?

(ख) पर्यापर्यटनका विशेषताहरू उल्लेख गर्नुहोस् ।

(ग) जल, थल र आकाशमा हुने पर्यटकीय गतिविधि उल्लेख गर्नुहोस् ।

(घ) नेपालको पर्यावरणको विविधतालाई निबन्धमा कसरी वर्णन गरिएको छ ?

७. **व्याख्या गर्नुहोस् :**

(क) पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै अस्तित्व सङ्कटमा पर्छ ।

(ख) नयाँ पिँढीको विदेश पलायनलाई आफ्नै पर्यावरणको आकर्षणले नियन्त्रण गर्नु आजको माग पनि हो ।

८. **समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) नेपालको पर्यावरणले पर्यटनलाई कसरी सहयोग पुऱ्याएको छ ?

(ख) नेपालको पर्यापर्यटनको विकासमा स्थानीय समुदाय तथा सरकारको भूमिका उल्लेख गर्नुहोस् ।

९. **दिइएको अनुच्छेद पढी कुनै पाँचओटा प्रश्न निर्माण गर्नुहोस् :**

यार्सागुम्बा उच्च पहाडी तथा हिमाली भेकमा पाइने अनौठो किसिमको शक्तिवर्द्धक जडीबुटी हो । यार्सागुम्बा यस कारणले पनि अनौठो छ, जुन हिउँदभरि एक किसिमको झुसिल्किराको रूपमा रहन्छ र वर्षा लाग्न थालेपछि त्यस झुसिल्किराको शरीरमा ढुसी आउँछ । त्यो ढुसी नै वनस्पतिमा रूपान्तरित हुन्छ । यो तीन हजार पाँच सय मिटरदेखि पाँच हजार मिटर उचाइसम्मको चिसो हावापानी भएका रसुवा, गोरखा, मुस्ताङ, मनाङ, जुम्ला, हुम्ला, कालिकोट, मुगु, डोल्पा, बझाङ, दार्चुला जिल्लाहरूमा पाइन्छ । नेपालका अतिरिक्त भारत, भुटान र चीनको तिब्बत प्रदेशमा पनि यसको उपलब्धता छ । चीनमा यसको उपयोग शक्तिवर्द्धक जडीबुटीका रूपमा दुई हजार वर्ष अघिदेखि नै भए पनि नेपालमा भने केही वर्ष अघिसम्म हिमाली भेगका बासिन्दाहरूले चौँरीलाई ताकत बढाउने ओखतीका

रूपमा मात्र प्रयोग गर्दथे । गएको दुई दशक यता भने नेपालमा पनि अत्यन्त बहुमूल्य जडीबुटीका रूपमा मानिसहरूले यसको उपयोग गर्न थालेका छन् । यसको सङ्कलन र खरिदबिक्रीबाट राज्यलाई ठुलो राजस्व प्राप्त हुन थालेको छ । राज्यस्तरबाटै यसको उचित संरक्षण, व्यवस्थित सङ्कलन र तस्करहरूबाट हुने चोरी निकासीलाई नियन्त्रण गर्न सके देशलाई ठुलो आम्दानी प्राप्त हुने कुरामा दुई मत छैन ।

१०. **दिइएको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

आधुनिक भौतिक विज्ञानले विश्वमा एउटा नयाँ क्रान्तिको जन्म दिएको छ । भौतिक विज्ञानका प्रणेता न्युटनलाई मानिन्छ । तर न्युटन मात्र नभएर ग्यालिलियो र आइन्स्टाइन यी तीनै जना भौतिक विज्ञानका प्रणेता मानिन्छन् । न्युटनले चालको नियम, ग्यालिलियोले खगोल विज्ञान र आइन्सटाइनले सापेक्षता (आफू स्वतन्त्र नभएर अर्कासित सम्बद्ध हुने गुण वा अवस्था) को नियम पत्ता लगाएका हुन् । भौतिक विज्ञानको आरम्भ प्राचीन ग्रिकबाट भएको मानिन्छ । यसले शक्ति र बलसँग सम्बन्धित समय र स्थानबाट चाल र पदार्थको अध्ययन गर्दछ । अर्थात् यसले वस्तुको चाल र त्यसमा बलको असरका बारेमा अध्ययन गर्दछ । त्यति मात्र नभएर यसले विद्युत् तरङ्ग र त्यसको असरको पनि अध्ययन गर्दछ । विद्युत् तरङ्गकै माध्यमबाट सात समुद्रपारिका मानिससँग प्रत्यक्ष कुराकानी गर्न सकिन्छ । यसको अध्ययनको क्षेत्र असीमित छ । भौतिक विज्ञानकै माध्यमबाट प्रकृति र जीवन जगत्का विविध पक्षको अध्ययन गरिन्छ । यस विज्ञानले स्थान, काल, गति, विद्युत्, प्रकाश, ऊर्जा, भूगर्भ तथा खगोल आदि अनेक विषयको प्रामाणिक अध्ययन गर्दछ । समग्रमा प्रकृति, जीवनजगत् तथा ब्रह्माण्डसमेतको बृहत् क्षेत्रलाई यसले आफ्नो अध्ययनमा समेटेको छ ।

**प्रश्नहरू**

(क) भौतिक विज्ञानका प्रणेता को को हुन् ?

(ख) भौतिक विज्ञानका आधारमा शक्ति र बलमा के भिन्नता छ ?

(ग) माथिको अनुच्छेदबाट दुईओटा समस्त शब्द टिप्नुहोस् र तिनको बनोट देखाउनुहोस् ।

(घ) भौतिक विज्ञानले कसरी प्रकृतिको व्यापक क्षेत्रलाई समेटेको छ ?

(ङ) 'भूगर्भ' र 'खगोल' शब्दको अर्थ लेख्नुहोस् ।

११. **दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सार लेख्नुहोस् :**

नेपालको भूमिमा प्रशस्त खनिज सम्पदाहरू छन् । नेपाली भूगोलको सतह तथा भूगर्भभित्र सुन, चाँदी, फलाम, तामा, अभ्रक, सिसा, जस्ता, खरी, स्लेट, मार्बल, गेरु, कोइला, ग्याँस, पेट्रोलियम, युरेनियम, सोडा, बिरेनुन आदि अनेकौँ खनिजहरू छन् । सुनकोसी, बुढी गण्डकी, काली गण्डकी, रिउ खोला, कोसी आदिमा सुन पाइन्छ । यसका साथै कर्नालीको बगरमा पनि सुन पाइन्छ । चिसापानी गढी, बागलुङ र फूलचोकीमा चाँदी पाइन्छ भने ठोसे, फूलचोकी, चितवन, कुलेखानी, भैँसे, फर्पिङ, डोटी आदिमा प्रशस्त फलाम पाइन्छ । तामाखानी, कुलेखानी, बुद्ध खोला, वाप्सा, मार्फा, इलाम, म्याग्दी आदिमा तामा र भोजपुर, सिन्धुली, लमजुङ, गोसाइँकुण्ड, सुन्दरीजल जस्ता ठाउँमा अभ्रक भन्ने खनिज पाइन्छ । चोभार, भैँसे, धनकुटा, मोरङ जस्ता ठाउँमा चुनढुङ्गा र गणेश हिमाल, फूलचोकी, मकवानपुर, माजेर खोला आदि ठाउँमा सिसा जस्ता पाइन्छन् । त्यसै गरी चिसापानी गढी, गोसाइँकुण्डमा गन्धक तथा खोटाङ, सिन्धुपाल्चोक, भोजपुरमा खरी पाइन्छन् । दाङ, सल्यान, चौतारा, काठमाडौँ उपत्यका आदि ठाउँमा कोइला र नेपालगन्ज, मुक्तिनाथ, दैलेख, प्युठान, कोइलाबास, दाङलगायतका धेरै ठाउँमा पेट्रोलियम पाइने सम्भावना छ । अत्यन्त बहुमूल्य मानिने युरेनियम मुक्तिनाथलगायतका केही ठाउँमा पाइने कुरा अनुसन्धानहरूले देखाएको छ । यस्ता खनिजहरूको आधुनिक तरिकाले उत्खनन, प्रशोधन र प्रयोग गर्न आवश्यक छ ।

१२. **दिइएको पाठ पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

**अनुच्छेद संरचना**

आधारभूत रूपमा अनुच्छेद दुई किसिमका हुन्छन् - आत्मपरक अनुच्छेद र वस्तुपरक अनुच्छेद । यसलाई प्रस्तुति वा शैलीका आधारमा गरिने वर्गीकरण पनि मानिन्छ ।

आत्मपरक अनुच्छेदमा लेखकको विचार वा अनुभूतिलाई प्राथमिकता दिइन्छ । यसमा लेखकले कुनै वस्तु, घटना वा भावमाथिका आफ्ना निजी विचारहरू राख्दछ । लेखकले राखेका यस्ता विचारहरूमाथि पाठक सहमत हुन पनि सक्छ र नहुन पनि सक्छ । यस किसिमको अनुच्छेदको दृष्टिबिन्दु प्रायजसो प्रथम पुरुषात्मक हुन्छ ।

वस्तुपरक अनुच्छेदमा लेखकले तथ्यहरूमाथि बढी जोड दिएको हुन्छ । वस्तु, घटना वा भावको अनुच्छेद तयार पार्ने सिलसिलामा लेखक सामान्य सत्यहरूमाथि निर्भर रहनु तथ्यमाथि जोड दिनु हो । यस्ता तथ्यहरू प्रायशः सबैका लागि स्वीकार्य हुन्छ । यस किसिमको अनुच्छेदको दृष्टिबिन्दु मूलतः तृतीय पुरुषात्मक हुन्छ ।

उपसंहारमा के प्रस्ट हुन्छ भने विचार प्रधान रचना आत्मपरक र तथ्य प्रधान रचना वस्तुपरक हुन्छ । तर एउटै अनुच्छेदमा पनि विचार र तथ्यको उपस्थिति हुन सक्छ ।

**प्रश्नहरू**

(क) आधारभूत रूपमा अनुच्छेद कति किसिमका हुन्छन् ?

(ख) कस्तो अनुच्छेदलाई आत्मपरक अनुच्छेद भनिन्छ ?

(ग) अनुच्छेदमा वस्तुपरक विषयलाई कसरी वर्णन गरिएको छुन्छ ?

(घ) आत्मपरक अनुच्छेद र वस्तुपरक अनुच्छेदबिचको मुख्य अन्तर के हो ?

१३. **दिइएको अनुच्छेद आत्मपरक हो भन्ने आधार के के छन्, पुष्टि गर्नुहोस् :**

मेरो गाउँ सहरी सभ्यताभन्दा टाढा छ । छलछाम, छक्कापन्जा, जालझेल, धुँवाधुलो, होहल्ला, कोलाहल, विरोध, हड्तालभन्दा अलग छ । प्राकृतिक सौन्दर्यको अनुपम उदाहरण मेरो गाउँमा पाउन सकिन्छ । कञ्चनजङ्घा हिमाललाई शिरमा बोकी पहाडी टारलाई टेकेर रहेको मेरो गाउँ फरक छ, शान्त छ अनि सौम्य प्रकृतिको छ । छेउमा बग्ने जबरे खोलाले मेरो गाउँलाई र गाउँले जिन्दगानीलाई सङ्गीतमय बनाइरहन्छ । हिउँ पग्लेर बग्दै दर्शनढुङ्गासँग लडिबडी गर्दै आएको पानीलाई धारामा समेटेर गाउँको बिचमा ल्याइपुऱ्याएको पानीले तनको प्यास मात्र मेट्दैन, मनको सारा प्यासहरू निशेष गरिदिन्छ । लाग्छ, त्यो धाराको पानी अञ्जुलीमा वा गाभाको पातमा थापेर पिउँदा पानी होइन, अमृत पिइरहेको छु । त्यसैले मलाई मेरो गाउँ स्वर्गको एउटा टुक्रा झैँ लाग्छ ।

१४. **दिइएको अनुच्छेद वस्तुपरक हो भन्ने आधार के के छन्, पुष्टि गर्नुहोस् :**

आजको मानिसको अभिन्न अङ्ग बनिसकेको सूचना प्रविधिको आफ्नै इतिहास छ । पहिले पहिलेका मानिसहरू परेवा वा बाजलाई तालिम दिएर चिठी ओसारपसार गराउँथे । त्यस्तै कतिपय सूचना आदानप्रदानका लागि कर्नाल फुक्ने, दमाहा वा ढोल बजाउने चलन थियो । यस्तो चलन अद्यापि पाइन्छ । पछि हुलाक सेवाको विस्तार भयो । यातायातको विस्तारसँगै सूचनाको आदानप्रदान पनि अझ द्रुततर गतिमा हुन थाल्यो । पत्रपत्रिकाको प्रकाशनले यसलाई अझ विस्तार गऱ्यो । रेडियो, टेलिफोन र टेलिभिजनको आविष्कार भएपछि त सूचना प्रविधिको क्षेत्रमा मानव सभ्यताले कोल्टे नै फेऱ्यो । बिसौं शताब्दीको अन्त्यदेखि सुरु भएको इन्टरनेट र त्यससँगै सम्बन्धित इमेल सेवापश्चात् सिङ्गो मानवसभ्यता साइबर दुनियाँमा प्रवेश गऱ्यो । अहिले प्रचलित इन्टरनेटसम्बद्ध फेसबुक, ट्विटर, भाइबर, स्काइपलगायतका साइबर सुविधा सूचना प्रविधिका नवीन रूपहरू हुन् ।

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ ७ सुनी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) साल र अँगेरी कहाँ पाइन्छन् ?

(ख) कस्तो भूमिलाई जङ्गल भनिन्छ ?

(ग) नेपालमा पाइने चराहरू के के रहेछन् ?

(घ) नेपालमा चराचुरुङ्गी र वनस्पति विविधता किन पाइन्छ ?

**२. तपाईंको स्थानीय तहमा पाइने वनस्पति, जनावर र चराचुरुङ्गीका नाम लेखी कक्षामा सुनाउनुहोस् ।**

**३. तपाईंका क्षेत्रमा पाइने जडीबुटीको नाम र उपयोगिताबारे समूहमा छलफल गरी कक्षामा सुनाउनुहोस् ।**

## भाषातत्त्व

**१. दिइएको अनुच्छेद पढी उपसर्ग लागेका शब्द पहिचान गर्नुहोस् :**

नेपाल प्राकृतिक विलक्षणका दृष्टिले सम्पन्न मुलुक हो । यसको चौहद्दीभित्र विशिष्ट भौगोलिक संरचना छ । जलस्रोतको अपार भण्डार छ । विभिन्न किसिमका रुखपात र जडिबुटी छन् । सुलभ दुर्लभ वन्यजन्तुहरू र अनेक किसिमका खनिज पदार्थहरू पनि छन् । प्रकृति प्रदत्त यस्ता वस्तुहरू नै नेपालका प्राकृतिक सम्पदा हुन् । त्यसैले प्राकृतिक सम्पदाका दृष्टिले नेपाल अत्यन्त समृद्ध मुलुक हो ।

**२. दिइएको अनुच्छेदबाट दशओटा उपसर्ग व्युत्पन्न शब्द छानी निर्माण प्रक्रिया देखाउनुहोस् :**

वर्तमान तथ्याङ्कले प्रतिवर्ष लगभग एघार लाख विदेशी पर्यटक नेपाल भित्रिने गरेको देखाउँछ । नेपाल सरकारले त्यसलाई अझ वृद्धि गर्ने लक्ष्य राखेको छ । पर्यटक ती हुन्, जो नेपालको पुरातात्त्विक, प्राकृतिक र सांस्कृतिक पक्षको अवलोकन गर्न र मनोरञ्जन लिन आउँछन् । जे जस्तो लक्ष्य लिएर आए तापनि हामी अतिथिको स्वागत गर्छौं, हाम्रो वासस्थान अर्थात् हाम्रो घर नेपालमा । हाम्रो घर व्यवस्थापन अर्थात् हाम्रो पारिस्थितिक प्रणालीभित्र तिनको स्वागत हुन्छ । तिनको उपस्थितिले हाम्रो वातावरणलाई प्रतिकूल प्रभाव पर्न र पार्न दिनुहुँदैन । पर्यटन व्यवसायमा घरधनी र पाहुना दुवै सचेत हुनुपर्छ । पर्यावरणसम्मत क्रियाकलापका आधारमा सम्पन्न हुने पर्यटन व्यवसायलाई पर्यापर्यटनको दायराभित्र व्याख्या गर्न सकिन्छ ।

३. **"पर्यापर्यावरणका सम्भावना र आयाम" पाठको पहिलो अनुच्छेदमा रहेका उपसर्ग व्युत्पन्न शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् ।**

४. **दिइएका शब्दको निर्माण प्रक्रिया देखाउनुहोस् :**

अकाल, अनमोल, कुबुद्धि, बिजोर, बेइज्जत, गैरकानुनी, नाबालक, अतिरिक्त, अधिकार, अनुमान, अपवाद, अभिभावक, अवलोकन, उत्कृष्ट, उपहार, निबन्ध, निर्धारण, निस्सन्तान, पराजय, परिभाषा, प्रगति, प्रतिनिधि, विदेश, सम्मान, अदृश्य, अनपढ, कुबाटो, बिसन्चो, बेइमान, गैरसरकारी, नामर्द, अत्याचार, अध्यादेश, अन्वेषण, अपमान, अभ्युदय, अवरोध, आमरण, उल्लिखित, उपचार, नियम, निराकार, निष्पाप, परावर्तन, पर्यावरण, प्रदेश, प्रत्याशा, वियोग, सङ्कल्प, सूक्ति, अत्युक्ति, उन्मुख, संहार, अध्ययन, पर्यटन, विजय

५. **दिइएका उपसर्ग लगाई शब्द निर्माण गर्नुहोस् :**

अधि, दुर्, दुस्, निस्, प्र, अ, उत्, सु, आ, सम्

६. **अ, अन, कु, बि, बे, बद, गैर, ना, स उपसर्ग लगाई शब्द बनाउनुहोस् । यसरी बनेका शब्द प्रयोग गरी अनुच्छेद रचना गर्नुहोस् ।**

## सिर्जना/परियोजना

१. **तपाईंको स्थायी बसोबास भएको स्थानीय तहमा के कस्ता प्राकृतिक सम्पदाहरू छन् ? खोजी गरी एउटा निबन्ध लेख्नुहोस् ।**

२. **महामारीले जनजीवनमा पारेको प्रभाव र त्यसको नियन्त्रणका बारेमा अपनाउने उपयाहरू समेटी निबन्ध लेख्नुहोस् ।**

३. **दिइएको सङ्केत र सूचनाका आधारमा 'नेपालका प्राकृतिक सम्पदाहरू' शीर्षकमा निबन्ध लेख्नुहोस् :**

| | | |
|---|---|---|
| १. | पहिलो अनुच्छेद (परिचय) | आदि भाग |
| २. | दोस्रो अनुच्छेद (भौगोलिक संरचनासम्बन्धी) | |
| ३. | तेस्रो अनुच्छेद (जलस्रोत र वनस्पतिसम्बन्धी) | मध्य भाग |
| ४. | चौथो अनुच्छेद (वन्यजन्तु र खनिजसम्बन्धी) | |
| ५. | पाँचौं अनुच्छेद (निचोड, राय, सुझाव) | अन्त्य भाग |

## सुनाइ पाठ ७

कुनै निश्चित भूभागसम्म फैलिएर रहेका रुखबिरुवा मात्र भएको भूमिलाई वन वा जङ्गल भनिन्छ । वन वा जङ्गलमा अनेक किसिमका रुखपात, झ्यास र झाडीहरू रहेका हुन्छन् । यो अनेक किसिमका जङ्गली जनावर, चराचुरुङ्गी र किराफट्याङ्ग्राहरूको वासस्थल पनि हो । नेपालको तराईतिरको जङ्गलमा साल, सतिसाल, टिक, मसला, सिसौ, शिरीष, खयर, साज, सिमल, हर्रो, बर्रो, जमुना, बकाइनो, निमपत्ती, फलेदो, बयर, कदम, अँगेरी, पुटुकी, भर्ला, बाँस आदि पाइन्छन् भने पहाडी र हिमाली भेकतिर उतिस, पैंयु, काफल, चिउरी, सुन्तला, नासपाती, सल्लो, धुपी, देवदार, खनिउँ, चिलाउने आदि पाइन्छन् । नेपाली जङ्गलमा स्याल, मृग, बाघ, भालु, चितुवा, गैंडा, हात्ती, घोरल, ब्वाँसो, खरायो, जरायो, बनेल, चित्तल, अर्ना, निल गाई, फ्याउरो, न्याउरी मुसा, दुम्सी, लोखर्के, सालक, गोहोरो, बाँदर, ढेँडु जस्ता जनावरहरूदेखि लिएर अजिङ्गर, सर्प, बिच्छी, माकुरो, आदि पनि जङ्गलमै रहन्छन् । कोइली, चिबे, सारौँ, धनेस, ढुकुर, लाटोकोसेरो, मुयूर, काग, फिस्टा, लुइँचे, कालिज, ठेउवा, सुगा, हुटिट्याउँ, भुँडीफोर, गिद्ध, चिल, डाँफे, मुनाल, काँडे भ्याकुर, मैना, भँगेरो, कर्मी चरा जस्ता अनेकानेक पन्छीहरू पनि जङ्गलमै रमाउँछन् ।

पाठ ८

# लौ आयो ताजा खबर

*– सुरेन्द्र नकर्मी*

## पात्र परिचय

| | | |
|---|---|---|
| १. | दाह्री बाबा : | करिब ५५/६० वर्ष |
| २. | व्यक्ति (कुमारका बुबा) : | करिब ४०/४५ वर्ष |
| ३. | दीनदयाल (रामदयालका बुबा) : | करिब ५० वर्ष |
| ४. | नरहरि (नरेन्द्रका बुबा) : | करिब ५०/५२ वर्ष |
| ५. | पत्रिका बेच्ने केटो : | करिब १७/१८ वर्ष |
| ६. | दोर्जे (लाक्पाका बुबा) : | करिब ४०/४५ वर्ष |
| ७. | तुयुमै (न्हुच्छेकी आमा) : | करिब ३०/३५ वर्ष |
| ८. | सलिम (कुमारको विद्यालयको साथी) : | करिब २०/२१ वर्ष |



(रङ्गमञ्चको पर्दा खुल्ने क्रमसँगै नेपथ्यमा एम्बुलेन्सको साइरनको आवाज सुनिन्छ । रङ्गमञ्चमा छरिएको मधुरो प्रकाश चहकिलो हुन्छ र रङ्गमञ्च सज्जा स्पष्ट देखिन थाल्छ । रङ्गमञ्चको बायाँपट्टि बिजुलीको खम्बा देखिन्छ । खम्बाको तारमा चङ्गा झुन्डिएको देखिन्छ ।रङ्गमञ्चको मध्य भागको भित्तामा विभिन्न किसिमका पोस्टर पम्पलेट टाँगिएको देखिन्छ । बायाँपट्टिको भित्तासँगै चौतारीसहितको एक जोर वरपिपल राखिएका छन् । चौतारीको एकापट्टि सानो कुटी देखिन्छ । चौतारीको अर्कोपट्टि 'बस बिसौनी' लेखिएको बोर्ड देखिन्छ । चौतारीमा बसेर बस बिसौनीतिर हेर्दै गरेका दाह्री बाबा देखिन्छन् ।

दाह्री बाबा : (आफ्नै तालमा कराउँदै) हा....हा.... लगे । मान्छेले एउटा बेवारिसे मान्छेको लास लगे । मलाई थाहा छ, अब यिनीहरूले ब्रह्माजीको सिर्जनालाई मसानघाटमा लगेर पोल्ने छन् । खरानी बनाउने छन् । त्यसपछि पत्रिकामा छापिने छ ।

पत्रिका बेच्ने केटो : (प्रवेश गर्दै, बिचैमा) लौ आयो आजको खबर, राजधानीको मुटुमा एउटा अज्ञात युवकको लास भेटियो । लौ आयो आजको ताजा खबर ।

दाह्री बाबा : ताजा खबर ? हा... हा... अरे, त्यो लास त हिजोदेखि यही सडकको पेटीमा थियो । त्यही बासी लासको खबर छाप्ने तिम्रो अखबार कसरी ताजा हुन्छ हँ ?

केटो : चुप लाग्नुस् । (कराउँदै) लौ आयो आजको...

दाह्री बाबा : (बिचैमा) बासी खबर, हा... हा... (केटो रिसाएर जान खोज्छ ।)

दाह्री बाबा : (रोक्दै) ए, रिसाएको भाइ ? पर्ख न । (ठुटो चुरोट देखाएर) चुरोट खान्छौ ?

केटो : खान्नँ । ठुटो चुरोटमा बढी निकोटिन हुन्छ ।

दाह्री बाबा : (हाँस्दै) हा.... हा.... ठुटो चुरोटमा बढ्ता निकोटिन हुन्छ । अनि सिङ्गो चुरोटमा चाहिँ के हुन्छ नि ? प्रोटिन हुन्छ ?

केटो : मलाई आफ्नो काम गर्न दिनुस् ।

दाह्री बाबा : कसले रोकेको छ र ? हेर, काम गर्ने मान्छेले जुनसुकै वातावरणमा पनि काम गरेर छोड्छ । भो, यस विषयमा कुरै नगरौँ । (प्रसङ्ग बदलेर) के लेख्या छ पत्रिकामा ? त्यो केटाको आफन्त भेटियो ?

केटो : थाहा छैन ।

दाह्री बाबा : अर्थात् अब त्यो केटाको लासमाथि पनि राजनीति चल्छ होला । एउटा पार्टीले भन्ला, त्यो फलानो पार्टीको निन्दनीय कार्य हो । अर्को पार्टीले थप्ला, होइन यो त ढिस्काना पार्टीको घिनलग्दो षड्यन्त्र हो । यसै विषयलाई लिएर नारा, जुलुस बन्द, हड्ताल हुन्छ । सत्तामा पुग्ने र सरकार परिवर्तन गर्ने खेल हुन थाल्छ । मर्ने मरिसके अब यही विषयमा हजारौँ मारिन्छन्, सर्वसाधारण जनताले सास्ती भोग्नुपर्छ । दैनिक ज्यालादारी गरी भोकभोकै बस्नुपर्ने हुन्छ । यस घटनाले गर्दा पार्टीहरू चलायमान हुन्छन् । विद्यालय विश्वविद्यालय बन्द हुन्छन् । कलकारखानामा काम बन्द हुन्छ । हा... हा... लासमाथि राजनीति, छि ?

केटो : तपाईंले उसको अनुहार देख्नुभएको थियो ?

दाह्री बाबा : अँ, देखेको थिएँ । व्यस्तताको कारणले यो सडकमा हिँड्ने मान्छेहरूका हजारौँ आँखाहरूले देखे पनि नदेखे झैँ गरेर हिँडे । अघि नै एम्बुलेन्सले लानुभन्दा अगाडिसम्म पनि म उसलाई हेर्दै थिएँ । त्यो केटाको अनुहार एकदमै विक्षिप्त थियो । सायद त्यसका आफन्तले भेट्टाए पनि चिन्दैनन् होला ! अब त चिनेर पनि फाइदा छैन ।

केटो : किन ?

दाह्री बाबा : यतिखेर त ऊ सरकारी निःशुल्क दाउरासँगै खरानी भइसक्यो होला । बिचरो युवा नै थियो । बाँचेको भए राष्ट्र र आफ्ना लागि केही गर्न सक्थ्यो । तर खत्तम । एउटा जीवनको अध्याय नै समाप्त भयो । इतिहासमा अब उसको नाम पनि लेखिँदैन होला ? च्व ... ! च्व ... !!

केटो : लौ आयो ताजा खबर (प्रस्थान गर्छ ।)

(नरहरि र दीनदयाल हातमा पत्रिका बोकेर हस्याङफस्याङ गर्दै प्रवेश गर्छन् ।)

नरहरि : (आत्तिएको भावमा) सुन्नुस् त । अघि बिहान एउटा युवकको लास भेटिएको ठाउँ यही हो ?

दाह्री बाबा : हो, किन ?

नरहरि : लास कस्तो थियो ?

दाह्री बाबा : जस्तो हुनुपर्ने हो त्यस्तै थियो । लास कस्तो हुन्छ ? अचेत, हिउँ जस्तो चिसो, धड्कनविहीन, श्वासविहीन ...

दीनदयाल : हमारा मतलब उसले कस्तो पोसाक लगाइलिएको थियो ?

दाह्री बाबा : उसले ? (सम्झिँदै) अँ उसले हिजोआजका युवाहरूले लगाउने खालको पाइन्ट, सर्ट लगाएको थियो ।

नरहरि : पाइन्ट, सर्ट ? पाइन्ट कालो थियो अनि सर्ट चाहिँ सेतो थियो, हो ?

दाह्री बाबा : मैले पाइन्टको त ख्याल गरिनँ । तर सर्ट चाहिँ सेतै थियो ।

नरहरि : सेतो सर्ट ? त्यसो भए त्यो पक्कै मेरो छोरो हुनुपर्छ ।

दीनदयाल : होइन । सेतो सर्ट त मेरो छोरा रामदयालले पनि लगाइलिएको थियो । त्यो पक्कै मेरो छोरो हुनुपर्छ । (रुँदै) यह क्या कर दिया रामदयाल बेटे ?

नरहरि : (रुँदै) त्यसको नाकनेर कालो कोठी पनि थियो ।

दाह्री बाबा : थाहा छैन । अनुहार एकदमै विक्षिप्त थियो ।

नरहरि : (छाती पिटेर रुँदै) त्यो पक्कै मेरो छोरो नरेन्द्र हुनुपर्छ । दुई दिन भो घर छोडेको । आज संसार नै छोडेर गयो । नरेन्द्र, मेरो छोरा ।

दीनदयाल : नहीं ... । वह अपना छोरा रामदयाल नै हो ।

दाह्री बाबा : हैन, के हो तमासा यो ? मैले त केही बुझिनँ ।

नरहरि : अब बुझ्ने नै के बाँकी रह्यो ? आमा चाहिँ त भन्थी, छोराले लागुपदार्थ खाएर हिँड्छ भनेर तर के गर्नु ? कामको बेफुर्सदीले त्यतातिर ध्यानै दिन पाइनँ । सुरुमा त आफ्नो छोरा यस्तोसम्म गर्न सक्छ भन्ने पत्यार पनि लागेन । आज आएर ... नरेन्द्र ! मेरो छोरा .... ।

दीनदयाल : अरे ओ रामदयाल । तु बाप से रुठ कर कहाँ चल दिया रे ? बेटे । (दाह्री बाबा अचम्म मानेर दुवैलाई नियालेर हेर्न थाल्छ ।)

तुयुमैं : (रङ्गमञ्चको बायाँतिरबाट प्रवेश गर्दै) यः पुता न्हुच्छे । छ गन वना ?

दाह्री बाबा : न्हुच्छे ?

तुयुमैं : हाम्रो न्हुच्छे, यहीं मरेको हो ?

दाह्री बाबा : को न्हुच्छे ?

तुयुमैं : (पत्रिका देखाएर) यो पत्रिकामा लेखेको मान्छे ।

दाह्री बाबा : ए । त्यसो भए, त्यो तिम्रो छोरा पो । आ, हिजोदेखि यही सडकको फुटपाथमा मरेर सडिरहँदा उसका आफन्त भन्नेहरू कोही आएनन् । तर आज ... ? यो त गजबै भो बा ... ।

दीनदयाल : बहन, वह तिम्रो छोरो होइन । मेरो रामदयाल हो ।

नरहरि : होइन । त्यो मेरो नरेन्द्र हो ।

तुयुमैं : मखु मखु । त्यो हाम्रो न्हुच्छे हुनुपर्छ । ऊ पनि घरमा नआएको दुई दिन भयो । (रुँदै ) यः न्हुच्छे दः नं. काःवाः ।

(दोर्जे दायाँतिरबाट प्रवेश हुन्छ ।

दोर्जे : सुन्नुस् ता । यहाँ हाम्रो लाक्पा मरेको देख्यो ?

दाह्री बाबा : (दर्शकतिर हेरेर) उः फेरि अर्को आफन्तको आगमन भयो । वाह ! दुनियाँमा केवल दुइटै मान्छे राम्रा हुँदा रहेछन्, एउटा मरेको मान्छे, अनि अर्को जन्मिँदै नजन्मेको मान्छे । अधिसम्म मैले त्यो मर्ने केटालाई अभागी हुन सक्छ भन्ने सोचेको थिएँ । तर त्यो अहिले गलत साबित भयो । अहिले जसका तीन तीन जना त बाउ नै निस्किसके । एउटी सिङ्गै आमा त प्रकट भइसकिन् । के थाहा, दिनभरिमा अझै कति बाउआमाहरू आउने हुन् ?

दोर्जे : (दाह्री बाबासँग) ओ । तिमीले हाम्रो लाक्पा मरेको देख्यो ?

दाह्री बाबा : मरेको त देखेँ तर त्यो मर्ने केटो तिम्रो लाक्पा हो कि, ऊ त्यो दिदीको न्हुच्छे हो कि अथवा ऊ ती दाइहरूका रामदयाल र नरेन्द्रमध्ये को हो ? मैले चाहिँ छुट्याउन सकिनँ ।

दोर्जे : त्यसको हातमा इन्जेक्सन जस्तो वस्तु थियो, देख्यो ?

दाह्री बाबा : अँ (सम्झिदै) हिजो राति मर्नुभन्दा अगाडि उसको हातमा इन्जेक्सन लगाउने सुई देखेको थिएँ । हो, ऊ इन्जेक्सन लगाउँदै थियो । तर अचम्म एक छिनपछि ऊ कालो निलो भएर त्यही पेटीमा डङ्ग्रङ्ग ढल्यो ।

दोर्जे : हो । त्यो पक्का पनि मेरो लाक्पा नै हो । मैले त त्यसलाई त्यस्तो खराब चिज नाखा नाखा भनेको थियो । ट्रेकिङमा विदेशीले सिकाएको कुरा राम्रो हुन्छ भनेर मेरो कुरा मानेन । आजु खात्तम भायो- मेरा लाक्पा । लु, आबु मैच्याङलाई कासोरी मुख देखाउने ? मैले आउने ल्होसारमा छोरालाई साँगै लिएर आउँछु भानेको थियो । लु के गार्ने, मेरो लाक्पा मार्‍यो । मेरो लाक्पा मार्‍यो ।

दाह्री बाबा : (हाँस्दै) हा..... हा.... तमासा । घोर तमासा । सायद कलियुगको चरम बिन्दु हो, यो । जिउँदो हुँदा कसैलाई आफ्नो छोराको ख्याल आएन । छोरो कुन कारणले दुर्व्यसनी बन्यो, सोच्ने फुर्सत नै भएन । आज मर्‍यो । दुई थोपा प्रकृतिले दिएका फोकटको आँसु बगाउन जम्मा भए सब । छि !

दीनदयाल : (भावविभोर भएर) मेरो रामदयाल ।

नरहरि : मेरो नरेन्द्र ।

तुयुमैं : यः न्हुच्छे ।

दोर्जे : लाक्पा । खेराङ्ग खा वा दु ? तिमी कता छौ छोरा ?

दाह्री बाबा : (दर्शकतिर हेरेर) तपाईंहरू किन मौन बस्नुभएको ? आउनुस् बुझ्नुस् । त्यो अघि मर्ने केटो रामदयाल, न्हुच्छे, लाक्पा वा नरेन्द्र नभएर तपाईंको आफ्नै छोरो पनि हुन सक्छ ? आउनुस् कतै तपाईंहरूकै छोरो यो पेटी, गल्ली र चोकमा लागुपदार्थ खाएर मरेको त छैन ? बुझ्नुस्, आउनुस् ।

दीनदयाल : होइन । मलाई पक्का विश्वास भयो । त्यो मेरो छोरा रामदयाल नै हो ।

नरहरि : होइन, नरेन्द्र हो ।

तुयुमैं : मखु मखु । होइन, व न्हुच्छे नै हो ।

दोर्जे : कुन्चुसुम, त्यो मेरो लाक्पा नै हो ।

(दर्शकमध्येबाट कुमारका बुबा (एक जना अधबैंसे) र अर्को सलिम (युवा) गरी दुई जना आउँछन् ।)

कुमारका बुबाः चुप लाग्नुस् तपाईंहरू, त्यो अरू कसैको छोरो होइन । मेरो छोरा कुमार हो । मैले यही बुढो हातले मेरो सहारा भविष्यको लट्ठी कुमारलाई दागबत्ती दिएर आउँदै छु । कुमार ! मेरो छोरा (व्यक्ति रुँदै खम्बामुनि बस्दै) मैले कस्तो कस्तो मिठो सपना साँचेर राखेको थिएँ । अब सब मिथ्या भो । तिम्रो चिताको दाउरा जस्तै मेरो सपना खरानी भयो । सब खरानी भयो ।

दीनदयाल : (रुन छोडेर) क्या कहाँ ?

नरहरि : उसो भए त्यो हाम्रो नरेन्द्र होइन ?

तुयुमैं : (आँसु पुछ्दै) म त हाम्रो छोरा न्हुच्छे होला भनेर कस्तो डराएको ।

दोर्जे : (हाँस्दै) ए ! त्यसो भए त्यो लाक्पा होइन हागि । टासिदेले रिम्पुछे । टासिदेले ।

(सबै जना खुसी मानेर जान खोज्छन् । कुमारको बाबा भने भक्कानिँदै रुनुहुन्छ ।)

सलिम : काका नरुनुस् यसरी । अब कुमार फर्केर आउँदैन । मैले त्यसलाई धेरैपटक नखा भनेँ । त्यस्तो कुरा खाने साथीहरूसँग नहिँड् भनेँ । त्यसले मेरो कुरा सुन्दै सुनेन । उल्टै मलाई नै तैँले जिन्दगी केही बुझेको छैनस् भनेर भन्थ्यो । कतिपटक त मैले उसलाई रोक्न खोजेँ । मलाई नै उल्टै घिच्याउन खोज्थ्यो । अब सब सकियो । तर हामी छौँ काका । हामी पनि तपाईंका छोरा नै हौँ ।

दाह्री बाबा : पर्खनुस् ! जानुभन्दा पहिला अरूको आँसुको मूल्य पनि बुझेर जानुस् । तपाईं आफ्नो आपत्मा विचलित हुनुहुन्छ । तर अरूको आपत्मा हाँस्नुहुन्छ । एउटा

चेतनशील मान्छे भएर पनि तपाईंभित्र खै अपनत्वको भावना ? अरूलाई खाने बाघले तपाईंलाई पनि खान सक्छ । अरूलाई पर्ने समस्या तपाईंलाई पनि पर्छ । देश नबने हामी कोही बन्दैनौं । यो देश कुनै एक व्यक्तिको मात्र होइन । सबैको देश हो । तपाईं हामी सबैको देश हो । त्यसैले एकअर्काको सुखदुःख साटफेर गरी मिलेर बाँचौं । मिलेरै समस्यासँग लडौं । होइन भने भोलि यही पेटीमा तपाईंको न्हुच्छे, तपाईंको रामदयाल, तपाईंको नरेन्द्र अनि तपाईंको लाक्पा भेटिने छन् । समय अझै बितिसकेको छैन । यो दुर्व्यसनको जडलाई उखेल्ने काम एउटा व्यक्तिले मात्र सक्दैन । यो अभियान असल छोराछोरीको अनि कर्तव्यनिष्ठ अभिभावकहरूको सामूहिक अभियान हो । यो अभियान एक सचेत नागरिकको हो । यो अभियान तपाईं र हाम्रो हो । त्यसैले यो काम सबै मिलेर गरौं, मिलेर गरौं ।

कुमारका बुबा : ठिक भन्नुभो बाबा । सन्तानको सुख र शिक्षाका लागि भन्दै म रातदिन खटिएँ तर मैले मेरो छोरालाई समय दिइनँ । उससँग बसेर उसको पढाइका बारेमा कुरा गरिनँ । उसका साथी को को छन् भनेर कहिल्यै सोधखोज गरिनँ । ऊ कहाँ गयो, के गऱ्यो, के खायो भनेर ख्याल गरिन । म त खालि मेरो व्यवसाय, बैठक आदि भन्दै दौडधुप गरिरहें । उसले मागे जति पैसा दिइरहें तर ऊ त धेरै पहिलेदेखि दुर्व्यसनको सिकार भइसकेको रहेछ र आज मैले यो दिन भोग्नुपऱ्यो ।

(एक छिन रोकिएर नरहरि, रामदयाल, तुयुमैं तथा दोर्जेतिर हेर्दै )

तपाईंहरू सबैलाई मेरो बिन्ती छ । अहिल्यै खोज्नुहोस् आफ्ना छोराहरू र उपचार गर्नुहोस् । आवश्यक परे सुधारगृहमा लगेर राख्नुहोस् तर ढिला नगर्नुहोस् नत्र सब थोक बर्बाद हुन्छ ।

(रुन थाल्छ । सबैले गोलाकार भएर कुमारका बुबाको काँधमा सान्त्वना दिँदै हात राख्छन् ।)

केटो : (प्रवेश गर्दै) लौ आयो, आजको ताजा खबर ।

दाह्री बाबा : होइन भाइ । जब तिमी हाम्रो देशमा चेतनाको बिहानी लिएर उदाउँछौ, हाम्रा युवा शक्ति दुर्व्यसनबाट मुक्त भएको खबर लिएर आउँछौ अनि मात्र तिम्रो पत्रिकाको खबर ताजा र स्वच्छ हुन्छ । होइन भने ...

केटो : होइन भने ?

दाह्री बाबा : होइन भने तिम्रो खबर बासी नै हुन्छ ।

(सबै गलल्ल हाँस्छन्, दृश्य मूर्तिवत् हुन्छ ।)

## शब्दभण्डार

१. **दिइएका अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) पत्रपत्रिका

(ख) मञ्चको छेउछाउको भाग

(ग) रमिता

(घ) विपत्

(ङ) एम्बुलेन्सले बजाउने आवाज

२. दिइएका पदावली र अर्थको जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) मधुरो प्रकाश | जिन्दगीको कालखण्ड |
| (ख) बस बिसौनी | बाहिर जानु |
| (ग) ताजा खबर | सुधार्ने थलो |
| (घ) निन्दनीय कार्य | बस चढ्न र ओर्लन रोकिने ठाउँ |
| (ङ) जीवनको अध्याय | नयाँ समाचार |
| (च) प्रस्थान गर्नु | भोलिको सहारा |
| (छ) भविष्यको लट्ठी | निन्दा गर्नुपर्ने काम |
| | अलि अलि उज्यालो |

३. **दिइएका शब्दहरूको विपरीत अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

बासी, चहकिलो, दोष, पराई, भाग्यमानी, बन्धन, अदृश्य

४. **दिइएका आशय झल्कने उखान लघुनाटकबाट खोजेर लेख्नुहोस् :**

(क) इच्छाशक्ति भए जुनसुकै काम गर्न सकिन्छ ।

(ख) अरूलाई पर्ने समस्या तपाईंलाई पनि पर्छ ।

५. **तपाईंले सुनेका/पढेका पाँचओटा उखान लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।**

६. **दिइएका टुक्काहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

खरानी हुनु, पेट पाल्नु, कुरा खानु, टाउको खानु, कुरा दोचार्नु, आलु खानु, सपना चकनाचुर हुनु, सपना पूरा हुनु

## बोध र अभिव्यक्ति

१. **छोटो उत्तर दिनुहोस् :**

(क) यस लघुनाटकमा कस्तो विषयलाई प्रस्तुत गरिएको छ ?

(ख) यस लघुनाटकमा कति जना मञ्चीय पात्रहरू छन् ?

(ग) यस लघुनाटकको पात्रका संवादमा कुन कुन भाषाको प्रभाव देख्न सकिन्छ ?

(घ) यस लघुनाटकमा कुन परिवेशलाई समेटिएको छ ?

२. **सबैभन्दा मिल्दो उत्तरमा रेजा (√) लगाउनुहोस् :**

(क) 'लौ आयो ताजा खबर' कस्तो लघुनाटक हो ?

(अ) ऐतिहासिक (आ) सामाजिक

(इ) असामाजिक (ई) मनोवैज्ञानिक

(ख) 'लौ आयो ताजा खबर' लघुनाटकको परिवेश कुन हो ?

(अ) ग्रामीण (आ) ग्रामीण र सहरिया

(इ) सहरिया (ई) सहरोन्मुख परिवेश

(ग) 'लौ आयो ताजा खबर' लघुनाटकमा कस्तो भाषिक समाज देखाइएको छ ?

(अ) बहुभाषिक समाज (आ) एक भाषिक समाज

(इ) द्वैभाषिक समाज (ई) त्रैभाषिक समाज

(घ) नाटककारको मुख्य पात्र को हो ?

(अ) माग्ने (आ) दाह्री बाबा

(इ) लास (ई) पत्रिका बेच्ने केटो

(ङ) 'लौ आयो ताजा खबर' लघुनाटकमा कति दृश्य छन् ?

(अ) एक (आ) दुई

(इ) तीन (ई) चार

(च) 'लौ आयो ताजा खबर' लघुनाटकको मुख्य सहायक पात्र कुन हो ?

(अ) माग्ने (आ) व्यक्ति

(इ) पत्रिका बेच्ने केटा (ई) दोर्जे

३. **दिइएको संवाद कसले भनेको हो, वक्ता पहिल्याउनुहोस् :**

(क) हैन, के हो तमासा यो ? मैले त केही बुझिनँ ।

(ख) सुन्नुस् त । अघि बिहान एउटा युवकको लास भेटिएको ठाउँ यही हो ?

(ग) नहीं ....... । वह अपना छोरा रामदयाल नै हो ।

(घ) त्यसको हातमा इन्जेक्सन जस्तो वस्तु थियो, देख्यो ?

(ङ) मखु मखु । होइन, व न्हुच्छे नै हो ।

(च) मैले यही बुढो हातले मेरो सहारा भविष्यको लट्ठी कुमारलाई दागबत्ती दिएर आउँदै छु ।

(छ) काका नरुनुस् यसरी । अब कुमार फर्केर आउँदैन ।

(ज) तपाईंहरू सबैलाई मेरो बिन्ती छ । अहिल्यै खोज्नुहोस् आफ्ना छोराहरू र उपचार गर्नुहोस् । आवश्यक परे सुधारगृहमा लगेर राख्नुहोस् तर ढिला नगर्नुहोस् नत्र सब थोक बर्बाद हुन्छ ।

(झ) लाक्पा । खेराङ्ग खा वा दु ? तिमी कता छौ छोरा ?

(ञ) तपाईंले उसको अनुहार देख्नुभएको थियो ?

४. **'पर्खनुस् ! जानुभन्दा....मिलेर गरौँ' नाट्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) 'देश नबने हामी कोही बन्दैनौँ' भन्ने वाक्यको तात्पर्य खुलाउनुहोस् ।

(ख) खुसी भएर बाँच्न के गर्नुपर्छ ?

(ग) सामूहिक अभियान किन चलाइएको हो ?

(घ) कस्तो अभिभावकलाई कर्तव्यनिष्ठ अभिभावक भनिन्छ ?

५. **दिइएको नाट्यांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

उः फेरि अर्को आफन्तको आगमन भयो । वाह !! दुनियाँमा केवल दुइटै मान्छे राम्रा हुँदा रहेछन्, एउटा मरेको मान्छे, अनि अर्को जन्मिँदै नजन्मेको मान्छे । अधिसम्म मैले त्यो मर्ने केटालाई अभागी हुन सक्छ भन्ने सोचेको थिएँ । तर त्यो अहिले गलत साबित भयो । अहिले जसका तीन तीन जना त बाउ नै निस्किसके । एउटी सिङ्गै आमा त प्रकट भइसकिन् । के थाहा, दिनभरिमा अझै कति बाउआमाहरू आउने हुन् ?

**प्रश्नहरू**

(अ) लघुनाटकमा आफन्तको आगमन भइरहनुको कारण के हो ?

(आ) मरेको वा नजन्मेको मान्छे राम्रो हुन्छ भन्ने भनाइसँग तपाईंको सहमति वा असहमतिका बुँदाहरू लेख्नुहोस् ।

६. **दिइएको नाट्यांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

ठिक भन्नुभो बाबा । सन्तानको सुख र शिक्षाका लागि भन्दै म रातदिन खटिएँ तर मैले मेरो छोरालाई समय दिइनँ । उससँग बसेर उसको पढाइका बारेमा कुरा गरिनँ । उसका साथी को को छन् भनेर कहिल्यै सोधखोज गरिनँ । ऊ कहाँ गयो, के गऱ्यो, के खायो भनेर ख्याल गरिन । म त खालि मेरो व्यवसाय, बैठक आदि भन्दै दौडधुप गरिरहेँ । उसले मागे जति पैसा दिइरहेँ तर ऊ त धेरै पहिलेदेखि दुर्व्यसनको सिकार भइसकेको रहेछ र आज मैले यो दिन भोग्नुपऱ्यो ।

**प्रश्नहरू**

(अ) यस नाट्यांशमा वक्ताले आफ्ना के कस्ता कमजोरी रहेको स्विकारेका छन् ?

(आ) यस नाट्यांशमा व्यक्त समस्या कसरी समाधान गर्न सकिएला ?

७. **व्याख्या गर्नुहोस् :**

(क) दुर्व्यसनको जडलाई उखेल्ने काम एउटा व्यक्तिले मात्र सक्दैन ।

(ख) जब तिमी हाम्रो देशमा चेतनाको बिहानी लिएर उदाउँछौ, हाम्रा युवा शक्ति

दुर्व्यसनबाट मुक्त भएको खबर लिएर आउँछौ अनि मात्र तिम्रो पत्रिकाको खबर ताजा र स्वच्छ हुन्छ ।

८. **समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) 'लौ आयो ताजा खबर' लघुनाटकको मुख्य पात्रको चरित्र चित्रण गर्नुहोस् ।

(ख) 'लौ आयो ताजा खबर' लघुनाटकमा व्यक्त मुख्य सन्देशमाथि प्रकाश पार्नुहोस् ।

९. **'लौ आयो ताजा खबर' लघुनाटकमा रहेका विभिन्न पात्रहरूको अभिनय गरेर कक्षामा प्रदर्शन गर्नुहोस् ।**

१०. **निम्नानुसारको ढाँचामा 'लौ आयो ताजा खबर' लघुनाटकको समीक्षा गर्नुहोस् :**

(क) 'लौ आयो ताजा खबर' लघुनाटकको संवाद योजना कस्तो छ ?

(ख) 'लौ आयो ताजा खबर' लघुनाटकको भाषा शैली कस्तो छ ?

(ग) 'लौ आयो ताजा खबर' लघुनाटकको शीर्षक कसरी सार्थक रहेको छ ?

११. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

जीवविज्ञानका विषयमा सर्वप्रथम आफ्ना विचारहरू प्रकट गर्ने एक महान् युनानी दार्शनिक अरस्तु हुन् । उनकै पालादेखि नै जीवविज्ञानको क्रमबद्ध रूपमा विकास भएको हो । उनले नै जीवजन्तुका विभिन्न पक्षका विषयमा आफ्ना विचार प्रकट गरेका छन् । जीवविज्ञानको एउटा शाखा प्राणीविज्ञान वा प्राणीशास्त्र हो । अङ्ग्रेजीमा यसलाई जुलोजी भनिन्छ । यसले जीवलाई सङ्केत गर्दछ । जीव पनि प्राणी र वनस्पति आदि विभिन्न प्रकारका हुन्छन् । विज्ञानको एक शाखा जसले प्राणीहरूको सूक्ष्म अध्ययन गर्दछ, त्यो नै प्राणीविज्ञान हो । यसअन्तर्गत विभिन्न प्राणीहरूका बारेमा अध्ययन अनुसन्धान गरिन्छ । प्राणीशास्त्रको अध्ययन विभिन्न क्षेत्रसँग गाँसिएको हुन्छ । यसको अध्ययन शाखा पनि बृहत् छन् । यसले चिकित्सा विज्ञान, नर्सिङ विज्ञान, आयुर्वेद विज्ञान, प्रयोगशाला विज्ञान आदि विभिन्न विषयको गहन अध्ययन गर्दछ । यो त हाम्रो दैनिक जीवनसँग पनि जोडिएर आएको छ । प्राणीशास्त्रको अध्ययनले हामीलाई प्रकृतिसँग नजिक बनाउँछ । यसले गर्दा मानिस र प्रकृतिबिचको दुरी कम गर्दछ । हरेक प्राणी यस धर्तीका अभिन्न अङ्ग हुन् । हामीले तिनीहरूको सुरक्षा गर्नुपर्छ भन्ने ज्ञान लिन सकिन्छ । यदि प्राणीको दोहन भएमा जैविक विविधतामा ह्रास आई पृथ्वी नै सङ्कटमा पर्न सक्छ । किनकि प्रत्येक प्राणी हाम्रो पारस्परिक चक्रका लागि आवश्यक छन् । तसर्थ प्राणीशास्त्र जीवन जगत्को महत्त्वपूर्ण अङ्ग हो ।

**प्रश्नहरू**

(क) प्राणीशास्त्रले कुन विषयको अध्ययन गर्छ ?

(ख) जीवजन्तुको दोहनले प्रकृतिमा कस्तो असर पर्न सक्छ ?

(ग) प्राणीशास्त्रको अध्ययनले हामीलाई कसरी प्रकृतिसँग नजिक बनाउँछ ?

(घ) 'दोहन' र 'पारस्पारिक' शब्दको अर्थ लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ८ सुनी खाली ठाउँ भर्नुहोस् :**

(क) यस्ता विकृति र विसङ्गति हटाउन युवावर्गको ............ हुन्छ ।

(ख) साङ्गठनिक रूपमा रहेको आपराधिक .............. बढ्न पाउँदैन ।

(ग) लागुपदार्थको ...... जस्तो युवाघातक विकृतिलाई उनीहरूले मात्र निमिट्यान्न पार्न सक्छन् ।

(घ) समाजमा श्रमप्रति .......... जगाई सबै युवालाई आफ्नो क्षमता र दक्षताअनुसारको काम र प्रेरणा प्रदान गर्दछन् ।

(ङ) समाजमा रहेको भ्रष्टाचारको .............. गर्न सक्छन् ।

२. **युवाहरूले समाज सुधारका लागि के कस्ता कामहरू गर्न सक्छन्, बताउनुहोस् ।**

३. **हाम्रो समाजमा रहेका अन्धविश्वासहरू हटाउन के गर्नुपर्ला, कक्षामा छलफल गरी भन्नुहोस् ।**

## भाषातत्त्व

### प्रत्यय

१. **दिइएको अनुच्छेदबाट प्रत्यय लागेका शब्द पहिचान गरी सूची बनाउनुहोस् :**

अब त्यो केटाको लासमाथि पनि राजनीति चल्छ होला । एउटा पार्टीले भन्ला, त्यो फलानो पार्टीको निन्दनीय कार्य हो । अर्को पार्टीले थप्ला, होइन यो त ढिस्काना पार्टीको घिनलाग्दो षड्यन्त्र हो । यसै विषयलाई लिएर नारा, जुलुस बन्द, हड्ताल हुन्छ । सत्तामा पुग्ने र सरकार परिवर्तन गर्ने खेल हुन थाल्छ । मर्ने मरिसके अब यही विषयमा हजारौं मारिन्छन्, सर्वसाधारण जनताले सास्ती भोग्नुपर्छ । दैनिक ज्यालादारी गरी भोकभोकै बस्नुपर्ने हुन्छ । यस घटनाले गर्दा पार्टीहरू चलायमान हुन्छन् ।

२. **दिइएको अनुच्छेदबाट प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

पर्खनुस् ! जानुभन्दा पहिला अरूको आँसुको मूल्य पनि बुझेर जानुस् । तपाईं आफ्नो आपत्मा विचलित हुनुहुन्छ । तर अरूको आपत्मा हाँस्नुहुन्छ । एउटा चेतनशील मान्छे भएर पनि तपाईंभित्र खै अपनत्वको भावना ? अरूलाई खाने बाघले तपाईंलाई पनि खान सक्छ । अरूलाई पर्ने समस्या तपाईंलाई पनि पर्छ । देश नबने हामी कोही बन्दैनौं । यो देश कुनै एक व्यक्तिको मात्र होइन । समाजको देश हो । तपाईं हामी सबैको देश हो । त्यसैले एकअर्काको सुखदुःख साटफेर गरी मिलेर बाँचौं । मिलेरै समस्यासँग लडौं । होइन भने भोलि यही पेटीमा तपाईंको न्हुच्छे, तपाईंको रामदयाल, तपाईंको नरेन्द्र अनि तपाईंको लाक्पा भेटिने छन् । समय अझै बितिसकेको छैन । यो दुर्व्यसनको जडलाई उखेल्ने काम एउटा व्यक्तिले मात्र सक्दैन । यो अभियान असल छोराछोरीको अनि कर्तव्यनिष्ठ अभिभावकहरूको सामूहिक अभियान हो । यो अभियान एक सचेत नागरिकको हो । यो अभियान तपाईं र हाम्रो हो । त्यसैले यो काम सबै मिलेर गरौं, मिलेर गरौं ।

३. **दिइएका शब्दहरूको प्रकृति प्रत्यय छुट्याउनुहोस् :**

बोलक्कड, लिखत, भिडन्त, चरन, ढकनी, बसाइँ, बसाइ, घटाउ, बढालु, चुनाव, बनावट, बसाहा, उडन्ते, सिकारु, उडेको, पढैया, सुतुवा, झरिलो, छापा, बढ्दो, पढ्ने, लेख्न, हार्नु, सिकेर, जितुन्जेल, ढलोट, हाँसो, सँधियार, मलिलो, धनी, धनकुटे, पश्चिमी, पुर्ख्यौली, तातोपन, झापाली, गाउँले, गँजडी, गफाडी, राम्ररी, बाजुरेली, मुख्याइँ, लम्बाइ, लेकाली, मायालु, सिरान, निम्तारु, पतिङ्गर, सहरिया, चिनियाँ, कुरौटे

४. **दिइएका प्रत्यय लगाई एक एकओटा नयाँ शब्द निर्माण गर्नुहोस् :**

अक्कड, अत, अन्त, अन, अनी, आइँ, आइ, आउ, आलु, आव, आवट, आहा, अन्ते, आरु, एको, एनी, उवा, इलो, आ, दो, नु, एर, उन्जेल, ओट, ओ, इयार, इलो, ई, ए, एली, औली, पना, ली, ले, आडी, अरी, आइँ/याइँ, आइ, आली, आलु, आन, इङ्गर, इया, औटे

## सिर्जना/परियोजना

१. **'यातायात दुर्घटना' विषयमा एउटा संवाद रचना गर्नुहोस् ।**

२. **प्राकृतिक प्रकोपका कारण, असर र समाधानका बारेमा स्थानीय तहका पदाधिकारीहरूसँग लिइने अन्तर्वार्ता तयार पार्नुहोस् ।**

३. **दिइएको प्रतिवेदनको नमुना पढ्नुहोस् र दिइएका शीर्षकमा प्रतिवेदन तयार पार्नुहोस् :**

**हाजिरीजवाफ प्रतियोगिता**

श्री जनता माध्यमिक विद्यालय, सुन्दर बजार, लमजुङले आफ्नो स्थापनाको स्वर्ण महोत्सवको अवसर पारेर त्यस नगरपालिकाका सातओटा माध्यमिक विद्यालयका विद्यार्थीहरूबिच हाजिरीजवाफ प्रतियोगिताको आयोजना गरेको थियो । २०७७ साल साउन २६ गते बुधबार आयोजना गरिएको उक्त कार्यक्रमको व्यवस्थापन तथा संयोजन लमजुङमैत्री समाज, काठमाडौँले गरेको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री राजु गुरुङका अध्यक्षता र नगर प्रमुखको प्रमुख आतिथ्य रहेको उक्त कार्यक्रमको सञ्चालन मैत्री समाजका सचिवले गर्नुभएको थियो । उक्त हाजिरीजवाफ प्रतियोगितामा सहभागी विद्यालय धेरै भएकाले छनोट चरण र फाइनल चरण गरी दुई चरणको व्यवस्था गरिएको थियो । फाइनल चरणलाई सामान्य ज्ञान चरण, पाठ्यक्रम चरण, श्रव्यदृश्य चरण र बजर चरण गरी खेलाइएको सो प्रतियोगितामा विभिन्न विद्यालयका शिक्षक तथा विद्यार्थीका साथै त्यस क्षेत्रका समाजसेवी तथा शिक्षाप्रेमीहरूको उल्लेख्य सहभागिता थियो । अत्यन्त कडा प्रतिस्पर्धाका बिच जारी रहेको सो कार्यक्रममा श्री सरस्वती माविले प्रथम, श्री सहिद माविले द्वितीय र श्री भक्ति नमुना माविले तृतीय स्थान हासिल गरेका थिए ।

एघार बजेको निर्धारित समयमै सुरु भएको सो कार्यक्रम साढे दुई घण्टा अनवरत चलेको थियो र अन्त्यमा कार्यक्रममा प्रथम, द्वितीय, तृतीय तथा सान्त्वना पुरस्कार प्राप्त गर्ने विद्यालयका विद्यार्थीहरूलाई प्रमुख अतिथिले प्रमाणपत्र, ट्रफी र नगदले पुरस्कृत गर्नुहुँदै छोटो मन्तव्य पनि राख्नुभएको थियो । अन्त्यमा कार्यक्रममा सहयोग पुऱ्याउने महानुभावहरूलाई सभाध्यक्षले धन्यवाद दिनुभई कार्यक्रम विसर्जन गर्नुभयो । कार्यक्रमपछाडि जलपानको आयोजनासमेत गरिएको थियो ।

यस कार्यक्रमले विद्यार्थीको समग्र बौद्धिक क्षमताको अभिवद्धि गर्नुका साथै सहभागिता र सहकार्यका भावना पनि विकास गर्ने देखियो । यस कार्यक्रमले प्रतिस्पर्धात्मक क्षमताको पनि प्रदर्शन गरेको छ भने सामाजिकीकरणको प्रक्रियालाई पनि सहयोग पुऱ्याएको छ । भविष्यमा यस्ता खालका कार्यक्रम स्थानीय स्तरमा मात्र नभएर जिल्ला र प्रदेश स्तरमा समेत गर्नु आवश्यक देखिन्छ ।

प्रतिवेदक

हर्कराज दुरा

सचिव, लमजुङ मैत्री समाज, काठमाडौँ

(क) तपाईंको विद्यालयमा सम्पन्न भएको कुनै कार्यक्रम

(ख) तपाईं प्रत्यक्षदर्शी भएको कुनै दुर्घटना

(ग) तपाईंले गर्नुभएको कुनै भ्रमण

## सुनाइ पाठ ८

सामान्यतः सोर वर्षदेखि चालिस वर्ष उमेर समूहका मानिसलाई युवा भनिन्छ । समाजमा देखिएका विकृति विसङ्गति हटाउन यस समूहका मानिसको महत्त्वपूर्ण भूमिका रहन्छ ।

जहाँका युवाहरू शिक्षित र सुसंस्कृत हुन्छन्, त्यहाँ अन्धविश्वास र कुरीतिले स्थान पाउँदैन । शिक्षित युवाले अन्ध रुढिवादी परम्परालाई फाल्न सक्छन् । समाजमा शिक्षाको ज्योति छर्न सक्छन् । चेतनाको उज्यालो बाँड्न सक्छन् । जब समाजमा युवा वर्ग शिक्षित र सुसंस्कृत हुन्छन्, त्यहाँ गरिबी स्वतः हटेर जान्छ । साङ्गठनिक रूपमा रहेको आपराधिक गतिविधि बढ्न पाउँदैन । लागुपदार्थको दुर्व्यसन जस्तो युवाघातक विकृतिलाई उनीहरूले मात्र निमिट्यान्न पार्न सक्छन् । समाजमा श्रमप्रति श्रद्धाभाव जगाई सबै युवालाई आफ्नो क्षमता र दक्षताअनुसारको काम गर्न प्रेरणा प्रदान गर्दछन् । समाजमा रहेको भ्रष्टाचारको भन्डाफोर गर्न सक्छन् । यसका कारण र स्रोतहरू पत्ता लगाई समाजबाट भ्रष्टाचारको जरो उखेलेर सदाका लागि मिल्काउन सक्छन् । दोषीलाई दण्डसजाय र असल मानिसलाई पुरस्कृत गर्न सक्छन् ।

यसका लागि युवा वर्ग सङ्गठित रूपमा लाग्नुपर्दछ । एकले थुकी सुकी सयले थुकी नदी भने जस्तै सबै युवा एकसाथ मिलेर समाजमा देखापरेको यावत् विकृति निर्मूल पार्न लाग्ने हो भने यो सम्भव छ । अब समाजलाई बर्बाद हुन नदिई सम्पूर्ण युवाहरू यस कार्यमा एकसाथ जुट्न जरुरी छ ।

पाठ ९

# सफलताको कथा



पत्रकारिता पेसा मेरो रुचि र गौरवको विषय थियो । हरेक घटनाबाट तानिनु र डोरिनुको रमाइलाले म समयसँग अभ्यस्त हुन थालेको थिएँ । महान् पत्रकारहरूको जीवनी पढेर त झन् उत्साहित हुन्थेँ । यस पेसाप्रतिको गौरवले म झन् बढी समर्पित हुन थालेको थिएँ । काममा डुब्न पाए भोक, तिर्खा र थकाइ बिर्सनु मेरो दिनचर्या नै भएको थियो । कहिले पहिराको कथा बनाउन सिन्धुपाल्चोक पुग्थेँ त कहिले बालबालिका गृहको निर्माणको व्यथा लेख्न विराटनगर दौडन्थेँ । समय मसँगै दौडिरहे पनि त्यसको लयलाई समात्न म सधैँ लालायित थिएँ ।

काठमाडौँको एउटा छेउ लाग्छ मलाई गोठाटार । विमानस्थल नभए सायद यो दुर्गम नगर हुने थियो । नगर पनि के भन्ने हिजोसम्म यो एउटा गाउँ थियो । अहिले विस्तार भएका बस्तीहरूले यसको प्राचीनपन फेरिन थालेको छ । यही गोठाटारको पल्लो छेउमा मेरो डेरा थियो । काठमाडौँको कोटेश्वर काटेर जडीबुटीबाट उत्तर लागेपछि मलाई कोलाहलबाट मुक्त भए झैँ हुन्थ्यो । यहीँ कारण म डेरा नै भए पनि यो स्थान छोड्न सक्दिनथेँ । तराईबाट काठमाडौँ आउँदा र रत्न राज्यलक्ष्मी क्याम्पसमा पत्रकारिताको छात्र हुँदा मलाई पुतलीसडक प्यारो लाग्थ्यो । समयले मलाई एकान्तप्रिय बनायो र त्यसकै छालमा डोरिएर म गोठाटार पुगेँ । पहिलो पटक गोठाटार पुग्दा मलाई तान्ने सानो वन, केही पर रहेको पशुपतिको जङ्गल र गोठाटारको प्रतीक बनेर उभिएका पिपलका रुख थिए । हिजोआज मलाई यहाँका सबै कुरा प्यारा लाग्न थालेका छन् । पत्रकार भएर पनि म लेखक हुँ र लेखक हुन नै पत्रकार भएको पनि हुँ । मलाई यही लेखकीयपन मेरो गोठाटार मोहको कारक पनि हो जस्तो लाग्न थालेको छ । यही गोठाटारको पिपलको रुखमुनि टहलिँदै गर्दा अचानक अफिसबाट फोन आयो । बिहानको आठ बजेको थियो । एक्लो ज्यान जहाँ खाए पनि हुने । त्यसैले खाना नखाई अफिसले दिएको पुरानो मोटरसाइकल घ्यार्र घ्यार्र पार्दै

अफिसतिर लागेँ । "तपाईं स्वास्थ्यको कथा लेख्न धुलिखेल जानुपर्ने भयो अमितजी" हाकिमले भन्नुभयो । "अफिसमा राम्रो फिचर स्टोरी बनाउने तपाईं नै त हुनुहुन्छ" उहाँले थप्नुभयो ।

मलाई स्वास्थ्यको समाचारमा त त्यति रुचि थिएन । स्टोरी भनेपछि चाहिँ स्वाभाविक रूपमा म तानिएँ । मैले खाना खाएको छैन नि भन्न पनि मेरो विनम्रताले दिएन । केही समयपछि आफैँलाई गाली पनि गरेँ । लाग्यो चाहिनेभन्दा बढी विनम्रताले अरूलाई नभएर आफैँलाई दुःख दिन्छ तैपनि मैले बिस्तारै भोक बिर्सें र कथा मात्रै सम्झेर धुलिखेलतिर लागेँ ।

"कस्तो कथा होला ?" मेरो मनमा स्मृति दौडन थाल्यो । यो स्मृति भन्ने वस्तु पनि रमाइलो छ । स्मृतिले नै शब्दलाई जोड्छ र भत्काउँछ । स्मृतिले मानिसलाई मानिस बनाउँछ र पुनर्जीवित गर्छ । मेरो स्मृतिमा मेरा आफ्नै पिता जोडिनुभयो, जसलाई म सानो छँदा नै क्यान्सरका कारण गुमाएको थिएँ । यो बेला स्मृति मेरा लागि सानो झ्याल थियो जसले बाहिर र भित्रलाई जोड्छ । बाहिरको विश्व परपरसम्म फैलिएको छ । त्यहाँ गर्मी छ, जाडो छ, हावा छ, पानी छ र जङ्गल छ । यस बेला मेरो भित्री विश्वमा चाहिँ अथाह मौनता जमेको थियो । म आजको पात्रको कथा सोच्दै थिएँ । मेरो आँखाको सीमित परिधिमा न म कथाको पात्र सम्झन सक्थेँ न उसको सुखद वा दुखद कथा, मेरो स्मृतिमा त मौनता मात्रै थियो ।

"तपाईं पत्रकार ?" एक जना अधबैंसे महिलाले छेउमै आएर सोध्नुभयो । "हजुर" म धेरै नबोली छेउमा गएर बसेँ । कार्यक्रम योग र स्वास्थ्यका बारेमा थियो । थोरै अतिथि र धेरै दर्शक भएको कार्यक्रमका प्रमुख अतिथि एक जना युवा थिए । केही श्याम वर्णका ती युवक सुन्दर थिए । बिस्तारै उद्घोषकले केही अतिथि पनि बोलाए । यसो हेरेँ, कार्यक्रम त स्वास्थ्यका बारेमा हो । ठिकै छ, मनमनै सोचेँ तर यसका लागि म आइरहनुपर्ने थियो र ? अब मसँग भन्नु केही थिएन किनकि आइसकेको थिएँ । मनलाई सम्झाउन धुलिखेललाई मनभरि हेरेँ । आकाशमा बादल थियो र त्यसले बेला बेलामा आकार र रङ फेरिरहेको थियो । नजिकै वन थियो र त्यसले मायावी सङ्गीतको चम्किलो स्वरलाई वनस्थलका पत्र पत्रमा गुन्जाइरहेको थियो । उसको स्वप्निल, निस्पन्द र हावादार पङ्खाले मलाई हम्किरहेको थियो । त्यो प्रकृति निर्मित स्वप्नले मलाई स्पर्श गरेकै क्षणमा यता कार्यक्रमको शङ्काले म झसङ्ग भएँ र त्यस अकथारूपी कथाको व्यग्र प्रतीक्षामा रहेँ ।

म पत्रकार भए पनि कार्यक्रमको औपचारिकताले त्यति तान्दैन । मलाई यस्ता कुरा समयको बर्बादी लाग्छन् । त्यही भएर साथीहरू मलाई "कहाँको भवानी भिक्षु हुनुपर्ने मान्छे, यहाँ अमित ठाकुर बनेर आएछ पनि भन्छन् । हुन पनि कार्यक्रमको यस अनुत्पादक शैलीमा मेरो कति रुचि छैन । अतिथिको लामो ताँती देखेपछि मलाई त कहिलेकाहीँ कार्यक्रमकै बिचमा झोलाको पुस्तक

निकालेर पढूँ पढूँ लाग्छ । त्यही भएर मलाई कति साथीहरूले "दर्शनशास्त्रको प्राध्यापक हुनुपर्ने पत्रकार हुन आएछ" पनि भन्छन् । यी सबै कुरामा त म वास्ता गर्दिनँ तर समयप्रति चाहिँ सचेत हुनुपर्छ भन्ने लाग्छ ।

योग, ध्यान र स्वास्थ्यका बारेको रुचि मेरो सानैदेखिको रुचि हो । एक पटक तौलिहवाको घरमा छँदा एक जना बौद्ध भिक्षुले ध्यान र मनको सम्बन्धका बारेमा दिएको प्रवचन मेरो मनमा ताजै छ । यसैबाट लोभिएर मैले लुम्बिनीका स्तूप र चैत्य पनि चाहारेको छु । अहिले सामाजिक सञ्जालभरि यसका बारेका शिक्षा पनि पाइन्छन् । म त्यसमा लोभिएर कति बिहान बिताउँछु पनि । साँच्चै मलाई गोठाटारले तान्ने कुरा पनि त यही हो । पिपलको रुखमुनि बसेर गरिने प्राणायाम र नजिकैको देवालयको खुला मैदानमा गरिने योगासन मेरो दिनचर्या नै भएको छ । कहिले पशुपतिछेउको मैदानमा पुग्ने आकर्षण पनि यही हो । यही कारण म धुलिखेलको आजको यस कार्यक्रमका बारेमा पनि तानिदै गएँ । डाक्टर युरेन्द्र झाले "हजारौँ माइलको यात्रा एउटा सानो पाइलाबाट सुरु हुन्छ" भन्ने उखानबाट आफ्ना कुरा सुरु गरेको मलाई रमाइलो लाग्यो । "योग र ध्यानको यात्रा पनि यस्तै हो" उनले भने । "त्यसको उदाहरण यस मञ्चमा रहनुभएका सुन्दर छन्त्याल हुनुहुन्छ । उहाँको जीवन योग साधनाले नै फेरिदियो । आज उहाँ योग साधना र स्वास्थ्यका बारेमा राम्रो प्रवचन दिन सक्ने हुनुभएको छ । युवाहरूले समयमै स्वास्थ्यका बारेमा ध्यान दिनुपर्ने कुरालाई उहाँ राम्ररी बुझ्न र बुझाउन सक्ने हुनुभएको छ । "योग चिन्तन हो, ज्ञान हो, मनको एकाग्रता हो र यो समाधितर्फको यात्रा पनि हो ।" उनले थपे । त्यसपछि वक्ताहरूको लामो ताँती सुरु भयो ।

कार्यक्रमका अन्तिम वक्ता सुन्दर छन्त्याल नै थिए । उनले थोरै बोले तर मिठो बोले । "मनको शान्ति खोज्न टाढा जानुपर्दैन, यो तपाईंभित्रै छ । योगबाट यो प्राप्त हुन्छ । म त्यही कथाको नायक हुँ जसले निराशालाई जितेँ र मृत्युलाई समेत जितेँ । म अहिले तपाईंहरूलाई सबै कथा सुनाउन सक्दिनँ । यति भन्छु योगले मलाई जीवन दियो । यसको श्रेय आयुर्वेद र योगका आचार्य गुरु युरेन्द्र झालाई छ ।"

कहाँ कथा बनाउन गएको पत्रकार म भाषणको भारीमा पो परेँ । मन केही खिन्न भयो तर हारिनँ । सुन्दर छन्त्यालको कथा नै मैले खोज्ने कथा थियो । यसमा म विश्वस्त भएपछि उनको फोन लिएर केही खिन्नताका साथ गोठाटार फर्केँ । रातको समय थियो । गोठाटारको आकाश सफा थियो । म कोठामा पुगेँ र फेरि त्यही पिपलको फेदमा पुगेर घोरिन थालेँ । मैले वरिपरिका पहाड हेरेँ । काठमाडौँलाई आँखा लगाइरहने चन्द्रागिरि साँझको प्रकाशमा टल्कँदै थियो । अन्धकार बढ्दै जाँदा वरिपरिका पहाडहरू गणितका रेखाचित्र झैँ स्तब्ध र निश्चल थिए । उनीहरूका मन मेरो जस्तै मलिन र म्लान थिए । आकाश तल तल झर्दै थियो र धरतीलाई छुँला छुँला झैँ

झुकेको थियो । धरती अद्भुत चित्रलाई छातीमा समेटेर वात्सल्यमयी बन्दै सारा प्राणीलाई आफ्ना वक्षस्थलमा लपेटेर सुतेको थियो । म भने भोलिको कथाको चित्र र पात्रको रेखा कोरिरहेको थिएँ ।

बिहान आठ बजे सुन्दरलाई फोन गरेँ । एक जना अधबैँसे महिलाले फोन उठाउनुभयो । उहाँ हिजोकै महिला हुनुहुन्छ र सुन्दरकी आमा हुनुहुन्छ भन्ने कुरामा म विश्वस्त बनेँ । सुन्दरकी आमाले सहज निम्तो दिएपछि म खुसीसाथ आरुबारी लागेँ । रमेश विकल मलाई मन पर्ने साहित्यकार हुन् र म आरुबारीको तिनकै घरलाई देब्रे बनाएर अघि बढेँ । केही माथि पुगेपछि फेरि फोन गरेँ । घरमा पुगेर घण्टी बजाएँ । "ए बाबु आउनु न "उहाँले भन्नुभयो र म उहाँकै साथ भित्र पसेँ । म भित्र पस्दा सुन्दर ध्यानमा मग्न थिए । आमाले म आएको खबर गर्नासाथ ध्यान छाडेर आए र म नजिकै कुर्सीमा बसे । म केही हतारमै थिएँ । "बाबु चिया खाऊँ है ।" मैले विनम्रता पूर्वक "हुन्छ" को सङ्केत गरेँ । "लौ कथा सुरु गरौँ ।" मैले सुन्दरलाई आग्रह गरेँ ।

"म म्याग्दीको गाउँमा जन्मेको हुँ ।" उनले कथा सुरु गर्दै भने । "मध्यमवर्गीय परिवारको एक्लो छोरो दुःख खासै थिएन ।" "दिदीबहिनी नि ?" जिज्ञासु हुँदै मैले सोधेँ । उनी भन्दै गए "अँहँ, म एक्लो छोरो हुँ । बुबा सरकारी अधिकृत, आमा माध्यमिक तहमा पढाउने, जीवन सुखी थियो । मैले काठमाडौँको नाम चलेको विद्यालयबाट एसएलसी सकेँ । त्यसपछि उच्चमाध्यमिक तह विज्ञान लिएर उत्तीर्ण गरेँ ।"

त्यही बेला आमा चिया लिएर आइपुग्नुभयो । उहाँ पनि छेउमा बस्नुभयो र चिया खाँदै कथा अगाडि बढायौँ ।

"अनि स्नातक नि त ?" मैले सोधेँ । "स्नातक थापाथली क्याम्पसबाट सिभिल इन्जिनियरिङ लिएर पूरा गरेँ ।" उनी भन्दै गए, "स्नातकोत्तरको लागि फाराम पनि भरेँ र नाम पनि निस्कियो ।"

"ओहो बाबु ! सुन्दरको नाम निस्केको दिन उनका बुबाले गाउँभरिका मानिसलाई खुसी बाँड्नुभएको नि ! कति खुसी हुनुभएको थियो उहाँ" आमाले थप्नुभयो । मैले त्यही बेला झ्यालबाट परको पहाडी चुचुरो हेरेँ । घामको प्रकाशले उज्यालिएको आरुबारी हेरेँ र सुन्दरलाई कथाको शृङ्खला बढाउन भनेँ ।

सुन्दरको जीवनमा अचानक पहिरो गयो । यता काठमाडौँमा पढाइ सुरु भएको तेस्रो दिन सुन्दरका बुबाको हृदयाघातका कारण मृत्यु भयो । सुन्दर म्याग्दी गए । बुबाको काम सकेपछि उनलाई काठमाडौँ फर्कन मन नै भएन । "मैले कति सम्झाएँ बाबु तर मानेको होइन ।" आमाले भन्नुभयो । गाउँमा आमा विद्यालय जाने सुन्दर भने घरमा एक्लै बस्ने भयो ।

"म साह्रै उदास भएँ दाइ" सुन्दरले भने । उनको दाइ शब्दले म पनि पग्लेँ । यस बेला मलाई सुन्दर आफ्नै भाइ र आमा आफ्नै आमा झैँ लाग्यो । मैले पनि आफ्नो कथा सम्झेँ र रुन मन गरेँ । त्यसै त साथीहरू "तँ साहित्यकार होस्, पग्लिन्छस्" भन्छन् । त्यसैले मन दह्रो बनाएर सुनेँ ।

"दाइ, म यस्तै उदासीमा थिएँ । अचानक आमा बिरामी पर्नुभयो । काठमाडौँ लिएर आएँ र डाक्टरलाई देखाएँ । क्यान्सर भएको रहेछ । धेरै आत्तिनुपर्दैन तर नेपालमा होइन दिल्ली लैजानुपर्छ भनेर डाक्टरले भने । म त छानाबाट खसे झैँ भएँ । आफ्नो सर्वस्व गुमेपछि पीडाको आहालमा डुबे जस्तै भयो । धन्न सुरुमै रहेछ, उपचार भयो ।" उनले भने ।

"बाबु, ऋणको आहालमा डुबियो नि । त्यसले पनि सुन्दरलाई डिप्रेसन जस्तै भएको हो ।" आमाले भन्नुभयो । "डिप्रेसन त रोग नै हो आमा । अहिले त उपचार पनि छ नि ।" मैले सम्झाउने पाराले भनेँ । "त्यही त बाबु, मेरो छोरो त्यही भएर सग्लो भयो नि ।" आमाले भन्नुभयो । "दिल्लीबाट फर्केपछि त सुन्दरमा झन् बढी उदासीनता बढ्यो ।" आमाले भन्नुभयो । "यो कहिलेको कुरा आमा ?" मैले सोधेँ । "भयो बाबु अस्ति चैतमा ठ्याक्कै पाँच वर्ष भयो ।" आमाले भन्नुभयो ।

यो असारको महिना थियो । "पाँच वर्ष दुई महिना भएछ ।" मैले मनमनै हिसाब गरेँ । "त्यसपछि मैले यहाँ डेरा लिएँ र नेपाल मेडिकल कलेजका मनोचिकित्सकलाई देखाएँ । सामान्य उपचार हुँदै थियो । एक दिन डाक्टर युरेन्द्र झाको चिकित्साकेन्द्र नयाँ वानेश्वर जाने कुरा भयो । आमाछोरा भएर गयौँ ।" आमाले भन्नुभयो ।

"उहाँले योग र ध्यानका सबै विधि सिकाउनुभयो र गर्न पनि लगाउनु भयो । आयुर्वेदिक औषधी पनि दिनुभयो ।" अमितले भने । "मनोचिकित्सकलाई पनि सोधियो, उहाँले पनि त्यो पनि एउटा राम्रो पद्धति हो । आराम पनि हुन्छ भन्ने सल्लाह दिनुभयो । नभन्दै बिस्तारै मन शान्त हुन थाल्यो । मैले योगको विषय पनि बोध गर्दै गएँ । यसमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा र ध्यान हुँदै समाधिसम्मको यात्रा गरिन्छ भन्ने पनि बुझेँ । यस बोधले त मेरा मनका विकार हट्दै गए र जीवनमा बाँच्ने इच्छाशक्ति जागृत भयो ।" सुन्दरले भने । "अनि त म झन् योग र ध्यान सिक्न थालेँ र प्रशिक्षक बनेँ । डाक्टर झा मेरा डाक्टर मात्रै नभएर गुरु पनि हुनुभयो ।"

"कसरी यस्ता भयौ त भाइ ?" मैले सोधेँ । "जस्तो परिस्थिति छ, त्यससँग सहमत भएर अघि बढे जीवन स्वाभाविक रूपमा चल्छ । सहमत हुन नसक्दा मानसिक चिन्ता सुरु हुन्छ । आफ्नो मन आफैँ मिलिहाल्छ भनियो भने हुन्न । यसका लागि समग्रता र एकाग्रता चाहिने रहेछ । मनलाई शान्त र स्थिर पार्नुपर्ने रहेछ । मनको एकाग्रता नै शान्तिको आधार हो । गहिरो शान्ति ध्यानबाट प्राप्त हुन्छ र शारीरिक शान्ति योगाभ्यासबाट प्राप्त हुन्छ । त्यसैले सुखी र निरोगी जीवनका लागि योगाभ्यास आवश्यक छ ।" सुन्दरले सबै कुरा एकै स्वरमा सिध्याए ।

"अनि ऋण कसरी तिर्ने त अब" मैले सोधेँ । "पहाडको जग्गा केही बेचियो केही तिरियो । धेरै त तिर्न सकिएको छैन । हेरौँ, सकिएला नि केही पौरख गर्न ।" सुन्दरले भने ।

म एउटा युवाको नयाँ जीवनको कथा बोकेर फर्कने तरखरमा थिएँ । खाना नखाई जान पाइन्न भन्ने आग्रह टार्न नसकी खाना खाएर कार्यालय फर्कें । दिनभरि कार्यालयमा बसेर शनिबारको लागि सुन्दरको कथा तयार पारेँ र बेलुका डेरामा फर्कें । शीर्षक के राख्ने भन्ने पिरलोले चाहिँ मलाई रातभर छाडेन ।

भोलिपल्ट बिहान मेरो मोबाइलको घन्टी बज्यो । हेरेँ, सुन्दरको रहेछ । "दाइ म पास भएँ नि ।" उनले भने । "केमा पास भयौ नि भाइ ?" मैले सोधेँ । "प्राविधिक अधिकृतमा, अब त म ऋण तिर्न सक्छु दाइ र म योगको प्रशिक्षक पनि भएर समाज सेवा पनि गरिरहन्छु ।" उनको स्वरमा दह्रो दृढता थियो ।

मैले उनको कथामा यो सफलता पनि जोड्न पाएँ । त्यसपछि म मेरा बिहानका साथी तिनै पिपल र चौरतर्फ लागेँ । मनमा भने कथाको शीर्षक के दिऊँ भन्ने कुरा खेलिरहेको थियो । मैले मनमनै सोचेँ - यो कथा विफलताबाट सफलताको यात्राको कथा हो । दिउँसो कार्यालय पुगेँ । हाकिमले सोधे, "तपाईंको कथाको शीर्षक के राख्ने अमितजी ?" अनायास मेरो मुखबाट निस्क्यो, सफलताको कथा ।

## शब्दभण्डार

**१. दिइएका योगसँग सम्बन्धित पारिभाषिक शब्दको अर्थ शब्दकोशका सहायताले लेख्नुहोस् :**

यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि

**२. दिइएका अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

(क) हलचल नगर्ने

(ख) ओइलाएको

(ग) बौद्धस्मारक

(घ) प्राचीन चिकित्साशास्त्र

(ङ) एकचित्त

(च) कथाहिनता

(छ) एम.ए वा सो सरह

३. **दिइएका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्य बनाउनुहोस् :**

व्यग्र, चैत्य, योग, स्नातक, मनोचिकित्सक, समग्रता

## बोध र अभिव्यक्ति

१. **दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) रिपोर्ताज कुन विषयमा लेखिएको छ ?

(ख) रिपोर्ताजमा कति जना व्यक्तिको नाम उल्लेख भएको छ ?

(ग) रिपोर्ताज कतिओटा अनुच्छेदमा संरचित छ ?

(घ) रिपोर्ताजमा प्रयुक्त भाषाशैली कस्तो छ ?

२. **दिइएको अनुच्छेद पढ्नुहोस् र रिपोर्ताज विधाका बारेमा छलफल गर्नुहोस् :**

रिपोर्ताज समसामयिक विषयमाथि तयार पारिन्छ र यस्तो तयारीको क्रममा लेखक स्वयम्को संलग्नता वा प्रत्यक्षदर्शिता आवश्यक हुन्छ । यो साहित्यको नयाँ विधा हो, जसमा लेखक प्रत्यक्षदर्शी वा भोक्ता हुन्छ । कुनै पनि विषयलाई प्रस्तुत गर्नुपूर्व त्यसलाई सतर्कतापूर्वक अध्ययन वा विश्लेषण गरिएको हुन्छ । यसमा उठान गरिएको विषय वास्तविक भए पनि पत्रकार वा लेखकको व्यक्तिगत अनुभव र धारणासँग सम्बन्धित भएकाले शैली भने निजात्मक किसिमको हुन्छ । यसलाई समाचार र साहित्यको मिलनबिन्दु पनि मानिन्छ । यसमा सर्जकले आफ्ना अनुभव र कल्पनालाई पत्रकारिताको शैलीमा प्रस्तुत गर्ने हुँदा आकारगत दृष्टिले यो लामो वा छोटो दुवै हुन सक्छ ।

३. **पाठका आधारमा जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| (क) | अमित ठाकुर | अमित ठाकुरले पत्रकारिता पढेको क्याम्पस |
| (ख) | सुन्दर छन्त्याल | काठमाडौँमा सुन्दर छन्त्यालहरूको बसोबास रहेको ठाउँ |
| (ग) | रत्न राज्यलक्ष्मी | क्याम्पस सुन्दर छन्त्यालकी आमालाई लागेको रोग |
| (घ) | धुलिखेल | अमित ठाकुरको घर भएको ठाउँ |
| (ङ) | आरुबारी | योगसाधनाका कारण पुनर्जीवन र सफलता पाउने व्यक्ति |
| (च) | म्याग्दी | सुन्दरका पिताको मृत्युको कारण |
| (छ) | हृदयाघात | अमित ठाकुर फिचर स्टोरी खोज्न गएको ठाउँ |
| (ज) | क्यान्सर | सुन्दरको जन्मथलो |
| (झ) | तौलिहवा | पत्रकार |

४. **"योग, ध्यान....ताँती सुरु भयो" रिपोर्ताजको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) ध्यान गर्नका लागि म पात्र कहाँ कहाँ पुगेको थिए ?

(ख) गोठाटारले म पात्रलाई किन आकर्षित गर्छ ?

(ग) "हजारौँ माइलको यात्रा एक सानो पाइलाबाट सुरु हुन्छ" भन्नुको तात्पर्य के हो ?

(घ) योगले मानव जीवनलाई कसरी परिवर्तन गर्छ ?

५. **दिइएको रिपोर्ताजको अंश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

"उहाँले योग र ध्यानका सबै विधि सिकाउनुभयो र गर्न पनि लगाउनुभयो । आयुर्वेदिक औषधी पनि दिनुभयो ।" अमितले भने । "मनोचिकित्सकलाई पनि सोधियो, उहाँले त्यो पनि एउटा राम्रो पद्धति हो, आराम पनि हुन्छ भन्ने सल्लाह दिनुभयो । नभन्दै बिस्तारै मन शान्त हुन थाल्यो । मैले योगको विषय पनि बोध गर्दै गएँ । यसमा यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान हुँदै समाधिसम्मको यात्रा गरिन्छ भन्ने पनि बुझेँ । यस बोधले त मेरा मनका विकार हट्दै गए र जीवनमा बाँच्ने इच्छाशक्ति जागृत भयो ।" सुन्दरले भने । "अनि त म झन् योग र ध्यान सिक्न थालेँ र प्रशिक्षक बनेँ । डाक्टर झा मेरा डाक्टर मात्रै नभएर गुरु पनि हुनुभयो ।"

**प्रश्नहरू**

(क) सुन्दर छन्त्यालमा कसरी बाँच्ने इच्छाशक्ति जागृत भयो ?

(ख) योग साधनाले मानव स्वस्थ्यमा पार्ने प्रभावहरू के के हुन् ?

६. **म पात्रले सुन्दरको कथा प्राप्त गर्नका लागि गरेका प्रयत्नहरूलाई क्रमबद्ध रूपमा टिपोट गर्नुहोस् ।**

७. **उत्तर लेख्नुहोस् :**

(क) रिपोर्ताजमा प्राकृतिक परिवेशको वर्णन कसरी भएको छ ?

(ख) सुन्दर छन्त्यालको सफलताको कथा सङ्क्षिप्त रूपमा लेख्नुहोस् ।

(ग) पाठको मुख्य सन्देश के हो ?

८. **व्याख्या गर्नुहोस् :**

(क) यो स्मृति भन्ने वस्तु पनि रमाइलो छ । स्मृतिले नै शब्दलाई जोड्छ र भत्काउँछ । स्मृतिले मानिसलाई मानिस बनाउँछ र पुनर्जीवित गर्छ ।

(ख) मनको शान्ति खोज्न टाढा जानुपर्दैन, यो तपाईंभित्रै छ । योगबाट यो प्राप्त हुन्छ ।

९. **दिइएका अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

विश्व स्वास्थ्य सङ्गठनको परिभाषाअनुसार राम्रो स्वास्थ्य भनेको रोग वा दुर्बलताको अभाव मात्र नभएर शारीरिक, मानसिक र सामाजिक रूपले पूर्ण तन्दुरुस्तीको अवस्था हो । जुन देशका नागरिकहरू स्वस्थ हुन्छन्, त्यस्तो देशको प्रगति द्रुततर हुन्छ । कुनै पनि देशको स्वास्थ्य स्थिति कति सबल छ भन्ने कुरा त्यहाँका नागरिकहरूमा सुर्तीजन्य पदार्थको प्रयोगको स्थिति, उच्च रक्तचाप तथा मोटोपनको स्थिति (स्वास्थ्यमा जोखिम), शुद्ध पानीको उपलब्धता, औसत आयु, कुपोषणग्रस्त जनसङ्ख्याको प्रतिशतका साथै दुर्घटना, द्वन्द्व वा प्राकृतिक विपत्ति जस्ता अन्य कारणबाट हुने मृत्युको अवस्था आदिमा निर्भर हुन्छ । यस्ता सूचकका आधारमा संसारकै सबैभन्दा राम्रो स्वास्थ्य स्थिति भएको देशको रूपमा स्पेनलाई लिइन्छ ।

लगभग १००० वर्षको इतिहास भएको चिकित्सा विज्ञान मानव सभ्यताको महत्त्वपूर्ण कान्छो उपलब्धि हो र यसको मुख्य उद्देश्य व्यक्तिको शारीरिक तथा मानसिक स्वास्थ्यलाई उच्चतम बिन्दुमा पुऱ्याउनु हो । स्वास्थ्य विज्ञानमा रोकथाम, निदान र निवारणको तीनओटा विधिमा ध्यान दिइन्छ । यी विधिमध्ये चिकित्सा विज्ञान मुख्यतया निदान र निवारणमै अल्झिएको छ । रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हो भन्ने उक्तिलाई कम महत्त्व दिइएको छ । अर्थात् चिकित्सा विज्ञानमा रोकथामलाई भन्दा रोग लागिसकेपछि उपचार गर्ने परिपाटीले बढी महत्त्व पाएको छ यद्यपि पछिल्लो समयमा विभिन्न किसिमको खोप, जनहितमा जारी हुने विभिन्न जनस्वास्थ्यसम्बन्धी सूचना, जानकारी, तालिम आदिको व्यवस्थाले चिकित्सा विज्ञान रोकथामको गतिविधिमा पनि तानिन थालेको छ ।

**प्रश्नहरू**

(क) स्वस्थ हुनु भनेको के हो ?

(ख) देशका नागरिकको स्वास्थ्य स्थिति कुन कुन कुरामा निर्भर हुन्छ ?

(ग) चिकित्सा विज्ञान कसरी रोकथामतिर पनि केन्द्रित हुन थालेको छ ?

(घ) चिकित्सा विज्ञानमा कुन कुराले बढी महत्त्व पाएको छ ?

१०. **दिइएको अनुच्छेदबाट मुख्य मुख्य पाँचओटा बुँदा टिपेर सारांश लेख्नुहोस् :**

कुविचारभन्दा सुविचार राम्रो, सुविचारभन्दा विवेक विचार राम्रो र विवेक विचारभन्दा निर्विचार सबैभन्दा राम्रो हुन्छ । ऋषि पतञ्जलीका अनुसार निर्विचार अवस्थामा स्थित भइरहने अभ्यास जसले पर्याप्त मात्रामा गरेको हुन्छ, त्यसले परमानन्द पनि प्राप्त गरेको

हुन्छ । जो मानिसले जरुरतभन्दा बढी विषयी कुराहरूमा दिल लगाउँदैन, त्यसले सजिलैसँग निर्विचार अवस्था प्राप्त गर्न सक्छ । यो अवस्था प्राप्त गर्दैमा जिम्मेवारी चाहिँ सकिँदैनन् । यसको निरन्तर अभ्यास चलिरहनुपर्छ । ती विचारहरूबाहेक मनलाई खालि राखी राम्रो नराम्रो कुनै विचार आउन नदिई प्रशान्तिको अभ्यास गर्नुपर्छ । यो अभ्यासबाट साधकको अन्तस्करणमा एउटा सुदृढ प्रतिरोधक संस्कार सिर्जन हुन जान्छ । दुखदायी विचारहरूले यदाकदा गर्ने आक्रमणबाट यो संस्कारले साधकलाई सुरक्षित राख्छ । जसरी खोलामा बाढी आउनाभन्दा अगाडि खोलाछेउ रहेको आफ्नो घरको पर्खाललाई मजबुत गरिदियो भने बाढी आउने डरबाट सुरक्षित भई व्यक्ति अविरल झरीको रातमा पनि आनन्दको निद्रा लिन्छ । त्यस्तै गरी भयानक दुखको परिस्थितिमा पनि यस्तो साधकले धैर्य गुमाउँदैन । उसलाई थाहा छ आएको दुःख अवश्य नै जान्छ । “य आगच्छति सः गच्छति” अर्थात् आएको जुनसुकै तत्त्व फर्किएर जानलाई नै आउँछन् । यो सत्य कुरा हो । अतः दुश्चिन्ताग्रस्त हुनुपर्ने कारण छैन ।

**११. आफ्नो समुदायमा भएका योगसम्बन्धी गतिविधिहरू समेटी समाचारको नमुना तयार गर्नुहोस् ।**

**१२. दिइएका शीर्षकमा टिप्पणी लेख्नुहोस् :**

(क) विश्वसम्पदाको संरक्षण र संवर्धनमा देखिएका चुनौतीहरू

(ख) सामाजिक सञ्जालको अतिशय प्रयोगले मानव जीवनमा पारेको प्रभाव

**१३. आफ्नो वडामा आयोजित एक हप्ते सरसफाइ अभियानको समापन कार्यक्रमका मुख्य विषयवस्तु समेटी प्रतिवेदन तयार पार्नुहोस् ।**

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ ९ का आधारमा दिइएका प्रश्नका मिल्ने उत्तर छानी रेजा लगाउनुहोस् :**

(क) म पात्र साङ्खोलामा के काम गर्दै थिए ?

(अ) कुल्ली (आ) कृषि (इ) चिकित्सक (ई) शिक्षण

(ख) साङ्खोलामा कस्तो विपत् आइपऱ्यो ?

(अ) बाढी (आ) पहिरो (इ) असिना (उ) घाम

(ग) गाउँलेले श्रमिकहरूलाई के गर्न थाले ?

(क) प्रशंसा (ख) गाली (ग) प्रेम (घ) उपचार

(घ) श्रमिकहरूले प्रतिवाद गरेका भए के हुन्थ्यो ?

(क) झगडा (ख) मृत्यु (ग) भलो (घ) सुरक्षा

**२. सुनाइ पाठ ९ का आधारमा दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) यो रिपोर्ताज के विषयमा तयार गरिएको छ ?

(ख) साङ्खोलाका बासिन्दाहरू कस्ता रहेछन् ?

(ग) लेखकले के कुरा किन बताउन सकेनन् ?

(घ) यस रिपोर्ताजको सन्देश लेख्नुहोस् ।

**३. हरेक विद्यार्थीले विद्युतीय र मुद्रित पत्रिका, रेडियो, टेलिभिजन आदिमा आफूले पढेका वा सुनेका कुनै नयाँ समाचार कक्षामा सुनाउनुहोस् ।**

## भाषातत्त्व

### प्रत्यय

**१. दिइएको अनुच्छेद पढी रेखाङ्कन गरिएका शब्दहरू टिपेर तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

लेखक, पाठक र भावक एकअर्काका पूरक हुन् । यिनीहरू आदरणीय मात्र होइन, सम्माननीय पनि हुन्छन् । भौगोलिक रूपमा जहाँ रहे पनि एकआपसको गाढा सम्बन्ध उनीहरूको रहन्छ । उनीहरू समाजमा सम्मानित र शिक्षित व्यक्ति मानिन्छन् । प्राचीन कालदेखि आधुनिक कालसम्म नवीन चेतना फैलाउन तल्लीन देखिन्छन् । लेखकमा रहेको स्वच्छ भावनाका कारण उसको लेखन पूजनीय र माननीय हुन्छ । बालकदेखि गायकसम्म सबै मानिस उसका निम्ति प्रिय हुन्छन् । लेखकका काव्य कृतिको ख्यातिका कारण ऊ श्रेष्ठतम जीवन जिउन सक्षम हुन्छ । जहाँ रवि पुग्दैनन्, त्यहाँ पुग्छन् कवि भने झैँ लेखकको गन्तव्य सीमित हुँदैन । गद्य, पद्य र हास्यसम्मका वक्ता बन्ने हुनाले उसको बुद्धि गतिवान् हुन्छ । लेखकको व्यक्तित्व जे जस्तो भए पनि कवित्व र लेखकत्वका कारण सिद्धत्व प्राप्त गर्दछन् । क्षमतावान् र बुद्धिमान् हुनाले ऊ कीर्तिमान कायम गर्दछ । भावमय र रहस्यमय लेखकत्व हुने कवि मनको दयालु पनि हुन्छ । लेखकले आफ्नो कलाको लालित्य र माधुर्यलाई लेखनीमा प्रस्तुत गर्दछ ।

२. 'सफलताको कथा' पाठबाट दशओटा प्रत्यय लागेका शब्दहरू टिप्नुहोस् र ती शब्दहरूको निर्माण प्रक्रिया देखाउनुहोस् ।

३. दिइएका प्रत्यय लगाई दुई दुईओटा शब्द निर्माण गर्नुहोस् :

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अक | अन | अनीय | इक | इत | ई | ईन | ईय | क | तर |
| तम | तव्य | ता | ति | त्व | मय | मान् | वान् | य | |

४. दिइएका शब्दहरूको निर्माण प्रक्रिया देखाउनुहोस् :

नायक, शुद्धता, गुरुत्व, व्यवस्थित, द्विपक्षीय, आयुष्मान्, वैदेशिक, गरिमामय, सौन्दर्य, गति, कारक, धैर्य, योगी, श्रेष्ठतम, पाशविक, पञ्चक, सौर्य, वित्तीय, चटनी, हतियार, बोलक्कड, दुधालु, पुर्बेली, मुख्याइँ, गँजडी, पँधेरो

## सिर्जना/परियोजना

१. 'एउटा भयानक प्राकृतिक प्रकोपको साक्षी बन्नुपर्दा' शीर्षकमा एउटा रिपोर्ताज तयार गर्नुहोस् ।

२. 'मैले देखेको एउटा मेला' विषयमा एउटा रिपोर्ताज तयार गर्नुहोस् ।

३. पुस्तकालयमा गएर साहित्यका विभिन्न विधाहरूको अध्ययन गर्नुहोस् । आफूले अध्ययन गरेका विधाहरूको सूची बनाई ती विधाहरूका मुख्य मुख्य विशेषता टिपोट गरी कक्षामा सुनाउनुहोस् ।

## सुनाइ पाठ ९

### साङ्खोलामा

३० अप्रिल, १९९४, मेरो जन्मदिनभन्दा ठिक एक दिनपछिको शुक्रबार । म सिक्किमको साङ्खोला भन्ने ठाउँमा कुल्ली भएर काम गर्दै थिएँ । त्यस ठाउँमा कुल्लीका रूपमा काम गर्ने अधिकांश मानिसहरू म जस्तै पूर्वी नेपालका विभिन्न ठाउँबाट गएकाहरू नै थिए । यसरी परदेशमा पनि प्रशस्त नेपालीहरू एउटै थलोमा रहेर काम गर्न पाउँदा एक किसिमले रमाइलै थियो । फेरि त्यहाँ वरिपरिका अधिकांश बासिन्दाहरू पनि नेपाली मूलका नै थिए । यसले गर्दा कमसेकम हामीलाई भाषाको समस्या थिएन ।

त्यस दिन दिउँसो एकदम चर्को घाम लागिरहेको थियो, दुईओटा घाम एकै ठाउँ भए जस्तो । सडकको नयाँ ट्र्याक खोल्ने काममा लागेका हामी घामले आत्तिएर एकछिन खन्दै एकछिन

सियाँलमा बस्दै काम गरिरहेका थियौं । तीन बजेतिर दक्षिणपूर्वबाट आकाश कालो भएर आयो अनि अचानक असिनापानी पऱ्यो । असिना टाउकामा लागे टाउकै फुटाउन सक्ने खालका थिए । हामी छेवैको दोकानमा ओत लाग्यौं र असिनापानी रहेपछि हाम्रो छाप्रातिर दौड्यौं । असिनापानीले हाम्रो सिल्पोलिन प्लास्टिकको छानो, स्याउलाको बार तथा बाँसको कप्टेराको खाट भएको छाप्राको बेहाल बनाएको रहेछ । ठाउँ ठाउँमा ठुला ठुला प्वाल थिए । लुगाफाटाहरू आधासरो भिजेका थिए । चामलको बोरा पनि अलि अलि भिजेछ । त्यसैले हामी आआफ्ना छाप्राको छानो तानतुन पार्न थाल्यौं, असिनाले प्वाल पारेका ठाउँमा च्युरीका पात र प्लास्टिकका टुक्राहरूले टालटुल पार्न थाल्यौं । त्यति नै खेर बस्तीबाट एक हुल गाउँलेहरू हाम्रो छाप्रातिर आए । उनीहरू हाम्रो छाप्रातिर आइरहेको देख्ता म मनमनै खुसी भएँ । हाम्रो दुर्दशामा सहयोग र सहानुभूति प्रकट गर्न आएका होलान् भन्ठानें तर वास्तविकता अर्कै रहेछ । उनीहरू त हाम्रो छाप्रामा आइपुग्नेबित्तिकै हामीलाई जथाभावी गाली गर्न थाले । मनपरि भन्न थाले । कोही त हातपात पनि गर्न थाले । हामीलाई तुरुन्त त्यस ठाउँबाट अन्यत्रै जाओ भन्न थाले । एकछिन त म केही नबुझेर रनभुल्लमा परेँ ।

भएको के रहेछ भने त्यस दिन परेको असिनापानीले उनीहरूको मकै र आलु खेती ध्वस्त पारिदिएछ र उनीहरूका विचारमा त्यस गाउँमा यस्तो प्राकृतिक प्रकोप हुनुमा हाम्रो दोष रहेछ । अर्थात् हामी त्यहाँ नभएको भए यसरी असिनापानी पर्ने नै थिएन रे । हामी नेपालबाट त्यहाँ गएकाहरू कुलधर्ममा बिग्रेका वा चेलीमाइती बिग्रेर त्यहाँ पुगेकाले त्यस्तो प्रकोप उनीहरूको गाउँमा बज्रन पुगेको रे । कस्तो अन्धविश्वास ! कति साँघुरो चिन्तन ! मलाई उनीहरूको यस्तो छेक न छन्दको कुरा सुन्नुपर्दा र दुर्व्यवहार सहनुपर्दा दुःख त अवश्य लाग्यो तर त्यो दुःख त्यस्तो गम्भीर होइन, जब उनीहरूले हामी नेपालीहरू संसारकै सबैभन्दा गरिब, असभ्य र तुच्छ जाति भएको आरोप लगाए अनि मैले चाहेर पनि कुनै पनि व्यक्तिका लागि आफ्नो राष्ट्रियता गरिब, असभ्य र तुच्छ हुँदैन भन्ने कुरा उनीहरूलाई बताउन सकिनँ । त्यस्तो गहिरो दुःखको अनुभूति सत्र बर्से उमेरमै गरेँ । स्पष्ट के थियो भने उनीहरूको अगाडि मैले प्रतिवाद गरेको भए त्यहीं र त्यति बेलै मेरो इहलीला समाप्त हुन्थ्यो किनभने भने म परदेशमा थिएँ ।

केही बेरपछि उनीहरूले हाम्रो हाँडाभाँडा मकैबारीमा हुत्याइदिए अनि फतफताउँदै, गालीगलौज गर्दै फर्के । मैले भने फर्किरहेका उनीहरूको पिठ्युँ निःशब्द हेरिरहेँ ।

पाठ १०

# कृषिशालामा एक दिन

(परियोजना कार्यका लागि गएका विद्यार्थीहरू कृषिशालाभित्र छिर्छन् । त्यहाँ उनीहरूको भेट बद्री विश्वकर्मासँग हुन्छ)



डोल्मा गुरुमा : नमस्कार बद्रीजी । आराम हुनुहुन्छ ? हामी त आयौँ नि ।

बद्री : नमस्कार । आराम छु हजुर । बेलैमा आउनुभएछ त । ल है, यताउता मिलेर बसौँ । किसानको घरमा बस्ने ठाउँ साँघुरो काम गर्ने ठाउँ फराकिलो हुन्छ क्यारे । नासपाती खाऊँ है त, म टिपेर ल्याउँछु ।

डोल्मा गुरुमा : अहिले पर्दैन बद्रीजी । पहिला घुमौँ न । खानेकुरा त पछि खाउँला नि ।

बद्री : जाने त ? लौ हिँड्नुहोस् त उसो भए ।

विद्यार्थीहरू : जाऔँ, जाऔँ ।

डोल्मा गुरुमा : सुन्नुहोस् त विद्यार्थी भाइबहिनीहरू, बद्रीजीले अर्थशास्त्र विषयमा स्नातकोत्तर तहसम्मको अध्ययन गर्नुभएको छ । अध्ययनपछि उहाँले दश वर्षजति सरकारी सेवामा काम गर्नुभयो । अहिले चाहिँ जागिर छोडेर उहाँ यतातिर लाग्नुभएको हो । उहाँसँग दुवै समूहका प्रतिनिधिले आआफ्ना जिज्ञासाहरू राख्नुहोला । पूरक प्रश्न चाहिँ अन्य विद्यार्थीले पनि गर्न सक्नुहुनेछ । अँ साँच्चै, कति वर्ष भयो बद्रीजी तपाईंले कृषि कार्य गर्न थाल्नुभयो ?

बद्री : भयो नि छसात वर्ष ।

म्हेन्दो : अनि तपाईं त यत्रो पढेलेखेको मान्छे, सरकारी जागिर पनि रहेछ । पक्कै राम्रै हुँदो हो, यतातिर लाग्ने सोच कसरी बनाउनुभयो ?

बद्री : सायद म महत्त्वाकाङ्क्षी मान्छे रहेछु क्यारे । मेरो स्वभावसँग त्यो जागिर त्यति मिलेन । त्यसैले म मेरो नजरको कुनै सार्थक काम गरेर बाँकी जीवन बिताउन चाहन्थेँ । त्यसका लागि मैले धेरैतिर खोजेँ । अन्ततः कृषिकर्मले मलाई आकर्षित गऱ्यो ।

म्हेन्दो : तपाईंले कृषिलाई नै महत्त्व दिनुको कारण चाहिँ के हो नि ?

बद्री : हेर्नुस्, व्यक्तिलाई कृषक बन्ने कि नबन्ने भनी छान्ने छुट होला तर मानव जातिलाई कृषि गर्ने कि नगर्ने भनी छान्ने छुट छैन । जुन दिन वैज्ञानिकहरूले नखाईकन पनि बाँच्ने मानिसहरू जन्माउन थाल्लान् । त्यसपछि मात्रै कृषि मानव जातिका लागि वैकल्पिक पेसा हुने छ । आजका दिनमा चाहिँ एउटाले नगरे अर्काले, अर्काले नगरे तेस्रोले, कसै न कसैले त किसान हुनु नै छ । त्यसैले कृषिकर्म व्यक्तिगत रुचिअरुचिको काम मात्रै होइन, यो मानव जातिको अस्तित्वसँग जोडिएको आधारभूत काम पो हो त ।

डोल्मा गुरुमा : हेर म्हेन्दो, बाँच्नका लागि आवश्यक पर्ने सम्पूर्ण पोषणको मुख्य स्रोत नै खाद्य पदार्थ हो । खाद्य पदार्थ नै हामीलाई बचाउने औषधी हो, अमृत हो । कृषि नभई खाद्य पदार्थको उत्पादन कसरी हुन्छ र ? त्यसैले कृषि पेसा त आफूलाई मात्र होइन, संसारलाई बचाउने कर्म पनि त हो नि ।

बद्री : डोल्माजीले भन्नुभएको कुरा सही हो । अर्कातिर अहिले खेतीयोग्य जमिन बाँझो हुने क्रम बढिरहेको छ । प्राकृतिक र जैविक विविधतायुक्त उर्वर जमिन भएर पनि खाद्य पदार्थ विदेशबाट किन्नुपर्ने बाध्यता छ । यसले स्वदेशको पैसा विदेशतिर गइराखेको छ । कृषि उपजमा समेत वैदेशिक व्यापार घाटा छ । यस्तो बेलामा तपाईं हामी जस्ता पढेलेखेका मान्छेले यस विषयमा नसोच्ने हो भने कसले सोच्छ र ? मलाई लाग्छ, सामान्य जागिर खानुभन्दा बाँझो जमिनमा अन्न, फलफूल, तरकारी फलाउनु बढी महत्त्वको कुरा हो । यसबाट राज्यले कल्पना गरेको समृद्धि, स्वरोजगार र पर्यावरण संरक्षणको क्षेत्रमा योगदान हुन्छ ।

रामभरोस : कृषि पेसालाई दुःखी पेसा भन्छन् । दुःख त तपाईंले पनि पाउनुभएकै होला । कहिलेकाहीँ त खुरुखुरु जागिरै खाएको भए हुने रहेछ जस्तो लागेको छैन हजुरलाई ?

बद्री : आआफ्नो सोचको कुरो हो यो पनि । हेर्नुहोस्, आनन्द भन्ने कुरा पनि सापेक्षित हुँदो रहेछ । स्वस्थ जीवनका लागि शारीरिक श्रमको महत्त्व नबुझेको भए पसिना बगाउँदा मलाई दुःख लाग्थ्यो होला । आफूले रोपेको बिरुवा हुर्किंदा मलाई आफ्नै सन्तान हुर्कंदै गरेको जस्तो लाग्छ । पछि परन्तुको कुरा होइन, अहिले तत्काल नै म हुर्किंदै गरेका बिरुवा हेरेर रोमाञ्चित हुन्छु । फुल्दै गरेका फूल र फल्दै गरेका फलहरूले मेरो जीवन सार्थक बनाए जस्तो लाग्छ । साँच्चै भनुँ भने संसारको सबैभन्दा राम्रो काम गर्ने अवसर मलाई यहीँ मिलेको जस्तो लाग्छ ।

म्हेन्दो : यो त भावनाको कुरा भयो, खासमा खेतीपाती गरेर जिन्दगी चलाउन गाह्रो हुँदैन र ?

बद्री : जीवनको गाह्रोसारो पनि भावनासँग नै जोडिने कुरा हो नि । सामान्यतः मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ । फेरि मैले जुन पद्धतिको खेतीपाती गरिरहेको छु, त्यसबाट हाम्रो परिवार मजाले चलेको छ । सामान्यतः हामी मल, बिउ, औषधी बजारबाट किन्दैनौँ । रासायनिक खेती भएको भए किसानको धेरै पैसा बजारतिर जान्थ्यो । यो त प्राकृतिक खेती हो । त्यसैले हामी उत्पादन कार्यका लागि प्रायः केही किन्दैनौँ, उपज भने खुरुखुरु बेच्छौँ । उत्पादनमा लागत कम छ तर उत्पादित वस्तुको मूल्य चाहिँ धेरै पाइन्छ । स्वास्थ्यमैत्री हुनाले हाम्रो उत्पादन सजिलैसँग यहीँबाटै बिक्छ, बजारको कुनै समस्या छैन ।

भगतसिंह : अनि मल र औषधी नहालीकन पनि राम्रो उत्पादन हुन्छ त ?

बद्री : मैले मल र औषधी नै हाल्दिनँ कहाँ भनेको हो र ? बजारबाट किनेर हाल्दिनँ पो भनेको त । मैले आफूलाई चाहिने मल र औषधी यहीँ बनाउँछु नि ।

रामभरोस : कसरी नि ?

बद्री : मल बनाउने त सजिलो तरिका छ । यी हेर्नुहोस्, यस भाँडामा २०० लिटर पानी, दश लिटर गहुँत, दश किलो गोबर, एक किलो गुँड, एक किलो दालको पिठो र वरपिपलको फेदको एक मुठी माटो राम्रोसँग मिसाइएको छ । यसलाई मैले आज बिहान तयार पारेको हुँ । पर्सि बिहानसम्म यसलाई यसरी नै ढाकेर राख्नुपर्छ । साँझ बिहान लौराले चलाउनुपर्छ । त्यसपछि यो लेदोलाई मलका रूपमा प्रयोग गर्न सकिन्छ । महिनामा एक पटक सर्सर्ती बोटबिरुवाका फेदमा छर्किएपछि त बिरुवालाई मलैमल भइहाल्छ नि ।

भगतसिंह : औषधी कसरी बनाउनुहुन्छ त ?

बद्री : औषधी पनि सजिलै बनाउन सकिन्छ । सामान्यतः गाईवस्तुले नखाने खालका दशबाह्र थरी रुखका पातहरूको रस गहुँतसँग मिसाएर बोटबिरुवामा छर्ने हो भने अधिकांश रोगको नियन्त्रण गर्न सकिन्छ । त्यसमा खुर्सानी, निम, लसुन, बेसार, बोझो जस्ता जडीबुटी मिसाउने हो भने त सुनमा सुगन्ध भइहाल्यो ।

म्हेन्दो : ए त्यसो भए तपाईंले रासायनिक मल र औषधीको प्रयोग फिटिक्कै गर्नुभएको छैन त ?

बद्री : छैन, त्यसैले हाम्रो उत्पादन मानव स्वास्थ्यका लागि हानिकारक छैन । अघि गुरुआमाले खाद्यान्न अमृत हो भन्नुभएको थियो नि, त्यो चाहिँ यस्तै उत्पादनलाई भन्नुभएको हो ।

हर्कध्वज : हैन तपाईंले त खेतबारीलाई पुरै जङ्गल जस्तो पो बनाउनुभएको छ त ?

बद्री : हो त, यो वनजङ्गलकै पारामा गरिने खेती प्रणाली हो । हामीले यहाँ विशेषतः फलफूल र औषधीका बोटहरू लगाएका छौं । यहाँ यो उचाइमा पाइने सबै अग्लाहोचा रुखहरूलाई पञ्चस्तरीय ढाँचामा व्यवस्थित गरिएको छ । बिच बिचमा जलप्रबन्धनका लागि नाली पनि छन् । हेर्नुहोस् त, मैले गरेको कृषिमा बोटबिरुवाको सहअस्तित्वलाई स्वीकार गरिएको छ । यहाँ एउटा फसलले अर्को फसललाई सहयोग गर्छ । एउटाले नचाहिने भनेर माटामा फ्याँकेको तत्त्व अर्को बिरुवाले मलका रूपमा लिन्छ । एउटा बिरुवाको बासनाले अर्को बिरुवामा रोग लाग्दैन । केही न केहीको उत्पादन बर्सैंभरि भइरहन्छ, बेचिरहन पनि पाइन्छ ।

भगतसिंह : भनेपछि फलफूल बेच्ने अनि अन्न र तरकारी चाहिँ बजारबाट किन्ने ?

बद्री : होइन, मैले अन्न र तरकारीका लागि उः परको ठाउँ छानेको छु । त्यहाँ वरिपरि ठुला ठुला रूखहरू छन् जसले हावाको गति र रोगको आक्रमणलाई रोक्नुका साथै अन्न र तरकारीको उत्पादनका लागि उपयुक्त खालको प्राकृतिक वातावरण तयार पार्छन् ।

(सबै जना त्यतैतिर लाग्छन् ।)

रामभरोस : यी भर्खर रोपेका बेर्नाका फेदमा सुकेका पातपतिङ्गर किन हाल्नुभएको नि ?

बद्री : ए यो, मैले यसलाई आच्छादन भन्ने गरेको छु । यसो गरेपछि बालीमा अनावश्यक झारपात पनि उम्रिँदैनन् अनि जमिनको चिसोपन पनि सुक्न पाउँदैन । अघि देखाएको लेदो हल्का छरिदिएपछि बिस्तारै यो कुहिन्छ र बिरुवालाई मल पनि हुन्छ । हामीले खाने उत्पादित फसलबाहेक बाँकी रहेको सबै झ्यासझुस यसरी नै आच्छादन गरेपछि बिरुवालाई मलको अभाव नै हुँदैन नि । माटामा जति थियो त्यति नै रहेन त ? लिएको फसलको बदलामा महिनामा एक पटक लेदो छर्किने । हिसाबकिताब बराबर ।

हर्कध्वज : उता चाहिँ जङ्गलकै ढाँचामा खेती गर्नुभएको छ । यता पनि खेतबारीको वरिपरि रुखहरू रोप्नुभएको छ । यसैको छायाले बालीनाली बिगार्दैन ?

बद्री : सबै बिरुवालाई उत्तिकै घाम चाहिँदैन । एक पटक तपाईं जङ्गलको वातावरण अनुमान गर्नुहोस् । त्यहाँ अनगिन्ती रुखबिरुवा हुन्छन् । सबै बाँचेकै छन्, हुर्केकै छन्, फलेकै छन् । जङ्गलका बिरुवामा तपाईं जाच्नुहोस्, कुनै तत्त्वको कमी हुँदैन । त्यही विज्ञान यहाँ लागु हुन्छ ।

म्हेन्दो : तर एउटा कुरा हजुर, जङ्गलमा त मल, पानी र खनजोत केही त गरिँदैन । खेतीमा पनि त्यही नियम ल्याउन खोजेर हुन्छ होला त ?

बद्री : हुन्छ । उताको मेरो बागवानी त्यही मोडलको त हो नि, भइराखेको छ ।

भगतसिंह : तपाईंको कुरा अलि अनौठो लाग्यो । त्यसो भएदेखि रासायनिक मल र विषादीको प्रयोग गरेर खेती गर्नु नै हुँदैन त ?

बद्री : मैले प्रयोग गर्नुहुँदैन भनेको छैन । कुरो यत्ति हो कि मैले प्रयोग गरेको छैन । प्रयोग नगरी पनि यसरी नै गजबसँग उत्पादन गर्न सकिन्छ भने किन प्रयोग गर्नुपर्‍यो र ? यदि कसैले गर्ने नै विचार गर्छ भने कृषिविद्को सल्लाहमा माटो, हावा, पानी नबिग्रने गरी गर्नुपर्‍यो । मानव स्वास्थ्यलाई विचार गरेर गर्नुपर्‍यो । जमिनलाई उर्वर बनाउन गर्नुपर्‍यो, बन्जर बनाउन होइन । खासमा कृषि क्षेत्रमा जथाभावी रूपमा रासायनिक मल र विषादीको प्रयोग गर्नाले हामीले खाद्यपदार्थसँगै बिख खाइराखेका छौँ । त्यति मात्रै होइन, रासायनिक मल तथा विषादीहरूको अत्यधिक प्रयोग गरेर पानीका स्रोत र सास फेर्ने हावासमेत विषाक्त बनाएका छौँ । माटोसमेत बर्बाद बनाएर असङ्ख्य जलचर र स्थलचर जीवहरूको हत्या गरेका छौँ । प्राणीहरूको जीवन रक्षाको आदर्शलाई भुलेर यसरी विषादी प्रयोग गर्नु अपराध कर्म होइन ? मलाई लाग्छ, यो राम्रो

| | |
|---|---|
| | भइराखेको छैन । त्यसैले त बेला बेलामा प्रकृतिले अनेक रोगका नाममा हामीहरूलाई पनि सजाय दिइराखेको छ, हैन र ? |
| डोल्मा गुरुमा : | ठिक कुरा हो बद्रीजी, रासायनिक मल र विषादीको प्रचुर प्रयोगबाट गरिने उत्पादन प्राकृतिक उत्पादन नै होइन । त्यो त मानवनिर्मित कृत्रिम पदार्थ हो । खासमा त्यो खानेकुरा नै होइन, खानेकुरा जस्तै देखिने विषालु वस्तु हो । |
| बद्री : | हेर्नुस् डोल्माजी, हामीले त नेपालको कृषि क्षेत्रमा रहेका परम्परागत ज्ञान र अनुभवलाई जोगाउनुपर्ने छ । हाम्रा पुर्खाहरूले जोगाएर हामीलाई सुम्पेका बिउबिजन हराउँदै गएका छन्, भविष्यका लागि तिनको संरक्षण र प्रवर्धन गर्नुपर्ने छ । कृषि कर्मलाई सम्मानित कर्मका रूपमा स्थापित गर्नुपर्ने छ । तर के गर्नु ? नेपालको करिब दुई तिहाइ जनसङ्ख्या कृषि क्षेत्रमा आश्रित छन् तैपनि आजका प्रायः विद्यार्थीले आफूलाई भोलिको किसान भन्ने सोचेको छैन । कृषिकै अध्ययन र अनुसन्धानमा लागेका कृषि वैज्ञानिकहरू, नीति निर्माताहरू, जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरू वा कृषि अभियन्ताहरूले पनि आफ्ना सन्तानलाई किसान बनाउन खोजेका छैनन् । पढेलेखेको मान्छेले म अब कृषि कर्म अपनाउँछु भनी निर्णय लियो भने त्यसलाई अर्कै नजरले हेर्ने वातावरण छँदै छ । यो मनोविज्ञानलाई नबदलेसम्म हामी कसरी समृद्ध बन्न सक्छौँ र ? |
| डोल्मा गुरुमा : | तपाईंको कुरा मननीय छ बद्रीजी । तपाईंको यो कृषिशाला कृषिशाला मात्रै होइन, ज्ञानशाला पनि रहेछ । तपाईंलाई धेरै धेरै धन्यवाद । ल विद्यार्थी साथीहरू, हामी अब फर्कने तरखर गर्नुपर्छ है । |
| बद्री : | पख्नोस् पख्नोस्, फलफूल खाएर मात्रै फर्कनुपर्छ । म टिपिहाल्छु । |
| | (सबै विद्यार्थीहरू गुरुमाको अनुहारतिर हेरेर हाँस्छन् ।) |

## शब्दभण्डार

१. **तल दिइएका अर्थ दिने शब्दहरू पाठबाट खोजेर लेख्नुहोस् :**

(क) सोच्न लायक

(ख) बालीनाली

(ग) अर्थपूर्ण

(घ) पानीमा बसेर जीविका गर्ने प्राणी

(ङ) विषयुक्त

(च) बिउ छरेपछि माटालाई पातपतिङ्गरले छोप्नु

(छ) एउटै स्थानमा पाँच फरक उचाइ हुने वृक्ष लगाउने

२. **दिइएका शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

गहुँत, उर्वर, स्थलचर, जलप्रबन्धन, कृषिविद्, प्रवर्धन, समृद्ध, अभियन्ता, महत्त्वाकाङ्क्षी, ज्ञानशाला

३. **दिइएका पदावलीहरूको प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् :**

परम्परागत ज्ञान, प्राकृतिक वातावरण, रासायनिक मल, पर्यावरण संरक्षण, कृषि वैज्ञानिक

## बोध र अभिव्यक्ति

१. **'कृषिशालामा एक दिन' पाठ पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) संवादमा कति जना पात्रहरू सहभागी छन् ?

(ख) सबैभन्दा धेरै पटक प्रश्न गर्ने विद्यार्थी कुन हो ?

(ग) यो संवाद कुन स्थानमा गरिएको हो ?

(घ) कुन पात्रले खाद्यपदार्थलाई औषधी भनेको छ ?

(ङ) सबैभन्दा छोटो संवाद कसले बोलेको छ ?

२. **दिइएका भनाइहरू ककसका हुन्, पत्ता लगाउनुहोस् :**

(क) यहाँ एउटा फसलले अर्को फसललाई सहयोग गर्छ ।

(ख) दुःख त तपाईंले पनि पाउनुभएकै होला ।

(ग) कृषि पेसा त आफूलाई मात्र होइन, संसारलाई बचाउने कर्म पनि त हो नि ।

(घ) यता पनि खेतबारीको वरिपरि रुखहरू रोप्नुभएको छ ।

(ङ) तपाईंको कुरा अलि अनौठो लाग्यो ।

(च) तपाईंको यो कृषिशाला कृषिशाला मात्रै होइन, ज्ञानशाला पनि रहेछ ।

३. 'कृषिशालामा एक दिन' पाठलाई हाउभाउसहित पढी संवादमा प्रश्न र उत्तरको शृङ्खला के कस्तो रहेको छ, समूहगत छलफल गर्नुहोस् ।

**४. पाठमा रहेको 'मैले प्रयोग....हैन र ?' संवादांश पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) के गर्दा जमिन उर्वर बन्छ ?

(ख) पानीका स्रोत विषाक्त हुनाको कारण के हो ?

(ग) संवादमा के कर्मलाई अपराध भनिएको छ ?

(घ) प्रकृतिले हामीलाई कसरी सजाय दिइराखेको छ ?

**५. दिइएको संवादांश पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

जीवनको गाह्रोसारो पनि भावनासँग नै जोडिने कुरा हो नि । सामान्यतः मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ । फेरि मैले जुन पद्धतिको खेतीपाती गरिरहेको छु, त्यसबाट हाम्रो परिवार मजाले चलेको छ । सामान्यतः हामी मल, बिउ, औषधी बजारबाट किन्दैनौँ । रासायनिक खेती भएको भए किसानको धेरै पैसा बजारतिर जान्थ्यो । यो त प्राकृतिक खेती हो त्यसैले हामी उत्पादन कार्यका लागि प्रायः केही किन्दैनौँ, उपज भने खुरुखुरु बेच्छौँ । उत्पादनमा लागत कम छ तर उत्पादित वस्तुको मूल्य चाहिँ धेरै पाइन्छ । स्वास्थ्यमैत्री हुनाले हाम्रो उत्पादन सजिलैसँग यहीँबाटै बिक्छ, बजारको कुनै समस्या छैन ।

**प्रश्नहरू**

(क) प्राकृतिक खेती गर्दा के फाइदा हुन्छ ?

(ख) "मन परेको काममा कमाइ थोरै भए पनि चित्त बुझ्छ ।" यस कथनलाई पुष्टि गर्नुहोस् ।

**६. दिइएको संवादांश पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

हामीले त नेपालको कृषि क्षेत्रमा रहेका परम्परागत ज्ञान र अनुभवलाई जोगाउनुपर्ने छ । हाम्रा पुर्खाहरूले जोगाएर हामीलाई सुम्पेका बिउबिजन हराउँदै गएका छन्, भविष्यका लागि तिनको संरक्षण र प्रवर्धन गर्नुपर्ने छ । कृषि कर्मलाई सम्मानित कर्मका रूपमा स्थापित गर्नुपर्ने छ । तर के गर्नु ? नेपालको करिब दुई तिहाइ जनसङ्ख्या कृषि क्षेत्रमा आश्रित छन् तैपनि आजका प्रायः विद्यार्थीले आफूलाई भोलिको किसान भन्ने सोचेको छैन । कृषिकै अध्ययन र अनुसन्धानमा लागेका कृषि वैज्ञानिकहरू, नीति निर्माताहरू, जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरू वा कृषि अभियन्ताहरूले पनि आफ्ना सन्तानलाई किसान

बनाउन खोजेका छैनन् । पढेलेखेको मान्छेले म अब कृषि कर्म अपनाउँछु भनी निर्णय लियो भने त्यसलाई अर्कै नजरले हेर्ने वातावरण छँदै छ । यो मनोविज्ञानलाई नबदलेसम्म हामी कसरी समृद्ध बन्न सक्छौँ र ?

**प्रश्नहरू**

(क) हाम्रा मौलिक बिउबिजन कसरी जोगाउन सकिन्छ ?

(ख) कृषिकर्मलाई सम्मानित कर्मका रूपमा स्थापित गर्न के के गर्नुपर्ला ?

७. **उत्तर लेख्नुहोस् :**

(क) कृषिकर्म किन मानवजातिको अस्तित्वसँग गाँसिएको छ ?

(ख) वनजङ्गल र कृषिको सम्बन्ध कस्तो छ ?

(ग) जैविक मल र औषधी कसरी बनाउन सकिन्छ ?

(घ) आच्छादन प्रक्रियाका फाइदाहरू बताउनुहोस् ।

(ङ) कृषि कर्मका बारेमा तपाईंका विचारहरू प्रस्तुत गर्नुहोस् ।

८. **समीक्षात्मक उत्तर दिनुहोस् :**

(क) दिगो कृषि पद्धतिका लागि के कस्ता कुरामा ध्यान पुऱ्याउनुपर्छ ?

(ख) "वातावरण प्रदूषणको मूल कारण मान्छे नै भएकाले यसको समाधान पनि मानिसले नै गर्नुपर्छ ।" संवादात्मक सन्दर्भसमेत ख्याल गरी आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

९. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

नेपाल खुला एवम् बजारोन्मुख अर्थव्यवस्था भएको मुलुक हो । हाम्रो देशले आफ्नै स्रोतसाधनको परिचालन गरी आर्थिक विकास र गरिबी निवारणको वाणिज्य नीति अवलम्बन गरेको छ । अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नु र व्यापार व्यवसायको प्रवर्धन गर्नु यसको मूल उद्देश्य हो । सामान निकासी, पैठारीलाई समयानुकूल बनाई राजस्व सङ्कलन गर्दा देशको अर्थतन्त्रमा टेवा पुग्छ । आफ्नो देशमा उत्पादित जडीबुटी तथा कृषिजन्य वस्तुलाई व्यवस्थापन गरी मुनाफा आर्जन गर्न सकिने ढाँचामा हाम्रो वाणिज्य नीति तय भएको छ । व्यापारघाटा कम गर्न र रोजगारीको सङ्ख्यामा वृद्धि गर्न यस नीतिले सहयोग पुऱ्याउने अपेक्षा लिइएको छ । प्राकृतिक र जैविक विविधताले युक्त यस देशमा पशुपन्छी र वनस्पतिजन्य उत्पादनलाई उचित प्रविधि र जनशक्तिको संयोजनद्वारा निर्यात प्रवर्धन

गर्न सकिने सम्भावना टरेको छैन । लघु उद्योग, घरेलु उद्योगलाई प्रोत्साहत गर्दै नेपाली माटो सुहाउँदो अर्थतन्त्र निर्माणतिर लाग्ने हो भने राज्यको राजस्व सङ्कलनमा पनि वृद्धि हुन्छ । देशभित्रै रोजगार सिर्जना गर्नका लागि उद्योग व्यवसाय सञ्चालनार्थ राज्यले निजी क्षेत्रलाई पनि प्रोत्साहित गर्न सके हाम्रो अर्थव्यवस्था मजबुत बन्न पुग्छ । यसरी सरकारले सहजकर्ताको भूमिका निर्वाह गरी उत्प्रेरक र नियामक निकायबाट अनुगमनसमेत गर्दै निजी क्षेत्रको पनि सक्रिय सहभागितामा देशलाई आर्थिक समृद्धिको बाटामा हिँडाउन सक्छ ।

**प्रश्नहरू**

(क) नेपालले कस्तो वाणिज्य नीति अवलम्बन गरेको छ ?

(ख) राजस्वमा वृद्धि कसरी गर्न सकिन्छ ?

(ग) देशको समृद्धिमा निजी क्षेत्रको भूमिका कस्तो हुन्छ ?

(घ) 'जैविक विविधता र गरिबी' निवारण पदावलीको अर्थ लेख्नुहोस् ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १० सुन्नुहोस् र छुटेका शब्द भरी वाक्य पूरा गर्नुहोस् :**

(क) ऋतुहरू फेरिनु, उचाइअनुसार तापक्रम फरक पर्नु .......................................... नियम नै हो ।

(ख) हावापानीको चक्रमा देखा परेको यस्तो ........................................... परिवर्तनलाई नै जलवायु परिवर्तन भनिएको छ ।

(ग) विकास निर्माणका नाममा ........................................... प्रभावको अध्ययन नगरी गरिने गतिविधि नै जलवायु परिवर्तनको मुख्य कारण हो ।

(घ) वायुमण्डलको संरचनामा भूमिका निर्वाह गर्ने ग्याँसहरूको अनुपातमा फेरबदलले र मूलतः ...........................................को मात्रा बढ्नाले पृथ्वीको तापक्रम बढ्न थालेको छ ।

(ङ) बाढीपहिरो, अनावृष्टि, ........................................... खण्डवृष्टिलगायतका प्राकृतिक प्रकोप बढेको छ ।

(च) जलवायुमा देखा पर्ने यस्तो अस्वाभाविक परिवर्तनले सारा प्राणीका साथसाथै मानवजातिकै ............................. सङ्कटमा पर्न सक्ने स्थिति देखापरेको छ ।

२. **दिइएका अर्थ दिने पारिभाषिक शब्द पाठबाट खोजेर भन्नुहोस् :**

(क) पानी कम पर्नु

(ख) दूषित पार्ने काम

(ग) पहाडको भित्रभित्रै बनाइएको बाटो

(घ) पृथ्वीको चारैतिर रहेको हावाको आवरण

(ङ) अणु वा न्युक्लियरबाट बन्ने हतियार बनाउने ठाउँ

(च) कुनै पनि स्थानको प्राकृतिक वा वातावरणीय स्थितिमा परिवर्तन

(छ) वरिपरि पानीले घेरिएका बिचमा उठेको भूभाग

३. **मौखिक उत्तर दिनुहोस् :**

(क) जलवायु परिवर्तन के कारणले हुन्छ ?

(ख) जलवायु परिवर्तनका असरहरू के के हुन् ?

(ग) जलवायु परिवर्तनमा सुधार ल्याउन के गर्नुपर्छ ?

४. **प्रदूषणका बारेमा लेखिएका समाचारहरू र पत्रपत्रिकाहरू सङ्कलन गरी कक्षामा ल्याएर सुनाउनुहोस् ।**

५. **कुनै एक साहित्यिक गोष्ठीको आयोजनाका लागि एउटा आयोजक समिति बनाउनुहोस् । उक्त समितिले कार्यक्रमको रूपरेखा तयार पारी कार्यक्रम हुने मिति, स्थानको सूचना जारी गर्नुहोस् । उक्त कार्यक्रममा रुचिअनुसार कविता, गीत, कथा आदि सुनाउन लगाउनुहोस् । यसका लागि दुई जना उद्घोषक, दुई जना समीक्षक पहिले नै तय गर्नुहोस् । कार्यक्रमलाई सकेसम्म प्रतिस्पर्धात्मक बनाई शिक्षकको समेत सहायताले कार्यक्रम सम्पन्न गर्नुहोस् ।**

## भाषातत्त्व

### समास र विग्रह

१. **दिइएको गद्यांशमा रेखाङ्कन गरिएका पदावलीलाई एउटै समस्त शब्द बनाई लेख्नुहोस् :**

अब भानिज दाइका कुरा सुनौँ, धेरै वाद र विवाद नगरौँ । हामी प्रत्येक दिन झन् पछि झन् रोगले ग्रस्त बन्दै गएका छौँ । त्यसैले बारीमा लगाइएको गाजर र मुला निकालौँ र खाऔँ । लोकको हितका लागि के कस्तो अन्न र जल चाहिन्छ भन्ने विषयमा प्रत्येक वर्ष गाउँको पालिकामा बहस गरौँ । हामीसँग हिमको आलय छ, जीवनरूपी गीत छ त्यसैले कूपको मण्डुक नबनौँ ।

२. **दिइएको अनुच्छेदका गाढा शब्दलाई विग्रह गरी देखाउनुहोस् :**

**सान्नानी पूजासामग्री** लिएर **बाटापारि**को मन्दिरतिर गइन् । म **पीताम्बर**सँग **बाघचाल** खेल्दै थिएँ । **नियमपूर्वक** व्रत बसी **आजभोलि** पनि यसरी **धर्मकर्म**मा लागेको र **चक्रपाणि**को स्तुति गरेको देखेर म **दोधार**मा परेँ । उनी **चौबन्दी** र **माखिबुट्टे** गुन्युमा सजिएकी थिइन् । उनले मलाई पनि **पञ्चामृत** र **फूलपाती** दिइन् । मैले उनको थालीबाट **सयपत्री** र **लालुपाते** निकालेँ । त्यही बेला **पल्लाघर**का **नीलकण्ठ** काका टुप्लुक्क आउनुभयो । उहाँले मलाई **षड्दर्शन** र **अष्टाध्यायी** पढ्न सुझाउनुभयो ।

३. **पाठबाट समस्त शब्द खोज्नुहोस् र ती शब्द कसरी बनेका हुन्, बताउनुहोस् ।**

४. **समस्त शब्द भए विग्रह अनि विग्रहका अवस्थामा भए समस्त शब्द बनाउनुहोस् :**

महाकवि, बाछिटा, फेदनटुप्पो, रतन्धो, नौ रसको समूह, दाजु र भाइ, हाड जस्तो ओखर, हृष्ट र पुष्ट, न ऋण न धन, सात मातृकाको समूह, बाढीपीडित, चार पाउ भएको, चरिनङ्ग्रे, मुठा जत्रा जुँगा भएको, बोकेदारी, चन्द्र जस्तो बिन्दु, लम्कन्ना, कालीमाटी, लम्ब उदर भएको, लामो खुट्टा भएको

५. **माथि परेका बाहेक विभिन्न प्रकारका समस्त शब्दहरू खोजी कक्षामा प्रस्तुत गर्नुहोस्, त्यस्ता शब्दको विग्रह कसरी गर्न सकिन्छ भनी छलफल गर्नुहोस् ।**

## सिर्जना/परियोजना

१. **'जहाँ जङ्गल, त्यहाँ मङ्गल' शीर्षकमा एउटा छोटो संवाद तयार गर्नुहोस् ।**

२. **वातावरण जोगाउन के गर्न सकिएला भन्ने बारेमा चार जना साथीहरूको समूह बनाई छलफल गर्नुहोस् र श्रोता साथीहरूले त्यसलाई टिपोट गरी संवादको रूप दिनुहोस् ।**

३. **'स्वस्थ जीवनका रहस्यहरू' शीर्षकमा आवश्यक विषयवस्तु सङ्कलन गरी एउटा प्रवचन कार्यक्रम सञ्चालन गर्नुहोस् ।**

## सुनाइ पाठ १०

### जलवायु परिवर्तनका असरहरू

परिवर्तन शाश्वत प्रक्रिया हो । हिउँदमा जाडो हुनु र बर्खामा गर्मी हुनु परिवर्तनको नियम नै हो । ऋतुहरू फेरिनु, उचाइअनुसार तापक्रम फरक पर्नु प्राकृतिक नियम नै हो तर प्रकृतिले सिर्जना गरेको परिवर्तनको स्वाभाविक गतिमा मानवीय गतिविधिले बाधा हाल्नाले

हावापानीको स्वाभाविक चक्रमा अस्वाभाविक परिवर्तनहरू देखा परेका छन् । हावापानीको चक्रमा देखा परेको यस्तो अस्वाभाविक परिवर्तनलाई नै जलवायु परिवर्तन भनिएको छ । यस्तो परिवर्तनले पृथ्वीको सम्पूर्ण प्राणी तथा वनस्पति जगत्का साथै स्वयम् पृथ्वीको जीवनमा ठुलो असर परेको छ ।

जलवायुको स्वाभाविक गतिमा प्रभाव पर्नाको मुख्य कारण मानवीय गतिविधि नै हो । विकास निर्माणका नाममा वातावरणीय प्रभावको अध्ययन नगरी गरिने गतिविधि नै जलवायु परिवर्तनको मुख्य कारण हो । यस क्रममा मानिसद्वारा खोलिएको ठुला ठुला कारखानाहरू, वनविनाश गर्दै बसाइएका मानवबस्तीहरू, प्राकृतिक संरचनालाई भत्काउँदै बनाइएका बाटाहरू, सुरुङहरू, यातायातका साधनहरू, आणविक भट्टीहरू आदिको सङ्ख्या वृद्धिसँगै वातावरणीय प्रदूषण बढेको छ र वायुमण्डलमा रहेका कार्बनडाइअक्साइडलगायतका अन्य हरितगृह प्रभावअनुरूप ग्यासहरूको मात्रामा वृद्धि भएको छ । वायुमण्डलको संरचनामा भूमिका निर्वाह गर्ने ग्याँसहरूको अनुपातमा फेरबदलले र मूलतः कार्बनडाइअक्साइडको मात्रा बढ्नाले पृथ्वीको तापक्रम बढ्न थालेको छ । पृथ्वीको तापक्रममा आएको यस्तो अस्वाभाविक वृद्धि नै जलवायु परिवर्तनको प्रमुख कारण बनेको छ । पृथ्वीको तापक्रममा आएको अस्वाभाविक वृद्धिले हिउँ पग्लिने क्रम बढेको छ । हिमालहरू काला पत्थरमा रूपान्तरण हुँदै छन् । यसले गर्दा निश्चित हावापानीमा रम्ने जीवजन्तु र वनस्पतिको जीवन सङ्कटग्रस्त भएको छ । बाढीपहिरो, अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टिलगायतका प्राकृतिक प्रकोप बढेको छ । समुद्रको सतह बढ्दै गएको छ र समुद्री तटका बस्तीहरूलगायत मालदिभ्स जस्ता टापुहरू डुबानमा पर्दै छन् । केही नयाँ जीवहरूको जन्म हुँदै छन् र धेरै पुराना जीवहरू लोप हुँदै छन् । यसले गर्दा जैविक विविधताले कायम गराउने वातावरणीय सन्तुलन धरापमा परेको छ । जलवायुमा देखापर्ने यस्तो अस्वाभाविक परिवर्तनले सारा प्राणीका साथसाथै मानवजातिकै अस्तित्व सङ्कटमा पर्न सक्ने स्थिति देखा परेको छ ।

त्यसैले जलवायु परिवर्तनले निम्त्याउने यस्ता खतराहरूलाई नियन्त्रण गर्न, मानव अस्तित्वका साथै स्वयम् पृथ्वीको अस्तित्वलाई जोगाइराख्न मानवीय अतिवादितालाई हामी मान्छेले नै रोक्नु अपरिहार्य बनेको छ । विकासको नाममा विनाशको महाखाडलतर्फ लम्कने दुष्प्रयासलाई निरुत्साहित गर्नुपरेको छ । यो काम व्यक्ति, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय समुदायको संयुक्त प्रयासबाट मात्र सम्भव हुन्छ ।

पाठ ११

# रारा भ्रमण

२०७७ जेठ २३ गते

सधैँ ६ बजे उठ्ने म आज त बिहानै साढे तीन बजे नै उठेँ । अरू दिन जस्तो कहाँ हो र ! आज त विशेष दिन थियो ! किनकि नेपाली प्रकृतिको अनुपम छटाले भरिएको कर्णाली प्रदेशको मुगुमा अवस्थित रारा जाने दिन पो थियो आज ! आँखाका ढकनी त आज साढे तीन बजे पो खुलिसकेछन् ।



झटपट नित्यकर्म सकेर म लागेँ मलाई नै पर्खेर बसिरहेको जिपतर्फ । गुल्मी आँपचौर तल्लाफाँटको 'राष्ट्रिय कफी विकास केन्द्र' अगाडि कुरेर बसिरहेको जिपमा म पुग्दा अन्य साथीहरू आइसकेका रहेछन् । आँपचौरको तल्लाफाँटबाट सुर्खेत पुग्नका लागि बिहान चारै बजे हाम्रो जिप निकै हतारिँदै थियो, किनकि आज जिपलाई करिब चार सय किलोमिटर लामो बाटो गुड्नुपर्ने थियो ।

नवीन दाजु, ललिता भाउजू, गोविन्द गुरुङ, धनलाल सर, प्रवेश भाइ, मनमाया र मसहित छ जना राराका घुमक्कड टोली बोकेर जिप तल्लाफाँटबाट सुर्खेतका लागि कुद्यो ।

ढोरपाटनबाट बग्दै आएको रुद्रावती (बडीघाट) नदीका काखमा अवस्थित तल्लाफाँटबाट रुद्रावती नदीलाई दाहिने पारेर किनारै किनार हामी अघि बढ्यौँ ।

उहिल्यैदेखिको कच्ची तर अहिले ग्राबेल हुँदै कालोपत्रेको पर्खाइमा रहेको तल्लाफाँटदेखि रिडीसम्मको ३० कि.मि. अर्धकच्ची बाटोका जोल्टिङहरूमा हामीलाई हल्र्याङ्हुर्लुङ पारेर हल्लाउँदै जिप हुइँकिदै थियो र झिसमिसेमै  मजुवा, चोरकाटे, उल्लीखोला, खैरेनीका फाँटहरू छिचोल्दै हामीलाई बिहान साढे पाँच बजे रुद्रवेणी पुऱ्यायो । तल्लाफाँटबाट हामी सँगसँगै आएको रुद्रावती र मुस्ताङको दामोदर कुण्डदेखि लामो यात्रा गर्दै आएको काली गण्डकी एकअर्कामा समाहित भएको ठाउँ हो रुद्रवेणी । त्यहाँबाट स्याङ्जा गुल्मी र पाल्पा जिल्लाको मिलन बिन्दु रुरुक्षेत्रका नामले प्रसिद्ध तीर्थ एवम् पर्यटकीय स्थल रिडी पुग्यौँ ।

हाम्रो जिप अर्गली, जोर्ते, लगुवा, हार्थोक हुँदै पाल्पा तानसेन पुग्दा साढे सात बजिसकेको थियो । तानसेनको बतासेडाँडादेखि नागबेली बाटाका घुम्तीमा बटारिँदै गुडिरहेको हाम्रो जिप पर्वास पुग्यो । हामीले पाल्पाको जोरधारामा पुगेर पकौडा, चुकाउनी र चिया खायौँ ।

हामी नौ बजे बुटवल पुगिसकेका थियौँ र हाम्रो जिप बुटवलबाट पश्चिमतर्फ मोडियो । गोरुसिङ्गे, चनौटा, भालुवाङ, लमही हुँदै हामी साँझ चार बजे कोहलपुर पुग्यौँ । बुटवलदेखि भेट भएको पूर्व पश्चिम राजमार्गलाई छाडेर हामी उत्तरतर्फ लाग्यौँ । कोहलपुरमा पूर्वपश्चिम राजमार्गसँग बिदा भएर कर्णाली राजमार्गतर्फ अगाडि बढेको हाम्रो टोली चिसापानी, हात्तिसार र हर्रेको लेक हुँदै छिन्चुमा पुग्यो । हाम्रो जिप भेरी नदी तरेर कोहलपुरदेखिको करिब पचहत्तर किलोमिटरको यात्रा छिचोल्दै सुर्खेत पुग्यो र साँझ नौ बजे सुर्खेत बसपार्ककै एक होटलमा बस्यौँ ।

२०७७ जेठ २४ गते

हिजो दिनभरि जिपमा कुँजिएर बस्दा र जिपले हुइक्याउँदा थाकेर लखतरान भई हिजो दश बजे सुतेका हामी बिहान चारै बजे उठ्न बाध्य भयौँ । किनकि हाम्रो जिपका गुरुबाट हामीलाई पाँचै बजे तयार हुन भन्ने सङ्केत भइसकेको थियो ।

चौबिस गते बिहान पाँचै बजे सुर्खेतबाट राराको यात्रामा निस्क्यौँ । एकछिन त्यहीँ बसेर सुर्खेतको सुन्दर उपत्यकालाई हेर्ने रहर हुँदाहुँदै पनि यस पटकको हाम्रो गन्तव्य रारा भएकाले हामी सुरम्य उपत्यका र बजार छोडेर अघि बढ्न विवश थियौँ । हाम्रो जिप बड्डीचउर पाताल खोला हुँदै तल्लो डुङ्गेश्वर झऱ्यो । हामीले त्यही नै चियानास्ता गऱ्यौँ ।

चिसो हिमाली जल बोकेर तातो तराई झर्दै गरेको कर्णाली नदीको तिरैतिर हामी अघि बढ्यौँ । यस्तो लाग्थ्यो, मानौँ कर्णाली घाम ताप्न तलतल झर्दै छ र हामी शीतलताको खोजीमा माथि माथि सर्दै छौँ । राकम कर्णाली, खिड्की जिउला हुँदै हामी जितेगाढ पुग्यौँ । सिन्जाबाट र जुम्लाबाट झरेका दुई बहिनी जस्ता हिमा र तिला नदी नाग्मगाढमा मिसिएर सुसेली हाल्दै यही जितेगढमा आएर कर्णालीमा हेलिएका थिए । यही दोभानबाट हामी कालिकोटको सदरमुकाम

मान्म र पिली हुँदै हामी नाग्मगाढ पुग्यौं । तिला र हिमा नदीहरू मिसिएको यो ठाउँबाट हामी हिमा नदीको किनारै किनारको राजमार्गलाई नछाडी सिँजा उपत्यकातिर उकालो लाग्यौं ।

नाग्मबाट करिब डेढ घण्टापछि सिँजा उपत्यका प्रवेश गर्‍यौं । सिँजाका वरिपरिका रमणीय बस्ती र खेतहरूलाई हिमा नदीले अभिसिञ्चन गरी जीवनदान दिएकी रहिछन् । बाइसे खस राज्यको राजधानी, नेपाली भाषाको उद्गम स्थल र रातो मार्सी धान उत्पादनको मूल थलो सिँजा उपत्यकाभित्र थुप्रै गाउँ रहेछन् । नराकोटबाट सिँजा प्रवेश गरेपछि त्यस उपत्यकामा पाण्डवगुफा हुँदै गोठीजिउला पुग्यौं । नेपाली भाषाको उद्गम भूमि र मार्सी चामलको भूमि रहेछ सिँजा उपत्यका । गोठीजिउलामा पुगेर जिपबाट ओर्लंदै जिपभित्र कुँजिएको जिउ तन्कायौं अनि होटलमा खाना बनाउन लगायौं ।

दुई सय वर्ष पहिले बाइसे राज्यका समयमा यो सिँजा कति गुल्जार थियो होला ? भनिन्छ, यही सिँजाले राणाकालमा दरबारका भान्सामा मार्सी चामल पठाउँथ्यो रे । मोटर बाटाले छोएपछि भने सिँजा अहिले दङ्ग परेको जस्तो मैले अनुभूत गरें ।

खाना खाएपछि पवित्र र ऐतिहासिक सिँजालाई आँखाभरि सजाउँदै हामी जिप चढ्यौं । लुड्कु, हाटसिँजा र मालिका बोता जस्ता सहर हुन रहर गर्दै गरेका रमणीय बस्तीहरू छिचोल्दै अघि बढ्यौं ।

हामी ऐतिहासिक सिँजा उपत्यकालाई छोड्दै मालिका बोतादेखि सुरु हुने चट्टान चिरेर बनेको राजमार्गलाई पछ्याउँदै गयौं र चौंथा भन्ने ठाउँमा पुग्यौं । होटल र खानपानको व्यवस्था भएको यस ठाउँबाट उकालिदैं घुच्चीको लेकमा पुग्दा रारा राष्ट्रिय निकुञ्जको चेक पोस्टसँग हाम्रो जम्काभेट भयो । रारा आइपुग्यो कि क्या हो ? भनेर सोधेपछि थाहा भयो, अझै केही ओरालो र जङ्गलपछि मात्र पो रारा ताल पुगिने रहेछ । त्यहाँबाट अघि बढेर पिनागाउँ हुँदै हामी रारा ताल नजिकैको सल्लेरीको जङ्गलमा पुग्यौं । गाडी त्यहीं रोकेर झोला बोकी करिब एक घण्टा हिड्यौं । रात परेकाले होला, बाटाको जङ्गलका फाट्टफुट्ट रुखका ठुटाहरू मान्छे धुम्धुम्ती बसे झैं देखिए । म एक्लै आएको भए त तर्साउँथे होलान् । केही छिनपछि हामी रारा पुग्यौं । हामीले राराकै छेउमा अवस्थित रिसोर्टमा थाकेका झोलाहरू बिसायौं ।

बेलुका नै रिसोर्टमा बसेर आगो ताप्दै गर्दा देखिएको राराको रात्रिकालीन सौन्दर्य र स्थानीयबासीहरूबाट सुन्न पाइएको देउडाको प्राकृतिक स्वाद पनि कम्ती स्वादिलो थिएन । रिसोर्टमा पुग्ना साथ हामीलाई तातो हर्बल चियाले स्वागत गरियो । जति पिए पनि थपिदिने चलन रहेछ । मुख र पेट हर्बलले ताते पनि शरीरसँग सिँगौरी खेल्न भन्दै चिसो हावा आफ्नै गतिमा बगिरहेको थियो ।

रारा भ्रमणमा आएका विदेशीहरू मात्रै होइन स्वदेशी पर्यटक आआफ्नै समूहहरू रिसोर्ट क्षेत्र (कम्पाउन्ड) भित्रै नाचगान र ख्यालठट्टा गर्दै रमाइरहेका दृश्य पनि कम्ती रोचक थिएनन् ! चिसिएको शरीरलाई बलिरहेको आगाका रापमा सेकाउँदै आआफ्नै भाषा र संस्कृतिपरक प्रस्तुति दिइरहेका दृश्यले यस स्थानलाई सिङ्गो विश्वकै सांस्कृतिक केन्द्र बनाइरहेको थियो । यसको प्रत्यक्षदर्शी म आफैँ बनिरहेको थिएँ ।

तराईको गर्मीमा बाफिँदै उकालिएको हाम्रो जिउ रारामा आइपुग्दा पुरै चिसिएको थियो । हामी गुल्मीको भन्दा कैयौँ धेरै गुना चिसो ठाउँमा पुगिसकेका थियौँ । एकछिन अघिसम्म आगाको कृत्रिम तातो र राराको प्राकृतिक चिसोको तीव्र द्वन्द्व अनि लामो यात्राको थकानले लखतरान भएको अनुभव गरेको थिएँ । तर राराको सौन्दर्यपान गर्ने खुसीले मन फुरुङ्ग थियो ।

२०७७ जेठ २५ गते

आज पनि सबै जना बिहान पाँच बजे नै उठ्यौँ । हामी हाम्रो सपनाको गन्तव्य राराको आँगनीमा पुगेर एक टकले सारा रारालाई आँखाका साना नानीभित्रै अटाउन खोज्यौँ ।

बिहानै मिर्मिर उज्यालो भएपछि हामी रारा ताल हेर्न, छुन र त्यसबाट आनन्द लिन राराकै छेउमा पुग्यौँ । किनारमा छचल्किँदै आउने रारा तालका बेताल लहरहरू बैँसले छचल्किएका हुन् या हामीसँग पिरती गाँस्न हतारिएका हुन्, हामीलाई ठम्याउन गाह्रो पऱ्यो । सौन्दर्य हेर्न आउने जति सारा पर्यटकहरूको दिल चोर्ने जादुमयी राराको मादकतामा नलट्ठिने कोही हुँदा रहेनछन् । कवि म.बी.बी. शाहको 'रारा कि अप्सरा' भन्ने कविता सम्झेपछि मलाई लाग्यो, रारामा त शासकलाई समेत एकै नजरमा साहित्यकार र कवि बनाइदिन सक्ने जादु पनि रहेछ । आफू कवि नभए पनि मलाई राराका जुन कुनै दृश्य कविताका सुन्दर पङ्क्ति लागिरहे । सम्पत्ति, सुख र वैभवका पछाडि कुद्दाकुद्दै कृत्रिमताको मैलोले कटकटिएको मानव मनलाई धोइपखालिदिएर प्राकृतिक मान्छे बनाउने जादु पनि यिनै रारामा रहेछ । सुन्दरता यस्तो वस्तु रहेछ जसलाई जति हेरे पनि नअघाइँदो रहेछ र अझै भोक जागिरहँदो रहेछ ।

हामीले रारा राष्ट्रिय निकुञ्जको कार्यालयको दक्षिण फर्केको गेटनजिकै बसेर पनि रारालाई हेऱ्यौँ । राराकै किनारमा बस्दा राराका छालहरू छचल्किँदै हामीसँग जिस्किन आइपुगे र हामीलाई त्यो चिसो पानीले छुँदा रारा नानीको न्यानो मायाले जिउ नै सिरिङ्ग पारेको अनुभूत भयो । हामीले राराको वरिपरि करिब पाँच किलोमिटर हिँडेर एक फेरा पनि लगायौँ । चारैतिरबाट सदाबहार वनस्पतिले भरिएका पहाडले डिल लगाए जस्ता डाँडाहरूले घेरिएको यो रारा र यसको गाढा हरियो पानी हेर्दाको दिव्य अनुभूतिको वर्णन शब्दहरूबाट मात्र सम्भव थिएन ।

मलाई लाग्यो, शुक्ल पक्षमा चाहिँ राराका तालभित्र दिउँसो र राती, घाम र जून पालो बाँडेर आलोपालो पौडिँदा होलान् । रातीको यस्तो मादक दृश्य देखेर दिउँसो आकाशमा देखिने बादलका दलहरू, नजिकै ठडिएका हरिया पहाडहरू तथा सैंपाल, सिस्ने र कान्जिरोवा जस्ता हिमालहरू पनि तँछाडमछाड गर्दै राराका लहरमा हाम्फाल्दै लहरिएर अपूर्व आनन्द लुट्दा होलान् !

त्यहाँको कञ्चन जल देख्दा लाग्यो, राराको यो जल साधारण होइन, असाधारण छ । यो जल रारकै सरोफेरोको घना जङ्गलमा रहेका सयौं प्रकारका असङ्ख्य जडीबुटीहरूका जराका वनौषधीहरूको अनुपम रसायन र सम्मिश्रणबाट बनेको छ । त्रेता युगमा लक्ष्मण घाइते हुँदा हनुमान्जी सञ्जीवनी बुटी लिन हिमाली भेगमा आउँदा कुन चाहिँ सञ्जीवनी बुटी हो ठम्याउन नसकी सिङ्गो पर्वत नै उठाएर लगेको मिथक भनूँ वा किंवदन्ती भनौं त्यो कल्पना मात्र होइन कि भन्ने कुरालाई त्यस दृश्यले पुष्टि गर्थ्यो ।

रारालाई पहरा दिएर बसेका वरिपरिका पहाड र त्यहाँ सुषुप्त वनस्पति सम्झेर मेरो छाती गर्वले फुल्यो । म आफूभित्र नेपाली हुनाको गौरवको नयाँ सगरमाथा उभियो ।

समुद्री सतहदेखि २९७२ मिटरको उचाइमा अवस्थित यस तालको लम्बाइ अधिकतम पाँच किलोमिटर र चौडाइचाहिँ अधिकतम ३.२ किलोमिटर रहेछ ।१०.८ वर्ग किलोमिटर ओगटेको क्षेत्रफल स्वयम्ले नै यस तालको विशालता, उच्चता र भव्यताको साक्ष्य प्रस्तुत गरेको रहेछ । बिहान सूर्य उदाउँदा काँच झैं टलल टल्किनु, दिउँसो चल्ने बताससँगै राराको पानी आफैं हावामा लहर्रिंदै तरेली खेल्नु र आकाशमा बादल लाग्दा सोही बादललाई तानेर पुरै तालभरि नै ओढ्याई दिनभरमा तीनपटक सौन्दर्य सज्जा गर्दै पर्यटक लठ्याउनका लागि रारा नानीले अनेक रूप फेर्दिरहिछन् । रारा नजिकै करिब दुई घण्टाको हिँडाइबाट पुगिने मुर्माटप भन्ने अत्यन्त महत्त्वपूर्ण ठाउँ रहेछ ।

राराको पुरै दृश्यावलोकन गर्न अपी, कान्जिरोवा र सिस्ने जस्ता हिमालहरू हेर्न पाइने उक्त ठाउँमा पुग्न हामी सकेनौं ।

हामीले पनि हिजो राति एक जना देउडा गायकले गाएको र राराबाट छुट्टिएर जाँदा हामीलाई घत लागेको यो देउडा गीत गुनगुनायौं :

> भोल उठी बाइजान्या हौं बसेइ है रारा ताल
>
> आक्को साल फेरि आउँला नबिर्सन्या मायाजाल ।

यसरी रारालाई हेर्ने र अघाउने धोको अधुरै छाडी अर्कोपल्ट अघाउन्जेल हेर्न आउने वाचाका साथ हामी साँझ सात बजेतिर पुनः रिसोर्टमै फर्क्यौं । हामी हतारिएका थियौं किनकि हामीलाई भोलि बेलुकी सुर्खेत पुग्नु थियो र पर्सिसम्म आफ्नै जन्मथलो पुग्नै पर्ने थियो ।

## शब्दभण्डार

१. **दिइएका पदावली र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| विविधतायुक्त वैभव | सधैँ हरियो हुने रुखबिरुवा |
| सञ्जीवनी बुटी | अलौकिक अनुभूति |
| अवलोकन भ्रमण | भिन्नताले भरिएको सम्पत्ति |
| दिव्य अनुभूति | जीवन बचाउने औषधी |
| शुक्ल पक्ष | शिलामा लेखिएको लेख |
| सदावहार वनस्पति | विभिन्न दृश्यको अवलोकनका लागि गरिने भ्रमण |
| | कृष्णपक्ष पछिको पन्ध्र दिन |

२. **दिइएका शब्दहरू प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नुहोस् :**

अनुपम, उद्‌गम, साक्षी, गुल्जार, जम्काभेट, निकुञ्ज, सौन्दर्य, गन्तव्य, सदावहार, वनस्पति

३. **दिइएका प्राविधिक तथा पारिभाषिक शब्दको अर्थ खोजेर लेख्नुहोस् :**

(क) दृश्यावलोकन, अनुभूति, पिरती, कविता (मानविकी)

(ख) कच्ची, जिप, राजमार्ग, बसपार्क (यातायात क्षेत्र)

(ग) उपत्यका, चट्‌टान, पर्वत, क्षेत्रफल, हिमाल (भूगोल)

(घ) खस राज्य, बस्ती, शासक, कार्यालय (प्रशासन)

(ङ) होटल, खानपान, रिसोर्ट, भ्रमण (पर्यटन)

(च) निकुञ्ज, संरक्षण, सदावहार, वनस्पति (वनविज्ञान)

४. **दिइएका शब्दहरू कुन कुन विषयक्षेत्रसँग सम्बन्धित छन् पहिचान गरी अर्थ लेख्नुहोस् :**

(क) अध्याय, व्यक्तिवृत्त, मूल्याङ्कन, निःशुल्क, दूरसञ्चार

(ख) अब्बल, पर्ती, सुकुम्बासी, भूक्षय, ऐलानी, खण्डवृष्टि, छपान

(ग) अनुभूति, एकाधिकार, पुरातत्त्व, उपभोक्ता, आशुकवि, शिलालेख, शीतयुद्ध

(घ) अग्रिम, अधिकृत, तदर्थ, फर्स्योट, बेरुजु, निलम्बन, राजस्व

(ङ) तारिख, अधिवक्ता, देवानी, फौजदारी, विधेयक, मुचुल्का, सार्वभौमसत्ता, जमानत, बिगो

(च) बहिरङ, कुपोषण, निदान, चक्रटो, जीवाणु, लवण, शिलान्यास

(छ) ऊर्जा, क्षेप्यास्त्र, तापक्रम, जीवकोश, स्नायु, तारापुञ्ज, प्रक्षेपण, विकिरण

**५. दिइएका विषयक्षेत्रका आधारमा समूह बनाई हरेक क्षेत्रका दश दशओटा शब्दहरू खोज्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् :**

(क) शिक्षा

(ख) कृषि तथा वन क्षेत्र

(ग) मानविकी र सामाजिकशास्त्र

(घ) व्यापार, वाणिज्य

(ङ) कानुन तथा राजनीतिशास्त्र

(च) चिकित्सा

(छ) विज्ञान तथा प्रविधि

(ज) सञ्चार क्षेत्र

(झ) जनप्रशासन

(ञ) इन्जिनियरिङ

## बोध र अभिव्यक्ति

**१. पाठका आधारमा उत्तर भन्नुहोस् :**

(क) दैनिकीलाई कस्तो ढाँचामा प्रस्तुत गरिएको छ ?

(ख) दैनिकीमा प्रयोग भएको सबैभन्दा ठुलो र सानो अनुच्छेद संरचना कुन कुन हुन् ?

(ग) दैनिकीको सुरुदेखि अन्त्यसम्मका संरचनालाई जोड्ने आधार के हो ?

(घ) दैनिकीको दोस्रो दिनका घटनाहरूको सूची बनाउनुहोस् ।

२. **“बिहानै मिर्मिरे....जागिरहँदोरहेछ” दैनिकी अंशका आधारमा दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) रारा तालका बेताल लहरहरू कस्ता थिए ?

(ख) राराले शासकलाई पनि कसरी कवि बनाउन सक्दो रहेछ ?

(ग) राराको सुन्दरतालाई किन जादु भनिएको हो ?

(घ) यस अनुच्छेदमा राराको प्राकृतिक सौन्दर्यको वर्णन कसरी गरिएको छ ?

३. **दिइएको दैनिकी अंशका आधारमा सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

हामी ऐतिहासिक सिँजा उपत्यकालाई छोड्दै मालिका बोतादेखि सुरु हुने चट्टान चिरेर बनेको राजमार्गलाई पछ्याउँदै गयौँ र चौँथा भन्ने ठाउँमा पुग्यौँ । होटल र खानपानको व्यवस्था भएको यस ठाउँबाट उकालिदैँ घुच्चीको लेकमा पुग्दा रारा राष्ट्रिय निकुञ्जको चेक पोस्टसँग हाम्रो जम्काभेट भयो । रारा आइपुग्यो कि क्या हो ? भनेर सोधेपछि थाहा भयो, अझै केही ओरालो र जङ्गलपछि मात्र पो रारा ताल पुगिने रहेछ । त्यहाँबाट अघि बढेर पिनागाउँ हुँदै हामी रारा ताल नजिकैको सल्लेरीको जङ्गलमा पुग्यौँ । गाडी त्यहीँ रोकेर झोला बोकी करिब एक घण्टा हिड्यौँ । रात परेकाले होला, बाटाको जङ्गलका फाट्टफुट्ट रुखका ठुटाहरू मान्छे धुम्धुम्ती बसे झैँ देखिए । म एक्लै आएको भए त तर्साउँथे होलान् । केही छिनपछि हामी रारा पुग्यौँ । हामीले राराकै छेउमा अवस्थित रिसोर्टमा थाकेका झोलाहरू बिसायौँ ।

(क) सिँजा उपत्यकाको चिनारी दिनुहोस् ।

(ख) लेखकले सिँजादेखि रारासम्मको यात्रा कसरी पूरा गरे ?

४. **उत्तर दिनुहोस् :**

(क) पाठका आधारमा राराको परिचय दिनुहोस् ।

(ख) दैनिकी लेखकले पहिलो दिनको यात्रा कसरी पूरा गरे ?

(ग) रारा पुगेर लेखक किन खुसी भए ?

(घ) यस दैनिकीमा लेखकको कस्तो प्रकारको अनुभूति प्रस्तुत भएको छ ?

५. **यस दैनिकीमा प्रकृतिलाई कसरी मानवीकरण गरिएको छ, वर्णन गर्नुहोस् ।**

६. **दैनिकी पढी मुख्य मुख्य घटना टिपोट गर्नुहोस् ।**

७. **तपाईं सहभागी भएको कुनै कार्यक्रमको वर्णन गर्दै एक दिनको दैनिकी तयार पार्नुहोस् ।**

८. **२०७६ जेठ २५ गतेको दैनिकीको सारलाई एक अनुच्छेदमा पुनर्लेखन गर्नुहोस् ।**

९. **तपाईंले भ्रमण गर्नुभएको कुनै स्थलको एक दिनको दैनिकी लेख्नुहोस् ।**

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

मिथिला लोककला अत्यन्त प्राचीन र लोकप्रिय कला हो । यस कलामा मिथिला लोकमानस अनेक माध्यमहरूबाट अभिव्यक्त हुँदै आएको छ । यसको सुरुआत, संवर्धन र संरक्षणमा महिलाहरूको योगदान उल्लेखनीय छ । सामान्यतः विभिन्न माङ्गलिक अवसर पारेर घरको भित्तामा, चोक आँगनमा, भाँडाहरूमा तथा लुगाकपडामा समेत यस्ता कलाकृतिको निर्माण गर्ने गरिन्छ । मैथिल लोककलालाई भित्तेचित्र, भूमिचित्र, पटचित्र, काष्ठचित्र, वास्तुचित्र, भाण्डचित्र र व्यक्तिचित्र गरेर अध्ययन गरिएको पाइन्छ । मैथिल कलाकृतिमा सङ्कटबाट सुरक्षा र भविष्यका लागि कल्याणको कामना तथा स्वास्थ्य र समृद्धिको शुभकामना अभिव्यक्त भएको हुन्छ । मैथिल लोककलामा अल्पना निकै प्रसिद्ध छ । यो मैथिली महिलाहरूद्वारा विभिन्न माङ्गलिक अवसरमा आआफ्ना घरआँगन, ढोकाचोक आदिमा चित्रित विभिन्न आकारप्रकारको रेखाचित्र हो । अल्पनालाई घरमा आउँदा र निस्कँदाको शुभसाइतको द्योतक मानिएको छ । यो पानीमिश्रित चामलको पिठोबाट षट्कोण, अष्टकोण र स्वस्तिक जस्ता विभिन्न आकारमा पनि बनाइन्छ ।

**प्रश्नहरू**

(क) मिथिला लोककलामा महिलाको कस्तो भूमिका छ ?

(ख) अल्पना किन निर्माण गरिन्छ ?

(ग) मिथिला लोककलालाई के कसरी वर्गीकरण गरिएको छ ?

(घ) माङ्गलिक र द्योतक शब्दको अर्थ लेख्नुहोस् ।

११. **दिइएको अनुच्छेदलाई चारओटा बुँदामा लेख्नुहोस् र उक्त बुँदाहरू समेटेर एक तृतीयांशमा सारांश लेख्नुहोस् :**

तीर्थस्थलका दृष्टिले समेत रेसुङ्गाको महनीय वैशिष्ट्य छ । प्राचीन युगमा ऋष्यशृङ्ग ऋषिको तपोभूमि भएकाले उनै ऋषिको नाम अपभ्रंश भएर रेसुङ्गा भएको हो भन्ने किंवदन्ती पाइन्छ । ती ऋष्यशृङ्ग ऋषिले नै दशरथका सन्तान नभएपछि अयोध्यामा

गरेर पुत्रेष्ठि यज्ञ गराएको र रामलक्ष्मण जस्ता सन्तानहरू जन्मेको सन्दर्भसमेत विभिन्न ग्रन्थहरूमा पाइन्छ । त्यस्ता महत्त्वपूर्ण व्यक्तिले तपस्या गरेको यस पवित्र भूमिमा सिद्धबाबा, विष्णु, शिव र गणेशका मन्दिरहरूसमेत छन् । भनिन्छ, ऋष्यशृङ्ग मुनिको दर्शन गर्न अयोध्याबाट आएका राम लक्ष्मणले तिनै ऋषिसँग त्यहाँका समस्याका बारेमा प्रश्न गरेका र ती ऋषिले पानीको समस्या बताएपछि जमिनमा बाण हानेर पानी निकालेको कुवाको नाम रामकुवाका नामले अहिले पनि त्यहाँ देख्न सकिन्छ । २०४१ सालमा योगी नरहरिनाथले एक महिना कोटिहोम गरेपश्चात् लुकेको रेसुङ्गाको महत्त्व राष्ट्रिय रूपमा उजागर हुँदै यसको पर्यटकीय र धार्मिक महत्त्व फैलिँदै गएको रहेछ । रेसुङ्गा संरक्षण समितिको रेखदेखमा स्थानीय जातका गाईहरू पालिएको गौशाला पनि यहाँ रहेको छ ।

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ ११ मा दिइएका कुन कुन ठाउँका बारेमा बताइएको छ, भन्नुहोस् :**

चन्दनी, अन्तुडाँडो, राजपुर, भद्रपुर, राजापुर, तिल्केनीको उकालो, पाथीभरा, घनघस्याको उकालो, गढीमाई, अघोरी गाड

**२. उत्तर दिनुहोस् :**

(क) घनघस्याको उकालो कहाँदेखि सुरु भएको छ ?

(ख) पृथ्वीको पेटमा भासिने नदी कुन हो ?

(ग) घनघस्याको उकालो कसरी बसेको छ ?

**३. ताना शर्माले घनघस्याको उकालोलाई कसरी चित्रण गरेका छन्, आफ्नै शब्दमा बताउनुहोस् ।**

**४. 'प्रकृतिसँग जुध्नु नै रमाइलो हो,' यस भनाइलाई पुष्टि गर्नुहोस् ।**

## भाषातत्त्व

द्वित्व

**१. दिइएको अनुच्छेदबाट द्वित्व शब्द छानेर लेख्नुहोस् :**

जङ्गल पार गर्ने बित्तिकै बाटामा ससाना बस्तीहरू देखिए । हामी हाम्रो गाडीसाडी बाटामै छोडेर आली आली दगुर्‍यौँ । बस्तीका साना साना घरमा ठुला ठुला मन भएका मान्छेहरू रहेछन् । उनीलाई हामीले आआफ्ना कुराहरू सुनायौँ । बस्तीका मान्छेसँग धनसन नभए पनि फराकिलो मन रहेछ । हामीलाई उनीहरूले घरभित्र लगे र खानासाना खुवाए ।

२. **दिइएका शब्दहरूबाट द्विरुक्त शब्द बनाउनुहोस् :**

घर, बजार, साथी, मान्छे, बाटो, पानी, फूल, हिमाल, चित्र, किताब, गाडी, सामान, गहना, झगडा, सापटी, झल्को, ठुलो, थर्को, सर, बर, एक, चार, पैँचो, बानी, पैसा, चिया, तरकारी, फोन, बोली, टेबल, कलेज, लुगा, हजार

३. **दिइएका द्विरुक्त शब्दहरूलाई उस्तै उस्तै समूहमा सूचीबद्ध गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

हात हात, गर्गहना, खोला खोला, सर्सल्लाह, छोरी छोरी, गोदगाद, गाडी गाडी, आनीबानी, ससानो, झझल्को, दुधसुध, चोरचार

४. **'रारा भ्रमण' बाट द्वित्व प्रक्रियाबाट बनेका दशओटा शब्दहरू टिप्नुहोस् र द्वित्व विच्छेद गर्नुहोस् ।**

सन्धि

१. **दिइएका अनुच्छेदबाट सन्धियुक्त शब्द पहिचान गरी सन्धि विच्छेद गर्नुहोस् :**

(क) नरेशले अत्याचार सहन सकेन । ऊ सूर्योदय हुनुअगावै बौद्ध गुम्बामा पुग्यो र दैनिक भेट हुने गुरुलाई भेट्यो । उसले गुरुलाई रुँदै साहुको अत्याचारको कुरा सुनायो । उसको रुवाइले गुरुको मन छोयो । गुरुले साहुलाई सम्झाएपछि साहुले नरेशको दुई महिनाको कमाइ दियो ।

(ख) उसले सम्पूर्ण कार्यको चौथाइ काम पनि सकेको छैन । उसले कहिल्यै निष्काम कर्म गरेन । सधैँ दुराशय राख्यो र चाहिने किताबसिताबको खोजी पनि कहिल्यै गरेन । औद्योगिक क्षेत्रमा जाने, छरछिमेकका मान्छेसँग भेट्ने, पसलमा गएर केही सरसामान किनमेल गर्ने त कुरै छोडौँ ऊ त बिरामी परेर धैर्य गुमाएकी ठुल्दिदीका घरमा पनि जाँदोरहेनछ । मानवोचित व्यवहार नगरी कसरी सभ्य बन्न सकिन्छ र ?

२. **दिइएका शब्दहरूको सन्धि विच्छेद गर्नुहोस् :**

पुस्तकालय, चन्द्रोदय, सूक्ति, नारीश्वर, आज्ञानुसार, देवर्षि, नरेन्द्र, धीरेन्द्र, उल्लेख, संवाद, उद्‌बोध, सङ्कीर्ण, सन्देश, दिगम्बर, जगदीश, उल्लास, सद्‌भावना, सन्न्यास, यशोधरा, पुनर्कथन, मनोरञ्जन, हतियार, ढकनी, पन्यालो, प्रेमर्षि

३. **अन्तिम दिनको दैनिकीको चौथो अनुच्छेद पढी सन्धियुक्त चारओटा शब्द खोजी सन्धिविच्छेद गर्नुहोस् ।**

## सिर्जना/परियोजना

१. समूहमा विभाजित भई यात्रा, खानपान, स्वास्थ्य, विद्यालय, चाडपर्व विषयका दैनिकी लेखनका बुँदाहरू तयार पारी दैनिकी लेख्नुहोस् र कक्षामा प्रस्तुत गर्नहोस् ।

२. तपाईंले देख्नुभएको कुनै जात्रा वा उत्सवका बारेमा उल्लेख गर्दै एक दिनको दैनिकी तयार गर्नुहोस् ।

३. दिइएका विषयक्षेत्रका आधारमध्ये तपाईं बसोबास गर्ने वा आसपासको कुनै एक स्थानलाई पर्यटकीय स्थल बनाउन के के गर्नुपर्छ ? स्थानीय तहका जानकार व्यक्तिहरूसँग छलफल तथा अन्तरक्रिया गरी कार्य विवरण एवम् त्यसको योजना प्रस्तुत गर्नुहोस् ः

(क) स्थानीय मठ, मन्दिर, गुम्बा, गिर्जाघर, मस्जिद, गुरुद्वारा, चैत्य, देवीस्थान वा अन्य धार्मिक स्थल

(ख) स्थानीय प्राकृतिक महत्त्वको स्थान

(ग) स्थानीय सांस्कृतिक महत्त्वको स्थान

(घ) ऐतिहासिक महत्त्वको स्थान

(ङ) स्थानीय हाट, मेला, जात्रा, उत्सव

## सुनाइ पाठ ११

### जीवनको रमाइलो

म खप्तडमा वसन्त बिसाउन चाहन्छु, तुम्लिङमा हिउँ चिम्ली खेल्न चाहन्छु र राजापुरको काँसे घारीमा झ्याउरे गाउन चाहन्छु । मलाई तिल्केनीको उकालो, घनघस्याको उकालो र चन्दनीको उकालोसित जति प्रेम छ उति नै प्रेम अघोरी गाड, पुवा खोला र टुकुचासित छ । सतबाँझको लेक होस् वा ट्याम्के डाँडो होस्, अन्तु डाँडो होस् वा चन्द्रागिरी होस् जहाँ पनि उस्तै पाराको आफ्नोपनले मेरो मुटु ढुक्ढुक्याउँछ ।


जीवनमा कति उकालाहरू काटियो होला र कति ओरालाहरू झरियो होला तर थोरै व्यक्तिले मात्र घनघस्याको उकालो चढेका होलान् । यो यस्तो उकालो हो कठोरतामा अद्वितीय छ । अघोरी गाडदेखि उकालिन थालेको यो डाँडो सहारा मरुभूमिको तिर्खालाई बिर्साउँछ भने तपाईंतिर हेरेर खिस्स हाँस्छ । संसारले अनेकौं काँचुली फेरिसक्यो, देशका अरू भागले हजारौं नयाँ दृश्यहरू देखिसके तर उकालो अनन्तदेखि उस्ताको उस्तै छ ।

युगहरू बिते र समयले टाप लगायो तर घनघस्याको उकालो उत्तिकै घोसे मुन्टो लगाएको लगाएकै छ । टाउकामा चिप्लो न चिप्लो बरफको केश फुलाएर आफ्नो अररो वृद्ध शरीरमा काला रुखहरूको जिङ्ग्रिङ्ग्रे भुत्ला ठड्याई यो घनघस्या गजधुम्म परेर बसेको छ । यो मान्छेहरूसित रिसाएको छ, अग्घोरै रिसाएको छ, अघोरी गाड जत्तिकै रिसाएको छ अनि पोखराली सेती जत्तिकै रिसाएको छ । सेती नदी पृथ्वीको पेटमा भासिँदै जाओस्, यो चाहिँ ठडिएको ठडिएै छ । यसले कहिल्यै त टाउको झुकाउला कि भनेर निरीक्षण गरिहेरेँ, तर त्यस्तो लक्षण अझै भेटिएन । उल्टो यो झन् झन् दृढ हुँदै गइरहेको पो मैले पाएँ । प्रकृतिसित जुध्नु नै जीवनको रमाइलो हो ।

*साभार : 'घनघस्याको उकालो काट्ता' निबन्धबाट (ताना शर्मा)*

पाठ १२

# जलस्रोत र ऊर्जा



विद्यालयको सभाकक्षमा जलस्रोत र ऊर्जा विषयक वक्तृत्वकला प्रतियोगिता सुरु हुन लागेको छ । उक्त प्रतियोगितामा विद्यालयका विद्यार्थीहरूले भाग लिएका छन् । कार्यक्रमको अध्यक्षता विद्यालयका प्रधानाध्यापकले गर्नुभएको छ । मञ्चको एकापट्टि तीन जना शिक्षकहरू निर्णायकको भूमिकामा बस्नुभएको छ । अर्कापट्टि प्रतियोगी विद्यार्थीहरू बस्नुभएको छ । एक जना शिक्षक समयपालकको भूमिकामा हुनुहुन्छ । कार्यक्रम कक्षा ११ मा अध्ययनरत एक जना विद्यार्थीले सञ्चालन गर्नुभएको छ । कार्यक्रम सञ्चालकले प्रतियोगिताका नियमहरू प्रस्ट पार्दै पहिलो प्रतियोगी मिना अयरलाई मञ्चमा निम्त्याउनुहुन्छ :

**मिना अयर**

आदरणीय सभाध्यक्ष, निर्णायक मण्डल, मञ्चासिन विशिष्ट व्यक्तित्वहरू, श्रद्धेय गुरुवर्ग, प्रतियोगी साथीहरू र अन्य उपस्थित सम्पूर्ण विद्यार्थी साथीहरू !

जलस्रोत र ऊर्जा विषयक यस वक्तृत्वकला प्रतियोगितामा म मिना अयर आफ्ना भनाइ राख्दै छु ।

आदरणीय महानुभावहरू !

हामी सबैलाई थाहा छ, नेपाल प्राकृतिक सम्पदाका दृष्टिले संसारकै धनी देश हो । जलस्रोतका दृष्टिले यो देश एसियाको सबैभन्दा सम्पन्न देश मानिन्छ । सिङ्गो विश्वमा हाम्रो देश जलस्रोतमा ब्राजिलपछिको दोस्रो धनी राष्ट्र हो । हिमाल, समुद्र, नदीनाला, झरना, छहरा, तालतलैया, आफैँ पानी निस्कने मूलहरू, इनार, ट्युबवेल तथा वर्षाद्लाई जलस्रोत मानिन्छ । यस्ता स्रोतहरूमध्ये समुद्रबाहेक सबै स्रोतहरू हाम्रो देशमा उपलब्ध छन् । त्यसैले हाम्रो देशको द्रुततर विकास गर्ने हो भने जलस्रोतको समुचित दोहन गर्न सक्नुपर्छ ।

नेपालमा जलस्रोतको अत्यधिक उपयोग जलविद्युतीकरणबाट गर्न सकिने कुरा विभिन्न सर्वेक्षणहरूले देखाएको हामी सबैलाई थाहा छ । बाह्रै महिना परिरहने हिउँ, नित्यनिरन्तर बगिरहने अथाह जलराशि र भिरालो भौगोलिक बनोटको सहमिलनबाट ८३ हजार मेगावाटभन्दा बढी ऊर्जा उत्पादन गर्ने सामर्थ्य नेपाली जलस्रोतमा सुरक्षित छ । वि. स. १९६८ मा फर्पिङमा चन्द्रज्योति नामक ५०० किलोवाटको जलविद्युत् आयोजनाबाट सुरु भएको विद्युतीकरणको अभियान हाल करिब १५०० मेगावाट उत्पादन हुने क्रममा छ । काली गण्डकी ए जलविद्युत् आयोजना जस्तो १४४ मेगावाट क्षमताको विशाल आयोजना सञ्चालनमा छ । यस्ता आयोजनाहरूमार्फत हाम्रो जलस्रोतको सम्पूर्ण क्षमताको पचास प्रतिशत मात्रै विद्युत् उत्पादन गर्न सक्ने हो भने यस देशको आर्थिक उन्नति हुन बेर लाग्दैन । भर्खरैसम्म लोडसेडिङ र विभिन्न किसिमको ऊर्जा सङ्कट बेहोरिरहेको हाम्रो देशलाई त्यसबाट मुक्त गर्न सक्ने सामर्थ्य केवल जलस्रोतसम्बद्ध विद्युतीकरणले मात्र गर्न सक्छ । त्यसैले हाम्रो देशको उज्यालो भविष्य देख्न चाहने जुनसुकै निकायले जलविद्युत् आयोजनाको निर्माण, सञ्चालन र विस्तारमा ध्यान दिनु जरुरी छ । यसका लागि आवश्यक नीति नियमहरू तयार पार्नु वा आवश्यक परे फेरबदल गर्नु जरुरी छ । जलविद्युत्मा लगानी गर्ने वातावरण बनाउनुपर्छ । जलविद्युत्सँग सम्बद्ध उद्योग, कलकारखानाहरू खोल्ने वातावरण बनाउनु जरुरी छ । घरायसी रूपमै पनि जलविद्युत्को खपत बढाउन हौस्याउने नीति अख्तियार गर्नुपर्छ । अझ बढी हाम्रो देशमा उत्पादित जलविद्युत् विदेशसम्म पुऱ्याएर बेच्ने वातावरण तयार गर्नुपर्छ ।

जलस्रोतको परम्परागत उपयोग सिँचाइसँग सम्बद्ध छ । नेपाली जलस्रोत नेपाली भूमिसँग मात्र होइन, छिमेकी मुलुकको भूमिको उर्वरासँग पनि गाँसिएको छ । नेपाली भूगोलभित्र छ हजार जति नदीनालाहरू छन् र तीमध्ये छ सयभन्दा बढी नदीहरू बाह्रै महिना निरन्तर बगिरहन्छन् । यस्ता नदीनालाहरूबाट कुलो, पैनी वा नहर निर्माण गरेर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याइएको छ र तिनै जमिनमा उब्जेको अन्न खाएर हामी बाँचिरहेका छौँ । यसरी भूमिको उर्वरा बढाउँदै राष्ट्रको कृषिजन्य उत्पादन बढाउन पनि हाम्रो जलस्रोतको उपयोग भइरहेको छ । यस्तो उपयोगलाई अझ आधुनिक र प्रविधिमैत्री बनाउँदै कृषि आत्मनिभर बनाउने अभियानमा हामी सफल हुने हो भने हाम्रो विकासको फाँट अझ बढी फराकिलो हुनेमा शङ्का छैन ।

**श्रद्धेय श्रोतागण !**

नेपाली जलस्रोतको उपयोग पर्यटन र मनोरञ्जनका क्षेत्रमा पनि गर्न सकिन्छ । हामीसँग संसारकै सबभन्दा अग्लो ठाउँमा रहेको तिलिचो ताल र सुन्दर प्राकृतिक वातावरण भएका हिमताल तथा अन्य तालतलैयाहरू छन् । त्यस्ता तालतलैयाहरूलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरी बर्सेनि लाखौँ पर्यटक भित्र्याउन सकिन्छ । फेवाताल, वेगनास ताल, बुलबुललगायतका तालतलैयाहरूको प्रचारप्रसार र तिनको सौन्दर्यलाई खलल नपुऱ्याउने गरी विस्तार गरिएका

नौका विहार आदिको सुविधाले नेपालको पर्यटनलाई दरिलो बनाउँछ । तीव्र गतिमा बग्ने नेपाली नदीमा न्याफ्टिङको विस्तारले साहसिक पर्यटनमा विदेशीहरूलाई निम्तो दिइरहेको छ । यसका साथै विभिन्न ठाउँमा स्विमिङ पुल, पानीसम्बद्ध खेलहरू खेल्ने ठाउँ विकास गर्ने हो भने आन्तरिक तथा बाह्य पर्यटनको विस्तारसँगै र नेपाली अर्थतन्त्र चलायमान हुन्छ र देशोन्नतिका सिँढीहरू थपिन्छन् ।

**(जनाउ घन्टी बज्छ ।)**

अन्त्यमा नेपालको जलस्रोत देशको समृद्धिको आधार हो । यसको सदुपयोग गर्न सके हाम्रो अर्थतन्त्र बलियो बन्छ । आज हाम्रो देशले ऊर्जा सङ्कट बेहोरिरहेको छ । यस्तो ऊर्जा सङ्कटले हाम्रा दैनिक गतिविधिहरू प्रभावित हुन्छन् । पेट्रोलियम ऊर्जा खरिदका लागि दैनिक करोडौँ रुपियाँ खर्च हुन्छ । विश्वबजारमा दिनप्रतिदिन बढिरहेको पेट्रोलियम पदार्थको भाउका कारण हाम्रो देशको अर्थतन्त्रले थाम्नै नसक्ने अवस्था आउन सक्छ ।

**(घन्टी बज्छ ।)**

यस्तो महासङ्कटबाट हामीलाई सेतो सुनका रूपमा परिभाषित हाम्रै जलस्रोतको सही सदुपयोग मात्र मुक्ति दिन सक्छ । यसका अतिरिक्त, सिँचाइ, सरसफाइ र स्वच्छ पिउने पानीको आधार पनि जलस्रोत नै हो । त्यसैले नेपालको विकासमा जलस्रोतको सर्वोपरि महत्त्व छ भन्दै मेरा भनाइ यही अन्त्य गर्दछु, धन्यवाद !

कार्यक्रम सञ्चालकले अर्का प्रतियोगी राजन सार्कीलाई आफ्नो वक्तृताका लागि मञ्चमा निम्त्याउनुहुन्छ ।

**राजन सार्की**

आदरणीय सभाध्यक्ष महोदय, गुरु तथा गुरुआमाहरू, निष्पक्ष निर्णायक मण्डल, प्रतिस्पर्धी मित्रहरू, उपस्थित सम्पूर्ण मेरा साथीहरू !

आज आयोजित यस वक्तृत्वकला प्रतियोगितामा सहभागी हुन पाएकामा गौरवको अनुभूति गर्दै आयोजकहरूप्रति हार्दिक आभार प्रकट गर्दछु । आजको वक्तृत्वकलाको विषय रहेको छ ‘जलस्रोत र ऊर्जा’ ।

**उपस्थित महानुभावहरू !**

हाम्रो देश सुन्दर पृथ्वीको अलौकिक आनन्दमा अपार प्रकृतिको छटासँगै हाँसिरहेको विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा मुस्कुराउँदै विराजमान छ । अपार जलस्रोतले सम्पन्न राष्ट्र

नेपालमा सम्भावनाका चुलीहरू हिमाल झैँ अटल छन्, उच्च छन् । प्रकृतिको काखमा कोसी, रोसी, दुधकोसी, तामाकोसी, सुनकोसीका सपनाहरूमा विश्वलाई झलमल्ल पार्न सक्ने कञ्चन जलप्रवाह हाम्रो इच्छाशक्तिलाई कुरेर बसिरहेको छ । गण्डकीको गहनता, कर्णालीको कर्मयोग, मेचीको महानता, कालीको मौनता, तिलिचो, गोक्यो र राराको उच्चता, फेवाको फैलावट, वेगनासको शालीनता, तमोरको तमासा हाम्रा जलस्रोतका अजस्र भण्डार हुन् । यिनीहरूको सही सदुपयोगले हाम्रो धरती हराभरा बन्छ । पोषणयुक्त अन्नामृत प्राप्त हुन्छ । जलस्रोतबाट बिजुली निकालेर धरती झलमल पार्न, उद्योग कलकारखाना खोल्न सकिन्छ । विद्युत् निर्यात गरेर आयआर्जन गर्न सकिन्छ । नेपालकै भूधरातलमा रहेका जीवनदायिनी नदीहरूबाट उत्पादित जलविद्युतीय ऊर्जाको उपभोगबाट पेट्रोलियम पदार्थको खपत न्यूनीकरण गरी देशको व्यापारघाटा रोक्न सकिन्छ । आजको डिजिटल प्रविधियुक्त विश्वमा देखा परेको ऊर्जा सङ्कट हटाएर, विश्वबजारमा नवीकरणीय जल ऊर्जा बिक्री गरेर प्रशस्त आय आर्जन, रोजगारी तथा सम्पन्नताका ढोकाहरू खोल्न सकिन्छ ।

जलका विभिन्न स्वरूप हुन्छन् । पग्लिने, अग्लिने र उड्ने सक्ने क्षमता पानीमा हुन्छ । हिउँ पग्लिएर नदी बन्दा नदीको पानी बाफ बन्छ र हिमालका थाप्लामा हिउँ जम्छ । ठोस, तरल, ग्याँस मात्र होइन पानीमा आगो ओकल्ने ऊर्जा हुन्छ । विद्युत् पानीबाटै निकालिन्छ । यस्तो महत्त्वपूर्ण चमत्कारी पानी सदुपयोग गरे बन्दछ सुखी जिन्दगानी, दुरुपयोग भए दुःखमै बित्छ जिन्दगानी । ठोस, तरल, ग्याँस, राप, ताप, तेजसँगैको ऊर्जाले विश्वमा अविकासका सारा स्वरूपलाई चुनौती दिइरहेको छ ।

**उपस्थित महानुभावहरू !**

आज हामी आफैँसँगको बिना नचिनेर भौँतारिइरहेको कस्तुरी झैँ भएका छौँ । जलस्रोतमा धनी राष्ट्र भए पनि दिगो पूर्वाधार विकासका योजनाका अभावले गर्दा हामी स्रोत र साधन भए पनि अँध्यारामा बस्न बाध्य छौँ । उर्वराभूमि भएर पनि सिँचाइका आधुनिक प्रविधि अपनाउन नसक्दा जग्गा बाँझै छन्, जनता भोकभोकै छन् । युवाशक्ति बिदेसिन बाध्य छन् । विकास निर्माणले विश्वलाई चकित पार्ने छिमेकीलाई टुलुटुलु हेरेर गाँस, बासकै समस्यामा पिरोलिन बाध्य छ हाम्रो समाज । यो अवस्थालाई बदलेर विश्व प्रतिस्पर्धामा होमिन सक्न बनाउने क्षमता जलस्रोतमा मात्र छ । हामी अमृत समान हिमालको कञ्चन पानी बोतलमा बेचेर विश्वका मानिसको तिर्खा मेटाउन सक्छौँ । कर्णालीमा जलविहार, कोसी र तामाकोसीमा सिँचाइका उचित व्यवस्थापन गरेर धर्ती उर्वरा बनाउन सक्छौँ ।

आज सुनदेखि लसुनसम्म, चामलदेखि प्याजसम्म अर्को देशबाट किनेर खाने हाम्रो स्वभावमा परिवर्तन यो मुख्य आधार बन्न सक्छ । परिश्रम र पसिनालाई विवेकमा परिवर्तन गरेर विकासको पहार बन्न सक्छ ।

यहाँका उर्वर भूमिमा सिँचाइको व्यवस्थापन गरेर यहाँ उत्पादित अर्गानिक फलफूल खाद्यान्न विश्व बजारमा बेच्नुपर्छ । युवाको पसिना स्वदेशमै पोख्नुपर्छ । यहाँको माटो, यहाँको पाटो, यहाँको बाटो सुन्दर छ, पवित्र छ, अनमोल छ । मात्र यसलाई सजाउने, सिगार्ने सदुपयोग गर्ने सिप, प्रविधि, कला र जाँगर हामीलाई चाहिएको छ । यो स्वच्छ हावापानीमा हुर्केका फलफूल, बगरमा फल्ने तरबुजो, पहाडमा कागती, सुन्तला, स्याउ, नासपातीलगायतका फलफूलको अझ बढी उत्पादन जलस्रोतको सही सदुपयोगबाट सम्भव छ ।

**(जनाउ घन्टी बज्छ ।)**

हामीले आफ्ना घरका हजारौँ सम्भावना लत्याएर मरुभूमिमा भेडा चराउन दौडिनुपर्ने बाध्यताबाट मुक्ति दिलाउन जलस्रोतको उपयोगितालाई बढाउनुपर्छ । यदि जलस्रोतको सदुपयोग गर्न सके विश्वका बेरोजगारहरू यहाँका फाँटमा भेडा, बाख्रा, चौँरी चराउन आउने छन् । जल पर्यटन विहारका लागि पर्यटक आउने छन् । त्यसैले उठौँ, जागौँ र जलस्रोतको सही सदुपयोगमा लागौँ । धरतीमा ऊर्जा थपौँ । आउनुहोस्, हातेमालो गरौँ । ह्यातुङमा पर्यटक पुऱ्याऔँ । राराको रमिता विश्वलाई देखाऔँ । कर्नालीको लम्बाइ, गण्डकीको गहिराइसँगै कोसीको विशालतामा नेपाली जनमनलाई फैलाऔँ, धन्यवाद !

अन्य वक्ताहरूले पनि आफ्नो वक्तव्य राख्नुहुन्छ । निर्णायकहरूले निर्णय सुनाउनुहुन्छ र सभाध्यक्षको भूमिकामा रहनुभएका प्रधानाध्यापकले पुरस्कार वितरण गरिसकेपछि आफ्नो मन्तव्यसहित कार्यक्रम टुङ्ग्याउनुहुन्छ ।

## शब्दभण्डार

१. **दिइएका शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| अथाह : | अतिरिक्त |
| नौका : | ज्यादै धेरै |
| अलावा : | डुङ्गा |
| अख्तियार : | कुनै विषयको तथ्यपूर्ण जानकारीका लागि गरिने निरीक्षण |
| नित्य : | नियम कानुनद्वारा दिइएको अधिकार |
| सर्वेक्षण : | सधैँ |
| निकाय : | दुरुपयोग |
| | कुनै संस्था वा सदन |

२. **मिना अयरको वक्तृता पढी दिइएको खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) नेपाल प्राकृतिक ....................दृष्टिले संसारकै एउटा धनी देश हो ।

(ख) घरायसी रूपमै पनि जलविद्युत्को खपत बढाउन......................नीति........... गर्नु जरुरी छ ।

(ग) .......................आदिको सुविधाले नेपालको पर्यटनलाई दरिलो बनाएको छ ।

(घ) नेपालको अर्थतन्त्र.............हुन्छ र देशोन्नतिका सिँढीहरू थपिन्छन् ।

(ङ) नेपालको विकासमा .........सर्वोपरि महत्त्व छ ।

३. **दिइएका शब्दहरूको उल्टो अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

कृत्रिम, विपन्न, प्राचीन, साँघुरो, आन्तरिक, सङ्कुचन, कुरूप, सदुपयोग, व्यय, अटुट, विष

४. **दिइएका शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

मञ्चासीन, द्रुततर, सामर्थ्य, खपत, पैनी, उर्वरा, अभियान, सङ्कट, गगनचुम्बी, अन्नामृत, निर्यात

५. **तल दिइएका पदावलीहरू प्रयोग गरी अनुच्छेद लेख्नुहोस् :**

सेतो सुन, कृषिजन्य उत्पादन, पर्यटकीय गन्तव्य, देशोन्नतिका सिँढीहरू, प्रकृतिको छटा, फेवाको फैलावट, सम्पन्नताका ढोकाहरू, राराको रमिता, गण्डकीको गहिराइ, चमत्कारी पानी

## बोध र अभिव्यक्ति

१. **'जलस्रोत र ऊर्जा' पाठ पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) पहिलो वक्ता र दोस्रो वक्ताले कति कति अनुच्छेदमा आफ्नो प्रस्तुति राखेका छन् ?

(ख) वक्तृता सञ्चालनको विधिलाई पाठमा कसरी प्रस्तुत गरिएको छ ?

(ग) पहिलो वक्ताले जलस्रोतसम्बन्धी कुन कुन सन्दर्भलाई समेटेको छ ?

(घ) दुवै वक्ताले वक्तृताका समापन कसरी गरेका छन् ?

(ङ) नेपालमा उपलब्ध जलस्रोत के के हुन् ?

२. **“नेपालमा जलस्रोतको....वातावरण तयार गर्नुपर्छ” वक्तृतांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) नेपाली जलराशिमा कति मेगावाट विद्युत् उत्पादन गर्ने क्षमता छ ?

(ख) के गर्न सके देशको आर्थिक समृद्धि हुने सम्भावना छ ?

(ग) विद्युत्को खपत कसरी बढाउन सकिन्छ ?

(घ) जल विद्युतीकरणका लागि नेपालको भूगोल किन उपयुक्त मानिएको छ ?

३. **दिइएको वक्तृतांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

आज हामी आफैँसँगको बिना नचिनेर भौतारिइरहेको कस्तुरी झैँ भएका छौँ । जलस्रोतमा धनी राष्ट्र भए पनि दिगो पूर्वाधार विकासका योजनाका अभावले गर्दा हामी स्रोत र साधन भए पनि अँध्यारामा बस्न बाध्य छौँ । उर्वराभूमि भएर पनि सिँचाइका आधुनिक प्रविधि अपनाउन नसक्दा जग्गा बाँझै छन्, जनता भोकभोकै छन् । युवाशक्ति बिदेसिन बाध्य छन् । विकास निर्माणले विश्वलाई चकित पार्ने छिमेकीलाई टुलुटुलु हेरेर गाँस, बासकै समस्यामा पिरोलिन बाध्य छ हाम्रो समाज । यो अवस्थालाई बदलेर विश्व प्रतिस्पर्धामा होमिन सक्ने बनाउने क्षमता जलस्रोतमा मात्र छ । हामी अमृत समान हिमालको कञ्चन पानी बोतलमा बेचेर विश्वका मानिसको तिर्खा मेटाउन सक्छौँ । कर्णालीमा जलविहार, कोसी र तामाकोसीमा सिँचाइका उचित व्यवस्थापन गरेर धर्ती उर्वरा बनाउन सक्छौँ ।

**प्रश्नहरू**

(क) जलस्रोत र उर्जाका क्षेत्रमा दिगो विकास कसरी गर्न सकिन्छ ?

(ख) राष्ट्रको अर्थतन्त्र निर्माणमा सिँचाइको कस्तो भूमिका हुन्छ ?

४. **‘जलस्रोत र ऊर्जा’ विषयक वक्तृताका दुवै वक्ताहरूले आफ्नो वक्तृतालाई प्रभावकारी बनाउन के कस्ता सहायक तर्क वा तथ्यहरू पेस गरेका छन्, दुवैको वक्तृताबाट कम्तीमा तीन तीनओटा बुँदाहरू टिपोट गर्नुहोस् ।**

५. **माथिको ‘जलस्रोत र ऊर्जा’ वक्तृता विषय पढी त्यसमा अपुग विषयहरू के के हुन्, कक्षामा छलफल गरी लेख्नुहोस् ।**

६. **नेपालको जलस्रोतले देशको समृद्धिको आधार कसरी तयार पार्छ, लेख्नुहोस् ।**

७. **दिइएका विषयमा वक्तृता तयार पार्नुहोस् :**

(क) सूर्य : ऊर्जाको अनन्त भण्डार

(ख) नेपालमा जैविक विविधता

(ग) पर्यटन र रोजगार

८. **दिइएको प्रमुख समाचार ध्यानपूर्वक पढ्नुहोस् र उक्त समाचारलाई विस्तारमा लेख्नुहोस् :**

नमस्कार !

नेपाल समाचारमा स्वागत छ

सुरुमा आजका प्रमुख समाचार :

- सम्झौताअनुसार काम नगर्ने निर्माण कम्पनीको सम्झौता रद्द गर्न मातहतका निकायलाई ऊर्जा मन्त्रीको निर्देशन, समयमा काम गर्नुपर्छ भन्ने मान्यता विकास आएको दाबी
- राष्ट्रप्रतिद्वारा भूकम्पपछि पुनर्निर्माण भइरहेका सम्पदाको अवलोकन, वैशाख बाह्रभित्र धरहरा निर्माण गरिसक्ने लक्ष्यसहित काम अघि बढेको प्राधिकरणको दाबी
- आइसिसी विश्वकप क्रिकेट लिग दुईअन्तर्गत त्रिदेशीय सिरिजमा नेपालको ऐतिहासिक जित, नेपालको घरेलु मैदानमा अमेरिका पैँतिस रनले पराजित, कुशलको विश्व रेकर्ड

९. **उद्घोषकले कार्यक्रमको आरम्भमा बोलेका विषयवस्तुहरू पढ्नुहोस् र कार्यक्रमको रूपरेखासहित सोही ढाँचामा आफ्नो विद्यालयको वार्षिकोत्सवमा गरिने उद्घोषणको नमुना तयार पार्नुहोस् :**

नमस्कार, नेपाल प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको पुस्तक प्रदर्शनी २०७७ को समुद्घाटन कार्यक्रममा उपस्थित हुनुभएका तपाईं सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत तथा अभिवादन गर्दछु, म दीपेन्द्र लामा । अबको केही समय यो औपचारिक समुद्घाटन समारोहको उद्घोषकको भूमिकामा रहने छु । आशा छ, यहाँहरूको सहयोग र सद्भाव रहने छ । आदरणीय उपस्थित महानुभावहरू, यहाँहरूलाई विदितै छ, नेपाल प्रज्ञा प्रतिष्ठान भाषा, साहित्य र संस्कृतिलगायतका क्षेत्रमा प्राज्ञिक गतिविधि सञ्चालन गर्न स्थापित संस्था हो ।

स्थापनाकालदेखि नै भाषा, साहित्य र संस्कृति, सामाजिकशास्त्र र दर्शनशास्त्रसम्बद्ध कार्य गर्दै आइरहेको छ । विभिन्न समयमा यस्ता पुस्तक प्रदर्शनी मेलासमेत आयोजना गर्दै आइरहेको छ । आज यस पुस्तक प्रदर्शनी मेलाको औपचारिक समुद्घाटन समारोहमा यहाँहरू उपस्थित हुनुभएको छ । म कार्यक्रम कति पनि ढिला नगरी औपचारिक रूपमा सुरुआत गर्ने अनुमति चाहन्छु । सबैभन्दा पहिले कार्यक्रमको अध्यक्षता गरिदिनुहुन प्रतिष्ठानका कुलपतिज्यूलाई मञ्चमा आमन्त्रण गर्दछु । यसैगरी प्रतिष्ठानले आयोजना गरेको प्रदर्शनीमा माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्रीज्यूलाई प्रमुख अतिथिको आसन ग्रहण गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

१०. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

नेपालमा जननिर्वाचित संविधान सभाद्वारा निर्मित नयाँ संविधान २०७२ सालमा जारी भयो । नेपालको इतिहासमा सबैभन्दा प्रगतिशील यस संविधानको प्रावधानबमोजिम सङ्घीय संसद्, प्रदेश सभा र स्थानीय तहको निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न भयो । यस लोकतान्त्रिक विधिबाट देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र थप सुदृढ बनेको छ । संविधानले नागरिक तथा राजनीतिक अधिकार एवम् सामाजिक सांस्कृतिक अधिकारलाई निःसृत गर्ने मानव अधिकारका मूलभूत मान्तयताहरूलाई अङ्गीकार गरेको छ । मानव अधिकारको अवधारणाका प्रावधानहरूलाई मुलुकमा कार्यान्वयन गर्ने पवित्र उद्देश्यले संविधानको प्रस्तावनामा र मौलिक हकअन्तर्गत विभिन्न महत्त्वपूर्ण व्यवस्था गरिएको हो । देशको मूल कानुनका रूपमा रहेको संविधानका व्यवस्थाहरूलाई प्रतिकूल असर पर्ने गरी कानुन बनाउन मिल्दैन । अर्थात् संविधानसँग बाझिने गरी बनेका कानुन स्वतः बदर हुन्छ । यदि कुनै ऐन र सो ऐनका प्रावधानहरू संविधानसँग बाझिएमा बाझिएको हदसम्म कानुनको त्यो व्यवस्था बदर गर्न अदालतमा मुद्दा परेमा अदालतले त्यसलाई बदर गर्दछ ।

नयाँ संविधानको विभिन्न धाराका प्रावधान, मर्म र भावनाअनुरूप हुने गरी सयौँको सङ्ख्यामा संसद्ले नयाँ कानुनहरू तर्जुमा गरेको छ । संविधान अनुकूल हुने गरी संसदले ऐनका दफाहरू संशोधन गरेको छ । त्यसो त कानुन निर्मात्री लोकतान्त्रिक संस्था संसद् नबसेको बेलामा नेपाल सरकारले अध्यादेशमार्फत पनि देवानी र फौजदारी जस्ता सबै किसिमका कानुनहरू बनाउन र पुराना कानुन संशोधन गर्न पाउने व्यस्था छ तर त्यसलाई संसद्को आगामी बैठकसमक्ष पेस गरेर अनुमोदन गराउनुपर्दछ ।

देशमा बसोबास गर्ने कुनै पनि नागरिक वा कुनै पनि व्यक्ति कानुनभन्दा माथि हुन सक्दैन । सबैले कानुनको परिपालना गर्नुपर्दछ । कानुनको शासन लोकतन्त्रको मर्म भएकाले कानुन

उल्लङ्घन गर्नेउपर अदालतले सजायको भागिदार बनाउँछ । संवैधानिक प्रावधान र कानुनी व्यवस्थाको पालनाबाट नै समाज सभ्य, अनुशासित र मर्यादित हुने भएकाले सबैले यस पक्षमा ध्यान पुऱ्याउनुपर्दछ । यसबाट नै एक आदर्श र समृद्ध समाज निर्माणमा योगदान पुग्दछ ।

प्रश्नहरू

(क) संविधानलाई किन देशको मूल कानुन भनिएको हो ?

(ख) सबैले कानुनको परिपालना नगरे के हुन्छ ?

(ग) अध्यादेशबाट निर्मित कानुन संसद् बैठकबाट किन अनुमोदन गराउनुपर्छ ?

(घ) 'सङ्घीय संसद्' र 'अध्यादेश' को अर्थ लेख्नुहोस् ।

**११. दिइएको अनुच्छेद पढी बुँदा टिपोट गर्नुहोस् :**

नेपाललाई सगरमाथाको देशका साथै नदीनालाको देश पनि भनिन्छ । नेपालमा ठुला मझौला र साना गरी छ हजारभन्दा बढी खोलानालाहरू बग्दछन् । यीमध्ये कतिपय स्रोतहरू हिमालयका हिमजलबाट पारिपोषित भएका छन् । नेपालबाट बग्ने नदीनालाहरूबाट १७० अरब क्युबिक मिटर पानी बहने गर्दछन् । यो जलप्रवाह गङ्गा नदीमा मिली बङ्गालको खाडीमा पुग्दछ । यस पानीबाट हामीले खास उपयोगिता लिन नसकेका मात्र होइनौँ अपितु आफ्नो देशको मूल्यवान् माटालाई समेत यसले देशबाहिर पुऱ्याएको कुरा सर्वविदितै छ । यसरी सम्भाव्य आर्थिक मेरुदण्डका रूपमा रहेको जलसम्पदालाई उपयोगमा ल्याई देशमा विद्यमान खाद्यान्न, ऊर्जा र अन्य समस्याहरूको निराकरण गर्नु आजको चुनौती रहेको छ । देशको आर्थिक विकासका लागि विद्युत् शक्ति महत्त्वपूर्ण र सर्वोपरि देन हुन सक्छ । नेपालमा उपलब्ध जलसम्पदाबाट प्रचुर मात्रामा जलविद्युत् शक्तिको विकास गर्ने गुन्जायस भएको र कोइला, ग्याँस, खनिज, तेल आदि अन्य शक्तिको स्रोत पनि पत्ता लागिसकेको हुँदा यी सबै ऊर्जा शक्तिको विकास गर्नेतर्फ जोड दिएर अघि बढ्नु आजको समयको माग हो ।

## सुनाइ र बोलाइ

**१. सुनाइ पाठ १२ का आधारमा सही उत्तरमा रेजा लगाउनुहोस् :**

(क) मानिसले चाहेमा प्राकृतिक प्रकोपलाई के गर्न सक्छ ?

(अ) वशमा राख्न (आ) न्यूनीकरण गर्न

(इ) बेवास्ता गर्न (ई) लेखाजोखा गर्न

(ख) तटबन्ध भनेको के हो ?

(अ) खोला छेक्ने काम (आ) खोला किनारमा वृक्षरोपण गर्ने काम

(इ) खोला किनारमा पर्खाल लगाउने काम (ई) खोलालाई अर्कोतिर फर्काउने काम

(ग) खोला किनारबाट मानिसहरूले के निकाल्नु हुँदैन ?

(अ) बोटबिरुवा (आ) पैनी अथवा नहर

(इ) पानीको निकास (ई) बालुवा तथा गिट्टी

(घ) अत्यधिक वर्षा भनेको के हो ?

(अ) अतिवृष्टि (आ) अनावृष्टि

(इ) खण्डवृष्टि (ई) अल्पवृष्टि

(ङ) पहिरो जाने क्षेत्रमा वर्षाको समयमा के गर्नुहुँदैन ?

(अ) वृक्षरोपण (आ) बाँझो छोड्नु

(इ) खेतीपाती गर्नु (ई) तटबन्ध गर्नु

**२. सुनाइ पाठ १२ का आधारमा उत्तर दिनुहोस् :**

(क) प्राकृतिक प्रकोपमध्ये सबैभन्दा बढी जनमानसलाई दुःख दिने के हो ?

(ख) बाढीपहिरो रोक्ने कुनै तीन उपाय बताउनुहोस् ।

(ग) वर्षाको समयमा बाढीपहिरो जाने ठाउँमा किन खेती गर्नुहुँदैन ?

(घ) वातावरणीय सन्तुलनको अभावमा के हुन्छ ?

(ङ) बसाइ सुरक्षित भएन भने के हुन्छ ?

**३ दिइएको पाठ पढ्नुहोस् र यो वक्तृताको अंश हो कि होइन ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् :**

हो, मानिसभन्दा प्रकृति बलियो हुन्छ । यस विषयमा दुई मत हुन सक्दैन । मानिस त प्रकृतिको एउटा अंश मात्र हो । अंश पूर्णभन्दा बलियो भएको न कतै पाइन्छ, न पाइने छ । मेरा पूर्ववक्ता साथीले प्रकृतिभन्दा मानिस बलियो हुन्छ भनेर मानवले गरेका केही वैज्ञानिक उन्नतिका उदाहरणहरू दिन खोज्नुभयो । यो देखेर मलाई हाँसो उठ्यो । उहाँले यो कुरा बिर्सनुभयो कि ती सबै वैज्ञानिक उन्नति प्रकृतिमै निर्भर छन् भनेर ।

**सभाध्यक्ष महोदय !**

प्रकृति मानिसको उन्नति एवम् वैज्ञानिक उपलब्धिभन्दा कयौँ गुणा बढी शक्तिशाली छ । दिन र रात हुनु एउटा प्रकृतिको नियम हो । मान्छेले चाहेर पनि पुरै दिनलाई रात र रातलाई दिन बनाउन सक्दैन । मौसम, ऋतु परिवर्तन सबै प्रकृतिका नियम हुन् । मानिस जन्मनु, हुर्कनु, मर्नु प्रकृति हो । पृथ्वी, सम्पूर्ण ग्रह, ब्राहमाण्ड बनावट र त्यहाँ हुने यावत् क्रियाकलाप सम्पूर्ण प्राकृतिक नियम हुन् । यी प्राकृतिक नियमसँग मानिसको शक्ति तुलना गर्न सकिन्छ र ?

४. **वादविवाद र वक्तृतामा के फरक छ, कक्षामा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

## भाषातत्त्व

### उद्देश्य र विधेय

१. **दिइएका वाक्यबाट उद्देश्य र विधेय भाग छुट्याउनुहोस् :**

(क) युवाशक्ति विदेसिन बाध्य छन् ।

(ख) जलका विभिन्न स्वरूप हुन्छन् ।

(ग) जलस्रोतको सदुपयोग गर्न सके विश्वका बेरोजगारहरू यहाँका फाँटमा भेडा, बाख्रा, चौँरी चराउन आउने छन् ।

(घ) अन्य वक्ताले पनि आफ्नो वक्तव्य राख्नुहुन्छ ।

(ङ) समाध्यक्षको भूमिकामा रहनुभएको प्रधानाध्यापकले पुरस्कार वितरण गरिसकेपछि आफ्नो मन्तव्यसहित कार्यक्रम टुङ्ग्याउनुहुन्छ ।

२. **दिइएका वाक्यबाट उद्देश्य र उद्देश्य विस्तार, विधेय र विधेय विस्तार खण्ड छुट्याएर देखाउनुहोस् :**

(क) उसकी बहिनी निर्वाचन समितिमा बस्दिनन् रे ।

(ख) धेरै बेरपछि मनलाई दरो पारी ऊ आँगनतिर गई ।

(ग) आज बिहान हिडेको मान्छे छिटै नै दार्चुला पुगेछ ।

(घ) गाउँमा तिम्रो पहिरन गजबको देखिन्छ ।

## व्याकरणिक कोटि

**१. दिइएको अनुच्छेदका वाक्यहरूको लिङ्ग परिवर्तन गर्नुहोस् :**

मेरो भाइ विद्यालय गयो । मेरी बहिनी पनि विद्यालय गई । भाइ सरासर कक्षामा पस्यो । बहिनी चाहिँ बाटामा साथीसँग कुरा गर्न थाली । भान्जाले बाटामै बहिनीलाई भेटे । आमाले पनि बहिनीलाई बाटामै भेट्नुभयो ।

**२. दिइएका वाक्यलाई कोष्ठकमा बताएअनुसार परिवर्तन गर्नुहोस् :**

(क) जेठो छोरो आउँदै छ । (स्त्रीलिङ्ग)

(ख) उसकी बहिनी घरमा बसेकी छे । (पुलिङ्ग)

(ग) तिम्रा छोराहरू असल छन् । (स्त्रीलिङ्ग)

(घ) सानी नानी पानी भर्छिन् । (पुलिङ्ग)

**३. दिइएको अनुच्छेदका वाक्यहरूको वचन परिवर्तन गर्नुहोस् :**

मैले गाउँमा मेरो पुरानो साथीलाई भेटेँ । हामीले धेरैबेर कुरा गर्‍यौँ । साथीले आफ्नो प्रगतिको कथा सुनायो । तिमी पनि एकछिनमा आइपुग्यौ । उसले तिमीलाई चिनेन । तिमीहरूले एकअर्कालाई बिर्सेछौ ।

**४. दिइएका वाक्यहरूलाई कोष्ठकमा बताएअनुसार परिवर्तन गर्नुहोस् :**

(क) सानो छोरो रोयो । (बहुवचन)

(ख) तिम्रा बहिनीहरू खेल्छन् । (एकवचन)

(ग) त्यो फूल ओइलियो । (बहुवचन)

(घ) असल मान्छेहरू नम्र हुन्छन् । (एकवचन)

**५. दिइएका वाक्यहरूलाई कोष्ठकमा बताएअनुसार परिवर्तन गर्नुहोस् :**

(क) हामीले सर्प र बिच्छी देखेका छौं । (तृतीय पुरुष)

(ख) हजुर किन हास्नुभयो ? (प्रथम पुरुष)

(ग) उहाँ राम्ररी बोल्नुहुन्छ । (प्रथम पुरुष)

(घ) हामी ज्यादै दुःखी छौँ । (द्वितीय र तृतीय पुरुष)

(ङ) तिमीहरू होहल्ला गर्दै छौ । (तृतीय र प्रथम पुरुष)

६. **कोष्ठकमा बताएअनुसार दिइएका वाक्यहरू परिवर्तन गर्नुहोस् :**

(क) तँ भात खान्छस् । (उच्च आदरार्थी)

(ख) हजुर कहिले फर्किनुहुन्छ ? (सामान्य आदरार्थी)

(ग) तिमी सबैलाई चिन्छौ । (उच्च आदरार्थी)

(घ) ऊ प्रथम हुन्छ । (मध्यम आदरार्थी)

(ङ) धनीलाल गाउँमा बस्छ । (उच्च आदरार्थी)

७. **दिइएको अनुच्छेदका वाक्यहरूलाई करण भए अकरणमा र अकरण भए करणमा बदल्नुहोस् :**

उनीहरू प्रदर्शनीमा गए । हामी चाहिँ गएनौँ । तिमीहरू पनि गएनछौ नि । उनीहरूले धेरै स्थलहरूको भ्रमण गरेछन् । हामी त त्यतिकै बसिरह्यौँ । नयाँ नयाँ कुराहरू पनि देखेनौँ ।

८. **कोष्ठकमा बताएअनुसार दिइएका वाक्यहरू परिवर्तन गर्नुहोस् :**

(क) उनीहरू धेरै राम्रा छन् । (अकरण)

(ख) तिमी कहिल्यै नराम्रो बोल्दैनौ । (करण)

(ग) आज धेरै जाडो होला जस्तो छ । (अकरण)

(घ) पानी परेन र जाडो भएन । (करण)

(ङ) उसले चिनेको मान्छे बाटामा भेट्यो । (अकरण)

९. **कोष्ठकका सहायताले तलका वाक्यहरू (काल, पक्ष, भाव, वाच्य र प्रेरणार्थ) परिवर्तन गर्नुहोस् :**

(क) म घरमै बस्छु । (सामान्य भूत)

(ख) हामी चिठी लेख्छौँ । (अपूर्ण भूत)

(ग) तँ त्यही बस्छस् । (पूर्ण भूत)

(घ) तिमीहरू गृहकार्य गर्छौ । (अभ्यस्त भूत)

(ङ) तपाईं पोखरा जानुहुन्छ । (अज्ञात भूत)

(च) उनीहरू बजार गएछन् । (सामान्य वर्तमान)

| | | |
|---|---|---|
| (छ) | तिमी सधैँ डुल्थ्यौ । | (अपूर्ण वर्तमान) |
| (ज) | नरेशले रुख ढाल्यो । | (पूर्ण वर्तमान) |
| (झ) | उहाँहरू यहाँ आउनुभयो । | (सामान्य भविष्यत्) |
| (ञ) | उनी गट्टा खेल्थिन् । | (अपूर्ण भविष्यत्) |
| (ट) | सानी पाठ पढ्थिन् । | (पूर्ण भविष्यत्) |
| (ठ) | उनीहरू खेल खेल्छन् । | (सम्भावनार्थ) |
| (ड) | तिमीहरू बजार गयौ । | (आज्ञार्थ) |
| (ढ) | तपाईं मिठाई खानुहोला । | (अनुरोधार्थ) |
| (ण) | ताँ फुटबल खेल्छस् । | (इच्छार्थ) |
| (त) | भाइहरू मिहिनेत गर्छन् । | (प्रश्नार्थ) |
| (थ) | मैले पर्यटकहरू देखेँ । | (कर्मवाच्य) |
| (द) | उनीहरू यतैतिर आऊन् । | (भाववाच्य) |
| (ध) | उनीहरूले घर बनाएका छन् । | (कर्मवाच्य) |
| (न) | तिमी कथाहरू पढौला । | (प्रेरणार्थ) |
| (प) | ऊ घरमै बसोस् । | (प्रेरणार्थ) |
| (फ) | गुरुले तिमीलाई के के पढाउनुभएको छ ? | (अप्रेरणार्थ) |

## उक्ति

१. **दिइएका कथनहरू प्रत्यक्ष वा अप्रत्यक्ष के हुन छुट्याउनुहोस् :**

(क) हामीले भन्यौ, "उनीहरू चाँडै आउँछन् ।"

(ख) मलाई दुई दिन बस्न राजनले आग्रह गऱ्यो ।

(ग) तिमीले मलाई भन्यौ, "हामी पनि जाऔँला ।"

(घ) त्यो मानिस त्यस कामका लागि योग्य छ भन्ने सबैले बताए ।

(ङ) मैले उसलाई धन्यवाद दिएँ ।

(च) मैले भनेँ, “उसले परीक्षामा राम्रो गरोस् ।”

२. **दिइएका वाक्यहरूलाई अप्रत्यक्ष कथनमा बदल्नुहोस् :**

(क) पूर्णमानले भन्यो, “समाजको अवस्था दयनीय छ ।”

(ख) सन्तोषले गम्भीर हुँदै भन्यो, “नेपालमा विकासको नयाँ परिभाषा चाहिएको छ ।”

(ग) सञ्जीवले चिन्ता मान्दै बोल्यो, “परिभाषा बदल्दैमा समाजको समस्या समाधान हुँदोरहेनछ ।”

(घ) विमलाले उत्साहका साथ भनी, “अब म पनि समाज परिवर्तनका लागि खटिन्छु ।”

३. **दिइएको अनुच्छेदलाई प्रत्यक्ष कथनमा बदल्नुहोस् :**

के गर्दै छ्यौ भनी आमाले छोरीलाई सोध्नुभयो । छोरीले वक्तृताका लागि सामग्री सङ्कलन गरिरहेको बताइन् । आमाले वक्तृताको विषयमा चासो राख्छु भन्नुभयो । छोरीले आमासँग नेपालको सिँचाइ स्थितिका बारेमा प्रश्न गरिन् ।

## सिर्जना/परियोजना

१. **दिइएका बुँदाहरूका आधारमा ‘जलवायु परिवर्तनका चुनौती’ शीर्षकमा वक्तृता तयार पार्नुहोस् :**

(क) सूर्यको गतिसँगै ऋतु र हावापानीमा परिवर्तन आउनु

(ख) द्रुत रूपमा भइरहको आधुनिकीकरण, औद्योगिकीकरणले जलवायुमा अस्वाभाविक परिवर्तन/कार्बनडाइअक्साइड ग्याँस निष्पत्ति हुने पदार्थ कम हुनु

(ग) पृथ्वीको सतहको औसत तापक्रम ०.८५ डिग्रीले बढ्नु

(घ) जलवायु परिवर्तनको मुख्य कारण हरितगृह ग्याँसको अधिक उत्सर्जन

(ङ) न्यानोपनामा वृद्धि तथा चिसोपन घट्ने क्रम

(च) समयभन्दा अगाडि नै पानी पार्नु, खण्डवृष्टि, अतिवृष्टि, अनावृष्टि र समयभन्दा अगाडि फूल फुल्नु, पहाडी भूभागमा पनि लामखुट्टे देखिनु

(छ) हावापानी परिवर्तनबाट पृथ्वीका जीवहरूमा पर्न सक्ने नकारात्मक प्रभाव कम गर्नु आजको आवश्यकता

(ज) जलवायु परिवर्तनसँग जुध्न सक्ने क्षमताको पनि विकास गर्दै लानु

२. **दिइएका कुनै एक शीर्षकमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् । उक्त प्रतियोगिताको तयारीका क्रममा यसै एकाइको सुनाइ र बोलाइका गतिविधिहरूमा गरे जस्तै उद्घोषक, सभाध्यक्ष, निर्णायकहरू, मूल वक्ता, समय पालक, श्रोताहरूको उचित व्यवस्था गर्नुहोस् :**

**वक्तृत्वकला प्रतियोगिताका शीर्षकहरू**

(क) सफलताका रहस्यहरू

(ख) मेरो देश : मेरो गौरव

(ग) अबको युग विज्ञान प्रविधिको युग

३. **आफ्नो टोलमा सम्पन्न मैत्रीपूर्ण फुटबल प्रतियोगितासम्बन्धी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।**

४. **पत्रपत्रिकामा छापिएका समाचारहरूको नमुना हेरी तपाईंको समाजमा भइरहेका विकास निर्माणका कार्य समेटिने गरी एउटा छोटो समाचार तयार पार्नुहोस् ।**

५. **'मानिसभन्दा प्रकृति बलियो हुन्छ' भन्ने शीर्षकमा समूहबाट दुई दुई जना वक्ताहरू छानी कक्षामा वादविवाद सञ्चालन गर्नुहोस् ।**

## सुनाइ पाठ १२

### प्राकृतिक प्रकोप

प्राकृतिक प्रकोप भन्नाले बाढी, पहिरो, वर्षा, खडेरी, हिमपात, हुरीबतास जस्ता कुराहरू पर्दछन् । प्राकृतिक प्रकोप मानिसहरूको बसमा हुदैन तर मानिसले चाहेमा यसको न्यूनीकरण गर्न सक्दछ, धनजनको क्षतिबाट जोगिन सक्दछ । प्राकृतिक प्रकोपको ख्याल नगर्ने हो भने यसले धनजनको विनाश गरी मानव जीवनलाई तहसनहस बनाउँदछ ।

नेपालको सन्दर्भमा प्राकृतिक प्रकोपमा सबैभन्दा बढी जनमानसलाई दुःख दिने बाढीपहिरो एक हो । वर्षा लागेपछि बाढीपहिरोका कारण धेरै धनजनको क्षति भएका समाचार हामी सुन्दछौँ । यस्तो बाढीपहिरोलाई न्यूनीकरण गर्न बाढी आउने ठाउँमा वृक्षारोपण गर्नुपर्दछ । खोलाका किनारामा तटबन्ध बाँध्नुपर्दछ । वन जङ्गलको संरक्षण गर्नुपर्दछ । खोला किनाराबाट अत्यधिक बालुवा, गिटी निकाल्नुहुँदैन । पहिरो जाने ठाउँमा पानीको निकास छोड्नुहुँदैन । पहिरो जाने क्षेत्रमा वर्षाको समयमा खेतीपाती पनि गर्नुहुँदैन । खेतीपातीले गर्दा माटो कमलो भई पहिरो जाने झन् बढी सम्भावना रहन्छ ।

अत्यधिक जनसङ्ख्या वृद्धि, वातावरणीय सन्तुलनको अभावमा अत्यधिक वर्षा तथा खडेरी पर्न सक्छ । यस विषयमा हामी मानवले सजग र सचेत भएर सोच्न जरुरी छ । त्यस्तै वातावरणीय सन्तुलनको अभावमा हिमपात हुने र हुरीबतास आउने गर्छ । यस्ता प्राकृतिक प्रकोपबाट बच्न, आउने सम्भावित खतराबाट बच्न सुरक्षित बसाइको व्यवस्था गर्नु जरुरी छ । यदि बसाइ सुरक्षित भएन भने मानवको  जीवन र धनको क्षति हुन सक्छ ।